# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक जे.बी. अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम स्नातकोत्तर तह दोस्रो वर्ष, नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ विषय परिचय

यो शोध पत्रको शीर्षक साहित्यकार जे.बी. अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण रहेको छ । त्यसैले साहित्यकार अधिकारीको कविता, लेखनशैली, व्यक्तित्व प्रतिभा, उनका काव्यकृतिहरु र जीवनका विभिन्न पक्षहरुको उजागर गर्ने जमर्को यस शोध पत्रमा गरिएको छ । प्रस्तुत शोध पत्रको विषय जे.बी. अधिकारीको साहित्यिक कृति, उनको व्यक्तित्व र जीवनका विविध पक्ष रहेका छन् । उनका कविताहरुको र अन्य साहित्यिक कृतिको अध्ययन र विश्लेषण यस शोध पत्रको विषयवस्तु रहेको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधपत्रको मुख्य समस्या साहित्यकार 'जे.बी. अधिकारी'को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु रहेको छ । यसका निम्ति निम्नलिखित प्रश्नलाई (समस्यालाई) समेटी शोधपत्र तयार पारिएको छ ।

क) साहित्यकार 'जे.बी. अधिकारी'को जीवनी के कस्तो छ ?

ख) साहित्यकार 'जे.बी. अधिकारी'को समाजमा व्यक्तित्व कस्तो छ ?

ग) साहित्यकार 'जे.बी. अधिकारी'का प्रकाशित पुस्तकाकार कृतिहरु के कस्ता छन् ?

घ) आधुनिक नेपाली कविता विधामा उनको योगदान के कस्तो छ ?

ङ) साहित्यकार 'जे.बी. अधिकारी'का समस्त कृतिहरुको अध्ययन र मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

समस्याको रुपमा देखिएका प्रश्नहरुको उत्तर वा समाधान के कसरी गर्ने भन्ने कुरामा केन्द्रित भई अध्ययन गरिने प्रस्तुत शोधकार्यको उद्देश्यहरु निम्नानुसार हुनेछन् ।

क) साहित्यकार 'जे.बी. अधिकारी'को जीवनीको समग्र परिचय दिनु ।

ख) उनका लेखकीय व्यक्तित्वको पहिचान गर्नु ।

ग) उनका कृतिहरुको जानकारी गराउनु ।

घ) आधुनिक नेपाली कविता, उपन्यास, कथा तथा समग्र साहित्यमा उनले पुऱ्याएको योगदानको चर्चा गर्नु ।

ङ) विधागत रुपमा यिनका कृतिहरुको अध्ययन र मूल्याङ्कनको ठोस निष्कर्ष निकाल्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

जे.बी. अधिकारीका बारेमा हालसम्म कसैबाट पुस्तकाकार कृति लेखिएको वा शोधकार्य भएको छैन । उनका कृतिहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी विस्तृत र सु-व्यवस्थित अनुसन्धान भएको देखिदैन । उनका कृतिमा लेख्ने व्यक्तिहरुले गरेका टिप्पणीहरुलाई उनका बारेमा गरिएको पूर्वकार्यको समीक्षा मान्न सकिन्छ ।

क. जे.बी. अधिकारीको प्रथम प्रकाशित कृति 'अनन्त सौरभ' (२०६४) कविता सङ्ग्रहका बारेमा 'अनन्त सौरभ भित्र फन्को मार्दा' भन्ने शीर्षकमा भूमिका स्वरुप डा. खगेन्द्रप्रसाद लुइटेलले "कवि अधिकारीका रचनाहरु क्लिष्ट र दुर्बोध्य नभएर सरल र सुवोध छन् र उनका कविता प्रगीतात्मक संरचनामा उनिएका छन्" भनेका छन् । "यिनका रचनामा देशप्रेम/राष्ट्रप्रेम राष्ट्रिय एकता र विकासको आह्वान, नेपाल र नेपालीको भलो चिताएको प्रतिज्ञा, सहिदप्रेम, जन्मभूमि प्रति सद्भाव, भातृत्व प्रेम, एकता र मानवताको पक्षधरता आदिको कवितात्मक प्रस्तुति पनि पाइन्छ", भनेका छन् ।

ख) उनको अर्को कृति 'प्रेमको अनुभूती' (२०६७) उपन्यासका बारेमा पनि डा. खगेन्द्रप्रसाद लुइटेलले नै भूमिका लेखेका छन् । त्यस उपन्यासको भूमिकामा उनले "यस उपन्यासले नेपाली उपन्यास परम्परामा लामै फड्को माऱ्यो, उत्पातै गऱ्यो, यो उपन्यास शतक वा दशककै उत्कृष्ट उत्तरआधुनिक कृति हो जस्ता हावादारी कुरा त म भन्दिन र त्यसो भन्न सुहाउँदैन पनि तर यसलाई एउटा दुर्गम गाउँका

सेवानिवृत्त प्राथमिक शिक्षकको सिर्जनकलाले भने ठूलै फड्को मारेको कृति चाहिँ नभनी छोड्दिन । परम्पराकै निर्वाह गरिएको यस उपन्यासलाई म एउटा सेवानिवृत्त शिक्षकको सार्थक सिर्जना भन्छु" भनेका छन् ।

ग) 'अन्तर मनको वगैंचा' (२०६७) आत्मकथा सङ्ग्रह उनको अर्को कृति हो । यस कथासङ्ग्रहको भूमिकामा शुभशंशा भन्ने शीर्षकमा राजेन्द्र सुबेदीले "अधिकारीले काव्यिक महत्ताका पक्षहरुलाई पनि मिण गरेर उपयोग गर्ने काम गरेका छन् " भनेका छन्, त्यस्तै वि.एन कोइरालाले 'अन्तरमनको बगैंचा (कथा सङ्ग्रह) भित्र मेरो दृष्टि' भन्ने शीर्षकमा "नवोदित साहित्यकारहरुलाई पनि उनका रचनाहरुले नयाँ उर्जा थपिदिन्छन्" भनेका छन् । त्यस्तै उनले "समयको अन्तरालसँगै परिवतर्तित परिस्थितिलाई उजागर गर्नु, समाजमा बाटो बिराएर अल्मलिइरहेका यात्रुहरुलाई सुमार्गमा लाग्न प्रेरित गर्नु, समाजका विसङ्गतिहरुलाई चिर्दै नयाँ गन्तव्य तयार गर्न उत्साहित गर्नु, पाठकमा नयाँ जोस् जाँगर भर्न प्रयास गर्नु, नै कथाकारका कथाहरुको प्रमुख लक्ष्य  रहेको देखिन्छ" भनेका छन् ।

## १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

प्रस्तुत शोधपत्रमा साहित्यकार जे.बी. अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा सविस्तार चर्चा गरिने भएकाले अधिकारीका बारेमा जिज्ञासु व्यक्तिहरुलाई ठूलो सहयोग पुग्नेछ । साथै उनका बारेमा भावी दिनमा अध्ययन गर्न चाहनेलाई समेत यसबाट सहयोग मिल्नेछ । उनका बारेमा हालसम्म जीवनी, व्यक्तित्व तथा कृतित्वको अध्ययन नभएकाले यस सम्बन्धि अध्ययन र विश्लेषण गर्न समेत यस शोधकार्यको औचित्य, महत्व र उपयोगिता रहनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा साहित्यकार 'जे.बी. अधिकारी'को हाल सम्मको समग्र जीवनी तथा उनका सामाजिक व्यक्तित्व विकासका विविध पाटाहरुको प्रस्तुति रहेको छ । उनका प्रकाशित कृतिहरु परिचय सहित कविता, कथा र उपन्यासका सामान्य प्रवृत्ति विशेषता सहित पुस्तकाकार कृतिको परिचय तथा तत्वगत आधारमा अध्ययन र विश्लेषण गरिएको छ । साथै उनका समग्र जीवनी, व्यक्तित्व र कृतितवको छोटो मूल्याङ्कन पनि गरिएको छ ।

## १.९ शोधविधि

यस शोधकार्यका निमित्त निम्न लिखित विधि र पद्धति अपनाइएको छ ।

क) पुस्तकालयीय पद्धति

ख) क्षेत्रीय अध्ययन पद्धति

यस अध्ययनमा पुस्तकालयीय अध्ययन र क्षेत्रीय अध्ययन पद्धति अन्तर्गत प्रश्नावली र अन्तर्वार्ताबाट समस्याहरुको सूची तयार पारी सामग्री सङ्कलन गरेर त्यसबाट तथ्य कुराको खोजी गरी शोधकार्य प्रस्तुत गरिएको छ । साथै शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट जीवनी, व्यक्तित्वका तथ्यगत जानकारी प्राप्त गरेर यहाँ समेटिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित एवं सुसङ्गठित ढाँचामा बाँध्नको लागि निम्नानुसारका परिच्छेदहरुमा बाँडिएको छ :-

१) पहिलो परिच्छेद :- शोधको परिचय ।

२) दोस्रो परिच्छेद :- साहित्यकार जे.बी. अधिकारीको व्यक्तित्वका विविध पक्षको विश्लेषण ।

३) तेस्रो परिच्छेद :- साहित्यकारका रुपमा जे.बी. अधिकारी ।

४) चौंथो परिच्छेद :- साहित्यकार जे.बी. अधिकारीका कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन ।

५) पाँचौं परिच्छेद :- साहित्यकार जे.बी. अधिकारीको समग्र मूल्याङ्कन ।

# दोस्रो परिच्छेद

# साहित्यकार जे.बी. अधिकारीको व्यक्तित्वका विविध पक्षको विश्लेषण

## २.१ वंशपरम्परा

नेपालमा 'अधिकारी' थरका मानिसहरु देशका विभिन्न भागमा छरिएर रहेका छन् । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म मात्र नभएर भारत, भुटान आदि देशमा गएर बसोबास गरेका छन् । जनसङ्ख्याको बृद्धि र अन्य विविध कारणले गर्दा यसरी देशभित्र र बाहिर छरिएर रहने क्रमको विकास भएको हो । हाल पाँचथर जिल्ला एकतिन गा.वि.स. वडा नं. १ (जोरपाटी) मा बसोबास गर्दै आएका जे.बी. अधिकारी (पुस्ता नं. ८) का पुर्खा आशा अधिकारी (पुस्ता नं. २) सिन्धुपाल्चोक खिर्सिने व्यासीबाट कास्की पोखरा हुँदै पूर्व ३ नं. ओखलढुङ्गा हुँदै भोजपुर जिल्ला याङ्पाङ् हुँदै चैनपुरमा पनि लाप्चेलाई परास्त पार्दै आधिपत्य जमाएर बसेका थिए । यसै क्रममा रामनारायण अधिकारी र प्रसाद अधिकारी नामक दुईभाइ हालको एकतिन १ मा बसोबास गरेको कुरा यिनका पुर्खाहरु बताउँछन् ।[१] बाजे देवराज अधिकारी, बाबु मतिबहादुर अधिकारी र आमा ललिता अधिकारीका छोरा जे.बी. अधिकारीले एकतिन, पाँचथरमा जन्मेर आफ्नो सम्पूर्ण जीवन त्यहीं व्यतित गरेको देखिन्छ ।

साहित्यिक नाम 'जे.बी. अधिकारी'को वास्तविक नाम जीतबहादुर अधिकारी हो । 'जे.बी. अधिकारी' काश्यप गोत्रका हुन् ।

## २.२ जन्म

जे.बी. अधिकारीको जन्म १९९८ साल जेठ ३० गते भएको हो ।[२] जे.बी. अधिकारीको न्वारनको नाम जीतबहादुर अधिकारी हो । जे.बी. अधिकारी पिता मतिबहादुर अधिकारी र माता ललिता देवी अधिकारीका पाँचौ पुत्र हुन् । उनी भाइहरुमध्ये अन्तरे हुन् । उनका चार दाजुहरु मध्ये दुईको मृत्यु भएको र बाँकी दुई दाजुहरु एक भाइ र ३ दिदी बहिनीहरु मध्ये एक जना दिदी जीवित छन् ।[३]

१. काश्यप गोत्रीय अधिकारी वन्धु वंशावली

२. ऐजन

३. शोधनायकबाट प्राप्त जानकारी

### २.३ जन्मस्थान

अधिकारी थरका जे.बी.को जन्मस्थान पूर्वी नेपालको मेची अञ्चल अन्तर्गत पर्ने पहाडी जिल्ला पाँचथरको एकतिन गाउँ विकास समिति वडा नं. १ हो ।[४]

### २.४ वाल्यकाल

मानव जीवनको प्रारम्भको चरण नै बाल्यकाल हो । मानव विकासको क्रममा युवा अवस्था हुँदै बृद्ध अवस्थातिर लम्कन्छ । मानिसको बाल्यकाल प्रायः अबोधतामा बित्ने भएपनि कतिपयकुरा अविस्मरणीय पनि बन्दछन् । जुनकुराहरु भावी जीवनका प्रेरणाका स्रोत पनि बन्ने गर्दछन् । जे.बी. अधिकारीको पनि बाल्यकाल गाउँका साथीसँग जुद्धै, खेल्दै र अक्षर चिनाइमा नै बित्यो । गाउँको वातावरणमा सहपाठीहरुसँग समय र अवस्थाको खेल खेल्दै उकाली ओराली गर्दै समय बिताउन जे.बी. अधिकारी व्यस्त हुन्थे ।[५]

उनले आफूले बाल्यकाल बिताएको स्थानमा नै आफ्नो सारा जीवन विताए । उनी आफ्नो जन्मभूमि र मातृभूमिको अत्यन्तै माया गर्छन् भन्ने कुरा उनका कविता मार्फत थाहा पाउन सकिन्छ ।

### २.५ शिक्षादीक्षा

वर्तमान अवस्थामा समेत नेपालका धेरै बालबालिकाहरुले उचित शिक्षा लिन पाएका छैनन् । जे.बी. अधिकारीको समयमा बालबालिकालाई शिक्षा दिने चलन थिएन । जे.बी. अधिकारी विद्यालय जाँदा कतिपय गाउँलेले बिग्रने भयो समेत भन्थे ।[६] त्यस्तो समयमा पनि आफ्ना पिताको प्रेरणाले उनले विद्यालय प्रवेश गरे ।

#### २.५.१ प्रारम्भिक शिक्षा

जे.बी. अधिकारीको अक्षर आरम्भ वि.सं.२००७ सालबाट भएको हो । उनको अक्षर चिन्ने काम घरबाट भएको हो र पछि उनले श्री सिद्धकाली प्रा.वि.(हाल उच्च मा.वि.) मा गएर  प्राथमिक तहसम्म अध्ययन गरे ।[७]

---

४. काश्यप गोत्रीय अधिकारी बन्धु बंशावली

५. शोधनायकबाट प्राप्त जानकारी

६. ऐजन

७. ऐजन

### २.५.२ निम्न माध्यमिक र माध्यमिक शिक्षा

प्राथमिक शिक्षा घरै छेउको विद्यालयबाट लिएपछि निम्न माध्यमिक शिक्षाका लागि उनी छिमेकी गा.वि.स. को श्री सरस्वती नि.मा.वि. मच्छेबुङ्गमा वि.सं. २०१७ सालमा गएका थिए । यस विद्यालयबाट वि.सं. २०१८ मा नि.मा. शिक्षा (तत्कालीन कक्षा ७) पूरा गरी माध्यमिक शिक्षाका लागि ताप्लेजुङ्गको भानु मा.वि.मा कक्षा ८ को अध्ययन पूरा गरे । त्यसपछि फिदिम गएर वि.सं. २०२५ सालमा फिदिम मा.वि.बाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए ।[८]

### २.५.३ उच्च शिक्षा

माध्यमिक शिक्षा पश्चात् उनको शिक्षा नेपालको पूर्वी पहाडी मनोरम प्राकृतिक दृष्य भएको जिल्ला इलामबाट सुरु भयो । इलाम जिल्लाको सदरमुकाममा रहेको महेन्द्ररत्न बहुमुखी क्याम्पसबाट २०३३ सालमा आई.ए. उत्तीर्ण गरेका अधिकारी तत्कालीन अवस्थामा धेरै अध्ययन गरेका विद्वान व्यक्तिका रुपमा चिनिन्थे । वि.सं. २०३१ साल देखि नै उनी शिक्षण पेशामा लागेका थिए ।[९]

यसरी अधिकारीले शिक्षण र अध्ययन दुवैलाई एकसाथ अगाडि बढाउनुलाई पनि उनको अर्को उपलब्धिमूलक कार्यका रुपमा लिन सकिन्छ । यसरी दुवै क्षेत्रलाई अगाडि बढाउनु पर्ने कारण आर्थिक अवस्था थियो ।[१०]

जे.बी. अधिकारीले औपचारिक अध्ययन बाहेक विभिन्न नीतिशास्त्र तथा विभिन्न विषयमा स्व-अध्ययन गरेका छन् । जसको परिणाम स्वरुप उनको अधिकारी बन्धु वंशावलीलाई सङ्कलन र सम्पादन गरी पुस्तकाकार कृतिका रुपमा प्रकाशन गरेका छन् ।[११]

### २.६ पारिवारिक जीवन

पाँचथर जिल्लाको एकतिन गा.वि.स.वार्ड नं. १ मा जन्मिएका अधिकारीले बुबा मतिबहादुर अधिकारी र आमा ललिता अधिकारीका कोखबाट बाहिर आएपछि आफ्नो कर्मथलोका रुपमा पनि आफ्नो घर नजिकको विद्यालय श्री सिद्धकाली (हालको उच्च मा.वि.) लाई नै बनाए । बयस्क उमेरमा विवाह गरेर परिवार बसाउने मानवीय प्रवृत्ति अनुसार जे.बी. अधिकारी वि.सं. २०२० साल फागुनमा पार्वता मैनालीसँग विवाह बन्धनमा बाँधिए ।

८. 'अन्तरमनको बगैंचा' आत्मकथा सङ्ग्रहबाट प्राप्त जानकारी

९. ऐजन

१०. ऐजन

११. ऐजन

यसरी गृहस्थी जीवन प्रारम्भ गरेका अधिकारीका दुई छोरा, ४ छोरी र छोरापट्टि २ नाति छन् भने छोरीपट्टि पनि नाति नातिनीहरु छन् । हाल उनी एकतिन १ जोरपाटीमा श्रीमतीकासाथ बसोबास गर्दै आएका छन् भने छोराहरु भक्तपुरमा बसोबास गर्छन् । कान्छो छोरा अध्ययनमा नै संलग्न छन् । जेठो छोरा विजय अधिकारी परिवार चलाउन विभिन्न पेशामा संलग्न छन् ।[१२]

### २.७ जागिरे जीवन

जे.बी. अधिकारी वि.सं. २०१३ सालमा शिक्षक स्वयं सेवकका रुपमा शिक्षण पेशामा लागेका देखिन्छन् । उनको शिक्षण पेशाको शुरुवात आफूले प्रारम्भिक शिक्षा लिएको विद्यालय श्री सिद्धकाली (हालको उच्च मा.वि.) एकतिन १ जोरपाटीबाटै भएको हो ।[१३]

### २.८ आर्थिक अवस्था

जे.बी. अधिकारीको आर्थिक अवस्थाको कुरा गर्दा उनको पुर्ख्यौली थलो पाँचथर जिल्लाको एकतिन १ मा १९ रोपनी जग्गा छ । उनको घर भक्तपुर ८ दधिकोटमा पनि रहेको छ । सो जग्गा आर्जन गर्न भने उनको आफ्नै परिश्रम देखिन्छ । यस्तो आर्थिक र भौतिक सम्पत्ति भएका अधिकारीको आर्थिक अवस्था मध्यम रहेको छ । उनको परिवार चलाउन आफ्नो आर्थिक अवस्थाले अहिलेसम्म धानिरहेको उनी बताउँछन् ।[१४]

### २.९ भ्रमण

अध्ययन, भ्रमण र साहित्यिक कार्यक्रममा सधैं संलग्न रहन अग्रसर रहने अधिकारीले नेपालका इलाम, झापा, काठमाण्डौ, भक्तपुर, ललितपुर लगायत १८ जिल्लाको भ्रमण गरिसकेका छन् । यसका अतिरिक्त भारतका दार्जिलिङ्ग, सिलगडी लगायतका स्थानमा भ्रमण गरेका छन् ।[१५]

---

१२. ऐजन

१३. शोध नायकबाट प्राप्त जानकारी

१४. ऐजन

१५. ऐजन

## २.१० शारीरिक बनोट

जे.बी. अधिकारीको शारीरिक व्यक्तित्व सामान्य मान्छे सरह छ । उनको शारीरिक उचाई ५ फिट २ इन्च रहेको छ भने शरीरको उचाई अनुसार उनको तौल वयस्क उमेरमा ५५ किलोग्राम र हाल ५० किलोग्राम रहेको छ । गहुँगोरो वर्णका अधिकारीको कानमा केही समस्या भएपनि शारीरिक रुपमा स्वस्थ नै रहेका छन् । पोशाकको हकमा उनी सामान्य सर्ट, पाइन्ट, कोट र टोपी लगाउने गर्दछन् । उनी सामान्य जुत्ता र कम्मरमा पेटी लगाउने गर्दछन् । उनको शरीर सामान्य देखिन्छ साथै बोलीमा मिठासपन पनि पाइन्छ । उनी देख्दा सामान्य देखिए पनि उनको विचार उच्च छ । सादा जीवन र उच्च विचारको यथार्थ परिचय उनीमा पाउन सकिन्छ ।[१६]

## २.११ स्वभाव

जे.बी. अधिकारी मृदुभाषी मिलनसार स्वभावका छन् । उनी सधै सत्य र न्यायको पक्षमा बोल्ने व्यक्ति हुन् । सबैसँग मित्रताको भावना राख्ने र साइनो अनुसार सबैलाई आदरभाव राख्ने उनको स्वभाव छ । धेरै नरिसाउने नयाँ नयाँ कुरा जान्न उत्सुक रहने साथीभाइसँग छिट्टै घुलमिल हुनसक्ने अधिकारी बौद्धिक क्षमता भएका तर सामान्य मानवीय स्वभाव भएका व्यक्ति हुन् । गाउँमा बसोबास गरेका अधिकारी पाए सम्मका पुस्तकहरु अध्ययन गर्ने गर्छन् र फुर्सदको समयमा साहित्य रचनामा लाग्ने उनको बानी रहेको छ । शिक्षण पेशामा रहँदा विहान बेलुका घरको काममा व्यस्त हुने र दिउँसो विद्यालयमा व्यस्त हुने भएकाले हाल निवृत्त भएपछि पाको उमेर भए पनि उनी साहित्य सिर्जनामा निरन्तर लागेका छन् ।[१७]

## २.१२ रुचि

मानवमा विभिन्न प्रकारका रुचिहरु रहेका हुन्छन् । त्यस्ता रुचि उब्जाउन व्यक्तिको भौगोलिक क्षेत्र, भौगोलिक वातावरण, आफ्नो जीवनका भोगाइ तथा समाज आदि कारक भएका हुन्छन् । व्यक्तिको कर्मक्षेत्र र व्यक्तिगत धारणाका आधारमा रुचि फरक-फरक हुन्छन् । सानै उमेरदेखि अधिकारीको रुचि अन्य व्यक्तिको भन्दा फरक भएको पाइन्छ । सिर्जनाको क्षेत्रमा बढी रुचि राख्ने अधिकारीको रुचि राजनीतिको क्षेत्रमा पनि पाइन्छ । तर हालको राजनीतिक खिचातानीदेखि वाक्क भएका अधिकारी वर्तमान राजनीतिलाई व्यङ्ग्य गर्न समेत पछि परेका छैनन् ।[१८]

---

१६. शोध नायकबाट प्राप्त जानकारी

१७. ऐजन

१८. ऐजन

## तेस्रो परिच्छेद
## साहित्यकारका रुपमा जे.बी. अधिकारी

### ३.१ व्यक्तित्वका प्रमुख पक्षहरु

मानव व्यक्तित्वका विविध पाटाहरु रहने गर्दछन् । जे.बी. अधिकारी पनि विभिन्न क्रियाकलापमा विविध क्षेत्रमा संलग्न रहँदै आफ्नो प्रतिभाद्वारा क्षमताको विकास गर्दै मानव समुदायकोलागि योगदानपूर्ण कार्यमा संलग्न रहँदै आएका छन् । यस्तो उनको व्यक्तित्वलाई समग्रमा दुई भागमा विभाजन गर्न सकिन्छ । साहित्यिक व्यक्तित्व र साहित्येत्तर व्यक्तित्व ।[१९]

### ३.१.१ साहित्यिक व्यक्तित्व

जे.बी. अधिकारी बहुआयामिक व्यक्तित्वभित्र लेखक, शिक्षक र सम्पादकका रुपमा परिचित छन् । यी सम्पूर्ण कुराभित्र साहित्यिक व्यक्तित्व छुट्टै रुपमा र समग्रमा समाहित हुँदै अगाडि बढ्दै विकास भइरहेको पाइन्छ । उनले कर्मलाई आधार बनाएर स्वतन्त्र रुपमा केही उत्प्रेरणाका साथ आफ्नो स्वतः स्फूर्त भावना र यथार्थ कुरालाई कल्पनाले सजाएर अन्याय, अवास्तविकता, सामाजिक विकृति र विसङ्गतिप्रति ब्यङ्ग्य गर्दै आफ्नो व्यक्तित्वलाई समाहित गराउँदै आएका छन् । उनको यो साहित्यिक व्यक्तित्वका पनि विविध पक्षहरु छन् त्यसलाई यसरी देखाउन सकिन्छ ।

### ३.१.२ कवि व्यक्तित्व

जे.बी. अधिकारीको साहित्यिक लेखनमा कविता मुख्य विधाको रुपमा रहेको छ । वि.सं. २०१७ सालदेखि नै कविता लेख्न प्रारम्भ गरेका अधिकारी वि.सं. २०६३ देखि बढी सक्रिय भएका छन् । उनका आरम्भका कविताहरु पत्रपत्रिकामा छापिए भने लेख्दै जाने क्रममा एउटा कविता सङ्ग्रह वि.सं. २०६५ मा प्रकाशित भएको छ । अर्को कविता सङ्ग्रह पनि प्रकाशोन्मुख रहेको छ । कवि जे.बी. अधिकारीको साहित्यिक विधाको विविध आयाममा व्यक्तित्वको खोज गर्दा के स्पष्ट हुन्छ भने उनको हाल सम्मकै उच्चतम् प्राप्तिको विधा चाहिँ कविता नै हो ।[२०] आफूलाई कवि, कथाकार, उपन्यासकार, सम्पादक मध्ये कवि भनेर चिनाउन चाहने अधिकारी पाठकको आँखामा कवि व्यक्तित्वका रुपमा परिचित छन् । यसले उनको साहित्यिक व्यक्तित्व दरिलो भई एउटा स्थान ओगट्न सकेको छ भन्ने प्रमाण दिन्छ । अधिकारीको कवि व्यक्तित्वलाई निम्न प्रकाशित कविताहरुले प्रष्ट पार्दछन्- [२१]

---

१९. ऐजन

२०. ऐजन

२१. ऐजन

**'अन्तर सौरभ' कविता सङ्ग्रह २०६४ भित्रका कतिवाहरु**

यस कविता सङ्ग्रहमा ५८ वटा कविताहरु प्रकाशित छन् जुन यस प्रकार छन्:-

नमस्कार, अग्रज नेपाली, स्वाभिमानी नेपाली, शान्तिप्रेमी नेपाली, मातृभूमि नेपाल, स्वर्ग हो नेपाल, मेरो नेपाल, अतितमा मेरो नेपाल, भावी नेपाल, देशको चाहना, हुन्छ पुनर्जन्म, फुलुन् शान्तिका फूलहरु, आवाज, प्रतिज्ञा, वैचारिक सङ्घर्ष, ऐंजेरु, सहिद आत्मा, जन्मथलो फेर्दा, अनन्त सौरभ, ऋतुराज तिमी, हरित ग्रामिण सडक, बस्तिमै रमौं, रमुन् वारिपारी, रविको छवि, स्वभाव, भयभीत जीवन, आँखा, यो हृदय, सफलताको शुभकामना, चिरायुकामना, कामना, मार्गदर्शन, अर्तीउपदेश, नैतिक आदर्श, प्रगतिपथ, लक्षित कर्म, लक्ष्य चिन्तन, सृजना, परोपकारी, शुभाशिष, विशुद्ध आत्मा, दीर्घायु, धुम्रपान निषेध, दिब्य सन्देश, युग सन्देश, चेलीको सन्देश, प्रार्थी, अनमोल विद्या, विद्या आर्जन, साहित्य-सुधा, घटना र बिचार, अन्तर्द्वन्द्व, बेदना, शिक्षक, फर्केर हेर्दा, सम्मानित हुँदा, शुभेच्छुक प्रति, ॐ नमः शिवाय । उनको अन्तरमनको बगैंचा कथासङ्ग्रहमा पनि शिरबन्दी नामक एउटा कविता प्रकाशित छ ।

### ३.१.३ कथाकार व्यक्तित्व

जे.बी. अधिकारीको साहित्यिक व्यक्तित्वका आयाम मध्ये कथाकार व्यक्तित्व पनि एक हो । पाश्चात्य र पूर्वीय साहित्यमा आफ्नो प्रभाव जमाउन सफल कथा विधा अधिकारीको मनपर्ने र रुचिको साहित्यिक विधा हो । उनको पछिल्लो समयमा देखा परेको आख्यान विधामा कथाले पनि महत्वपूर्ण स्थान ओगट्न सफल भएको छ । उनको प्रकाशित कथा सङ्ग्रह 'अन्तरमनको बगैंचा' (२०६७) (आत्मकथा) रहेको छ । यस आत्मकथा सङ्ग्रहमा ३ वटा कथाहरु, एउटा लेख, एउटा कविता र १६५ वटा आत्मकथाहरु सङ्ग्रहित छन् । जसले उनलाई नेपाली साहित्य आकाशमा कथाकार व्यक्तित्व भनी परिचय दिन सफल भएको छ । उनको हालसम्मको कथा सङ्ग्रह एउटा मात्र आए पनि कथाहरुले उनको व्यक्तित्वलाई अझ बलियो बनाउँदैछ । अधिकारीको कथा सम्बन्धी विवरण निम्न प्रकारका छन्:-

भाग्यमानीको खटिया उपर, भाग्यको परिणाम, भावी स्याल, मानसम्मान र पुरस्कार, फेरि कहिल्यै भेट भएन, योग्यताको कदर खोइ त ?, धन्न कालले स्वागत गरेन, नौमती बाजा, तै चुप मै चुप, गुणको बैरी बैगुनी, पहिलो तर लामो यात्रा, दोस्रो लामो यात्रा, भूत प्रेतसँग भेट, भाग्यले दियो कर्मले ठेल्यो, बाललिला, जोखिमपूर्ण यातना, पुनः सञ्जालमा, शिरबन्दी, थरगोत्र, मानमाथि भुक्तमान, गजब छ बा इन्साफ ।

### ३.१.४ उपन्यासकार व्यक्तित्व

जे.बी. अधिकारीको साहित्यिक व्यक्तित्व मध्ये उपन्यासकार व्यक्तित्व पनि एक हो । वर्तमान युगको लोकप्रिय विधा उपन्यास अधिकारीको अर्को रुचिको साहित्यिक विधा हो । उनले एकमात्र उपन्यास 'प्रेमको अनुभूति' प्रकाशित गरेका भए पनि यसले नेपाली उपन्यासको क्षेत्रमा महत्वपूर्ण स्थान ओगट्न सफल भएको छ । प्राचीन समयमा महाकाव्यले महत्वपूर्ण स्थान ओगटे पनि वर्तमान समयमा आख्यानात्मक विधा उपन्यासले महत्वपूर्ण स्थान ओगट्न सफल भएको छ ।

### ३.१.५ वंशावलीको सङ्कलक र सम्पादक व्यक्तित्व

नेपाली साहित्यको कविता र आख्यान विधामा कलम चलाउँदै आएका जे.बी. अधिकारीको व्यक्तित्वमा वंशावलीको सङ्कलन र विभिन्न साहित्यिक लेखको सम्पादक व्यक्तित्व पनि मुख्य रुपमा आउँछ । काश्यप गोत्रीय अधिकारी बन्धु वंशावलीको सङ्कलन र सम्पादन गरेका अधिकारीले श्री सिद्धकाली उच्च माध्यमिक विद्यालय, एकतिन १ जोरपाटीको स्वर्ण महोत्सव तथा स्मारिका २०६३ को समेत सम्पादन गरेका छन् ।[२२] सानो आकारको र थोरै क्षेत्र ओगट्न सफल भएको यो वंशावली र त्यस भित्रका गाली सराप, श्री ५ राजेन्द्रबाट आशा अधिकारीलाई लालमोहर प्रदान, जुठो सुतकको नीति नियम, मानिसका प्रकार, लक्षण जस्ता शीर्षकहरु राखिएको वंशावलीले सामाजिक, धार्मिक तथा साहित्यिक रुपमा विशिष्ट योगदान दिएको छ ।

### ३.१.६ साहित्येत्तर व्यक्तित्व

जे.बी. अधिकारीको कार्यगत तथा उनको शैक्षिक प्रभावका कारण विभिन्न क्षेत्रकार्य आदिमा संलग्नता बढ्दै जाँदा साहित्येत्तर व्यक्तित्वमा पनि विविध आयाम देखापरे । शिक्षक, राजनीतिक, सामाजिक क्षेत्रमा कार्यकर्ता भएर लागेकाले उनमा साहित्येत्तर व्यक्तित्वको निर्माण भएको हो ।[२३]

---

२२. ऐजन

२३. ऐजन

### ३.१.६.१ शिक्षक व्यक्तित्व

जे.बी. अधिकारीले वि.सं. २०१३ सालदेखि शिक्षक स्वयंसेवक भई २०१५ सालसम्म काम गरे । वि.सं. २०१९/१/५ मा प्राथमिक शिक्षक स्थायी तृतीय श्रेणीमा नियुक्त भएका अधिकारी वि.सं. २०५४/४/१३ मा प्राथमिक शिक्षक द्वितीय श्रेणीमा र वि.सं. २०६२/१/९ मा प्रथम श्रेणीमा बढुवा भए । त्यस्तै वि.सं. २०६३/२/३ मा सेवा निवृत्त भए । यसरी उनी २२ वर्ष शिक्षक र २२ वर्ष प्रधानाध्यापक भएर जम्मा ४४ वर्ष काम गरे । सेवा निवृत्त भएपछि उनी साहित्य लेखनमा सक्रिय रुपमा लागेका देखिन्छन् ।[२४]

### ३.१.६.२ राजनीतिक व्यक्तित्व

जे.बी. अधिकारी राजनीतिको क्षेत्रमा समेत लागेका देखिन्छन् । वि.सं. २०१५ सालमा गोर्खा परिषद्को सक्रिय कार्यकर्ता बनेका अधिकारी वि.सं. २०५४ सालदेखि नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको आजीवन सदस्य बनेका छन् ।[२५]

### ३.१.६.३ सामाजिक व्यक्तित्व

जे.बी. अधिकारी सामाजिक व्यक्तित्वका रुपमा पनि प्रस्तुत भएका छन् । वि.सं. २०५६ मा स्थानीय शिवालयको संस्थापक अध्यक्ष र आजीवन सदस्य बनेर धार्मिक र सामाजिक क्षेत्रमा सक्रिय रुपमा लागेका देखिन्छन् । त्यस्तै वि.सं. २०५६ सालमा स्थानीय सहकारी संस्थाको संस्थापक सदस्य समेत बनेका छन् ।[२६] त्यस्तै सानो आकारको वंशावलीको सङ्कलन गरेर सम्पादनको भूमिका निर्वाह गर्नु पनि उनको सामाजिक कार्यका रुपमा लिन सकिन्छ । उनले स्थानीय शिवालयको नियम विधान २०५९ समेत प्रकाशित गरेका छन् । यो उनको सामाजिक व्यक्तित्वको अर्को उदाहरण हो ।

### ३.१.६.४ सम्मान तथा पुरस्कार

जे.बी. अधिकारीले आफ्नो पूरा जीवनको समय भने शिक्षण पेशामा खर्च गरेका छन् । पेशाप्रति निष्ठावान भएर काम गरेका अधिकारीले निम्नानुसारका सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् :-

२४. काश्यप गोत्रीय अधिकारी बन्धु वंशावली

२५. शोध नायकसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी

२६. ऐजन

१. सेवापदक-२०३६ (श्री ५ बीरेन्द्र)

२. प्रशंशापत्र/नगद पुरस्कार-२०५४ (जिल्ला शिक्षा समिति पाँचथर)

३. अभिनन्दन-२०५५ (ने.रा.शि.सं. जिल्ला समिति पाँचथर)

४. सार्वजनिक अभिनन्दन-२०६२- (नागरिक समाज एकतिन)

५. प्रशंसापत्र/नगद पुरस्कार-२०६२ (जि.शि.का. पाँचथर)

६. स्वर्ण महोत्सव प्रशंसापत्र-२०६३ (श्री सिद्धकाली उ.मा.वि. एकतिन जोरपाटी)

## ३.२ लेखन कार्यका निम्ति प्रेरणा र प्रभाव

जीवनको लामो समय सम्म गाउँ मै शिक्षण पेशामा संलग्न भएका अधिकारी कविता लेखनमा सानै उमेरदेखि लागे पनि प्रकाशनको अवसर नपाइ डायरी मै थन्किने, हराउने तथा साहित्यिक कार्यक्रममा वाचन गर्ने क्रममा नै सिमित भए ।[२७] यसरी कविता लेख्नमा मुख्य प्रेरणाका स्रोत आफ्नै पिता, 'हलीको सवाई' सुनाउने हली र सुब्बा चूडाकर्म पनि भएको कुरा उनको 'अनन्त सौरभ' कविता सङ्ग्रहको आफ्नो भनाइमा उल्लेख गर्दछन् । वि.सं. २०१७ साल श्रावण अन्तिम हप्ता दुई जना छिमेकीसँग सुब्बा चूडाकर्मका गृहदलानमा गएका थिए । निज सुब्बा सिकिस्त विरामी परेकाले उनी पनि रुङ्न गएका थिए । रुङ्गालुहरु त्यहाँ पुगेपछि निदालमा बाँधिएको पटुकामा खुट्टाका भार बोकाई राखेकोबाट जाने मध्येले पालै पालो सो खुट्टा बोक्नु पर्ने भएकाले सब भन्दा सानो उमेरको उनी भएकाले भरे निदाउने डरले पहिले उनको पालो आयो । निन्द्राले सताए पनि घुँडा मारेर त्यो सुब्बाको खुट्टा बोकेका अधिकारी उङ्न थालेछन् । उनी उङ्न थालेको थाहा पाएपछि विरामी सुब्बाले उसका मुखमा भएको खकार थुकले थुकिदिएछ । त्यत्तिले चित्त नबुझी दुवै लातले उनको छातीमा बजारेपछि उनी पर हुइँकेका थिए र त्यस रात परालमा रात कटाए । भोलिपल्ट बुबालाई सुनाउँदा बुबाले त्यस्तै हो सहनु पर्छ भन्ने उत्तर दिएपछि सामन्तीका विरुद्धमा उनी कविता सिर्जना गर्न थाले ।[२८]

यसरी कवि अधिकारीका लेखन कार्यमा मुख्य प्रेरणाका स्रोत आफ्ना बुबा भए पनि हलीको मुक्तलयको सवाई र सुब्बा चूडाकर्म कारक तत्वका रुपमा देखिन्छन् । "पढ्यो गुन्यो अल्छेकाम, हलो जोत्यो खायो माम" भन्ने जमानाको मान्छे भए पनि मानसिक शान्तिको लागि साहित्यको रचना गर्नु पर्छ भन्ने विचार उनमा पाइन्छ ।[२९]

२७. ऐजन

२८. ऐजन

२९. ऐजन

## ३.३ लेखन आरम्भ

अधिकारीको लेखन प्रारम्भ वि.सं. २०१७ सालदेखि भएको हो । उनको प्रारम्भिक लेखन कार्य कविता विधाबाट भएको हो । उनले मेची अञ्चलबाट प्रकाशित 'मेची सौगात' पत्रिकाबाट वि.सं. २०२२ मा 'यो हृदय' नामक पहिलो कविता प्रकाशित गरे पनि त्यसभन्दा पहिले नै कविता लेख्नथालेको पाइन्छ ।[३०]

## ३.४ प्रथम प्रकाशित कृति :-

साहित्यकार जे.बी. अधिकारीको प्रथम प्रकाशित पुस्तकाकार कृति 'अनन्त सौरभ' कविता सङ्ग्रह २०६४ हो । यो कृति वि.सं. २०६४ सालमा प्रकाशन भएको हो । यसको प्रथम संस्करण २०६४ साल बाहेक अन्य संस्करण भने हालसम्म निस्केको छैन ।[३१]

## ३.५ साहित्य लेखनका विधा र पुस्तकाकार कृतिहरु

जे.बी. अधिकारीका साहित्य लेखनका मुख्य विधा कविता, कथा र उपन्यास हुन् । जे.बी. अधिकारीका पुस्तकाकार कृति र विधा तथा प्रकाशन वर्षहरु निम्नानुसार छन् ।

| क्र.सं. | कृति | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | अनन्त सौरभ | कविता सङ्ग्रह | २०६४ |
| २ | काश्यम गोत्रीय अधिकारी बन्धु वंशावली | आख्यान (वंशावली) | २०६५ |
| ३ | प्रेमको अनुभूति | आख्यान (उपन्यास) | २०६७ |
| ४ | अन्तरमनको वगैंचा | आख्यान (कथा सङ्ग्रह) | २०६७ |

जे.बी. अधिकारीका यी माथिका कृतिहरु बाहेक अन्य फुटकर कविताहरु विभिन्न पत्र पत्रिकाहरुमा प्रकाशन भएका छन् । उनको कविता गोरखा पत्रमा समेत प्रकाशित भएको छ ।[३२]

३०. ऐजन

३१. ऐजन

३२. ऐजन

### ३.६ साहित्यकार जे.बी. अधिकारीको साहित्य यात्रा

जे.बी. अधिकारको साहित्य यात्राको प्रारम्भ २०१७ सालदेखि भएको हो । त्यो समय उनको लेखनको सुरुको अवस्था थियो । वि.सं. १०१७ सालदेखि लेखन कार्य आरम्भ गरेका अधिकारीको उर्बर साहित्य यात्राको रुप वि.सं. २०६३ देखि हालसम्मलाई मान्न सकिन्छ । उनको अर्को कविता सङ्ग्रह पनि प्रकाशोन्मुख भएबाट के थाहालाग्छ भने उनी वृद्ध उमेरका भएर पनि साहित्य सिर्जनामा अझै जोसिलो रुपमा लागेका छन् ।[३३]

शिक्षक पेशाबाट सेवा निवृत्त भए पछि फुर्सदको समय बढी भएका कारणले २०६४ देखि २०६७ को अवधिलाई साहित्य यात्रामा उर्वर रुपमा लिइन्छ । २०६४ सालमा 'अनन्त सौरभ' कविता सङ्ग्रह प्रकाशन गरे पश्चात २०६५ सालमा काश्यप गोत्रीय अधिकारी बन्धु वंशावलीको सङ्कलन र प्रकाशन गराएर उनले लेखन गतिलाई तीव्र बनाएका छन् ।

सानो आकारको र थोरै क्षेत्र समेट्न सफल वंशावलीको प्रकाशन गराए पनि यसलाई गहन कार्यका रुपमा लिन सकिन्छ । वि.सं. २०६७ मा 'अन्तरमनको वगैंचा' आत्मकथा सङ्ग्रह र त्यही वर्ष 'प्रेमको अनुभूति' उपन्यासको प्रकाशन गराएर उनी आख्यानको क्षेत्रमा पनि आफ्नो स्थान ओगट्न सफल भएका छन् । उनको अर्को कविता सङ्ग्रह पनि प्रकाशोन्मुख भएबाट उनी साहित्य सिर्जनामा आगामी दिनमा पनि निरन्तर रुपमा लाग्ने सङ्केत मिल्छ ।

### ३.७ जीवनी, व्यक्तित्व र साहित्य लेखन बीचको अन्तरसम्बन्ध

जे.बी. अधिकारी मध्यम वर्गीय क्षेत्री परिवारमा पाँचौ पुत्रको रुपमा रहे पनि कर्तव्यबोध र जिम्मेवारीको बहन गर्ने क्रममा उनमा उच्च व्यक्तित्वको विकास भयो । समाजिक र साहित्यिक व्यक्तित्वको विकाससँगसँगै उनको परिवार तथा समाजमा आफ्नै स्थान निर्माण भएको छ ।

जे.बी. अधिकारीको जीवनी र व्यक्तित्वका पक्षको अन्तरसम्बन्ध उनको साहित्यिक लेखन र सृजनामा जोडिन आउँछ । आफूले भोगेका समस्या गाउँले परिवेश तथा समाजमा घटित घटनाहरुलाई परिस्थिति अनुकूल बनाएर कृति मार्फत प्रस्तुत गरी यथार्थ र प्रगतिशील भाव व्यक्त गर्नाले उनको कृतित्व, व्यक्तित्व र लेखनमा सम्बन्ध रहेको स्पष्ट हुन्छ । प्रत्यक्ष र परोक्ष रुपमा उनका व्यक्तित्वका पक्ष, जीवनको मोड र उनले बाँचेको परिवेशले साहित्य सिर्जनामा सहयोग गरेको पाइन्छ । शिक्षक व्यक्तित्व र समाजका विभिन्न परिस्थिति, कुरीति, विसङ्गतिका धेरै कुराहरुले उनका कृति भित्र प्रत्यक्ष सम्बन्ध राख्दछ । व्यक्तित्वका पक्षका कारण लेखनमा परिवर्तन, समाजका यथार्थ प्रस्तुति तथा नाटकीय ढङ्गको बिजारोपण कृतिमा सुरु भएर विकसित हुँदै गएको छ ।

---

३३. ऐजन

# चौंथो परिच्छेद

## साहित्यकार जे.बी. अधिकारीका कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन

### ४.१ कृतित्वको विधागत वर्गीकरण

जे.बी. अधिकारीले नेपाली साहित्यमा वि.सं. २०१७ सालदेखि नै कलम चलाउँदै आए पनि पछिल्लो समयमा पुस्तकाकार कृति, सङ्कलित कृति र फुटकर रचनाहरुको प्रकाशन गराएका छन् । उनका प्रकाशित कृतिहरु कविता सङ्ग्रह, कथा सङ्ग्रह, वंशावली तथा उपन्यास रहेका छन् ।

पुस्तकाकार कृतित्वका आधारमा विधागत रुपमा अधिकारीका कृतिहरुको विश्लेषण विवेचना सहित कृतित्वको परिचय गराउन सकिन्छ ।

### ४.१.१ कवि व्यक्तित्वका रुपमा जे.बी. अधिकारी

जे.बी. अधिकारीको मुख्य साहित्य सिर्जनाको विधा नै कविता हो । लेखन कार्यको प्रारम्भ देखि नै कविता रचनामा अग्रसर भएका अधिकारी वि.सं. २०१७ सालदेखि नै कविता लेखनमा संलग्न रहेका छन् । प्रकाशनका दृष्टिले उनले वि.सं. २०२२ सालमा 'मेची सौगात' पत्रिकामा 'यो हृदय' शीर्षकको पहिलो कविता प्रकाशित गराएका छन् । विभिन्न विषवस्तुलाई कवितामा समेट्न सफल कवि अधिकारीले वि.सं. २०६४ मा आएर 'अनन्त सौरभ' कविता सङ्ग्रह प्रकाशन गराउन सफल भएका छन् । उनको यस कविता सङ्ग्रहमा अन्ठाउन्न वटा कविता सङ्ग्रहित छन् । यो उनको महत्वपूर्ण उपलब्धि हो । उनको यस सङ्ग्रहभित्र सङ्ग्रहित अन्ठाउन्न कवितामा नमस्कार शीर्षकबाट प्रारम्भ गरी ॐ नमः शिवायमा अन्त्य गरिएको छ । यसमा मातृभूमि नेपाल, स्वर्ग हो नेपाल, फुलुन शान्तिका फूलहरु, शहिद आत्मा, अनन्त सौरभ, वस्ती मै रमौं, नैतिक आदर्श, चेलीको सन्देश, अनमोल विद्या, साहित्य सुधा आदि जस्ता कविताहरु रहेका छन् ।

### ४.१.२ कवि/लेखक जे.बी. अधिकारीको कवितागत प्रवृत्ति र विशेषता

लेखक जे.बी. अधिकारीले लगभग ५० वर्षे कविता यात्रा तथा लेखन यात्रामा सङ्ख्यात्मक हिसाबले थोरै भए पनि गुणात्मक कविता कृति रचना गरेका छन् । सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक विचार धारा भएका कविताहरु रचना गर्ने अधिकारीका कविता तार्किकता, बौद्धिकता र वर्णनात्मक सौन्दर्यले भरिपूर्ण रहेका छन् । उनी राष्ट्रवादी,

नैतिक आदर्शवादी तथा प्रकृति प्रेमी कविता लेख्न रुचाउँछन् । उनको पहिलो 'अनन्त सौरभ' २०६४ कविता सङ्ग्रह प्रकाशित भएको सन्दर्भमा र अन्य कविता लेखन तथा प्रकाशनको तयारी अवस्था रहेको सन्दर्भमा उनका कविता र कविता सङ्ग्रहहरुको समग्र रुपमा कविता, कृतिगत प्रवृत्ति र विशेषताहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

### **४.१.२.१ विषयवस्तुगत प्रवृत्ति र विशेषता**

कवि जे.बी. अधिकारीले आफ्ना कविता कृतिमा विभिन्न विषयवस्तुको प्रयोग गरे तापनि मूलतः यिनका रचना राष्ट्रप्रेम, प्रकृति प्रेम र नीतिमूलक औपदेशिक/शिक्षामूलक विषयवस्तुमा केन्द्रित छन् । उनको एकमात्र प्रकाशित कविता सङ्ग्रह 'अनन्त सौरभ' २०६४ का आधारमा उनका कवितागत प्रवृत्तिहरुलाई चर्चा गर्नु पर्ने हुन्छ ।

जे.बी. अधिकारी राष्ट्रवादी कवि हुन् । उनका राष्ट्रवादी कवितामा नेपाल राष्ट्र र वीर नेपालीको महिमागान, आपसी भेदभाव त्यागेर मेलमिलाप र सद्भावको आग्रह एवं अपेक्षा, भ्रष्टाचार-दुराचार निर्मूल पार्ने आह्वान, नेपालीको शान्ति प्रियता/शान्तिको कामना/शान्ति प्रतिको अनुराग प्रष्ट गरिएको छ । यिनका रचना देशप्रेम/राष्ट्रप्रेम, राष्ट्रिय एकता र विकासको आह्वान, नेपाल र नेपालीको भलो चिताउने प्रतिज्ञा, सहिद प्रेम, जन्मभूमि प्रति सद्भाव भातृत्वप्रेम, एकता र मानवताको पक्षधरता आदिको कवितात्मक प्रस्तुति पाइन्छ । स्वाभिमानी नेपाली, शान्तिप्रेमी नेपाली, स्वर्ग हो नेपाल, शहिद आत्मा, चेलीको सन्देश जस्ता थुप्रै कविताहरुलाई यसको उदाहरणका रुपमा लिन सकिन्छ ।

प्रकृति चित्रण कवि अधिकारीको अर्को कवितात्मक विशेषता हो । प्रकृति चित्रण गरिएका कवितामा पनि राष्ट्रप्रेमको भावना भने प्रकट गरिएका छन् । अनन्त सौरभ, हरित ग्रामिण सडक, वस्तीमै रमौं, रमुन वारिपारि जस्ता थुप्रै कवितामा प्रकृतिको चित्रण, गाउँ प्रेम र केही गर्नु पर्छ भन्ने भावना प्रकट भएका छन् ।

जे.बी. अधिकारीको अर्को कवितात्मक विशेषतामा शिक्षामूलक र औपदेशिक कविताको रचना गर्नुलाई लिन सकिन्छ । यस्ता कवितामा सफलताको शुभकामना, चिरायु कामना, कामना, अर्ती उपदेश, नैतिक आदर्श, प्रगतिपथ आदि विशेष उल्लेखनीय छन् ।

धुम्रपान-मद्यपानको विरोध, सामाजिक विकृति प्रति व्यङ्ग्य र त्यस्ता विकृति हटाउन आग्रह, राम्रो सुझाव दिनेलाई धन्यवाद-ज्ञापन, नारीको महिमागन, विद्या र साहित्यको महिमा, स्थानीय शोषक सामन्तिको थिचो मिचो तथा भ्रष्टाचारको तीव्र विरोध आदि उनका

कवितात्मक विशेषता हुन् । तसर्थ उनी यथार्थवादी र प्रगतिवादी धाराका कविता लेखनको प्रवृत्तितर्फ उन्मुख देखिन्छन् । उनको प्रकाशित पुस्तकाकार कविता सङ्ग्रह 'अनन्त सौरभ'मा ३३ वटा कविताको रचना शब्दका सुरुको वर्ण क्रमशः मिलाएर पनि गरेका छन् । यो उनको अर्को कवितात्मक विशेषता हो ।

### ४.१.२.२ भाषाशैलीगत प्रवृत्ति र विशेषता

जे.बी. अधिकारीका कविता कृतिमा विषयवस्तुको विस्तार र व्यवस्थापन सहज र स्वभाविक ढङ्गमा गरिएको छ । समाजको विषयवस्तु अनुरुपको भाषिक प्रयोग गरिएको पाइन्छ । उनको कविता सङ्ग्रह 'अनन्त सौरभ'को अन्तिम कविता 'ॐ नमः शिवाय' संस्कृत भाषामा लेखिएकोले साधारण पाठकलाई बुझ्न अलि गाह्रो देखिन्छ भने अरु कविताको भाषाशैली सरल र सहज नै देखिन्छ ।

शैलीगत प्रयोगका दृष्टिले अधिकारी गद्य र पद्य दुवै भाषाको प्रयोग गर्दछन् । उनको प्रकाशित कविता सङ्ग्रह 'अनन्त सौरभ'का आधारमा हेर्दा उनका सबै कविताहरु प्रगीतात्मक संरचनामा आबद्ध कविताहरु सङ्कलित छन् । कुनै पूरै गद्य ढाँचामा लेखिएका छन् भने कुनै पूरै पद्य ढाँचामा र कुनै गद्य कवितालाई पद्य ढाँचामा प्रस्तुत गर्न खोजिएका छन् । जस्तै 'अनन्त सौरभ' कविता सङ्ग्रहमा चेलीको सन्देश र प्रार्थी शीर्षकका कविता गद्य ढाँचाका, आँखा शीर्षकको गद्य कवितालाई पद्य ढाँचामा र अरु शेष ५५ वटा कविता पद्य ढाँचामा पाइन्छन् ।

### ४.१.२.३ भाव र विचारगत प्रवृत्ति र विशेषता

अधिकारीका कविता कृतिमा राष्ट्रियता र औपदेशिक शिक्षामूलकता मुख्य भावको रुपमा रहेको पाइन्छ । खासगरी समाजका शोषक वर्गका विरुद्धमा आवाज उठाउनु र विकृति विसङ्गतिप्रति व्यङ्ग्य भाव राख्नु अधिकारीको भाव र विचारगत प्रवृत्ति र विशेषतामा पर्ने कुराहरु हुन् । विशेष रुपमा राष्ट्रवादी कवि अधिकारी औपदेशिक शिक्षामूलक कविता रचना गरेर मातृभूमिप्रति प्रेम गर्नु पर्ने र धर्म र नैतिकतालाई पनि हामीले आत्मसात गर्नु पर्ने विचार आफ्नो कवितामा प्रष्ट गर्दछन् । तसर्थ उनी प्रकृतिप्रेमी कवि हुन् भन्न सकिन्छ ।

#### ४.१.२.४ शैली शिल्पगत प्रवृत्ति र विशेषता

शैली शिल्पगत दृष्टिले अधिकारीका कविता रचनालाई हेर्दा गद्य र पद्य दुवै शैली शिल्पको निर्वाह भएको पाइन्छ । पूर्वीय र पाश्चात्य कविता शैलीशिल्पको परिपाटीलाई कविताकृतिमा समावेश गरिएको पाइन्छ । उनी प्रायः मुक्त लयमा कविता रचना गर्ने कवि भए पनि तुकबन्दी गर्न र फुँदा जोड्न सिपालु छन् । यसरी पद्य ढाँचामा आबद्ध यिनका अधिकांश कविता तुकबन्दीयुक्त अन्त्यानुप्रासको आयोजना गरिएकाले ती लयात्मक गुणयुक्त छन् भने कतिपय रचनाहरु गीति ढाँचामा आबद्ध भएकाले गेयात्मक गुणले समेत ओतप्रोत छन् । राष्ट्रवादिता, प्रकृतवादिता, आदर्शवादितालाई काव्यकलात्मक शिल्प शैलीमा सजाउने प्रयास उनका कविता कृतिहरुमा गरिएको पाइन्छ ।

#### ४.१.२.५ रुपविधानगत प्रवृत्ति र विशेषता

गद्यात्मक र पद्यात्मक दुवै प्रकारका कविताको रचना गर्नु अधिकारीको रुपविधानगत प्रवृत्ति हो । छोटोमा आठ पङ्क्ति देखि लामो ११२ पङ्क्ति सम्म कविता रचना गर्नु उनको रुपविधानगत अर्को विशेषता हो । गद्यढाँचाको कवितालाई पद्य ढाँचामा प्रस्तुत गर्नु उनको अर्को रुपविधानगत विशेषता हो ।[३४]

#### ४.१.२.६ अलङ्कार, बिम्ब र प्रतीकको प्रयोग

अलङ्कार, बिम्ब र प्रतीक प्रयोगका दृष्टिले अधिकारीका कविता रचनालाई हेर्दा बिम्ब, प्रतीक, अलङ्कार, विचलन आदिले नथिचिई सरल, सबैका लागि सहज, बोध्य भाषाको प्रयोग गरिएको छ । सरल, सहज भाषाको प्रयोग गरे तापनि उनका कविता स्तरीय र बान्की परेका छन् ।

#### ४.१.२.७ दृष्टिविन्दुको प्रयोग

कुनै पनि साहित्यिक रचनाको निर्माण गर्दा दृष्टिविन्दुको आवश्यकता पर्दछ । आफ्नो दीर्घ जीवनका अनुभवहरुलाई कवितात्मक वान्कीमा उन्ने प्रयत्न गर्ने कवि अधिकारीका केही कविता प्रथम पुरुष र धेरै जसो कविता तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छन् ।

---

३४. अनन्त सौरभ कविता सङ्ग्रहको आँखा शीर्षकको कविता

### ४.१.३ 'अनन्त सौरभ' कविता सङ्ग्रह अध्ययन र विश्लेषण

'अनन्त सौरभ २०६४' कविता सङ्ग्रह कवि अधिकारीको प्रथम प्रकाशित कृति हो । यस सङ्ग्रहमा जम्मा अन्ठाउन्न कविताहरु सङ्ग्रहित छन् । जम्मा उनासी पृष्ठमा सङ्ग्रहित यस कविता सङ्ग्रहको लेखक स्वयं, प्रकाशक उनकै छोराहरु विजय र हेमन्त अधिकारी र प्रथम मुद्रक गौरीशङ्कर अफसेट प्रेस, कौशलटार भक्तपुर रहेका छन् ।

आफ्नो दीर्घ जीवनका अनुभवहरुलाई कवितात्मक वान्कीमा उन्ने प्रयास गरिएका यिनका कविताको वातावरण सुखद-दुःखद एवं आशा-निराशाको वृत्तमा रुमलिएको छ । विभिन्न विषयवस्तुलाई आफ्ना कवितामा प्रस्तुत गर्ने क्रममा विभिन्न शीर्षकका साथमा आएका अधिकारीका कवितालाई क्रमैसँग विश्लेषण निम्नानुसार गरिन्छ :-

#### ४.१.३.१ नमस्कार

**भाव**

लेखकले यस कवितामा सुरुको वर्णक्रम 'नमस्कार छ' मिलाएर लेखेका छन् । नम्र र मृदुभाषालाई आत्मा साक्षीराखी मन वचन र कर्मले सत्यको पक्षमा लाग्नु पर्ने भाव देखाउँदै स्वच्छ छवि, शान्ति प्रेमी, कार्यमा अग्रसर, पारदर्शी हुनु पर्नेमा जोड दिएका छन् । उनले तिरस्कार रहितको जनमुखी रणनीति बन्न आग्रह गरेका छन् । कवि लेख्छन्....

रणनीति जनमुखी,
        रहित तिरस्कार ।
छवि बनोस सगरमाथा
        सदा नमस्कार ।

**भाषाशैली**

यस कविताको भाषाशैली सामान्य तथा बोधगम्य नै छ । चार हरफको एकश्लोक बनाइएको यस कवितामा जम्मा तीन श्लोक अर्थात् बाह्र हरफ छन् । यो कविता पद्यात्मक र प्रगीतात्मक शैलीमा लेखिएको छ ।

**लय**

अन्त्यानुप्रयास मिलाइएको यो कविता साङ्गीतिक छ । पङ्क्तिगत योजना मिलेको हुनाले पनि गाउन सजिलो छ ।

**शीर्षक**

कविताको सुरुको वर्ण 'नमस्कार छ' मिलाइएको यस कवितामा मन, वचन र कर्मले सत्यको पक्षमा लाग्न आग्रह गरिएको र सगरमाथा जस्तै स्वच्छ छवि भएकालाई नमस्कार छ भनिएको छ । त्यसैले कविताको शीर्षक सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

**४.१.३.२ अग्रज नेपाली**

**भाव**

सुरुको वर्णक्रम 'एकको लागि सबै सबैको लागि एक नै सहकार्य हो' भन्ने वाक्य मिलाएर यो कविता लेखिएको छ । यस कवितामा अधिकारीले नेपालीलाई एकताका प्रतीक, कर्मयोगी गीत गाउने, मातृभूमिको लागि मरिमेट्ने, स्वच्छ छवि भएका, सहिदका सन्तान, बैरीलाई मित्र देख्ने, दुस्मनको सामु एकताका प्रतीक, वैरागी र जोसिला, हिमाल जस्तै अटल, बुद्ध जस्तै शान्तिका प्रतीक, नैसर्गिक अधिकारको लागि युद्धरत, कायरता र डरपनले शुन्य भएका अग्रजका सन्तान भनेका छन् । उनले यस कवितामा एकीकृत नेपालका नेपाली कोही काखा र कोही पाखा हुन सक्दैन भन्दै 'अग्रज नेपाली' शीर्षकलाई सार्थक पार्दै 'एकको लागि सबै सबैको लागि एक नै सहकार्य हो' हरेक नेपालीको चोट सबै नेपालीले बुझ्नु पर्छ भन्ने भाव यस कवितामा प्रकट गरेका छन् । वीर नेपालीको महिमागान गाउँने क्रममा कवि लेख्छन्.....

> हट्ने छैन बढ्ने अगि-बहादुर नेपाली,
> कायरता र डरपनले-शून्य नेपाली ।
> ऋद्धि सिद्धि नेपालको-शुद्ध नेपाली,
> होली खेल्ने युद्धमा-अग्रज नेपाली ।

**भाषाशैली**

कविताको भाषाशैली सामान्य छ । साधारण पाठकलाई पनि बोधगम्य भाषाको प्रयोग गरिएको यो कविता चार हरफलाई एक श्लोकमा लेखिएको छ । पाँच श्लोकमा लेखिएको

यो कविताको एक हरफको अन्त्यमा 'गोर्खाली' भनिएको छ भने शेष सबै हरफमा नेपाली राखेर अनत्यानुप्रास मिलाइएको छ ।

**लय**

छन्दात्मक ढाँचामा लेखिएको हुनाले यो कविता गाउन योग्य छ । प्रगीतात्मक शैलीको भावयुक्त र मार्मिक यस कविताले नेपालीलाई उत्साहित पार्छ । यसरी लयात्मक रुपमा हेर्दा पनि यो कविता उत्कृष्ट नै देखिन्छ ।

**शीर्षक**

शुन्य, वीर अग्रजका सन्तान हामी नेपाली हौ भन्ने भाव यस कवितामा पाइन्छ । त्यसकारण यो कविताको शीर्षक 'अग्रज नेपाली' सार्थक देखिन्छ ।

**४.१.३.३ स्वाभिमानी नेपाली**

**भाव**

यस कवितामा पनि कविले नेपालीहरुको महिमागान गाएका छन् । स्वाभिमानी नेपाली दाजुभाइलाई अर्ति उपदेश दिँदै उनीहरुको राय सुझाव समेत लिइएको यस कवितामा कविलाई पुर्खाद्वारा सिर्जित भूमि खेर जान्छ कि भन्ने शङ्का लागेको छ । हामीले हाम्रा पुर्खालाई शिरोधार्य मान्नु पर्छ र हातेमालो गर्दै एक साथ अघि बढ्नु पर्छ, अब कसैले भूल गरेर जङ्गल पस्दा शिरको फूल खस्छ त्यसैले एकआपसमा मिलिजुली संसद विधि लिएर राय सुझाव दिए भविष्य राम्रो हुन्छ भन्ने भाव यस कवितामा देखाइएको छ । नेपालको पचहत्तरै जिल्लामा एउटै समाज, एउटै कानुन हुनु पर्छ भन्दै क्रान्तिकारी भूमिसुधारको माध्यमबाट शोषक र सामन्तिको दमन नीति फाँड्न सकिन्छ भन्ने भाव यस कवितामा पाइन्छ । सबै नेपालीको परिवार एकै हो । भ्रष्टाचार, दुराचारलाई निर्मुलपारी विनयी र स्वाभिमानी बनी अघि बढ्नु पर्छ । अहम्पना हाम्रो शत्रु भएकाले यसलाई ध्वस्त पार्दै दुर्जनको भरमा नपरी स्वस्थ चिन्तनका साथ एक हुन र लोकतानित्रक व्यवस्थामा भर पर्न यस कवितामा आह्वान गरिएको छ । कवि लेख्छन्.....

नेपालीको परिवार, एकै रुप देखौं,
भेदभाव त्यागेर नै, आफ्नो नेपाल बनाउँ ।

भ्रष्टाचार, दुराचारलाई, निर्मूल पारी छाडौं,
विनयी र स्वाभिमानी, बनी अगि बढौं । ....

**भाषाशैली**

'स्वाभिमानी नेपाली' शीर्षकको कविताको भाषा पनि बोधगम्य नै छ । साधारण शब्दको प्रयोग गर्ने अधिकारीले यस कवितामा पनि सर्वसाधारण पाठकलाई केन्द्रित बुझ्न सक्ने भाषाको प्रयोग गरेका छन् । नेपाली भाषाको बोलचालका शब्दहरु नै यस कवितामा पाइन्छ ।

चार हरफको एक श्लोक र जम्मा सात श्लोकको यो कवितामा अक्षर सङ्ख्या र अन्त्यानुप्रास मिलाइएको हुनाले पद्य ढाँचामा संरक्षित भएको स्पष्ट हुन्छ ।

**लय**

यस कवितामा अन्त्यानुप्रास मिलाइएको हुनाले गाउन योग्य लययुक्त कविताको रुपमा लिन सकिन्छ । प्रगीतात्मक यो कविता चार हरफको एक श्लोकका दरले लेखिए तापनि दुई दुई हरफलको अन्त्यानुप्रास मिलाएर गाउन योग्य बनाइउको छ ।

**शीर्षक**

यस कवितामा भाव र शीर्षक बीचको तालमेल देखिन्छ । एकतावद्ध भएर शोषक र सामन्तीको दमन नीतिलाई फाँड्दै भ्रष्टाचार विरुद्धमा लड्ने हामी स्वाभिमानी नेपाली हौ भन्ने भाव कवितामा भएबाट पनि कविताको शीर्षक 'स्वामिानी नेपाली' सार्थक भएको स्पष्ट हुन्छ ।

**दृष्टिविन्दु**

स्वाभिमानी नेपाली शीर्षकको कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा 'हाम्रो' शब्दको प्रयोग बारम्बार गरिएबाट प्रथम पुरुषको दृष्टिविन्दुको प्रयोग गरिएको स्पष्ट हुन्छ ।

### ४.१.३.४ शान्तिप्रेमी नेपाली

**भाव**

हरेक हरफको सुरुको वर्णबाट 'मन वचन र कर्मले नेपाल आमाको सेवा गरौं' भन्ने वाक्यांश रहेको यस कवितामा स्वच्छ मस्तिष्कले केही सोचेर, बल बुद्धि र हिम्मतकासाथ, एकआपसमा शत्रु नठानी, कर्मशील, बीर नेपाली भनेर नेपालीको चर्चा गरिएको छ । मधेश, पहाड जहाँ जन्मिएको भएपनि बुद्धको देशका शान्तिप्रेमी, आफ्नै भेष भुषामा रमाउने, कोलाहल रहित वातावरणमा नेपाल आमाको सेवा गर्दै नेपालीहरु बस्न चाहन्छन् भन्ने भाव यस कवितामा पाइन्छ । कवि लेख्छन् ....

सेवित भूमि नेपालमा
वासन्ती फूल रोप्दछ ।
गगनभेदी नाराले,
रौनक नेपाली साराले ।

**भाषाशैली**

नेपाली भाषाका बोलचालकै शब्दहरुको प्रयोग यस कवितामा पनि पाइन्छ । कोलाहल, गगन भेदी, रौनक जस्ता शब्दको प्रयोगले कवितालाई रोचक बनाएको छ । पद्य ढाँचाको यो कविता गाउन योग्य देखिन्छ ।

**लय**

चार हरफको एक श्लोक र जम्मा पाँच श्लोकको 'शान्तिप्रेमी नेपाली' शीर्षकको यो कविता पद्य ढाँचामा संरचित हुनाले गाउन योग्य छ । कतै कतै अन्त्यानुप्रास नमिलेको भए तापनि त्यसले असर गरेको छैन ।

**शीर्षक**

स्वच्छ मष्तिष्कले केही सोचेर, बल, बुद्धि र हिम्मतकासाथ एक आपसमा शत्रु नठानी, कोलाहल रहित वातारवणमा, आफ्नै भेष भूषामा रम्न चाहने बुद्धको देशका शान्तिप्रेमी नेपाली भन्ने भाव यस कथामा भएकाले यस कविताको शीर्षक 'शान्तिप्रेमी नेपाली' सार्थक छ ।

### ४.१.३.५ मातृभूमि नेपाल

**भाव**

हामी नेपालको जुनसुकै भू-भागमा जन्मेपनि उच्च लक्ष्य लिएर अगाडि बढ्ने हो भने अँध्यारोको शल्यक्रिया हुनसक्छ । मन, वचन र कर्मले नेपाल आमाको सेवा गर्न हातेमालो गरे अवश्य माथि पुगिन्छ । नयाँ नेपाल बनाउँन अब रगतको होली होइन, सबै उमेर, लिङ्ग र वर्णका हामी नेपाली एक जुट होऔं । भूलचुकले पनि गल्ति हुनसक्छ तर गल्ति महसुस गर्दै सत्यम्, शिवम्, सुन्दरम्को पक्षमा हामी एक जुट हुनुपर्छ । नेपाल आमाका एउटै सन्तान हामी दाजुभाइ दिदीबहिनी बीच हातेमालो गरौं भन्ने भाव यसमा पाइन्छ । कवि लेख्छन्....

तपाईं हामी सन्तान एकै, शत्रु मान्नु किन,
जागरण लयाउन सदा रम्न, नेपालीलाई चिन ।
रम्दै बढौं हातेमालो, ताकी उच्च हिमाल,
चाखा राखौं गोलबन्द नै, मातृभूमि नेपाल ।

**भाषाशैली**

चार हरफको एक श्लोक र जम्मा छ श्लोक भएको यो कविताको भाषा साधारण पाठकका‍लागि पनि बोधगम्य नै छ । दुई दुई हरफको अन्त्यनुप्रास मिलाइएको यो कविता पद्य ढाँचामा संरचित छ । बोलचाल कै भाषाको प्रयोग गरिए तापनि भाव युक्त र प्रगीतात्मक भएकोले यो कविता स्तरीय देखिन्छ ।

**लय**

अन्त्यानुप्रास मिलाइएको पद्य ढाँचामा संरचित हुनाले यो कविता साङ्गीतिक लययुक्त छ । प्रत्येक हरफको बीचमा अर्धबिरामको प्रयोगले गाउँदा अडान लिनु पर्ने स्थानको पनि स्पष्ट सङ्केत देखाएको छ । त्यस्तै दुई दुई हरफको अन्त्यमा आउने एउटै अक्षरको अन्त्यानुप्रासले लयात्मक बनाउन सहायोग पुऱ्याएको छ ।

**शीर्षक**

यस कवितामा सबै उमेर लिङ्ग र वर्णका हामी नेपालीले होली नखेली सत्यम्, शिवम्, सुन्दरम्को पक्षमा एकजुट हुनुपर्छ भन्ने भाव यस कवितामा भएकाले यस कविताको शीर्षक सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यस कवितामा हामी, हाम्रो जस्ता शब्दावलीको प्रयोग गरिएको छ । त्यसैले यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा संरचित भएको स्पष्ट हुन्छ ।

### ४.१.३.६ स्वर्ग हो नेपाल

**भाव**

यसमा नेपालमा बढेको अन्तर्द्वन्द्व प्रति चिन्ता प्रकट गरिएको छ । हामी नेपालीहरु बीच भाइचाराको सम्वन्ध राखेर, रक्तपात रहित वातावरण सिर्जना गर्न सके चिरायुको वृद्धि हुनसक्छ । मेची, काली, राप्ती, भेरी स्वच्छ कलकल ध्वनि जस्तै शान्तिको ध्वनि फैलाउन स्वच्छ मनको आवश्यकता पर्दछ । नेपाली धर्म, मन, वचन र कर्मले हामी सर्वोच्च शिखरमा पुग्न सक्छौं र नेपाललाई स्वर्ग बनाउन सक्छौ भन्ने भाव यस कवितामा प्रकट गरिएको छ । कवि लेख्छन्....

नेपाली धर्म मन वचन कर्म, सर्वोच्च हिमाल,
प्रेमको धारा बग्दो छ सारा, स्वर्ग हो नेपाल ।

**भाषाशैली**

दुई हरफको एकश्लोक र सात श्लोकमा संरचित यो कविता पनि सर्वसाधारण पाठककालागि बोधगम्य छ । नाजायज, खातिर, रहित, अहित जस्ता शब्दको प्रयोगले कवितामा मिठासपन थपेको छ । अन्त्यानुप्रास मिलाइएको यो कविता पद्य ढाँचामा संरचित छ । साङ्गीतिक झन्कार पाइने यस कविताको भाषाशैली उत्कृष्ट देखिन्छ ।

**लय**

अन्त्यानुप्रासयुक्त र पद्य ढाँचामा रचिएको हुनाले यो कविता लययुक्त छ ।

**शीर्षक**

स्वच्छ मनले, रक्तपात रहित वातावरणमा भाइचाराको सम्बन्ध राखेर मन, वचन र कर्मले देशको सेवा गरेमा नेपाललाई स्वर्ग बनाउन सकिन्छ भन्ने भाव कवितामा भएकाले यस कविताको शीर्षक 'स्वर्ग हो नेपाल' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग यस कवितामा पाइन्छ । कवितामा पटक-पटक प्रयोग गरिएको 'हाम्रो' शब्दले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको कुरा पुष्टि हुन्छ ।

### ४.१.३.७ मेरो नेपाल

**भाव**

'अनन्त सौरभ' कविता सङ्ग्रहमा सङ्ग्रहित सबभन्दा छोटा आठ हरफे दुईटा कवितामा यो पनि एक हो । यस कवितामा नेपाललाई तपोभूमि, पूण्यभूमि, जन्मभूमि, स्वर्ग जस्तो देश भनिएको छ । प्रकृतिले हराभरा भएको, शान्तिप्रिय, ईश्वरको कर्मथलो, स्वर्गपुरी नेपाल भनिएको छ । कवि लेख्छन्....

तपोभूमि पूण्य भूमि,
मातृभूमि नेपाल
स्वर्गजस्तो देश मेरा
जन्मभूमि नेपाल ।
प्रकृतिले हराभरा,
शान्तिप्रिय नेपाल
इश्वरको कर्मथलो
स्वर्गपूरी नेपाल ।

**भाषाशैली**

चार हरफको एकश्लोक र जम्मा दुई श्लोकमा संरचित 'मेरो नेपाल' कविताको भाषा बोधगम्य भए तापनि यसमा केहि संस्कृत भाषाका शब्दहरु समेत समावेश भएका छन् । जस्तै : तपो भूमि, पूण्यभूमि, मातृभूमि, स्वर्गभूमि आदि । यी शब्दहरुले कवितामा मिठासपन थप्नुका अतिरिक्त लयात्मक पनि बनाएको छ । यो कविता पद्यात्मक शैलीमा लेखिएको छ ।

**लय**

पद्यात्मक ढाँचामा लेखिएको हुनाले यो कविता गेयात्मक छ । प्रत्येक श्लोकको दोस्रो र अन्तिम हरफमा 'नेपाल' शब्द राखेर अन्त्यानुप्रास मिलाइएको हुनाले पनि लयात्मक बनेको छ ।

**शीर्षक**

यस कवितामा आफ्नो देश नेपाललाई तपोभूमि, पून्यभूमि, जन्मभूमि, स्वर्ग जस्तो देश, प्रकृतिले हराभरा भएको, शान्तिप्रिय, इश्वरको कर्मथलो र स्वर्गपुरी नेपाल भनिएको हुनाले 'मेरो नेपाल' शीर्षक सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यस कवितामा आफ्नो देशको वर्णन गर्ने क्रममा मेरो शब्दको प्रयोग गरिएको छ र शीर्षकमा नै मेरो भन्ने शब्द भएकाले यो प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको स्पष्ट हुन्छ ।

**४.१.३.८ अतीतमा मेरो नेपाल**

**भाव**

सुरुको वर्णक्रम 'मलाई मेरै गाउँ मन पर्‍यो' मिलाइएको यस कवितामा देश शान्तिपूर्ण रहेको अवस्थामा सबै नेपाली दाजुभाइ एकसाथ अघिबढेका थियौ । पूर्व र पश्चिम अनि हिमाल, पहाड र तराईका सबैलाई सबैले समान रुपमा हेरिन्थ्यो । हामी गाउँघरको रसरङ् सहितको लोकभाषामा जोश जाँगरका साथ गीत गाउँथ्यौं । वैरित्वको भावना हामीमा थिएन । प्राकृतिक रुपमा धनी हामी सत्कर्ममा लागेर आपसमा रम्न सक्नुपर्छ । शान्तिको ध्वनी फैलाउन सत्कर्म र विशुद्ध मनको आवश्यकता पर्दछ भन्ने भाव यस कवितामा पाइन्छ । कवि लेख्छन्....

नयनले हेर यो मेरो देश, प्रकृति सजेको,
पलपल रङ्गीन सत्कर्म सङ्गीन, आपसमा रमेको ।
रमझम सहित शान्तिको धुन शंखनाद गरेको,
थ्यो हाम्रो धन विशुद्ध मन, सत्कर्म जडेको ।

**भााषशैली**

संरचनाका दृष्टिले चार हरफको एक श्लोक भएको यो कविता तीन श्लोकमा संरचित छ । यस कवितामा सरल र बोधगम्य शब्दको प्रयोग गरिएको भए तापनि मनोरमयुक्त लालित्यपन, बैरीत्व जस्ता शब्दको समेत प्रयोग गरिएको छ । यी शब्दहरुले कवितामा मिठासपन थपेको छ । तीन विश्राममा एक हरफ पूरा हुने यो कविता पद्यात्मक शैलीमा

लेखिएको छ । विशेष गरी अन्त्यानुप्रास मिलाउन सिपालु अधिकारीले यस कवितामा पनि अन्त्यानुप्रास मिलाएका छन् ।

**लय**

लयात्मक दृष्टिबाट हेर्दा यो कविता सङ्गीतात्मक पाइन्छ । यो कविता झ्याउरे लयमा लेखिएको छ ।

**शीर्षक**

यस कवितामा देश शान्तिपूर्ण रहेको अवस्थामा एकताबद्ध भएर अगाडि बढेका थियो । सबै जातजाती, भाषाभाषी, मधेश, पहाड र तराइका जनता मिलेर बसेका थियौ भनेर अतीतको देशको वर्णन गरिएको हुनाले 'अतीतमा मेरो नेपाल' यस कविताको शीर्षक सार्थक छ ।

**दृष्टिविन्दु**

शीर्षकबाटै प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको कुरा स्पष्ट हुन्छ । 'मेरो', 'हामी' आदि शब्दावलीको प्रयोग यसमा गरिएको छ । त्यसैले यो प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ भन्न सकिन्छ ।

**४.१.३.९ भावी नेपाल**

**भाव**

भावी नेपालको मुहार उज्यालो पार्न सबै नेपाली दाजुभाइ दिदीबहिनीले एकआपसमा मिलेर काम गर्नुपर्छ । अशिक्षा, गरिबीले पिल्सिएको अन्धकार अवस्थालाई माथि उकास्न हामीलाई शिक्षाको आवश्यकता छ । जसरी माता पिताविना मानिसको जन्म हुन सक्दैन त्यसरी नै भविश्यको पिता शिक्षा बिना देशको खम्बा नै हुँदैन । विद्या हाम्रो अमूल्य धन हो । अरु मानिस ठूलाबडा, बुद्धिजीवी हुने, आकाश पाताल पुग्ने कारण पनि विद्या नै हो । हाम्रो देशमा २००७ साल पहिले अन्धकारले छेकेको थियो तर २००७ साल पछि हाम्रो आँखा खुलिसकेका छन् । अब अहिले हामी परिवर्तन भइसकेका छौं । वर्तमान जस्तो भविश्य नहुने हुनाले हामी बीचमा पहिले एकता हुनुपर्छ । हाम्रै दाजुभाइको भूलको कारणले पछुताउनु पर्ने

हुन्छ । त्यसैले हामीले एउटै मालामा उनिदै हातेमालो गर्दै, उद्योग धन्दा खोल्न सके नेपाललाई चिनाउन सकिन्छ । देशको जुनसुकै भू-भागमा बसोबास गरेपनि हाम्रो हक बराबरी छ र धनी गरीब एउटै सूत्रमा गाँसिए भावी नेपाल बन्छ भन्ने भाव यस कवितामा पाइन्छ । कवि लेख्छन् ....

मातृभूमि नेपालको, हामी छोराछोरी,
मेचीकाली दाजुभाइ, हक बराबरी
एकतामा दृढ रहे, देश धनी हुन्छ,
गरीब धनी एउटै सूत्र, भावी नेपाल बन्छ ।

**भाषाशैली**

नेपाली भाषामा प्रयोग हुने सामान्य शब्दहरुको प्रयोग गरिएको यो कवितामा सर्वसाधारण पाठकालागि बोधगम्य भाषामा संरचित छ । चार हरफको एकश्लोक भएको यो कवितामा आठ श्लोक छन् । सामान्य बोलचालका शब्दहरुको प्रयोगले यो कविताको भाषा बोधगम्य छ भन्ने स्पष्ट पार्छ । दुई दुई हरफको अन्त्यानुप्रास मिलाइएको यो कविता पद्य शैलीमा लेखिएको छ ।

**लय**

अन्त्यानुप्रास मिलाइएको पद्य शैलीको यो कविता लयात्मक छ । यो कविता गेयात्मकताका दृष्टिले पनि उपयुक्त देखिन्छ ।

**शीर्षक**

यस कवितामा शिक्षाको ज्योति फैलाउँदै अगाडि बढ्ने, उद्योगधन्दा कलकारखाना खोल्ने तथा धनी गरीब एउटै सूत्रमा गाँसिने हो भने भावी नेपाल बन्छ भन्ने भाव देखाइएको हुनाले कविताको भाव र शीर्षक बीच तालमेल भएको देखिन्छ ।

**दृष्टिविन्दु**

यस कवितामा पनि ‘हामी’, ‘हाम्रो’ आदि शब्दको प्रयोग गरिएबाट यो कविता प्रथमपुरुष दृष्टिविन्दुमा रचना भएको स्पष्ट हुन्छ ।

### ४.१.३.१० देशको चाहना

**भाव**

देशमा शान्ति सुरक्षाको अभाव भएको तथा देशमा द्वन्द्वको ज्वालाले शान्तिको देश बलेको छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै भ्रष्टचारको बाढी उर्लेको छ । यस अवस्थामा सम्वद्ध पक्षले अन्यायको लक्ष्य लिएको र एक आपसमा काटमार बढेको छ । नेतृत्व पक्ष भुलेको भेद खुलेको छ तर भाषणमा भने चोखोपना देखाइराखेको छ । यसरी निरिह जनता मार्दा, देशबासी रुँदा समेत जिम्मेवार आसनमा बस्नेहरु मोजमस्ती मै व्यस्त छन् । यो अवस्थामा नेपाल आमाको चाहना भने असल शासन, असल नीति, असल धारणा र नेपाली बीचको एकता रहेको छ भन्ने भाव यस कवितामा पाइन्छ । कवि लेख्छन्....

मेची र काली उर्लदो बाढी, उर्लदो भ्रष्टचार,
सम्वद्ध पक्ष अन्याय लक्ष्य, एकापस काटमार ।

**भााषाशैली**

राष्ट्रवादी धाराको यो कविता दुई हरफको एक श्लोक र छ श्लोकमा संरचित छ । नेपाली भाषामा प्रचलित शब्दहरुको प्रयोगले कवितालाई बोधगम्य बनाएको छ । अन्त्यानुप्रास मिलाइएको पद्यात्मक शैलीमा संरचित यो कविताको सरल, सहज र बोधगम्य छ ।

**लय**

यो कविता गेयात्मकताका दृष्टिले पनि उपयुक्त देखिन्छ । अन्त्यानुप्रास मिलेको तथा झ्याउरे लयमा लेखिएको हुनाले पनि यो कविता लयात्मक बनेको छ ।

**शीर्षक**

देशको बढ्दो विकृति बिसङ्गतिको विरुद्धमा आवाज उठाएको यस कवितामा नेपाल आमाको चाहना भने असल शासन, असल नीति, असर धारणा र नेपाली बीचको एकता हुनुपर्छ भन्ने भाव पाइन्छ । त्यसैले कविताको भाव र शीर्षक बीच तालमेल देखिन्छ । त्यसकारण यो कविताको शीर्षक 'देशको चाहना' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

### ४.१.३.११ हुन्छ पुनर्जन्म

**भाव**

यस कवितामा शान्तिको देश नेपालमा पुनर्जन्मको आशा गरिएको छ । सबै नेपाली दाजुभाइ एकजुट भएर शान्तिको दियो बाले पछि शान्तिको फूल फूल्न थालेको छ । अब देशबासीले ढुक्कसाथ आफ्नै घर आँगनमा बस्ने वातावरण सिर्जना हुन थालेको छ किनभने डढेलोको ठाउँमा समुद्र भइसकेको छ । जसरी बिहानी पख चराहरुको चिर्विराउँदो आवाज सुनिन्छ त्यसरी नै कोइलीको प्रितले बिहानीको सङ्केत गर्दैछ । मिलन भनेको 'मर्दाको मलामी र बाँच्दाको जन्ति हो ।' डमरु, घण्टी आदि बाजाले सात रङ्गका साथ ताजा बनेर शान्तिको ताजा धुन गाउँदैछन् । शान्तिको दिप बलेपछि साँझ पनि उज्यालो भएको छ जसले गर्दा गाउँघर स्वर्ग जस्तै भएको छ । असल शाशन र आत्मीय भावनाले बुद्धको देश विश्वमा स्वर्ग नै बन्दछ भन्ने भाव यस कवितामा दोखाइएको छ । कवि लेख्छन्....

नेपाल आमाको वक्षस्थलमा शान्तिको फूल फुल्दैछ,
विभत्स हुन छाड्दैछ ढुकढुकीमा, शान्तिको दियो बल्दैछ ।
हुँदैछ पक्कै शान्तिको आभास, शुद्ध मिलन विन्दु पनि,
मृतात्मा मलामी जीवात्मा जन्ती, अनमोल गाउँले बनी ।

**भाषाशैली**

राष्ट्रवादी कवि अधिकारीको यो कविता पनि राष्ट्रवादी धाराकै छ । पाँच श्लोकमा रचना गरिएको यस कवितामा सामान्य बोलाचालका शब्दहरु नै प्रयोग गरिएको छ । केही शब्द जस्तै मृदङ्ग, मृतात्मा, जीवात्मा आदिको प्रयोग गरिए तापनि मूल भाव भने सर्वसाधारण पाठकलाई स्पष्ट नै छ र पद्य ढाँचमा संरचित हुनाले गेयात्म छ ।

**लय**

लयात्मक दृष्टिले हेर्दा यो कविता उत्कृष्ट देखिन्छ । पद्य ढाँचामा रचना भएकाले पनि यो कविता लयात्मक बन्न सकेको छ ।

**शीर्षक**

शान्तिको श्वास फेर्न पाउने आशा राखिएको यो कवितामा डढेलोको ठाउँमा समुद्र भइसकेको, कोइलीको प्रितले बिहानीको सङ्केत गरेकाले असल शासन र आत्मीय भावनाले बुद्धको देश विश्वमा स्वर्ग नै बन्छ भन्ने भाव यस कवितामा भएकाले 'हुन्छ पुनर्जन्म' शीर्षक सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यस कवितामा 'कोइली', 'त्यो' आदि शब्दावलीको प्रयोग गरिएको छ । त्यसैले यो कविता मूलतः तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**४.१.३.१२ फुलुन् शान्तिका फूलहरु**

**भाव**

आसपासमा कलह र द्वन्द्वले तल झरिन्छ त्यसैले हितैषी बनेर नेपालको भविश्य सोच्नु पर्छ । हामीले हाम्रो इतिहासलाई सम्झेर आफूलाई चिन्न सक्नुपर्छ । विश्वमा वीर शान्तिप्रिय नेपाली भनी चिनाउन आपसी द्वन्द्व छाडेर एक ढिक्का भएर अगाडि बढ्नु पर्ने आवश्यकता छ । हामी बीचको वैरित्वले वंशको खति हुन्छ र कायरताले हाम्रो अस्तित्वको लोप हुन्छ । होस्टेमा हैंसे गरेर अगाडि बढ्न सके देशको प्रगति र विकास हुनसक्छ । जसको लागि असल शाशन र धारणाको आवश्यकता पर्दछ । यही नै नेपाल आमाको चाहना हो । कवि लेख्छन्....

नदेखौं शत्रु आपसमा हामी, नेपाली आकाश,
वकालत हाम्रो नेपाली पक्ष प्रगति विकास ।
युगान्तकारी असल शाशन असलै धारणा,
गतिशिल लक्ष्य दिर्घायु पक्ष आमाको चाहना,
देशको चाहना ।

**भाषाशैली**

शान्तिको इच्छा राखिएको यो कवितामा पनि सरल र बोधगम्य नै छ । हितैषी, स्वचित्त, वैरित्व जस्ता शब्दको प्रयोगले कवितामा मिठासपन थपेको छ । राष्ट्रवादी कविको यो

कविता पनि राष्ट्रवादी धारामै रचना भएको पाइन्छ । पद्यात्मक शैलीमा लेखिएको यो कविता गेयात्मक छ ।

**लय**

यो कविता लयात्मम छ जसले गर्दा साङ्गीतिक छ । यो कविता झ्याउरे लयमा लेखिएको र अन्त्यानुप्रास मिलेको छ जसले गेयात्मक बनाएको छ ।

**शीर्षक**

विश्वमा शान्तिप्रिय देश भनेर चिनिएको यो देशमा आपसी द्वन्द्वले हाम्रो खति हुन्छ । असल धारणा र असल सोचाइले मात्र देशको उन्नति हुन्छ, यही छ नेपाल आमाको चाहना भन्ने भाव भएको यो कविताको शीर्षक 'फुलुन् शान्तिका फूलहरु' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

प्रथम पुरुष दृष्टिविन्दुमा यो कविता रचना भएको छ । 'छोडौं', 'बनौं' जस्ता इच्छार्थक शब्दहरुको प्रयोग गरिएको यो कवितामा 'हामी' शब्दको समेत प्रयोग गरिएको छ जसबाट प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको स्पष्ट हुन्छ ।

**४.१.३.१३ आवाज**

**भाव**

शुरुको वर्ण क्रमशः 'एकतिनको सेरो फेरो पर्छ जम्मै' भन्ने वाक्यांश मिलाइएको यस कवितामा पनि कलह र विवाद रहित शान्तिपूर्ण वातावरणमा एकजुटका साथ रोजिरोटीको अधिकारमा आवाज उठाउन आग्रह गरिएको छ । तनावले रोग शोक बढ्ने र हाम्रो छवि समेत विग्रने भएकाले हाम्रो इतिहासलाई बुझि जनमतको कदर गर्नुपर्छ । मेची कालीका दाजुभाइले मै खाउँ मै लाउँको भावना त्यागेर हातेमालो गर्दै सहयात्री बन्नु पर्ने आवाज यस कवितामा पाइन्छ । कवि लेख्छन् .....

जनमत हेरी बुझी, मूर्त रुपमा बढ्नु
मै खाउँ मै लाउँ हुन्न गर्नु हितैषी नै बन्नु ।
मेचीकाली दाजुभाइ हातेमालो गर्दै,
समताका यात्री बनौं, अङ्कमाल गर्दै

**भााषाशैली**

नैतिक शिक्षामूलक/आदर्शवादी धारामा रचित यो कविता चार हरफको एक श्लोक र चार श्लोकमा संरचित छ । सरल नेपाली भाषाका शब्दहरुको प्रयोग गरिएको यो कविता सरल र बोधगम्य भाषाको छ । अन्त्यानुप्रास युक्त पद्यात्मक शैलीको यो कविता सङ्गीतात्मक छ ।

**लय**

पद्यात्मक शैलीले लयात्मक बनाएको यो कविता प्रत्येक हरफको बीचमा एउटा विश्राम छ जसले साङ्गीतिक झन्कार थपेको छ ।

**शीर्षक**

आदर्शवादी धारामा रचिएको यो कवितामा शान्तिपूर्ण रुपमा रोजिरोटीको अधिकारमा, आफ्नो छविलाई ख्याल राख्दै मेचीकालीका दाजुभाइले 'मै खाऊ मै लाऊ'को भावनालाई त्यागेर हातेमालो गर्दै सहयात्री बन्नु पर्ने आवाज उठाइएको हुनाले कविताको शीर्षक आवाज सार्थक छ ।

**दृष्टिविन्दु**

अधिकांश कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेख्ने कवि अधिकारीले यो कविता पनि प्रथम पुरुष दृष्टिविन्दुमा नै लेखेका छन् ।

**४.१.३.१४ प्रतिज्ञा**

**भाव**

कवितामा हरेक पङ्क्तिको शुरुको वर्णानुक्रम 'सविता जबेगू एकतिन पाँच खुँगा पाँचथर, मेची अञ्चल नेपाल' मिलाइएको छ । थोरै समय सुतेर श्रम र प्रयत्नका साथ विद्यारुपी धनतिर लाग्नु पर्दछ । मानव जुनीमा विद्याले मानिस अमृत समान मिठासपूर्ण हुने भएकाले असङ्गतिलाई त्याग्दै एकचित्तका साथ विद्या आर्जन गर्नु पर्दछ । मानव जीवनका मुख्य पाँच इन्द्रीय छन्, अरु इन्द्रीय शाखा मात्र हुन् । बोलीमा मिठास नहुनु, चकचके र छुस्कर हुनु भन्दा बरु मर्छु, धारिला हतियार चलाएर खतरा हुन्छ, गाली बेइज्जती र दुर्वचनले मान हानी हुन्छ, पाँच तत्वले बनेको हाम्रो शरीर हावा समान हो । मानव चोला अनित्य हुनाले थोरैमा सतिजाने र मेरो भन्ने भावना लिनु बेकार छ । त्यसैले हाम्रो भन्ने

भावना लिनु पर्छ । पाप धर्मको छानविन गरी, सत्आत्माले चरित्र सुधार गर्नुपर्छ । लक्षित कार्य पुरा गर्न लहैलहैमा नलागी अडिग हुनुपर्छ । नेपाललाई रामराज्य सरी बनाउन नेपाल र नेपालीको भलो हुने कार्यमा लाग्न प्रतिज्ञारत हुनुपर्छ भन्ने भाव यस कवितामा देखिन्छ । यस कवितामा शीर्षक सार्थक भए तापनि शुरुमा मिलाइएको वर्णबाट बनेको वाक्यांशसँग खासै मेल खाएको देखिंदैन । कविले आफ्नो प्रतिज्ञा यसरी लेख्छन्....

तितो र टर्रो बोल्दिन भरजीवन, बोली बिगारीकन,
नरहने आलस्य जीवनमा, पार्छु सुकिलो मन ।
पाँचै मात्र इन्द्रीय मुख्य जीवनको, अरु त शाखाहरु,
चकचक र छुस्कर नबन्ने कहिल्यै, बने त मर्छु बरु ।

### भाषाशैली

जम्मा सात श्लोकमा संरचित यो कवितामा नेपाली भाषामा प्रयुक्त सामान्य शब्दहरुको प्रयोग गरिएको छ । जसले गर्दा यो कविता बोधगम्य नै छ । पद्यात्मक शैलीमा लेखिएको यो कविता पनि अन्त्यानुप्रास मिलाइएको छ । जीवनको प्रतिज्ञा यस कविताको मूलभाव रहेको छ ।

### लय

जे.बी. अधिकारीका अधिकांश कविताहरु प्रगीतात्मक भए झैं यो कविता पनि प्रगीतात्मक छ । अन्त्यानुप्रास मिलाएबाट पनि यो लयात्मक बनेको छ । कविताको महत्वपूर्ण वस्तुलयलाई यस कविताले आत्मसात् गरेको पाइन्छ ।

### शीर्षक

यस कवितामा असङ्गतिलाई त्याग्दै, थोरैमा सति हाल्ने प्रबृत्तिलाई छोड्दै, विद्या आर्जन गर्दै 'पाप' धर्मको छानविन गरी सत् आत्माले चरित्र सुधार गर्नुपर्छ र नेपाललाई रामराज्यसरी बनाउन नेपाल र नेपालीको भलो चिताउन प्रतिज्ञारत हुनुपर्छ भन्ने भाव यस कविताले देखाएको हुनाले यसको शीर्षक 'प्रतिज्ञा' सार्थक देखिन्छ ।

### दृष्टिविन्दु

उठ्नु, सुत्तिन, हुनेछु जस्ता क्रियापदको प्रयोग गरिएको यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

### ४.१.३.१५ वैचारिक सङ्घर्ष

**भाव**

हरेक हरफको सुरुको वर्णक्रम 'देवमान खत्री एकतिन एक जोरपाटी पाँचथर, मेची अञ्चल नेपाल' मिलाइएको यस कवितामा मर्त्यलोकका मानव हिंस्रक व्यवहारको कारणले दानव भएका छन् । त्यस्ता दानवरुपी मानवलाई स्वर्गका देवताको जस्तो व्यवहार गर्न आह्वान गरिएको छ । जथाभावी गरिएको खण्डनले हाम्रो क्षति हुने भएकोले खतरापूर्ण खण्डनको प्रतिकार गर्नुपर्छ । तीन लोकका जगत पिता एउटै परमेश्वर छन् । त्यसैले एकतारुपी सङ्गठनको आवश्यकता छ । कलह र खण्डन गरेर मातृभूमि रुवाउनुको सट्टा वार्ताको माध्यमबाट सबै कुराको हल गर्नुपर्छ । एकता टुट्दा आतङ्क बढ्छ, त्यसैले पाप र धर्मको पनि विचार गर्नुपर्छ । एकताले चञ्चले र घुसघुसेको पनि मुटु काम्न थाल्छ । चीन र भारत दुईटा शक्तिशाली मुलुकको बीचमा रहेको नेपालका नेपाली एकताबद्ध भई खम्बा जस्तो हुनुपर्छ । अन्तरद्वन्द्वले नेपालको गति लङ्का देशको जस्तै हुने भएकाले लहैलहैमा नलागी एकतावद्ध हुनुपर्छ भन्ने भाव यस कवितामा पाइन्छ । कवि लेख्छन् ....

खतरापूर्ण खण्डनको, गरौं प्रतिकार,
त्रिभुवनका जगतपिता, एउटै परमेश्वर ।
एकतारुपी सङ्गठनले, मजबुद हामी हुने,
कताकता खण्डनले, क्षति हाम्रो बन्ने ।

**भाषाशैली**

चार हरफको एक श्लोक बनाइएको यो कवितामा सात श्लोक छन् । सामान्य भाषाशैलीको प्रयोग गरिएको यो कविता सामान्य पाठकलाई पनि बोधगम्य नै छ । हरेक हरफको बीचमा एउटा विश्राम भएको यो कविता पद्यात्मक शैलीमा संरचित छ । पढ्दा सजिलै बुझ्न सकिने यो कविता भाव, विम्ब र अलङ्कारले थिचिएको छैन ।

**लय**

लयात्मक दृष्टिले हेर्दा अन्त्यानुप्रासयुक्त यो कविता लयात्मक छ । साङ्गीतिक झन्कारयुक्त गाउन सजिलो किसिमको छ ।

**शीर्षक सार्थकता**

मानव व्यवहारले दानव भएका छन् । जथाभावी गरिएको खण्डनले हाम्रो क्षति हुने भएकाले खतरापूर्ण खण्डनको प्रतिकार गर्नुपर्छ । एकताले अरुको मुटु काम्छ तर अन्तरद्वन्द्वले नेपालको गति लङ्का देशको जस्तै हुन्छ भन्ने भाव यस कवितामा भएकाले यो कविताको शीर्षक 'वैचारिक सङ्घर्ष' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

प्रमुख रुपमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग यस कवितामा पनि पाइन्छ । इच्छार्थक शब्दावलीको समेत प्रयोग यस कवितामा गरिएको छ । ती शब्दहरु पनि प्रथम पुरुष दृष्टिविन्दुमा छन् ।

**४.१.३. १६ ऐंजेरु**

**भाव**

सुरुको वर्णबाट 'मेरो परिचय विष्णुप्रसाद काफ्ले क्षेत्री एकतिन एक जोरपाटी पाँचथर, मेची अञ्चल नेपाल' भन्ने वाक्य मिलाइएको यस कवितामा मेरो भन्नु भन्दा परिश्रमी र पौरखी हुनुपर्ने र भ्रष्टचारको अन्त्य गर्दै पुर्खाको धर्म र भविश्यको कर्म बारे बुझ्नु पर्छ भन्ने भाव देखाइएको छ । जीवन धान्न विद्या चाहिन्छ । साँचो र सत्यको पक्षमा नलागी दमन नीतिमा लाग्ने अपराधी दानव हो । क्षेत्रीयता भन्दा राष्ट्रियता महत्वपूर्ण कुरा हो । भारत र चीनको बीचमा रहेको नेपाललाई ऐंजेरुको रुपमा प्रवेश गरेर कब्जा गर्न आँटिसके । लाज नमानी कर्तव्यपथमा लम्किनु पर्छ । दुःखी दरिद्र र गरीबलाई एकै मान्नुपर्छ । हामीले सङ्कीर्ण सोंच राख्नु हुँदैन । युग अनुसार चतुर्‍याई पनि गर्नुपर्छ नत्र थक्कथक्क गर्नु पर्ने अवस्था आउन सक्छ । चिताएका कुरा पुग्दा जीवन रमाइलो हुन्छ तर चिताएका सबैकुरा पुग्दैनन् । जे भए पनि लचिलो, मृदुभाषी, मितव्ययी र असल बनेर मानवरुपी व्यवहार देखाउनु पर्छ भन्ने भाव यस कवितामा पाइन्छ । कवि लेख्छन् ....

त्रिभुवन भरमहाँ पारदर्शी सोचौं,
एकतामा अडिग हुन, पुर्खा धर्म खोजौं ।
कब्जा गर्न आँटिसके, ऐंजेरु नै पस्यो,
तीता मीठा जे हुन् सबै, नेपाली नै फस्यो ।

**भाषाशैली**

एक श्लोक चार हरफमा संरचित यस कवितामा जम्मा दश श्लोक छन् । अन्त्यानुप्रास मिलाइएको यस कवितामा सरल र सहज नेपाली भाषाका शब्दहरु प्रयोग गरिएका छन् जसले गर्दा साधारण पाठकका लागि पनि बोधगम्य नै छ । सुरुको वर्णानुक्रमसँग खासै मेल खाने भाव यसमा छैन ।

**लय**

अन्त्यानुप्रासयुक्त यो कविता पद्यात्मक ढाँचामा संरचित भएकाले लयात्मक छ । अन्त्यको दुई दुई हरफको अन्त्यानुप्रास मिलाइएको हुनाले यो कविता लयात्मक बन्न सफल भएको हो ।

**शीर्षक**

युग अनुसार चतुर्‍याईंका साथ अगाडि बढ्न नसकेमा थक्क-थक्क मान्नु पर्ने स्थिति आउँछ । हामीले संकिर्ण सोच राख्नु हुँदैन । राष्ट्रियता महत्वपूर्ण कुरा हो । भारत र चीनको बीचमा रहेको नेपाललाई ऐंजेरुको रुपमा प्रवेश गरेर कब्जा गर्न आँटिसके, भन्ने भाव यस कविताले दिइएको हुनाले यसको शीर्षक 'ऐंजेरु' सार्थक देखिन्छ ।

**४.१.३.१७ सहिद आत्मा**

**भाव**

कविता सङ्ग्रहका दुईटा सबभन्दा छोटा आठ हरफे कविता भित्रको यो पनि एउटा कविता हो । मृत्यु शैरूयामा पुग्ने वीर सहिदहरु बाँची रहन्छन् । निराश जीवनमा बाँच्नु भन्दा हाँसी मरेर सफलतामा पुग्नु उत्तम हुन्छ । सहिदले देशप्रेमको पाठ सिकाएर आफ्नो देह धर्तीमा छोडे पनि अमर आत्मा लिएर हाँसेका छन् भन्ने भाव यस कवितामा पाइन्छ । कवि लेख्छन्....

निराश भई बाँचिरहनु भन्दा हाँसी किन नमरौं बरु,
चुम्ने छ अनन्त सफलताले सहिद स्वर्ग पुगेपछि ।....

**भाषाशैली**

दुई हरफको एक शलोक बनाइउको यो कविता चार श्लोक वा आठ हरफमा संरचित छ। मिति २०६३/३/३ मा रचिएको यो कवितामा नेपाली भाषाका सरल शब्दहरु प्रयोग गरिएको साधारण पाठकका निम्ति पनि बोधगम्य नै छ। पद्यात्मक शैलीको यो कविता प्रगीतात्मक छ।

**लय**

लयात्मक दृष्टिले हेर्दा यो कविता उपयुक्त देखिन्छ । अन्त्यनुप्रास युक्त भएकाले गर्दा पनि गाउन सजिलो वा लयात्मक छ । हरेक हरफको बीचमा एक पटक विश्राम गर्दै यो कविता पढ्न सकिन्छ।

**शीर्षक**

निराश भएर बाँच्नु भन्दा हाँसी मर्नु पर्छ । देशभक्तले झुक्नु हुँदैन । मृतात्मा अजर अमर हुन्छ भन्ने भाव यस कविताले देखाएको हुनाले यस कविताको शीर्षक 'सहिद आत्मा' सार्थक देखिन्छ।

**दृष्टिविन्दु**

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ । सहिदको आत्मालाई यस कवितामा सङ्केत गरिएको छ।

**४.१.३.१८ जन्मथलो फेर्दा**

**भाव**

यस कवितामा कविताको सुरुको वर्णक्रम मिलाउँदा 'मीनादेवी अधिकारी सुरुङ्गा चार, झापा, नेपाल' हुन्छ। परिश्रमको फल मीठो हुन्छ तर गुण्डागर्दी र नानाथरीका अकर्मले गर्दा जीवन गिर्दो अवस्थामा छ। यहाँ चोखो मनले विद्या बुद्धिको आर्जन गर्नुपर्छ। जो सुकैलाई पराइघर भन्दा माइतीघर नै प्यारो लाग्छ। झापाको सुरुङ्गा प्राकृतिक रुपमा बालुवाखानी छ र रीतिरिवाज पनि भिन्नै प्रकारको हुँदा कमजोर अवस्थामा पुगेको र हृष्टपुष्ट रहित भएको, नेपाल र नेपालीको चलन समेत अनौठो भएको र मणिपुर जति रमाइलो नभएको भाव यस कवितामा पाइन्छ। एकातिर नेपाल र नेपालीको चलन देख्दा दिक्क लागेको भाव दोखाइएको

छ भने अर्कातिर छोरीको लागि पराईघर भन्दा माइतीघर नै प्यारो हुन्छ भन्ने भाव देखाइएको छ । कवि लेख्छन्....

अतिचार भयो मलाई, माइती घर सम्भी,<br>
धिकार्छु है आफैंलाई, पराइ घर सम्भी ।<br>
काम गर्न छैन मन, अति कमजोर भएँ,<br>
रीतिरिवाज अलग भयो, धेरै टाढा गएँ ।...

**भाषाशैली**

चार हरफको एक श्लोक र अन्त्यमा दुई हरफको एक श्लोक बनाइएको यो कविता पाँच श्लोक वा अठार हरफमा संरचित छ । यस कविताको भाषा सरल देखिन्छ । माइतीघर, पराइघर, हृष्टपुष्ट जस्ता नेपाली भाषाका चलन चल्तिका शब्दको प्रयोग यस कवितामा गरिएकाले साधारण पाठककालागि पनि बोधगम्य नै देखिन्छ । पद्यात्मक शैलीको प्रयोग यस कवितामा पाइन्छ ।

**लय**

अन्त्यानुप्रास मिलाइएको भाव, अलङ्कारले नथिचिएको यो कविता लयात्मक छ । प्रत्येक हरफको बीचमा एक पटक विश्राम भएको र विश्रामको सङ्केत पनि गरिएको यो कविता प्रगीतात्मक छ ।

**शीर्षक**

शीर्षक र भाव बीच तालमेल हुनुपर्ने कुराको ख्याल राख्दै मणिपुरबाट बाध्यताबस झापामा बसाई सर्दाको अनुभवलाई यस कवितामा समावेश गरिएको छ । यसबाट के स्पष्ट हुन्छ भने यो कविताको शीर्षक 'जन्मथलो फेर्दा' सार्थक छ ।

**दृष्टिविन्दु**

भएँ, गएँ, राख्छु जस्ता क्रियापदको प्रयोग गरिएको यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ ।

### ४.१.३.१९ अनन्त सौरभ

**भाव**

सुरुको वर्ण 'श्री सिद्धकाली निम्न माध्यमिक विद्यालय एकतिन जोरपाटी, पाँचथर, मेची अञ्चल नेपाल .... जे.बी. सर' मिलाइएको यो कवितामा विद्यारुपी औषधिले कालो मैलो फालेर सारा सङ्कट टार्दै आँखा उघारिदिने काम गर्छ भन्ने भाव प्रकट गरिएको छ । जो पनि सुरुमा निम्न नै हुन्छ तर पछि नाम कमाएर उच्च हुनसक्छ । वर्तमानको विद्यार्थी भविष्यको देशको महत्वपूर्ण व्यक्ति हो । लक्ष्यका साथ अघि बढ्ने हो भने सरस्वतीका प्रसादले पूर्ण हुन सकिन्छ । यस एकतिनमा रहेको सरस्वतीको मन्दिरमा रहेको फल चाख्नाले यहाँका मानिस पनि उच्च ओहदामा पुग्न सक्छन् । एउटा दुर्गम पाँचथरको गाउँ एकतिनमा विद्यालय पाँच कक्षाबाट सात बनेर गाउँमा रश्मीको ज्योति झैं झलमल हुन थालेको छ । जुन गाउँको नाम भविश्यमा देशमा पनि चल्नेछ । यस मन्दिरमा तारारुपी विद्यार्थी चमचम चम्कन लागेका छन् । विद्यालय खुलेपछि अन्धाले पनि आँखा देख्ने अवसर पाएर सबैको चित्त उज्यालो हुन्छ । बढ्दो विद्यार्थीको संख्या देख्दा विद्याको प्रभावले बाजा बजाउँदै लक्ष्मी यस गाउँ आउने सङ्केत देखिन्छ । लक्ष्य लिएर अगाडि बढे अवस्य सफल हुन सकिन्छ । यहाँ अब श्री सिद्धकाली उच्च मावि सफल हुनसक्छ । अल्छ्याईं त्यागेर, एकचित्त भएर, आफ्नो छवि सोच्दै जीवनभर सत्कर्ममा लाग्नु पर्छ भन्ने भाव प्रकट गरिएको यो कविता दुई चरणमा लेखिएको कुरा कवितामा मिलाइएको वर्णक्रम र कविताको भावले प्रस्ट पार्छ । कवि लेख्छन् ....

लक्ष्यै लाख ललाटमा बोकिएका, नेपालीका देशमा,  
पूर्वै रश्मि प्रभातीले छोडिदिए, सौन्दर्यको यसमा ।  
उच्च मा.वि. अवश्य सफल हो यो, श्री सिद्धकाली भनी,  
पाँचथर एकतिन जोरपाटी बस्ती, विद्यार्थीको रम्रमी ।....

**भाषाशैली**

चार हरफको एक श्लोक र दश श्लोकमा संरचित यो कवितामा श्लोक संङ्ख्या पनि स्पष्ट छुट्याइ दिएको छ । कविता पढ्दा दुई चरणमा लेखिएको प्रष्ट हुने यो कविता शार्दुल विक्रिडित छन्दमा लेखिएको छ । छन्दात्मक कविता हुनाले यो पद्यात्मक ढाँचाको कविता हो ।

**लय**

छन्दात्मक कविता लयात्मक हुन्छ । यो कविता छन्दात्मक भएकाले लयात्मक छ । शार्दुलविक्रिडित छन्दमा रचिएको यो कविता छन्दात्मक नियामानुसारको लयमा वाचन गर्न सकिन्छ ।

**शीर्षक**

सुरुको वर्ण र कविताको भाव बीचको तालमेल भएको यो कविताको भाव र शीर्षक बीचमा पनि तालमेल भएको देखिन्छ । युगौयुग सम्म सुवास दिने भन्ने अर्थ लाग्ने अनन्त सौरभ ज्योति झै भएर सुवास दिन्छ । अब श्री सिद्धकाली उच्च मा.वि. भएर सफलताका साथ सुवास फैलाउन सफल हुनसक्छ भन्ने भाव कविताले दिएको हुनाले यो कविताको शीर्षक अनन्त सौरभ उपयुक्त छ ।

**दृष्टिविन्दु**

तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको यो कविता नैतिकतामूलक र आदर्शवादी धाराको देखिन्छ । विद्यालयकै मूल धरातलमा उभिएर यो कविताको सिर्जना भएको छ ।

## ४.१.३.२० ऋतुराज तिमी

**भाव**

वसन्त ऋतुको वर्णन गर्ने क्रममा ऋतुराज कै अनन्त वसन्त ऋतुलाई सहज कृतिमता भएको प्रकृतिमय ढुकढुकी भनिएको छ । यो धरती हँसाउन तयार होऊ र करुणा नीधि भएर राज गरी धरती हँसाऊ भनिएको छ । गलतबाटो त्यागि ज्योतिमय बन । यौन अवस्थाको प्रकृति प्रेमी वसन्त ऋतु प्राणीलाई छोडेर कता गयो । यो ऋतुमा धरतीलाई हसाउँदै अमरताका साथ प्राणीलाई बचाउने तागत छ । दहरा र पोथरा तिम्रै प्रतिक्षामा बाँचेका छन् भनेर द्वितीय पुरुष दृष्टिविन्दुमा यो कविताको रचना गरिएको छ । यो कविताले एकातिर प्रकृतिको वर्णन गर्ने क्रममा वसन्त ऋतुको प्रतिक्षा गरिएको छ भने अर्कोतिर शान्तिको प्रतिक्षारत भएको भाव पाउन सकिन्छ । कवि लेख्छन्.....

तिम्रै प्रतिक्षामा बाँचिरहेछु,  
वनकुञ्जका ती पोथराहरु  
तिम्रै स्वागत गान गाइरहेछन्,  
शुष्क ती छहराहरु ।

**भाषाशैली**

चार हरफको एक श्लोकमा संरचित यो कवितामा सात श्लोक छन् । सरल शब्दको प्रयोग गरिएको यो कवितामा भाव, अलाङ्कार, बिम्ब र प्रतिकले थिचिएको छैन । एउटा प्रश्नवाचक चिह्न र दुईवटा विश्मयादि चिह्नको प्रयोग गरिएको यो कविता कतै पद्यात्मक शैलीको देखिन्छ भने कतै गद्यलाई पद्य बनाइएको छ । जे भएपनि यो कविता पद्य ढाँचामा नै संरचित छ ।

**लय**

यो कविता पनि लयात्मक नै छ । हरेक हरफको अक्षर संङ्ख्या पूर्ण रुपमा समान नभए पनि यो लयात्मक रुपमा नै वाचन गर्न सकिन्छ ।

**शीर्षक**

वसन्त ऋतुलाई सम्बोधन गर्दै लेखिएको यो कविताको शीर्षक सार्थक देखिन्छ । वसन्त ऋतुलाई ऋतुराजको संकेत गरिएको कारणले यो कविताको शीर्षक 'ऋतुराज तिमी' सार्थक छ भन्न सकिन्छ ।

**दृष्टिविन्दु**

यो कवितामा तिमी, तिम्रो जस्ता शब्दहरुको प्रयोग गरिएको छ । त्यसैले यो कविता द्वितीय पुरुष दृष्टिविन्दुमा संरचित छ भन्न सकिन्छ ।

**४.१.३.२१ हरित ग्रामीण सडक**

**भाव**

कविताको अन्त्यमा कविको परिचय दिइएको यो कवितामा कञ्चनजङ्घा, पाथिभरा र एकतिन (खुँगा) को शीरमा रहेको आगेजुङ्ग (बौद्ध गुम्बा) र काखमा रहेको धार्मिक स्थल शिवगङ्गा अनि देउरालीलाई भाक्दै ट्याक्सी खुँगा, एकतिन हुँदै फालेलुङ्लाई ताक्दै कुदेकोमा खुसियाली प्रकट गरिएको छ । त्यहाँको हरियाली वातावरणमा सरर वतासले मनमुग्ध पारेको बेला थाहै नपाई शान्तिपूर्ण वातावरणमा बसले घरमा पुऱ्याउँदा हामी सबैको मङ्गल भएको छ । खगेन्द्र जवेगू मार्फत आएको हुकोडेकले 'हरित ग्रामिण सडक'को

नामाकरणमा बाटो पुऱ्याएकोमा श्रमकर्ता र हर्ताकर्ता खगेन्द्रलाई धन्यवाद छ। फालोटबाट देखिने रमाइलो खुँगा, एकतिन स्वर्ग नै भएको छ। कवि लेख्छन्....

सिरमा रह्यो बौद्ध गुम्बा, शिवगङ्गा काखमा,
बाँच्नु मर्नु दैवी लिला, ड्राइभरको हातमा।
पाखा पर्वत वनकुञ्ज, हरियाली जङ्गल,
अधोगति हटे सबै, हाम्रो भयो मङ्गल।

**भाषाशैली**

प्राकृतिक वर्णन गरिएको यो कविता स्वच्छन्दतावादी धारामा लेखिएको छ। चार हरफको एक श्लोक बनाएर पाँच श्लोकको निर्माण गरिएको छ भने छैटौ श्लोक दुई हरफमा लेखिएको छ। अन्तिमको श्लोकमा आफ्नो परिचय दिइएको यो कवितामा नेपाली भाषाका चलन चल्तिका सरल शब्दको प्रयोग गरिएको छ जसले गर्दा साधारण पाठकका निम्ति पनि बोधगम्य छ। पद्यात्मक शैलीमा यो कविताको रचना गरिएको छ।

**लय**

अन्त्यानुप्रास मिलाइएको यस पद्यात्मक कविता लयात्मक छ। वाचन गर्न सजिलो किसिमको छ।

**शीर्षक**

हरित ग्रामिण सडक नामले हुकोडेक नेपालले मोटर बाटे जोरपोखरीबाट खुँगा, एकतिन हुँदै फालोट ताकेर गएको भावलाई यस कविताले स्पष्ट पारेको छ। त्यसकारण कविताको शीर्षक र भाव बीचको तालमेलको कारणले यस कविताको शीर्षक 'हरित ग्रामीण' सडक सार्थक छ।

**दृष्टिविन्दु**

यो कविताको अन्तिममा कविले आफ्नो परिचय दिएका भए तापनि यो कविता मुख्यतः तृतीय पुरुष दृष्टिविन्दुमा नै रचना गरिएको छ।

### ४.१.३.२२ बस्ती मै रमौं

**भाव**

बस्ती रमाइलो, पारिलो, झाडी-खोला-देवास्थल भएको शान्तिपूर्ण भएकाले मरुस्थल नसोचौं । पक्षपात र सङ्कोच रहित जीवनको लक्ष्य लिएर अगाडि बढ्दा यो धर्ती पुरस्कारका रुपमा पाइएको छ । हाम्रा पुर्खाले जस्तै दत्तचित्त भएर लक्ष्यमा लाग्ने हो भने विकास पनि द्रुत गतिले हुन्छ । सत्यका पक्षमा लाग्दै महान लक्ष्य लिएर भातृत्व प्रेमका साथ रीतिथितिको पालना गर्दै बस्तीमा रमौं । कवि लेख्छन्....

नयन सदा चीरकाल रिमझिम, झिमिक्क परेली,
चयन रहित दैनिकी सहित, हरघडी तरेली ।
महिमा अति सम्झना कति, ओजस्वी मतिले,
रामनाम कीर्ति चन्द्र झैं रहे, सुशोभित ज्योतिले ।.....

**भाषाशैली**

चार हरफको एक श्लोक र पाँच श्लोकमा संरचित यो कविता आदर्शवादी धारामा रचना गरिएको छ । सरल नेपाली भाषाका बोलाचालमा प्रयुक्त सरल शब्दहरुको प्रयोग गरिएकाले यो कविता साधारण पाठकका निमित्त पनि बोधगम्य छ । अन्त्यानुप्रास मिलाइएको पद्यात्मक शैलीमा यो कविताको रचना गरिएको छ ।

**लय**

अन्त्यानुप्रास युक्त पद्यात्मक शैलीको यो कविता लयात्मक छ । कविताको वाचन गर्दा साङ्गीतिकता पाउन सकिने किसिमको छ ।

**शीर्षक**

कविताको पहिलो श्लोकले प्राकृतिक वर्णन गरेको छ भने बाँकी श्लोकले नैतिकता/आदर्शवादको पक्ष लिएको छ । यसरी हेर्दा पहिलो श्लोक मात्र शीर्षकसँग निकट देखिन्छ ।

**दृष्टिविन्दु**

तृतीय पुरुष दृष्टिविन्दुमा रचित यो कविताको अन्तिममा कविले आफ्नो परिचय दिएका भए तापनि यो कविता मुख्यतः तृतीय पुरुष दृष्टिविन्दुमा नै रचना गरिएको छ ।

### ४.१.३.२३ रमुन् वारिपारि

**भाव**

कविताको सुरुको वर्ण क्रमशः 'कोमलनाथ खत्री एकतिन चार केराबारी पाँचथरलाई जीवन्त शुभाशिष पुगोस्' मिलाइएको यो कविता द्वितीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ । हरपाइलामा सफल होस्, जीवन फगत नहोस् । थकित जीवन दुर्भाग्य हो त्यसलाई त्याग्नु पर्छ । एकचित्त भएर सोचेर लक्ष्य प्राप्त गर्न सकिन्छ । जीवनसाथी त्रिनेत्रधरको शक्ति पाउ बन्छ । कल्पनाको सागरको सहकर्मी बन्दा कार्यपूर्ण बन्छ । ईश्वरलाई साक्षी राखेर दुविधामा नपरी कार्यमा लाग्नुपर्छ । रतिमा गति फाल्नु ठिक होइन । रीतिरिवाज सम्पत्ति हुन् । मिठो र सत्य बोल्ने र परिस्थितिलाई हेरी शुभकार्यमा लाग्ने गर्नुपर्छ । शिक्षारुपी आत्मबलले सत्मार्गमा लाग्दा भोलि गुरु बन्न सकिन्छ र गोदावरी फूलले फूलबारी सजाए जस्तै तिमीसँग वारिपारिका रमाउन सक्दछन् । कवि लेख्छन्....

भाष्करदेव नम नील सदा सत्य बोल,
शिक्षारुपी आत्मबलले, दिव्य आँखा खोल ।
सत्मार्गमा सरिक सदा बन्छौं भोलि गुरु,
पुरुषोत्तम बनी छाड, कर्म गरी सुरु ।....

**भाषाशैली**

नौं श्लोकमा संरचित यो कविता सुरुका आठ श्लोकमा चार चार हरफ छन् भने अन्तिमको श्लोकमा दुई हरफ छन् । सरल शब्दहरुको प्रयोग गर्ने कवि अधिकारी यस कवितामा भने पाञ्चाली, भाष्करदेव, नभनील, परुषोत्तम जस्ता केही जटिल शब्दको पनि प्रयोग गर्छन् । प्रत्येक हरफको बीचमा एक पटक विश्राम छ । त्यस्तै अन्त्यानुप्रास समेत मिलाइएको यो कवितामा कविले पद्यात्मक शैलीको प्रयोग गरेका छन् ।

**लय**

यो कविता प्रगीतात्मक किसिमको छ । गाउन योग्य भएकाले यसलाई लयात्मक कविताको पङ्तिमा राख्न सकिन्छ ।

**शीर्षक**

आदर्शवादी धाराको यो कवितामा शिक्षारुपी आत्मवलले सत्मार्गमा लाग्दा गुरु बन्न सकिन्छ र गोदावरी फूलले फूलवारी सजाए जस्तै तिमीसँग वारिपारिका रमाउन सक्छन् भन्ने भाव यस कवितामा भएकाले यस कविताको शीर्षक 'रमुन वारिपारि' सार्थक छ ।

**दृष्टिविन्दु**

यो कवितामा नेपालीलाई सम्बोधन गरिएको छ । त्यसैले यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ ।

### ४.१.३.२४ रविको छवि

**भाव**

कविताको सुरुको वर्णक्रम 'रवि साप्ताहिक फिदिम, पाँचथर, मेची' मिलाइएको छ । रश्मिको मिर्मिरे छायाँ जस्तै स्वच्छ माया पाएको अमृत धारा समान यो पलायन हुन सक्दैन । हिम्मत सहित कर्तुत रहित गहकिलो रुपमा अगाडि बढेको यसलाई सुयोग्य र तारिफ योग्य ठान । फितलो नभई गहकिलो भएकाले दिलले स्वागत गर्नु राम्रो हो । थकित नभई जोसिलोका साथ सम्प्रेषण गर्दै जाओस् । यो सधै चिरायु रहोस् भन्ने कामना हामी मेची कालीका बासिन्दा गर्दछौं । कवि लेख्छन्........

थकित होइन जोसिलो सधैं,<br>
रविको छवि सम्प्रेषण अझैं ।<br>
मेची र काली बासिन्दा हामी<br>
चिरायु रहोस् ढुकढुकी छामी ।

**भाषाशैली**

चार हरफको एक श्लोक बनाएर रचना गरिएको यो कविता चार श्लोकमा संरचित छ । यस कवितामा नेपाली भाषाका सरल शब्दको प्रयोग गरिएको छ । जसले गर्दा सामान्य पाठकका निमित्त पनि बोधगम्य छ ।

**लय**

चार हरफको एक श्लोक भए तापनि दुई-दुई हरफको अन्त्यानुप्रास मिलाइएको यो कविता छन्दात्मक नभए पनि लयात्मक नै छ ।

**शीर्षक**

रवि साप्ताहिक फिदिमलाई नैतिकताको पाठ सिकाएको आदर्शवादी धाराको यो कविताको शीर्षक 'रविको छवि' सार्थक देखिन्छ किनभने रविको स्वच्छ छविको कामना गर्दै यो कविताको रचना गरिएको छ ।

**दृष्टिविन्दु**

'रवि साप्तिाहिक' फिदिम पाँचथरलाई नैतिकताको पाठ सिकाइएको यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

**४.१.३.२५ स्वभाव**

**भाव**

कविताको सुरुको वर्ण 'जिल्ला पाँचथर एकतिन गाउँ हेर कति राम्रो' मिलाइएको यस कवितामा एकतिनको लक्की चान्स भन्दै त्यहाँको प्राकृतिक वर्णन गरिएको छ । चतुर्भुज क्षेत्रको भन्दा हावा लाग्ने, रसिलो र भरिलो, पाखा, पर्वत र मैदान भएको र मानव बस्ति धेरै भएको यस ठाउँमा रिसराग छोडी एकताकासाथ वार्ताद्वारा समस्या समाधान गरेर भावी पिंढीका समस्या हेरी अगि बढेका छन् । विकासको गति बढ्दो छ । परिश्रमको फल खान सबै धावामा छन् । समयमा स्वच्छ मनले आफ्नो रोजीरोटीका लागि सोच्ने गर्नु पर्छ । कवि लेख्छन्.....

तितो हुन्छ गुण पनि, धेरै खाएपछि,
राम्रो हुन्छ बेला छँदा, कुवेलामा घटी ।
मन सदा स्वच्छ राखी, भविश्यलाई हेर,
रोजी रोटी मान्यतामा, सोच्ने गरे धेर ।....

**भाषाशैली**

चार हरफको एक श्लोक बनाएर पाँच श्लोकमा लेखिएको यो कवितामा नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी भाषाका शब्दहरु जस्तै लक्की, चान्स, सेवेन जस्ता शब्दको प्रयोग पनि गरिएको छ । आदर्शवादी धाराको यो कविता भाव, बिम्ब, अलङ्कार र प्रतिकले नथिचिएको हुनाले सरल नै छ । यो कविता पद्यात्मक शैलीमा लेखिएको छ ।

**लय**

एक हरफमा तीन पटकको विश्राम भएको यो कविताको अन्त्यानुप्रास मिलेको छ । त्यसैले यो कविता वाचन गर्दा लयात्मकता नै पाइन्छ ।

**शीर्षक**

गुण धेरै खाए तितो हुन्छ त्यसैले भविश्यलाई स्वच्छ मनले सोचेर काम गर्नुपर्छ भन्ने भाव यस कविताले देखाएको हुनाले यस कविताको शीर्षक 'स्वभाव' सार्थक मान्न सकिन्छ ।

**दृष्टिविन्दु**

मुख्य रुपमा यो कविता तृतीय पुरुष दृष्टिविन्दु नै रचना भएको देखिन्छ ।

**४.१.३.२६ भयभीत जीवन**

**भाव**

मेची कालीमा कोलाहलले हाहाकार छ । लचिलो र हितैषी भई मानवीय बनौं । यातना, काटमार जस्ता दानवीय व्यवहारले देशमा रगत बगी अशान्ति बढेको छ । धनी र गरिब गाउँमा को होला ? यहाँ शक्तिको दवाव छ र समाज निरिह बनेको छ । अशान्ति, आतङ्क र विकृतिले गृहस्थी जीवन विताउन गाह्रो भएको छ । यस्तो भयभीत वातावरणमा कसरी बाँच्नु ? कवि लेख्छन्....

खटन छैन शान्ति नै हैन, अशान्ति बर्बर
जनहित रहित आतङ्क सहित, विकृति हजार ।

**भाषाशैली**

दुई हरफको एक श्लोकका दरले रचना भएको यो कवितामा सात श्लोक छन् । नेपाली भाषाका शब्दको प्रयोग गरिएको यो कविता सरल भाषामा लेखिएको छ । बर्बर, थरथरी जस्ता अनुकरणात्मक शब्दले कवितालाई रोचक बनाएको छ । अन्त्यानुप्रास मिलाइएको हुनाले यो पद्यात्मक शैलीमा छ ।

**लय**

अन्त्यानुप्रास मिलाइएको यो कविता झ्याउरे लयमा लेखिएको छ । त्यसैले यसलाई लयात्मक कविता भन्न सकिन्छ ।

**शीर्षक**

देशको मेचीदेखि कालीसम्म नै कोलाहल र हाहाकार भएकाले अशान्ति फैलिएको छ । गाउँले निरिह समाजमा आतङ्कित जीवन विताउनु पर्ने बाध्यता छ भन्ने भाव कविताको भएकाले यस कविताको शीर्षक 'भयभीत जीवन' सार्थक छ ।

**४.१.३.२७ आँखा**

**भाव**

यो संसारमा यत्रतत्र घुम्दै भूत भविश्यको कल्पना गरे पनि वर्तमान अवस्थाको बारेमा नै अन्योल छ । संसारमा बुज्रुक, पढ-अपढ, मूर्ख-महामूर्ख, मगन्ते-भ्रमणन्ते आदि देखे पनि उनीहरुका समस्या देख्न नसकेको, चराचुरुङ्गी किटपतङ्ग एक आपसमा सहयोग गर्छन् तर मानवमा सहयोगको भावना नभई पक्ष विपक्षमा आलोचना मात्र गरेको देखेको र मानवीय व्यवहारको कमि भएको तथा संघर्षमा लागेको, कसैले जीवन जीउन पसिनाका धारा बगाई राखेको देखे पनि त्यस्ता श्रमजीवीलाई सम्मान गर्न नसकेको, खोला वारिपारि कमिलासरी भरिया हिडे पनि उनीहरुको मनको व्यथालाई बुझ्न नसकेको र आफ्नो भए भरको सिप लगाएर सत्मार्गको बाटो देखाउँदै भूत र भविश्य दर्शाए पनि व्यवहारिक रुपमा आफैमा कमजोरी भएको देखाउन कविले म मेरा आँखा देख्दिन भनेका छन् । कवि लेख्छन्....

म आफ्नो क्षमताले भ्याए सम्म अनि
यो आफ्नो कर्मले पाए सम्म
पथ प्रदर्शन तथा सत्मार्ग गराएँ
मूत भविश्यको बाटो दर्शाएँ, तर
तर म मेरै आँखा देख्दिन, देख्दिन
कदापि देख्दिन...

**भााषाशैली**

प्रगतिवादी धारामा लेखिएको यो कवितामा नेपाली भाषाकै शब्दहरुको प्रयोग गरिएको छ । त्यसैले यो कविता बोधगम्य छ । तर यस कवितामा बुज्रुक, उपबुज्रुक, सर्वबुज्रुक, मगन्ते, भ्रमणन्ते आदि शब्दहरुको प्रयोग गरिएको छ जसले कविता रोचक बनेको छ । गद्य कवितालाई पद्य ढाँचामा ढालिएको यो कवितामा चार श्लोक छन् तर समान पङ्क्तिपुञ्जमा छैनन् ।

**लय**

यो कविता छन्दात्मक नभए पनि वाचन गर्दा साङ्गीतिक झन्कार भने पाइन्छ जसले कवितालाई पठन योग्य बनाएको छ।

**शीर्षक**

वास्तविकता बुझे पनि त्यसकालागि आवश्यक कदम चाल्न नसकेकाले आफू आँखा नदेख्ने (अन्धो) भएको भाव यस कवितामा पाइन्छ त्यसैले यो कविताको शीर्षक 'आँखा' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ जुन कवितामा प्रयुक्त क्रियापदले स्पष्ट पार्छ ।

### ४.१.३.२८ यो हृदय

**भाव**

यो हृदय शुन्य गगनमा, सूर्यको किरणमा, चन्द्रमाको छाँयामा डुल्न खोज्छ, बसन्त ऋतुमा, लहर लताका कोपिलामा, फक्रिएका फूलहरुमा सुगन्धित वासनाहरुमा झुल्न खोज्छ, पहाडका झरनामा, विश्वविख्यात सहरमा, कलपुर्जा र मेसिनहरुमा, हरियाली वनकुञ्जमा घुम्न खोज्छ, कोइलीको मीठो गानामा, चराचुरुङ्गीको सुरिलो तानामा, खोलाको बेग र मृग तरङ्गमा, सुख दुःखको रुवाइमा रुमलिन खोज्छ । बृद्ध अवस्थामा पुगेपछि मनमा ताप बढ्यो, पटाई लाग्यो, निराश बढ्यो, लोभ, क्रोध, माया र पाप जाग्यो, शान्ति नपाई रोग बढ्यो, कालले स्वागत गऱ्यो र यसरी प्रकृतिमा लट्ठ हुने हृदय एकै क्षणमा बदलियो । प्रकृति वर्णन गर्ने कवि कविताको अन्त्यमा लेख्छन्.....

थाल्यो पोल्न मन यो बृद्धावस्थामा,
लोभ, क्रोध र माया, पाप जाग्यो,
पाइएन शान्ति अनि रोग बढ्यो,
यसै हुँदामा कालले स्वागत गऱ्यो,
लौ बदलियो यो हृदय एकै क्षणमा ।

**भाषाशैली**

यस कवितामा नेपाली भाषाका अतिरिक्त संस्कृत भाषाबाट आएका शब्दहरु जस्तै, गगन, लहर, लता, मृदु जस्ता शब्दहरु समेत प्रयोग भएका छन् । त्यसो भए तापनि यो कविता साधारण पाठकलाई पनि बोधगम्य छ । पाँच हरफको श्लोक बनाइएको यो कवितामा छ श्लोक वा तीस हरफहरु छन् । अन्त्यानुप्रास मिलाइएको यो कविता पद्यात्मक शैलीमा लेखिएको छ ।

**लय**

यो कवितामा अन्त्यानुप्रास मिलाइएको हुनाले छन्दात्मक नभएपनि लयात्मक छ ।

**शीर्षक**

यो हृदय प्राकृतिक वस्तुहरु, कृतिम वस्तुहरु चरा चुरिङ्गीको गगनामा, उमेर अनुसारको विभिन्न सोचाइमा डुल्छ भन्ने भाव कवितामा देखाइएकाले यो कविताको शीर्षक 'यो हृदय' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

## ४.१.३.२९ सफलताको शुभकामना

**भाव**

सुरुको वर्ण 'तोयानाथ सुबेदी र कल्पना पराजुलीका एक अङ्गमा सफलताको कामना' मिलाइएको छ । कल्पनाका साथ तोकिएको जीवन विवाद रहित होस् । नाजायज र थकित नहोस् । सुबुद्धि, गतिशिल, स्वच्छ मन भएको, बेदान्त शास्त्रादीले विद्वान, दीनदुःखी र अनाथको सेवा गर्ने, रवैया र छुस्करे बानी नभएको, सदा दिगो, लचिलो र मृदुभाषी परिवेश अनुरुप सोच्ने बानी भएको, स्वजीवी, भविश्य र भावी पिंढीलाई सोचेर काम गर्ने, जीवन छोटो छ भन्ने बुझ्रेर मीठो दाम्पत्य जीवन बिताउने, एकता र विविधतामा विवेकपूर्ण, कलङ्क र दुराचारी नभई अमृतमय जीवन बिताउने, सानातिना गल्ति भए स्विकार गरी सुधारी फर्स्याउने, उच्च लक्ष्य राखेर समयमा नै लक्ष्य पूर्ण गर्ने, सबैलाई एकरुप देख्ने, कीर्ति राख्ने र दीर्घायु होस् यहि शुभकामना छ । यस कवितामा एकातिर तोयानाथ सुवेदी र कल्पना पराजुलीलाई शुभकामना दिइएको छ र अर्कातिर उनीहरुको माध्यमबाट सारा नेपाली दाजुभाइ दिदीबहिनीहरुलाई नैतिकता र आदर्शवादको पाठ सिकाउँदै यी कुराहरुको पालना गर्ने सबैको मङ्गल हुन्छ र मङ्गल होस् भन्ने शुभकामना व्यक्त गरिएको छ । कवि लेख्छन् ....

सुबुद्धि र गतिशिल, सदा स्वच्छ मन,
वेदान्त र शास्त्रादिले, चौधै विद्वान बन ।
दीनदुःखी र अनाथको यत्न गरे अति,
रवैया र छुस्करको गरे, चित्कार कति ।....

**भाषाशैली**

यस कवितामा पनि नेपाली भाषाका सामान्य शब्दहरु नै प्रयोग भएका छन् । चार हरफको एक श्लोकका दरले सात श्लोकको रचना गरिएको छ भने आठौं श्लोक दुई हरफको छ । यसरी तीस हरफमा वा आठ वटा श्लोकमा रचना भएको यो कविता पद्य ढाँचामा लेखिएको छ ।

**लय**

अन्त्यानुप्रास मिलाइएको यो कविता लयात्मक ढाँचामा नै रचना गरिएको छ ।

**शीर्षक**

यो कवितामा एकातिर तोयानाथ सुवेदी र कल्पना पराजुलीलाई शुभकामना दिइएको छ भने अर्कातिर उनीहरुको माध्यमबाट सारा नेपाली दाजुभाइ दिदी बहिनीहरुलाई नैतिकता र आदर्शको पाठ सिकाउँदै मङ्गलमय शुभकामना दिइएको छ ।

**दृष्टिविन्दु**

यो कवितामा तोयानाथ सुबेदी र कल्पना पराजुलीलाई शुभकामना दिइएको छ । कविताको बीच बीचमा प्रयोग गरिएको 'तिम्रो' शब्दले द्वितीय पुरुष दृष्टिविन्दुमा कविताको रचना भएको स्पष्ट हुन्छ ।

**४.१.३.३० चिरायु कामना**

**भाव**

सुरुको वर्ण 'सभापति, पाँचथर, उपेन्द्र दङ्गाल' मिलाइएको छ । मानवीय मनले सत्य तथ्य र महान लक्ष्यका साथ भातृत्व प्रेमले छाओस् । सङ्कोच त्यागेर पक्षपात रहित हितैषी बनेर अगाडि बढ । मन, वचन र कर्मले धर्मराजको स्वरुप बनेर थकित नभई रमाइलोका साथ जीवन बितोस् । पेलानको लक्ष्य नलिई मिलानको लक्ष्य लिंदा जीवन वसन्त बन्छ । उदार भावना, अडिग पन, दयालु र सेवा नै धर्म हो भन्ने भावना जागोस् । यहि छ शुभकामना, चिरायुको कामना । यसरी यस कवितामा पाँचथरका तत्कालिन सभापतिलाई शुभकामना दिने अर्थमा लेखिएको छ साथै यो कवितामा सारा नेपालीलाई शुभकामना र चिरायुको कामना व्यक्त गरिएको छ । कवि लेख्छन् ....

उज्ज्वल तिम्रो दिर्घायु बनोस्, शिष्टता अनन्त,
पेलान रहित मिलान लक्ष्य, रम्ने छ वसन्त ।....

**भाषाशैली**

नैतिकताको पाठ सिकाउने आदर्शवादी धाराको यो कवितामा नेपाली भाषाका सरल शब्दरुको समावेश गरिएको छ । दुई पङ्तिको एक श्लोक बनाइएको यो कवितामा आठ

श्लोक वा सोह्र पङ्ति छन् । झ्याउरे लयमा लेखिएको यो कविता पद्य शैलीमा लेखिएको छ ।

**लय**

तीन जोड दुई तीन जोड दुई र तीन जोड तीन अक्षरको संरचनाको झ्याउरे लयमा लेखिएको यो कविता लोक लयमा लेखिएको छ ।

**शीर्षक**

पाँचथरका तत्कालिन अवस्थाका सभापतिलाई नैतिकता/आदर्शवादको पक्षमा लाग्न आह्वान गर्दै चिरायुको कामना यस कवितामा गरिएको हुनाले यो कविताको शीषर्क 'चिरायुको कामना' सार्थक बनेको छ ।

**दृष्टिविन्दु**

कवितामा बारम्बार 'तिम्रो' शब्दले उपेन्द्र दङ्गाललाई सम्बोधन गरिएको हुनाले यो कविता द्वितीय पुरुष दृष्टिबिन्दमा लेखिएको प्रष्ट हुन्छ ।

**२.१.३.३१ कामना**

**भाव**

सुरुको वर्ण 'खसाईदेऊ आँसु दुई थोपा अनि आत्मसात गरेर ल' मिलाइएको छ । देशभक्तिको भावनाले यो कविता ओतप्रोत छ । मातृत्व प्रेमले देवलोकको झैं आदर्श मिलन होस् । उद्योगी बनौं, सर्वोच्च शिखरको देशमा पर्यटक आऊन्, शान्तिमय वातावरण बनोस् । सवल शक्ति, सत्मार्गी बनौं । पाप र पुण्य छुट्टयाउने चेतना आओस् । नीति नियमको पालना गरौं । उदारता, मानवता, भविष्यलाई सोचेर गतिशिलत बन्न सकौं । मोजमस्ती रहित भएर संयमी बनौं भन्ने कामना गरिएको छ । कवि लेख्छन् ....

रसिलो जीवन सुकिलो त्यो मन, यो मेरो चाहना,
लचिलो नीति दर्बिलो कानुन, दीर्घायु कामना ।

**भाषाशैली**

आदर्शवादी धाराको यो कवितामा चार पङ्क्तिको एक श्लोकका दरले पाँच श्लोकको रचना गरिएको छ भने छैटौं श्लोकमा दुई पङ्क्ति मात्र छन् । झ्याउरे लयको यो कविता पद्यात्मक ढाँचाको छ भने सरल भाषाको प्रयोग गरिएको छ ।

**लय**

झ्याउरे लयमा लेखिएको यो कविता गेयात्मक रुपमा हेर्दा उत्कृष्ट देखिन्छ ।

**शीर्षक**

आदर्शवादी धारामा रचिएको यो कवितामा इच्छार्थक भावको प्रयोग गरिएको छ र उदारता, मानवता, गतिशिल र संयमी बनौं भन्ने कामना गरिएबाट कविताको शीर्षक 'कामना' सार्थक बनेको देखिन्छ ।

**दृष्टिविन्दु**

दर्बिलो कानुन र दीर्घायुको कामना गरिएको 'कामना' शीर्षकको कवितामा प्रथम पुरुष दृष्टिविन्दुको नै प्रमुख रुपमा प्रयोग गरिएको छ । जुन कवितामा प्रयुक्त सर्वनाम र क्रियापदले स्पष्ट पार्दछ ।

**४.१.३.३२ मार्गदर्शन**

**भाव**

यो कविता नैतिकता र आदर्शवादको पक्षमा लेखिएको छ । विकृतिले सनातन धर्म नष्ट हुन आँटेको छ जसलाई जोगाई राख्नु पर्छ । हाम्रो शत्रु पनि मित्र पनि इन्द्रीय नै हुन् । ईश्वर आत्मामा छन्, अन्यत्र खोज्नु पर्दैन । सत्यम्, शिवम्, सुन्दरम् नै महत्वपूर्ण कुरा हो । आत्मा स्वच्छ भावनाले शुद्ध हुन्छ । काम, दाम र धर्मले हामी मुक्त हुन सक्छौं । मन, वचन र कर्मले परोपकार र सत्कर्ममा लागौं । जसले भविश्यको मार्गदर्शन गर्छ र पुण्य प्राप्त हुन्छ । कवि लेख्छन्....

इन्द्रीय नै शत्रु हाम्रा, इन्द्रीय नै मित्र,
साक्षत् ईश्वर भगवान्, आफ्नै आत्माभित्र ।....

### भाषाशैली

आदर्शवादी धारामा लेखिएको यो कविता दुई पङ्तिको एक श्लोक बनाएर पाँच श्लोक अथात् दश पङ्तिमा लेखिएको छ । अन्य कवितामा जस्तै यो कवितामा पनि नेपाली भाषाका सरल शब्दको प्रयोग गरिएको छ । अन्त्यानुप्रास मिलाएर पद्य शैलीमा यो कविता लेखिएको छ ।

### लय

अन्त्यानुप्रास मिलाएर पद्य ढाँचामा लेखिएको यो कविता लयात्मकताका दृष्टिले हेर्दा उपयुक्त छ ।

### शीर्षक

आदर्शवादी धारामा लेखिएको यो कवितामा भविष्यको मार्गदर्शन गरिएको छ । यस आधारमा हेर्दा कविताको शीर्षक 'मार्गदर्शन' उपयुक्त देखिन्छ ।

### दृष्टिविन्दु

'हामी', 'हाम्रो' जस्ता शब्दको प्रयोग गरिएको यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ ।

### ४.१.३.३३ अर्तीउपदेश

### भाव

सुरुको वर्ण 'विजय, लक्ष्मी, हेमन्त अधिकारी एकतिन जोरपाटी पाँचथर, मेची अञ्चल पूर्व नेपाललाई पिताजीबाट आजीवन शुभ उपदेश मान' मिलाइएको छ । विद्या, वुद्धि र धन हुनेको सबैले जयजयकार मान्छन् र रुचाउँछन् । धनले परिपूर्ण हुन सक्छ । शान्त मनले लामो समयको सोच्नु, जीवनभरी मिलनसार हुनु अनि हेमन्त र शिसिर ऋतुको घाम जस्तै प्रीय बन्न सकिन्छ । आलस्य र कुमतिले दुर्गती हुन्छ । आफ्नो अधिकारको सीमाभित्र बस्नुपर्छ । रिसइवी र षड्यन्त्रमा नफसी विवादमा मिल्दै दृढताका साथ एकतामा लाग्नुपर्छ । भूलचुकको गल्तिले पनि तीतो पीरो हुनसक्छ तर त्यस्ता साना कुरामा मनमोटाव गर्नु ठीक होइन । विवाद रहित रुपमा कार्य गर्दै जानु पर्छ । पाँच पाण्डवको एकताले सबै काम्थे ।

उनीहरु बुद्धिपूर्ण रुपमा काम गर्थे र कहिले पनि लच्किएनन् । मानवको जीवन मेरो मेरो भन्दैमा बित्छ । मानिसलाई अहङ्कारले कुमार्गमा र चलाख्याइंले सुमार्गमा धकेल्छ । अर्काको कब्जा गर्ने र आफ्नो त्यसै छोड्ने यी दुवै कार्य गर्नु हुँदैन । रमाइलो गर्ने भनेको पुगीसरी आउँदा मात्र हो । काम गर्दा विचार पुऱ्याउनु पर्छ । सबैलाई भलो हुने कार्य गर्नु र वातावरण रमाइलो पार्नु पर्छ । जसरी फलफूल खेतीले द्रव्य प्राप्त गर्न सकिन्छ त्यसरी नै ईश्वरको सम्झनाले मनको व्यथा हट्छ । त्यस्तै पिताजीका वचनले आज्ञाकारी बन्न सकिन्छ । जसरी बाबु आमा जीवीत छँदा याद हुँदैन र पछि पछुताउनु पर्ने हुन्छ त्यसरी नै समयमा चिताएको काम नगर्दा पछि पछुताउनु पर्ने हुन्छ । जीवनको उत्तरार्धको समय भनेको धर्म कर्म गर्ने समय हो । चारधाम भनेका आमाबाबु हुन् । मिलनसार भएर शुभकाम गर्नाले शुभनाम पाइन्छ । देखासिकी गरीखाने पौरखीले रुनु पर्ने अवस्था आउँदैन । साथिभाइको हेरविचार र मान्यजनको सत्कार गर्नुपर्छ । यसरी यस कवितामा आफ्ना परिवारका सदस्यलाई मात्र अर्ती उपदेश नदिएर मानव जातीलाई नै उपदेश दिइएको छ । कवि लेख्छन्....

विद्या-बुद्धि जस्को हुन्छ, इच्छापूर्ण धन,
जयजयकार सबले मान्ने, रुचिपूर्ण वन ।
यताउता गर्ने छैन, विपरीत धर्म,
लक्ष्मीजीले दिन्छिन् साथ, भरजीवन कर्म ।....

**भाषाशैली**

आदर्शवादी धारामा लेखिएको यो कविता चार हरफको एक श्लोक र जम्मा चौध श्लोकमा लेखिएको छ । श्लोकलाई अङ्क दिएर स्पष्ट पारिएको यो कविताको भाषाशैली सरल छ । साधारण पाठकका निमित्त पनि बोधगम्य यो कविता शैलीगत दृष्टिले हेर्दा उपयुक्त देखिन्छ ।

**लय**

लयात्मक दृष्टिले हेर्दा पनि यो प्रगीतात्मक रुपमा रचना गरिएको छ । कविता लयात्मक हुनाले वाचनमा मिठासपूर्ण छ ।

**शीर्षक**

आदर्शवादी धारामा लेखिएको यो कविताले नैतिकताको पाठ सिकाएको छ । यसरी नैतिकता र हामीले गर्नुपर्ने कार्यको जानकारी कविताले दिएको हुनाले यो कविताको शीर्षक 'अर्तिउपदेश' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

अर्तिउपदेश दिएर लेखिएको यो कविता द्वितीय पुरुष दृष्टिविन्दुलाई नै मूल रुपमा उठाइएको छ ।

### ४.१.३.३४ नैतिक आदर्श

**भाव**

सुरुको वर्ण 'हे मेरा दाइ हे मेरा भाइ केही भन्छु सुनन' मिलाइएको यस कवितामा राजनीतिक झिंगे दाउको व्यङ्ग्य गरिएको छ । सबै नेपाली एक भए राष्ट्रिय सत्ता सबल हुनेछ अन्यथा दुर्बल हुनेछ । आफ्नो अस्तित्वबारे सोचेर सदैव अग्रसर बने नेतृत्व सबल हुन्छ । त्यसमा तगारो बने हाम्रो घर बिग्रन्छ । ईश्वरले झैं डेग नछाडी, झिंगे दाउ नगरी काम गरे हाम्रो पनि भाउ बढ्छ । आफ्नो पुर्खाको इतिहासलाई हेरेर एकताकासाथ अघि बढे अस्तित्व जमाउन सकिन्छ । रिस र कलहले हाम्रो भलो हुन सक्दैन । कवि लेख्छन्....

'भाष्कर' हेर 'त्यो नभ नील' एकरुपता सदाकाल,
इश्वरले पनि डेग छाड्ने हैन, मानवी सदाजाल ।
'के-के न गर्छु' 'न केहि सक्छु' मात्र छ झिंगे दाउ,
हिम्मत भए एकता नै रहे, बढ्दो छ हाम्रो भाउ ।....

**भाषाशैली**

आदर्शवादी धाराको यो कवितामा आदर्शको पाठ सिकाइएको छ । झिंगे दाउको ब्यङ्ग्य गर्दै सबल नेतृत्वले मात्र हाम्रो अस्तित्व रहन सक्छ भन्ने भाव देखाइएको यो कवितामा सरल र बोध्य भाषाको प्रयोग गरिएको छ । यस कवितामा पनि बिम्ब अलङ्कार र प्रतिकले थिचिएको छैन । चार पङ्तिको एक श्लोकका दरले चार श्लोक र पाँचौ श्लोक दुई पङ्तिमा निर्माण गरिएको छ । झ्याउरे लयको प्रयोगले यो कविता पद्य शैलीको छ भन्ने स्पष्ट हुन्छ ।

**लय**

यो कविता झ्याउरे लयमा लेखिएको छ । गेयात्मकताका दृष्टिले पनि यो कविता उपयुक्त नै देखिन्छ ।

**शीर्षक**

नैतिकताको पाठ सिकाउने यो कविता आदर्शवादी धाराको छ । सत्मार्गमा एकताबद्ध भएर लाग्न आह्वान गरिएको यो कविताको शीर्षक 'नैतिक आदर्श' उपयुक्त देखिन्छ ।

**दृष्टिविन्दु**

यस कवितामा 'हामी' शब्दको प्रयोग गरिएकाले यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको प्रष्ट हुन्छ ।

**४.१.३.३५ प्रगतिपथ**

**भाव**

सुरुको वर्ण 'अधिकारी, जीतबहादुर, एकतिन एक जोरपाटी, पाँचथर, मेची अञ्चल, नेपाल' मिलाइएको छ । अदृष्य प्राणलाई कार्यद्वारा व्यतित गर्नु पर्छ । रिस भयभीत हुन्छ । खतरापूर्ण जीवनलाई तथ्य रहित, बर्बाद र अभिलाषी नबनाई आशापूर्ण प्रेमले सजाउनु पर्छ । दुर्गुण, एकाधिकारले जीवनलाई खति गर्छ । सङ्कोच, जिद्धि, जोर कि बिजोरको अभियान त्यागी कर्म, धैर्य, पौरखद्वारा जीवनलाई अमृत बनाउनु पर्छ । छोटो जीवनमा अन्धोपन त्यागेर रमाइलो बनाउनु पर्छ । पापिष्ट र मूर्खको अधोगति हुनाले दृढ लक्ष्यताका साथ लचिलो नीति लिएर मित्रतापूर्ण व्यवहारमा लाग्नु पर्छ । कवि लेख्छन्....

पालिनु खातिर कर्म चलाऊ
चञ्चला हटी, धैर्य गराऊ ।
थकाइ हुन्नन्, पौरखीलाई
रल्लु त जीवन, बञ्चकलाई ।

**भाषाशैली**

प्रगतिवादी धारामा लेखिएको यो कविता सरल नेपाली भाषाका शब्दको प्रयोग गर्दै लेखिएको छ । दश अक्षरको एक हरफको दरले निर्माण भएको यो कविता चार पङ्तिको

एक श्लोक बनाइएको छ । जम्मा आठ श्लोक राखिएको छ । पद्य शैलीमा यो कविताको रचना गरिएको छ ।

**लय**

पाँच पाँच अक्षरमा विश्राम लिदै वाचन गर्न सकिने यो कविता पद्यात्मक ढाँचामा संरचित हुनाले लयात्मक छ । अन्त्यानुप्रासलाई यस कवितामा पनि जोड दिइएको छ ।

**शीर्षक**

नैतिकताको पाठ सिकाउँदै प्रगतिवादी धाराामा रचना गरिएको यस कवितामा छोटो जीवनलाई अन्धोपन त्यागेर रमाइलो बनाउनुपर्छ, एकाधिकार, जोर कि बिजोरको भावनालाई त्यागनु पर्छ भन्ने भाव देखाइएको हुनाले कविताको शीर्षक 'प्रगतिपथ' उपयुक्त देखिन्छ ।

**दृष्टिविन्दु**

तृतीय पुरुष दृष्टिविन्दुमा यो कविताको रचना गरिएको छ ।

**४.१.३.३६ लक्षित कर्म**

**भाव**

सोचेका काम दृढताकासाथ अल्छि नबनी बुद्धिपूर्ण तरिकाले यथाशीघ्र गर्नु पर्छ । एक चित्त भएर होस् पूर्ण तरिकाले कार्य गर्नु उपयुक्त हुन्छ । भविश्यमा नाम र दाम कमाउन शिक्षाको आवश्यकता पर्दछ । समयमा वा उमेरमा नै भावी जीवनका लागि केहि गर्नुपर्छ । स्वच्छ कर्म गर्दै मान्यजनलाई सम्मान गर्नुपर्छ । यसरी नैतिकता र आदर्शताको पाठ सिकाउने क्रममा कवि लेख्छन्....

सोची गर्नु कामदाम, नगर्नु है देरी,<br>
गरिछाड्नु ताकत छँदै, भावी जीवन हेरी ।<br>
मानिलिनु मान्यजनलाई, स्वच्छ कर्म कति<br>
सरीक हुनु लक्षित कर्म, मन गरी अति ।

**भाषाशैली**

नैतिकताको पाठ सिकाउँदै आर्दशवादी धारामा लेखिएको यो कविता चार हरफको एक श्लोकको संरचनामा लेखिएको छ । जम्मा तीन श्लोक भएको यो कवितामा नेपाली भाषामा

प्रयोग गरिने सामान्य शब्दको प्रयोग गरिएको छ । जसले गर्दा साधारण पाठकका निमित्त पनि बोधगम्य छ । पद्य ढाँचामा कविताको रचना गरिएको छ ।

**लय**

अन्त्यानुप्रास मिलाइएको यो कविता पद्यात्मक भएकाले लयपूर्ण छ । यस कवितामा साङ्गीतिकताको झल्को पाइन्छ ।

**शीर्षक**

शिक्षाको आवश्यकता दर्शाउँदै समयमानै केही गर्नुपर्ने विचार व्यक्त गरिएको यो कविताको शीर्षक 'लक्षित कर्म' सार्थक नै देखिन्छ ।

**दृष्टिविन्दु**

यो किवता तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

**४.१.३.३७ लक्ष्य चिन्तन**

**भाव**

सुरुको वर्ण 'जीतबहादुर अधिकारी खत्री एकतिन जोरपाटी' मिलाइएको यो कवितामा सफल जीवन कसरी बनाउन सकिन्छ भन्ने बारेमा लेखिएको छ । सधैं भरी यहि क्रममा रक्तसञ्चार भएर जीवनको क्रम यस्तै रही झरझराउँदो होस् । कार्यमा दत्तचित्त भएर लाग्दा लक्ष्य पूरा होस् । यो अमूल्य जिन्दगी धिक्कार पूर्ण छैन । आत्मा सबैको एउटै हो । विकृति विसङ्गतीको पक्षमा लाग्दै नलाग्नु र कारणबश लागे पनि छोडी हाल्नु । ऋण र तरुनीले मानिस निन्दित हुन्छ त्यसैले त्यो भन्दा टाढा रहनु पर्छ । जीवनको लक्ष्य तीनै वटा लोकमा एउटै हो । अमूल्य जीवनमा तीतो पीरो आए पनि जोसकासाथ लक्ष्य प्राप्तिका लागि अघि बढ्नु पर्छ । पापी जनको हित हुन सक्दैन, युद्धले अकाल मृत्यु गराउँछ, अधोगतिले समाजबाट अलग गराउँछ र अनपढ र सोझालाई पनि यस धर्तीमा टिक्न गाह्रो छ । मुख्य पाँचवटा इन्द्रीयले सबै कार्य गर्दछन् । पृथ्वी समेत थकित हुन्छ भने जीवन त के छ र ! मेरो...मेरो भन्दैमा जीवन जान्छ । मनमा अशान्ति हुँदा सुखसयल बिहिन हुन्छ । धैर्यता

नलिए जीवन लथालिङ्ग हुन्छ । जीवनमा हाँसो र रोदन आउँछ, बिना लक्ष्य जीवन पूर्ण हुन सक्दैन । अखण्डको सेवनबाट नेपाल र नेपालीको हित हुन्छ । कवि लेख्छन्....

कारणबश कुसङ्गति बने, अलग हुनु बरु
ऋण र तरुनी फरक रहु, भनुँ म के अरु ।
खतरा चासो नलेऊ घरघडी, निन्दित हुने कुरा,
त्रिभुवन भरमा लक्ष्य एकै हो, जीवनको कुरा ।....

**भाषाशैली**

आदर्शवादी धारामा लेखिएको यो कविता चार पङ्तिको एक श्लोक र जम्मा आठ श्लोकमा संरचित छ । यो किवतामा प्रयुक्त शब्दहरु नेपाली भाषामा प्रचलित शब्दहरु नै भएकाले साधारण पाठकलाई पनि यो कविता बोधगम्य छ । जीवनमा आफ्नो लक्ष्यको चिन्तन गरिएको यो कविता पद्य ढाँचामा लेखिएको छ ।

**लय**

यो कविता लयात्मकता दृष्टिले उपयुक्त देखिन्छ ।

**शीर्षक**

नैतिकताको पाठ सिकाउँदै आदर्शवादी धारामा लेखिएको यो कवितामा अमूल्य जीवनमा तीतो पीरो आए पनि जोशकासाथ लक्ष्य प्राप्तिमा अगाडि बढ्नु पर्छ । धैर्यता बिना जीवन लथालिङ्ग हुन्छ अर्थात बिना लक्ष्य जीवन पूर्ण हुन सक्दैन भनेर कवितामा भनिएको हुनाले यस कविताको शीर्षक 'लक्ष्य चिन्तन' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

**४.१.३.३८ सृजना**

**भाव**

सुरुको वर्ण 'नवयुग माले एमाले एकता' मिलाइएको छ । वरिपरिको शक्ति हेरेर आपसी द्वन्द्व नगर्नु, मानवीय भावना बोकेर प्रेमकासाथ अघि बढौं, एकताले भविश्य सुधार्न सकिन्छ,

भावीले छैटौंमा लेखेको हुन्छ देखेर हुँदैन, मनो मालिन्य त्यागी देशभक्त भए कुनै कुराले असर हुदैंन, यो रमणीय नेपालमा एकताले मात्र जङ्घार तर्न सकिन्छ अन्यथा तल परिन्छ भन्ने भाव यस कवितामा पाइन्छ । कवि लेख्छन्....

युगान्तकारी सन्देश बोकी, मानव मनले,
गहकिलो प्रेम गाँसेर बढौं, नेपाली जनले ।....

**भाषाशैली**

प्रगतिवादी धाराको यस कविता दुई पङ्तिको एक श्लोक र छ श्लोकमा संरचना गरिएको छ । यस कवितामा अभीष्ट, मन्थन, मालिन्य आदि शब्दको प्रयोग भए तापनि बोधगम्य नै छ । पद्य ढाँचामा यो कविताको रचना गरिएको छ ।

**लय**

झ्याउरे लयमा रचना गरिएको यो कविता गेयात्मक दृष्टिले उच्च देखिन्छ । लोक लय अर्थात् झ्याउरे लयमा लेखिएको हुनाले साधारण पाठकले पनि यो वाचन गर्न सक्ने लयात्मक छ ।

**शीर्षक**

एकताको पक्षमा लेखिएको यो कवितामा एकताले मात्र अघि बढ्न सकिने भएकाले एकता हुने वातावरणको सृजना गर्नु पर्ने धारणा राखिएकाले यो कविताको शीर्षक 'सृजना' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा नै लेखिएको छ ।

### ४.१.३.३९ परोपकारी

**भाव**

भूलचुकले जीवन जोखिमपूर्ण हुन्छ । पौरखी, शक्तिशाली र मृदुभाषी भएर मूर्तरुपले अगाडि बढे जीवन सफल हुन्छ । करुणाको खानी नारी शक्ति देविको रुप हो । उच्च लक्ष्य

राखेर आत्मालाई साक्षी राख्दै डेग नछाडी अगाडि बढ्नु पर्छ । कलङ्क र दुर्गतीले जीवनलाई अधोगति तिर लान्छ । यो कविताको अन्तिम श्लोक प्रार्थनाको रुपमा आएको छ । आदर्श/नैतिक शिक्षा दिन कवि यस कवितामा पनि पछि परेका छैनन् । कवि लेख्छन्....

नयन दृष्टि शुभकर्म, स्वच्छ दिमाग भरी,
तीतो पीरो हुन्छ कहिले, भूलचुकमा परी ।
इच्छा सदा पूरा बनोस्, जीवनभरी मजा,
दुरदर्शी हुनुपरोस्, परोपकार सदा ।

**भाषाशैली**

यो कविता समान पङ्तिपुञ्जामा लेखिएको तीन श्लोक अर्थात् बाह्र पङ्तिमा लेखिएको छ । नेपाली भाषाका सरल शब्दहरुको बाहुल्यता भए तापनि मृदुभाषी, अधोगति जस्ता शब्दहरु पनि कवितामा पाउन सकिन्छ । जे भएपनि भाव, विम्व, अलङ्कार र प्रतीकले नथिचिइ साधारण पाठकको लागि पनि बोधगम्य नै छ । पद्य ढाँचामा संरचित यो कवितामा अन्त्यानुप्रास मिलेको देखिन्छ ।

**लय**

लयात्मक दृष्टिले पनि यो कविता उत्कृष्ट नै देखिन्छ ।

**शीर्षक**

पौरखी, शक्तिशाली, मृदुभागी बनेर डेग नछाडी अघि बढ्ने, दुरदर्शी र परोपकारी हुनु परोस् भन्ने इच्छा राखिएकाले यो कविताको शीर्षक 'परोपकारी' सार्थक नै देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

### ४.१.३.४० **शुभाशिष**

**भाव**

सुरुको वर्ण 'रामु सुवेदी र अम्बिकाको सदा मिलन होस्' मिलाइएको छ । अमूल्य जीवन ईश्वरको नाम जप्दै विद्वान बन, अवरोधलाई हटाउँदै मन, बचन र कर्मले भावी

पिंढीलाई केहि दिन शुभकार्यमा संलग्न होऊ, कायरता र मूर्खपन त्यागेर सत्यकार्यका लागि अघि बढ, विद्या र बुद्धिका साथ लक्ष्य प्राप्तिमा अगाडि बढे धन कमाउन सकिन्छ, मिलनले नै जीवन राम्रो हुन्छ । इमान्दार, बफादार, सजग र शिष्ट भएर अगाडि  बढ्नु भन्दै कविले भावी पिंढीलाई शुभाशिष दिन खोजेका छन् । कवि लेख्छन्....

होनाहार इमान्दार, सदा बफादारी,
सत्कर्म नै सदा बनोस्, सत्य इमान्दारी ।
यत्रतत्र घुमफिर गरी, सदा सजग हुनु,
हित्तचित्त सदा स्वच्छ, सभ्य शिष्ट बन्नु ।

**भाषाशैली**

समान पङ्ति भएको पाँच श्लोक अर्थात् बीस पङ्तिको यस कवितामा नेपाली भाषाका सरल शब्दहरुको प्रयोग गरिएको छ जसले साधारण पाठकका निमित्त पनि बोधगम्य बनेको छ । यो कविता पद्य शैलीमा लेखिएको छ ।

**लय**

पद्यात्मक ढाँचामा लेखिएको यो कविता लयात्मकताका दृष्टिले पनि उपयुक्त देखिन्छ । दुई दुई हरफको अन्त्यानुप्रास यस कवितामा मिलाइएको छ ।

**शीर्षक**

रामु सुबेदी र अम्बिकालाई शुभाशिष दिदैं लेखिएको यो कवितामा इमान्दार, बफादार, सजग र शिष्ट भएर अगाडि बढ्नु भन्दै कविले भावी पिढींलाई शुभाशिष दिन खोजेका छन् त्यसैले कविताको शीर्षक 'शुभाशिष' सार्थक बनेको छ ।

**दृष्टिविन्दु**

कविले यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा संरचना गरेका छन् ।

**४.१.३.४१ बिशुद्ध आत्मा**

**भाव**

सुरुको वर्ण 'विजय अधिकारी, लक्ष्मी, विद्यासागर अधिकारी' मिलाइएको छ । विद्याभन्दा ठूलो धन छैन जसले जन्मभर इच्छा पूरा गर्छ । बाह्रै महिनाको तास र कुसङ्गतले

अधोगतितिर लागिन्छ र धनको समेत नाश हुन्छ। भ्रष्टचारको पर्दाफास गर्दै धर्मकर्ममा पनि लाग्नु पर्छ । उच्च विचार राख्दै मितव्ययी र लगनशील भएर होसियारी पूर्वक कार्य गर्नु पर्दछ । यो छोटो जीवनमा अनन्त बाँच्न साहित्यमा अभिरुची राख्नु राम्रो हो, उच्च छवि राख्न आमा बाबु र आत्मालाई साक्षी राखी चुलबुल नगरी धैर्यता पुर्वक अघि बढे इच्छा पुरा हुन्छ। कवि लेख्छन्....

रम्नु पर्छ यदाकदा, समयलाई हेरी
अनन्त जिउनु राम्रो, पाइन्न जीवन फेरि।....

### भाषाशैली

आदर्शवादको धरातलमा रहेर प्रगतिवादी धारणा प्रकट गरिएको यो कवितामा सरल भाषाको प्रयोग गरिएको छ । दुई हरफको एक श्लोकका दरले रचित यस कविताका दश श्लोक वा बीस पङ्क्ति रहेका छन् । पद्य शैलीको प्रयोग यस कवितामा पाइन्छ ।

### लय

गेयात्मकताका दृष्टिले यो कविता उच्च रहेको छ । अन्त्यानुप्रास मिलेको हुनाले यो कविता लयात्मक बन्न सफल भएको छ ।

### शीर्षक

भ्रष्टचारको विरुद्धमा लाग्दै मितव्ययी र लगनशील भएर होसियारी पूर्वक कार्य गर्दै साहित्य सिर्जनामा लाग्नु पर्छ । आमा बाबु र आत्मालाई साक्षी राख्दै धैर्यता पूर्वक अगाडि बढेमा इच्छा पूरा हुन्छ भन्ने भाव भएको यो कविताको शीर्षक 'विशुद्ध आत्मा' सार्थक देखिन्छ।

### दृष्टिविन्दुः-

यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ ।

## ४.१.३.४२ दीर्घायु

### भाव

यस कवितामा हेमन्त ऋतुका रात्री झैं आयु बढोस्, सूर्य झैं प्रीय बनियोस्, पानी झैं शत्रुका लागि कठोर बनियोस् । श्री शारदा पनि जिब्रामा स्थिरभई कालिकासँग बसून् ।

हातमा पनि वीर भई कालिका बसून् । महलमा लक्ष्मीले बास गरुन् । दानी न्यायी र सबल भएर सत्कर्ममा लाग्न सकूँ । विग्नादीलाई लक्ष्यभरमा नाश पार्दै इन्द्रीयहरु परोपकारमा लागून् भन्ने इच्छा व्यक्त गरिएको छ । कवि लेख्छन्....

आयु नित्य बढोस् नेपाली जनको, हेमन्तका रात्री झैं,
लोकका प्रीयदर्शी स्वागत भई, हेमन्तका सूर्य झैं ।....

**भाषाशैली**

इच्छार्थक वाक्यको प्रयोग भएको यो कविता दुई पङ्तिको एक श्लोक बनाउने क्रममा पाँच श्लोकमा रचना गरिएको छ । यो कविता पद्यात्मक ढाँचाको छ ।

**लय**

यो कविता अन्त्यानुप्रास मिलाएर लयात्मक बनाइएको छ ।

**दृष्टिविन्दु**

यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ ।

**४.१.३.४३ धुम्रपान निषेध**

**भाव**

सुरुको वर्ण 'धुम्रपान निषेध, धुम्रपान निषेध' दुई पटक दोहोऱ्याइएको छ । पहिलोमा भनिएको छ :- धुम्रपानले मजा हुन्छ, धीत मर्छ, शान्ति गर्छ, रसिलो स्वाद हुन्छ, सबै कुरा पार लाग्छ । धुम्रपान सेवन नगर्दा आत्मा मर्छ र कति पैसा बच्छ र ? कायर नगरी सेवन गर्दा मलाई धम्की, खोकी, टि.बी. भएको छैन तर होसियार भनेर दोस्रो धुम्रपान निषेधमा भनिएको छः- धुम्रपान, मद्यपानले मरणासन्न अवस्थामा पुऱ्याउँछ, रस हुन्न, पेट भरिदैन, श्रापले शरीर मूर्ती जस्तो हुन्छ । मद्यपान शत्रु हो, यसले मानिसलाई पशु बनाउँने हुनाले टाढै बस्नुपर्छ । यसको सेवन गरेपछि धोका पाइन्छ । धम्की, खोकी, टि.बी.ले धेरै रोएका छन् । कवि लेख्छन्....

तर होसियार....
धुम्रपान, मध्यपान, हानिकारक अति,
मरणासन्न आत्माघाती, जोखिमपूर्ण कति ।....

**भाषाशैली**

धुम्रपान निषेध शीर्षकको यो कविता पनि अन्त्यानुप्रास मिलाएर दुई हरफको एक श्लोक र जम्मा आठ श्लोकमा रचिएको छ । बीचको श्लोकमा तर होसियार ..... पनि थपेर जम्मा सत्र पङ्क्ति रचना गरिएको छ । नेपाली भाषा र चलन चल्तिका सरल शब्दहरु राखिएको हुनाले यो कविता साधारण पाठकका लागि पनि बोधगम्य छ । नैतिक शिक्षा मूलक आदर्शवादी धाराको यो कविता गद्यलाई पद्यमा ढालिएको छ ।

**लय**

अन्त्यानुप्रास मिलाइएको यो कविता लयात्मक ढाँचामा निर्माण गरिएको छ ।

**शीर्षक**

सुरुको वर्ण 'धुम्रपान निशेध धुम्रपान निशेध' दुई पटक दोहोऱ्याइएको यो कवितामा पहिलो धुम्रपान निषेधले धुम्रपानको सकारात्मक पक्षमा जोड दिएको छ भने दोस्रो धुम्रपान निषेधले धुम्रपानको नकारात्मक पक्षलाई देखाइएको छ । यसरी हेर्दा धम्रपान निशेष गर्न कविताले आह्वान गरेको छ । त्यसैले यो कविताको शीर्षक 'धुम्रपान निशेष' शार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता द्वितीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ किनभने पाउँछौं, मर्छौं जस्ता क्रियापदको प्रयोग गरिएको छ ।

**४.१.३.४४ दिव्य सन्देश**

**भाव**

सुरुको वर्ण 'अधिकारी जीत बहादुर' मिलाइएको छ । अतृप्त इच्छा बोकेर हिड्दा विकृति हजार हुन्छन् । धैर्यतापूर्वक राम्रो मति लिए भविश्य सुधिन्छ । हाम्रो परम्परा र रीतिरिवाजलाई बुझ्दै समय खेर नफाल्दा भविश्य उज्वल हुन्छ । यो जीवनमा चौतर्फी अवरोध छन् । सत्यको पक्षमा लागेर असत्यको प्रतिशोध गर्नुपर्छ । मानवीय भावनाले

प्रेमपूर्वक रहेर विकासको गतिलाई अगाडि बढाउँदै देशलाई विश्वमा चिनाउनु पर्छ । यहाँ विकृति खेल्दै दुःखीको दुःख र सुखीको सुख रश्मि नै छर्नु पर्छ । कवि लेख्छन्....

जीवन हाम्रो यो भयभित, चौतर्फी अवरोध,

तथ्यको अगि असत्य परे, गर्नु छ प्रतिशोध ।......

**भाषाशैली**

दुई हरफको एक श्लोकका दरले निर्माण भएको यो कविता पाँच श्लोकमा निर्माण भएको छ । आदर्शवादी धाराको यो कवितामा क्लिष्ट र दूर्वोध्य शब्दहरुको प्रयोग नभई सामान्य शब्दहरु नै छन् । अन्त्यानुप्रास मिलाएर पद्य ढाँचामा ढालिएको छ ।

**लय**

यो कविता छन्दात्मक नभए पनि अन्त्यानुप्रास मिलाएर लयात्मक बनाइएको छ ।

**शीर्षक**

यस कवितामा अतृप्त इच्छा नबोकी राम्रो मतिलिएर धैर्यता पूर्वक अगाडि बढ्नु पर्छ । सत्यको पक्षमा लागेर अगाडि बढे देशलाई विश्वमा चिनाउन सकिन्छ भन्ने भाव भएकाले यसको शीर्षक 'दिव्य सन्देश' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

**४.१.३.४५ युग सन्देश**

**भाव**

सुरुको वर्ण 'हेमन्त खत्री, दिपक पौडेल एकतिन जोरपाटी....' मिलाइएको छ । जीवनमा हाँसो र रोदन आउँछ त्यो अज्ञानताको कारणले गर्दा हो । हामी इतिहासको लागि सहकर्मी बनौं । यो प्राण ईश्वरको खटनमा हुन्छ, दीर्घायु प्राणी विश्वमा कुन छ र । यो पशु र प्राणीको अनित्य चोला हो । पौरखी भएर रमाइलो गर्नु पर्नेमा आफ्नो डेग छाडेर मैमत्ता हुने, नसालु कुरा खाने, शरीर नढाक्ने पोशाक लगाउने र रवाफ देखाउने चलन बढेको छ ।

एकमाने गाई र दोमने मान्छे ठिक होइन । जसरी तीतो, मीठो जिब्रोले जान्दछ त्यसरी नै फूर्ती र जाँगरिलोलाई विश्वले चिन्दछ र मान्दछ पनि । अहिले आएर हरेक कार्यमा स्वार्थी बन्दै पटमूर्ख भएर रतिमा सति छाड्न थालेको छ । धर्म कर्म नगर्ने, पाटी पौवा नबनाउनेको भलो हुँदैन । लाज मानेर काम नगर्नेले आफ्नो जीवनमा दरिद्री हुनुपर्छ । मानवले केहि गर्नुपर्छ । शिक्षितले साहित्यमा ध्यान पुऱ्याउनु पर्छ । रगत सबैको रातो हुन्छ । त्यसकारण समझदार बनेर मित्रताको भावनालाई विकसित गर्नुपर्छ । आफ्नो हक अधिकारको लागि पुरुषार्थी भएर सङ्घर्ष गर्नुपर्छ । मेलमिलाप नभए अस्तित्व टिक्दैन । जीवनमा बलभन्दा बुद्धि र गतिशील नेतृत्व ठूलो हो । कवि लेख्छन्.....

एकमाने गौ र दोमने मान्छे, चौतर्फी हुँदैन,
कसिलो प्राणी जोसिलो मान्छे विपदमा पर्दैन ।
तितो र मीठो छानविन गर्न जिब्राले जान्दछ,
नगर्ने अल्छि फूर्तिलो मान्छे, विश्वले मान्दछ ।.....

## भाषाशैली

चार हरफको एक श्लोकका दरले आठ श्लोकमा रचना गरिएको यो कविता आदर्शवादी धाराको छ । नैतिक शिक्षामूलक कवितामा जोड दिने कवि अधिकारीले सरल शब्दहरुको प्रयोग गर्दै नैतिकताको पाठ सिकाएका छन् । यो कविता अन्त्यानुप्रास मिलाएर पद्य ढाँचामा ढालिएको छ ।

## शीर्षक

अदर्शवादी धारामा रहेर लेखिएको यस कवितामा जसरी तीतो मीठो जिब्रोले जान्दछ त्यसरी नै फूर्ती र जाँगरिलो मानिसलाई विश्वले चिन्दछ र मान्दछ पनि । त्यसैले दोमन नगरी कार्यमा लाग्नु पर्छ भन्ने भाव भएकाले 'युग सन्देश' शीर्षक सार्थक देखिन्छ ।

## दृष्टिविन्दु

यो कविता प्रमुख रुपमा द्वितीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ भने गौण रुपमा प्रथम पुरुष दृष्टिविन्दुको पनि प्रयोग गरिएको छ ।

### ४.१.३.४६ चेलीको सन्देश

**भाव**

पुरै गद्य लयमा लेखिएको चेलीको सन्देश कविता यस कविता सङ्ग्रहको सबैभन्दा लामो अर्थात ११२ पङ्तिको कविता हो । चेलीद्वारा दाजुलाई सम्बोधन गरिएको छ । पराधिनको कारणले पत्राचार गर्न सक्नु भएन होला । विदेशिनु नै हुने थिएन तर घरको बाध्यताले होला । विस्तारवादीको नियति बुझ्न सक्नु भएन त्यसैले उतै लामो समयसम्म रहनुभयो । विदेशीको भुङ्ग्रामा नफसी भविश्य सोच्न आग्रह गरिएको छ । नेपाल आमाले पूँजीवादी, विस्तारवादी स्यालहरुको संरक्षणको लागि जन्माएको होइन । त्यसैले त्यो युद्ध र चाकडीलाई छोड । आफ्नै मातृभूमि, पुण्य भूमिलाई स्वर्ग बनाउन आफ्नै घर आँगनमा फर्क र आमाको आँसु पुछ । साम्राज्यवादीको बन्दुक बोकेर पनि फस्ने हो कतै ? तिम्रा भाइ वा मेरा दाजुले प्रजातन्त्रकालागि सहिद हुनुपर्‍यो । बाबा पनि जेलबाट मुक्त हुनुभयो र बाबा आमा, दिदी बहिनीको जीऊ धनको ग्यारेन्टी भएको छ । त्यतिमात्र होइन सामन्तले हडपेको खेतबारी समेत फिर्ता भएर दीर्घकालीन बसोबासको ग्यारेन्टी भएको छ ।

सामन्तीको मुटुले ठाउँ छोडेको छ र शोषित पीडितको नेपाल भएको छ । अब तपाई जस्ता युवाको यो देशले कदर गर्ने छ । आफूले दश महिना पेटमा दुःखसाथ बोकेर हुर्किएको छोरो विदेशिदा आमाको आँसु ओभाएको छैन । हामीले सम्झाउँदा पनि आमा रोइरहनु भएको छ । यसरी आफ्नै छोराले आमाको आँसु बगाउँदा सराप लाग्छ । पेटभरी खान दिएर र राम्रो लगाइ दिएर आमाको आँसु पुछ । आमा मात्र नभएर बा र हामी दिदी बहिनी समेत चिच्याइ रहेका छौं । हाम्रा सहिद दाजु तपाईका भाइले म मरे पनि दाजु छन् भनेका थिए तर ती सहिदको आत्मा रुवाइ राखेका छौं । अब प्रजातन्त्रको स्थापना भएको छ र सामन्तिको अन्त्य भएको छ । जीऊ धनको ग्यारेन्टी भएको छ र घर फर्क । कवि लेख्छन्....

अब मलसाप्रे साहुको मुटुले ठाउँ छोडेको छ ।
अब यथार्थ भन्नु पर्दा शोषित पीडित असहायहरुको नै
नेपाल भइसकेको छ । त्यसैले त अब
तपाईको पनि-यो देशले कदर गर्नेछ । कदर !

**भाषाशैली**

विदेश गएका दाजुलाई स्वदेश फर्कन आह्वान गरिएको यो कवितामा पनि दुर्बोध्य शब्दहरु राखिएका छैनन् । साधारण पाठकका लागि पनि बोध्य हुने शब्दहरु नै राखिएका छन् । बीम्ब, भाव अलङ्कारले नथिचिइ लेखिएको यो कविता यस कविता सङ्ग्रहको सबै भन्दा लामो कविता हो । जम्मा ११२ पङ्तिमा लेखिएको यो कविता पूरै गद्य लयमा लेखिएको छ ।

**लय**

यो गद्य कवितामा कुनै पङ्ति लामा र कुनै पङ्ति छोटा छन् । त्यसो भए तापनि यो कविता भिन्ना भिन्नै लयमा वाचन गर्न सकिन्छ ।

**शीर्षक**

यो कवितामा चेलीले आफ्ना दाजुलाई आफ्नै मातृभूमिमा पसिना चुहाएर देश बनाउँनु पर्छ । नेपाल आमाको मुहार हँसाएर उनका सन्ततिको इच्छा र आवश्यकतालाई पूरा गर्नुपर्छ भन्ने सन्देश दिएको हुनाले 'चेलीको सन्देश' शीर्षक सार्थक देखिन्छ ।

**४.१.३.४७ प्रार्थी**

भाव

निदाएकोलाई घच्घच्याउदैं उठाउने मार्मिक, स्पष्ट र सान्दर्भिक सुझावको लागि धन्यवाद छ । स्वविवेकले बुद्धिपूर्ण रुपमा सुतेकालाई ब्यूँझाउँदै, बिर्सनेलाई सम्झाउँदै उठाए अरु पनि भूल सुधारमा जुर्मुराउँदै उठ्ने थिए । प्रभातसँगै गन्तब्य मार्गमा उन्मुख हुने थिए र भविश्य निर्माणको पथप्रदर्शक बन्ने थिए अनि जीवन्त रम्ने थिए । स्वागतयोग्य सान्दर्भिक सुझावको लागि धन्यवाद र त्रुटि भूलको लागि क्षमा प्रार्थी छु । यसरी यस कवितामा कविले समयलाई त्यसै खेर फाल्नु भन्दा जीवन्त बाँच्न सक्ने केहि कार्यमा लाग्नु पर्छ र अरुलाई पनि केहि गर्न सुझाव दिनुपर्छ भन्ने भाव देखाएका छन् । कवि लेख्छन्....

म निदाएको मानिसलाई घच्घच्याइ दियौ ।
जसमा खुसी छु, म ज्यादै खुसी छु ।
हो त्यस्तै स्वविवेकले, अनि बुद्धिपूर्णताले ।
सुतेकाहरुलाई-विर्सनेहरुलाई.......

**भाषा शैली**

जम्मा उनन्तीस हरफमा लेखिएको यो कवितामा पनि बोध्य शब्दहरु नै राखिएका छन् । यो कविता पूरै गद्यात्मक ढाँचामा लेखिएको छ ।

**लय**

गद्यात्मक ढाँचामा लेखिएको यस कवितामा पनि लामा छोटा पङ्तिहरु नै छन् । यो कविता भिन्ना भिन्नै लयमा वाचन गर्न सकिन्छ ।

**शीर्षक**

सुझावको कारणले म आफ्नो भूल सुधार गर्दै अघि बढ्न सकें । सुझावको लागि प्रार्थी छु भनेर यसक कवितामा भनिएकाले यो कविताको शीर्षक 'प्रार्थी' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कवितामा मुख्य रुपमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरे तापनि द्वितीय पुरुष दृष्टि विन्दुको प्रयोग पनि गरिएको पाइन्छ ।

**४.१.३.४८ अनमोल विद्या**

**भाव**

विद्यार्थीलाई विद्याको महत्व दर्शाउँदै एकचित्त भएर सङ्कल्पको साथ विद्या आर्जनमा लाग्नु पर्छ भनिएको छ । विद्या दिंदा नघट्ने, चोरले चोर्न नसक्ने, राजाले हर्न नसक्ने, मानिसको सबै भन्दा ठूलो गहना हो । विद्याको छेउमा सुन, चाँदी त गहना नै होइन । राजाको सत्कार आफ्ना राज्यमा मात्र हुन्छ भने विद्वानको सत्कार सबै ठाउँमा हुन्छ । कवि लेख्छन्....

राजाको सत्कार हुन्थ्यो खाली, आफ्ना राज्यमा,
विद्वान् मानिस पुजिन्छन् हेर, त्यो सबै ठाउँमा ।

**भाषाशैली**

बोध्य शब्दहरु नै समावेश गरेर लेखिएको यो कवितामा दुई हरफको एक श्लोक र जम्मा ६ श्लोक छन् । झ्याउरे लयमा लेखिएको यो कविता पद्य ढाँचाको छ ।

**लय**

भ्याउरे लयमा लेखिएको यो कविता गेयात्मक छ ।

**शीर्षक**

राजालाई आफ्नो राज्यमा मात्र सम्मान हुन्छ तर विद्वानको सम्मान सबै ठाउँमा हुन्छ भन्दै विद्याको महत्वमा जोड दिएको यो कविताको शीर्षक 'अनमोल विद्या' सार्थक नै देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता विद्यार्थी वर्गलाई सम्बोधन गर्दै लेखिएको छ । कवितामा प्रयुक्त 'तिमी' शब्दले द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेको स्पष्ट हुन्छ ।

**४.१.३.४९ विद्या आर्जन**

**भाव**

सुरुको वर्ण 'सिद्धकाली उच्च मा.वि. विद्या मन्दिर हाम्रो' मिलाइएको छ । सरस्वती माताको विद्या रुपी मन्दिरमा गरिब, धनी, दलित, पीडित सबै मिली पढ्छौं । शिक्षालिनको लागि तिब्र गतिमा अघि बढ्नु पर्छ । मान्यजनको इशारामा लाग्दै शुद्ध आत्माका साथ विद्या आर्जनमा लागे भविश्यमा नाम र दाम कमाउन सकिन्छ । मस्तिष्कलाई स्वच्छ र सफा पार्न, र समाजको हितमा लाग्न द्यालो बालेर भए पनि शक्तिपूर्ण धन विद्या लिनु पर्छ । विद्याले बुद्धि बढाउने, रुढिवादीको भण्डाफोर गर्ने, आत्मालाई नै उज्यालो पार्ने, रोग, शोकको अन्त्य गर्दै मनको धोको पूरा गर्ने हुनाले हामी यसका लागि मरी मेट्छौं । कवि लेख्छन्....

नकारेर रुढिवादी गर्दै भण्डाफोर,
दिब्य ज्योति सहित बढ्छौं, बिद्या मन्दिर घोर ।
रश्मि सहित आत्मा भर्छौं, सञ्चित विद्या बुद्धि,
हासिल गर्न मरी मेट्छौं, गरी आत्मा शुद्धि ।

**भाषाशैली**

आदर्शवादी धारामा लेखिएको यो कवितामा चार हरफको एक श्लोकका दरले चार श्लोकको निर्माण गरिएको छ भने अन्तिम श्लोक दुई हरफको छ । सरल शब्दहरुको समायोजन गरिएको यो कविता पनि अन्त्यानुप्रयास मिलाएर पद्य ढाँचाको बनाइएको छ ।

**लय**

अन्त्यानुप्रास मिलाएर वाचन गर्न सजिलो बनाइएको यो कविता लयात्मक छ ।

**शीर्षक**

विद्याको महत्वको गुणगान गाइएको यो कविताको शीर्षक 'विद्या आर्जन' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता पनि प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

### ४.१.३.५० साहित्य सुधा

**भाव**

सुरुको वर्ण 'जन प्रीय साहित्यक समूह हो मञ्च' मिलाइएको छ । जनताको हित हुने काम, धर्म कर्म गर्नु राम्रो हो । पराक्रमी काम गर्दा अभिशाप हुन्छ । प्रीय र रमणीय व्यक्तिको तिरस्कार हुँदैन । यस र कीर्ति राख्ने काम गरे कलङ्कले छुन सक्दैन । स्वच्छ मनले, बुद्धि, विवेक, जोस् र जाँगरकासाथ सबैको हित हुने कार्यमा लाग्नु पर्छ । आफ्नो कार्यमा दृढ नलिई सचेत रुपमा अगाडि बढे मति सुध्रिन्छ र हाम्रो छवि उच्च रहन्छ । भविश्यलाई विचार गर्दै साहित्य प्रेमी भएर अघि बढौं । कवि लेख्छन्....

साक्षात्कार अभियान, सवल स्वच्छ मन,
हितकारी सर्वोपरि, आत्मा सुध्रिकन ।
तीक्ष्ण बुद्धि आत्मा शुद्धि, जोस् जाँगर भर्दै,
कल्पी सम्झी सदा बढौं, दीर्घ सोच गर्दै ।....

**भाषाशैली**

चार हरफको एक श्लोकका दरले तीन श्लोक र चौंथो श्लोक दुई हरफमा निर्माण भएको यो कविता पनि आदर्शवादी धाराको छ । यस कवितामा कविले नेपाली भाषाका सरल शब्दहरुको प्रयोग गरेका छन् जसले गर्दा साधारण पाठकका निमित्त पनि बोधगम्य नै छ । छन्दोबद्ध नभए पनि अन्त्यानुप्रास मिलाइएको कारणले गर्दा पद्यात्मक ढाँचाको छ ।

**लय**

अन्त्यानुप्रास मिलाएर गाउन योग्य बनाइएको यो कविता लयात्मक छ । चार हरफको श्लोक भए तापनि दुई दुई हरफको अन्त्यानुप्रास मिलाइएको छ ।

**शीर्षक**

जनताको हित हुने धर्म, कर्ममा लाग्न प्रेरित गरिएको यो कवितामा जोस र जाँगरका साथ अगाडि बढे मति सुध्रन्छ । साहित्य प्रेमी बन्नु पर्छ भनिएको हुनाले यसको शीर्षक 'साहित्य-सुधा' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता पनि प्रथम पुरुष दृष्टिविन्दुमा नै रचना गरिएको छ ।

### ४.१.३.५१ घटना र विचार

**भाव**

सुरुको वर्ण 'सदरमुकाम फिदिम हो जिल्ला पाँचथर' मिलाइएको छ । सत्यतथ्य रहित भएर, विना विवेक शोषणले आकाश छुन लागेर देशै भद्रगोल भएको छ । मुखको नीति नियम बनेको छ । यसको कसैलाई वास्ता छैन । भ्रष्टचार, मै खाऊँ, मै लाऊँको प्रवृत्तिले विकासको गति ठप्प भएको छ र देश नै जोखिमपूर्ण भएको छ । अरुको मतलब नगरी होहल्ला रवैयामा व्यस्त छन् । लाटो सोभ्फोलाई जिल्ल पार्दै बाठाले शोषण गरिराखेका छन् । हाम्रा जिल्ला पारदर्शी रहित भए । चर्चित घुसखोरीलाई गोर्खे लौरी लगाउनु पर्छ र मातृभूमि रुवाउने रवैया र भ्रष्टचारीलाई खुरुखुरु फाँसी दिनुपर्छ । कवि लेख्छन्......

मलाई भए भै गयो, मतलब अरु किन,
होहल्ला र रवैयामा व्यस्त कति दिन ?
जिल्ल पर्छ लाटो सोभ्फो, बाठो उपिँया फड्क्यो,
लागि परी शोषण गर्न, सामन्ती नै पल्क्यो ।

**भाषाशैली**

यो कवितामा चारहरफको एक श्लोकका दरले पाँच श्लोकमा निर्माण भएको छ । प्रगतिवादी धारामा रहेर लेखिएको यो कवितामा बोध्य शब्दहरु नै राखिएका छन् । अन्त्यानुप्रास मिलाएर पद्यात्मक ढाँचामा कविताको निर्माण भएको छ ।

**लय**

लयात्मक दृष्टिले हेर्दा यो कविता अन्त्यानुप्रास मिलाएर लयात्मक बनाइएको छ ।

**शीर्षक**

देशको समसामयिक परिस्थितिको वर्णन गर्दै कविताको रचना भएकाले गर्दा यो कविताको शीर्षक 'घट्ना र विचार' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

देशको परिस्थितिको वर्णन गरिए तापनि 'म', 'हाम्रो' जस्ता शब्दहरुको प्रयोग गरिएको हुनाले प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको स्पष्ट हुन्छ ।

**४.१.३.५२ अन्तर्द्वन्द्व**

**भाव**

सुरुको वर्ण 'सरकार भनेको जनताका माझबाट आएका जनताको हितमा काम गर्ने जन प्रतिनिधिहरुको संस्था नै हो' मिलाइएको छ । सत्य तथ्य सुझावको आत्मसात गर्दै, स्वच्छ दिलले प्रष्ट कार्य नीतिका साथ विवेकपूर्ण तरिकाले अघि बढौं । रवैया, भ्रष्टचार र कलहले समाजको हान्ति हुन्छ, हाम्रो भविश्य राम्रो हुँदैन । बिना विवाद, सबैलाई समान रुपले हेर्दै अगाडि बढ्नु पर्छ । तर संहार तथा आपसको झगडाले विकास ठप्प भएको छ । यसरी देशको नेतृत्वमा नै देखिएको समस्याले नेपाल आमा रोइरहेकी छन् । एकताले हाम्रो जीवन बन्ने हुनाले जनतालाई आफ्नो भविश्यका निर्धारक ठान्दै, विवादमा नअल्झि मातृभूमिको सेवामा समर्पित होऊ । तानाशाही र विवादले हाम्रो शिर झुक्दै छ । हाम्रा पुर्खाले आर्जेको यो देश हिमाल, पहाड र तराई सबै पूण्यभूमि ठान्नु पर्छ । मेची कालीका दाजुभाई एक भएर बढ्न सके जीवन नग्नताबाट माथि उठी भविश्य बन्छ । त्यसैले नेता तथा हाम्रा प्रतिनिधिले वार्ताबाट समस्याको समाधान गर्नुपर्छ । कोलाहल र आतङ्कले निर्दोष, सर्वसाधारण जनता मरेका छन् । देशको सरकारले सङ्कटकाल लगाएर जनताको नैसर्गिक अधिकारको हनन् गऱ्यो । त्यसैले अब प्रतिशोध हटाउनु पर्छ । कवि लेख्छन्....

झ-झगडा भने अति बढ्दो, आँट्यो देशै खान,
वा-वाला बोटमै थाप्सिएको, असुरक्षित जान ।
ट-टड्कारो छ हाम्रा सामु, देशै खैलाबैला,
आ-आमा रुन्छिन्, धुरुधुरु, नेतृत्व नै मैला ।....

**भाषाशैली**

चार हरफको एक श्लोकका दरले जम्मा ६ श्लोकको यो कवितामा सरल शब्दहरुको प्रयोग गरिएको छ । अलङ्कार, बीम्ब र प्रतीकले नथिचिएको यो कविता साधारण पाठकलाई पनि बोध्य नै छ । अन्त्यानुप्रास मिलाएर पद्यात्म बनाइएको छ ।

**लय**

अन्य कवितामा झैं यस कवितामा पनि अन्त्यानुप्रास मिलाएर लयात्मक बनाइएको छ ।

**शीर्षक**

देशको नेतृत्व पक्षको चर्चा गर्दै यस कवितामा अन्तर्द्वन्द्वको अवस्थाको सिर्जना नगरी एकतावद्ध भएर अगाडि बढ्न आग्रह गरिएको छ । त्यसैले यो कविताको शीर्षक 'अन्तर्द्वन्द्व' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

गरौं, बनौं, हाम्रो जस्ता शब्दहरु प्रयोग गरिएको यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ ।

**४.१.३.५३ बेदना**

**भाव**

सुरुको वर्ण 'मायादेवी खड्का एकतिन जोरपाटी पाँचथर' मिलाइएको यो कविता झ्याउरे लयमा लेखिएको छ । एकतिनको प्यारो जन्मभूमिबाट टाढा रहँदा पीर लागेको छ । आफन्त समेत शत्रु बन्दा बारम्बार आँसु आउँछ । शायद यो कर्म नै हारेको होला । तीता मीठा कुरा गर्ने मान्छे नपाउँदा जीवन सहारा विहिन र कष्टपूर्ण भएको छ । आमा, बुबा

नहुँदा साथ दिने कोहि छैनन् । शान्तिपूर्ण जीवन बिताउन नपाउँदा जीवन बिताउन गाह्रो भएको छ । बाल्यकालको जस्तो जीवनमा प्यार नपाउँदा जीवन थकित भएको छ । यसरी यस कवितामा एकातिर आफ्नो बेदनालाई देखाइएको छ भने अर्कोतिर देशमा भएको अशान्तिले वेदना भएको देखाइएको छ र ईश्वरलाई पुकार गरिएको छ । कवि लेख्छन्....

कष्टैले बित्यो जीवन मेरो, सहारा पाइँन,
तिता र मिठा विस्तार गर्ने, हितैषी पाइँन ।
न आमा मेरा न बाबा पनि, माइति नै रहेनन्,
जो गर्छ म्याँ जो दिन्छ साथ, अरु त भएनन् ।....

**भाषाशैली**

सामान्य बोलचालकै शब्दहरुको प्रयोग गरिएको यो कविता साधारण पाठकका निमित्त पनि बोध्य नै छ । यो कविता झ्याउरे लयमा लेखिएको र अन्त्यानुप्रास मिलाइएको हुनाले पद्य शैलीको छ ।

**लय**

झ्याउरे लयमा लेखिएको हुनाले यो कविता गेयात्मक छ ।

**शीर्षक**

यो कवितामा अशान्तिले गर्दा मनमा बढेको पीरलाई उदृत गरिएको छ । त्यस्तै बाबा, आमा र माइती नरहे पछिको वेदनाको चर्चा गरिएको छ । त्यसैले कविताको शीर्षक 'वेदना' सार्थक छ ।

**दृष्टिविन्दु**

एउटी महिलाले आफ्ना वेदनाहरु प्रकट गरेको कुरा उल्लेख भएको यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ ।

### ४.१.३.५४ शिक्षक

**भाव**

सुरुको वर्ण 'विद्यालय सुधार योजना सीप' मिलाइएको छ । शिक्षाको ज्योतिले विकासको गतिलाई तीब्र रुपमा अगाडि बढाउँछ । त्यसैले आफ्नो समयको ख्याल राखी भविश्यलाई

झिलिमिली पार्ने शिक्षा हामी सबैले लिनुपर्छ । लगनशील भएर अन्धकारलाई हटाउने, भावी पिंढीलाई रश्मि छर्ने, दुर्बलता हटाउने शिक्षालाई शिक्षकले गतिशील नेतृत्व प्रदान गर्दै आफ्नो कार्यमा तल्लिन हुनुपर्छ । असल शिक्षकले मात्र असल शिक्षा दिन सक्छ त्यसैले शिक्षकले योजना सहित पेशामा संलग्न हुनुपर्छ । कवि लेख्छन्.....

**सु**धारमा लगनशिल अग्रज्योति विकास,

**धा**ऊँ अति लक्ष्य प्रति अन्धकारको निकास ।

**र**श्मि छरौं शिक्षा ज्योति, भावि पिंढीमाथि,

**यो**जनामा दुर्बल रहित, पूर्ण शिक्षक साथी ।....

**भाषाशैली**

चार हरफको एक श्लोक बनाइएको यस कवितामा जम्मा तीन श्लोक छन् । अन्त्यानुप्रास मिलाएर पद्यात्मक बनाइएको यो कविता पनि छन्दात्मक रुपमा भने लेखिएको छैन । सरल शब्दहरुको प्रयोग गरिएको यो कविता आदर्शवादी धाराको छ ।

**लय**

अन्त्यानुप्रास मिलाइएको यो कविता लयात्मक छ ।

**शीर्षक**

शिक्षकको भूमिका के हो भन्ने बारे प्रष्ट पारिएको यो कविताको शीर्षक 'शिक्षक' उपयुक्त देखिन्छ ।

**दृष्टिविन्दु**

बढौं, लिउँ, छरौं जस्ता क्रियापदको प्रयोग गरिएको यो कविता प्रथम पुरुष दुष्टिविन्दुमा रचना गरिएको छ ।

### ४.१.३.५५ फर्केर हेर्दा

**भाव**

आफ्ना लागि बाँच्न, हाँस्न र जीवन सजाउन छोडेर अरुकै लागि बाँचे, हाँसे, र जीवन साँचे । व्यवहार उराठ बनाउँदै पराईलाई सजाउँदा घर मसान भई सुख गुमेर जीवन्त धोका

पाएँ । अरुका लागि आफ्नो व्यथा बल्झाएँ । आफ्नो खुन पसिना अरुकैलागि बगाएँ । यसरी यस कवितामा कविले आफू शिक्षण पेशामा रहेर धेरै विद्यार्थीको भविश्य उज्वल पारेको तथा उनीहरु माथिल्लो स्तरमा पुगेको र आफू जहाँको त्यहि रहेको अवस्थाको चित्रण एकातिर व्यक्त गरेका छन् भने अर्कातिर नेपाली पुरुष प्रधान समाजमा अधिकांश महिलाको अवस्थाको चित्रण गरेका छन् । कवि लेख्छन्....

परार्ईलाई सजाउँदा
आफ्नो सुख नै गुमाएँ,
अरुकै लागि मैले यहाँ
आफ्नै व्यथा बल्झाएँ ।

**भाषाशैली**

पाँच श्लोकमा रचित यो कविता प्रगीतात्मक शैलीको छ । सरल शब्दहरु भएको र पढ्दा सहजै अर्थ लगाउन सकिने यो कविता साधारण पाठकका लागि पनि बोध्य छ । गद्य लयको कवितालाई पद्य बनाइएको छ ।

**लय**

लयात्मक दृष्टिले हेर्दा यो उपयुक्त नै छ । गेयात्मकता यो कविताको एउटा विशेषता हो ।

**शीर्षक**

अहिलेसम्मको जीवन अरुकै लागि भएको आफ्नो घरलाई मसान बनाएर पराइलाई सजाएको कुरा उल्लेख भएको कविताको शीर्षक ‘फर्केर हेर्दा’ उपयुक्त देखिन्छ ।

**दृष्टिविन्दु**

यो कवितामा प्रयुक्त शब्दहरुलाई हेर्दा यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा नै रचना गरिएको पाइन्छ ।

### ४.१.३.५६ सम्मानित हुँदा

**भाव**

विशुद्ध शिक्षण पेशामा जीवित भएर लाग्दा दु:ख, कष्ट र दरिद्र पर सर्दै गए । यसरी ज्ञानको मूल रसाउन पाउँदा मान सम्मान पाइएको र जीवन रमाइलो भएको छ । यसरी अध्यारोलाई हटाउँदा आफ्ना शिष्य फैलदै गए । बृद्धावस्था भएर थकित भएपनि मनमा फूर्ति बढेको छ । सेवाको कारणले मित्र, शुभेच्छुकहरु बढेका छन् । यसलाई भाग्य मान्नु पर्छ । यो भौतिक देह स्वर्गको हो । मलाई अझै सर्वोपरि मालिक हुन इच्छा छ । देशको लागि उन्नति हुने काम, कर्तव्यमा लाग्न पाए हुन्थ्यो भन्ने कल्पना आउँछ । यो मन्दिररुपी देह जीर्ण हुँदै गयो, काला केशको रङ्ग फेरियो र चश्माको आवश्यक पऱ्यो । कवि लेख्छन्....

फैलिएछन् शिष्य आफ्ना, उत्साह दिगुणा भई,
शैक्षिक जगतमा जुट्दै, अँध्यारा क्षेत्रमा गई ।

बढ्दैछन् तिर्सना कति, खेलाइकन पनि जुट्दछन्,
शरीरै गल्छ हरबखत, मनमा फूर्ति बढ्दछन् ।

**भाषाशैली**

दुई हरफको एक श्लोक बनाइएको यो कवितामा जम्मा नौं श्लोक छन् । सामान्य शब्दहरु भएको यो कविता बोधगम्य नै छ । अन्त्यानुप्रास मिलाएर पद्यात्मक बनाइएको छ ।

**लय**

अन्त्यानुप्रास मिलाइएको यो कविता पनि लयात्मक छ ।

**शीर्षक**

यस कवितामा कविले आफूलाई सम्मान गर्दाको समयको वर्णन गरेका छन् । यसरी हेर्दा कविताको भाव र शीर्षक बीचमा तालमेल देखिन्छ । त्यसैले यो कविताको शीर्षक 'सम्मानित हुँदा' सार्थकता देखिन्छ ।

**दृष्टिविन्दु**

यस कवितामा कविले आफू सम्मानित हुँदाको अनुभव प्रथम पुरुष दृष्टिविन्दुमा व्यक्त गरेका छन् ।

### ४.१.३.५७ शुभेच्छुकप्रति

**भाव**

२०६२ साल मंसिर १७ गते शुक्रबार अभिनन्दनको लागि निमन्त्रणा आउँदा खुशीसाथ तोकिएको स्थानमा गएँ । त्यहाँको स्वागतद्वारको झकिझकाउले आत्मा तृप्ति भयो । बाजागाजाको गुञ्जयमान आवाज, ध्वजा पतङ्गाको सजावट, अविरयात्री र आगन्तुकको लावालस्करले हृदयलाई छोयो । स्वागत गान, स्वागत भाषण, शिष्ट बोलिबचनका साथ फूलमाला र हर्षाश्रुको बृष्टि भयो । त्यो दृष्यले पानी परे झै आँसु झरे र दोसल्लाले छल्दै पुछ्दा लाग्यो, 'कार्यक्रमका सहभागीको नजर आफूतिरै थियो ।' कार्यक्रमका आयोजक, शुभचिन्तक आदिलाई शुभाशीर्वाद र हार्दिक धन्यवाद ! यस कार्यक्रमका अभिनन्दित जे.बी. अधिकारी एकतिन, पाँचथर, मेची अञ्चल । कवि लेख्छन्....

घन्की रा'थ्यो बाजागाजा, गुञ्जयमान हुँदै
चम्कि रा'थ्यो ध्वजापाता, हृदय नै चुम्दै ।
चारै दिशा अविरयात्री, आगन्तुक कति,
आवागमन लावालस्कर, शुभेच्छुक अति ।....

**भाषाशैली**

दुई पङ्तिको एक श्लोक बनाएर निर्माण भएको यो कविता बाह्र श्लोक वा २४ पङ्तिको छ । समयको स्पष्ट किटान गरिएको यो कवितामा बोध्य शब्दहरु नै आएका छन् । साधारण पाठकका निमित्त पनि बोध्य यो कविताको अन्त्यानुप्रास मिलाएर पद्यात्मक बनाइएको छ ।

**लय**

अन्त्यानुप्रास मिलाएर लयात्मक बनाउने कवि अधिकारीले यस कवितालाई पनि लयात्मक बनाएका छन् ।

**शीर्षक**

स्वागत गान, स्वागत भाषण, शिष्ट बोली वचन, फूलमाला र हर्षाश्रुको बृद्धि भएको चर्चा गर्दै कार्यक्रमका आयोजक, शुभ चिन्तक आदिलाई शुभाशीर्वाद र धन्यवाद दिएको यो कविताको शीर्षक 'शुभेच्छुक प्रति' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यस कवितामा कविले आफ्ना भावना प्रथम पुरुष दृष्टिविन्दुमा पोखेका छन् ।

**४.१.३.५८ ॐ नमः शिवाय**

**भाव**

दुई दुई हरफमा संरचित यो कवितामा हरेक दोस्रो हरफको बीचको बर्णबाट 'ॐ नमः शिवाय' मिलाइएको छ । यो कविता संस्कृत भाषामा लेखिएको छ । मोक्ष ध्यानबाट प्राप्त गर्न सकिने ॐ कारलाई नमस्कार छ । ऋषि, देवगण, अप्सरागणलाई नर (मानिस) को 'नकाराय' नमस्कार छ । महादेव, महाध्यानी, महात्मा, पाप हरण गर्ने देवतालाई 'मकाराय' नमस्कार छ । शिव, शान्त जगन्नाथ लोकका ग्रहतारा, एक शिवपदलाई 'शिकाराय' नमस्कार छ । गोरुको बाहन भएका, घाँटिमा सर्पका माला लगाएका, बाँया हातमा शक्ति हारण गरेका शिवजीलाई 'वकाराय' नमस्कार छ । सबैतिर छरिएर रहेका सबैका देवता महेश्वरलाई 'मकाराय' नमस्कार छ । कवि लेख्छन्....

शिवं शान्तम् जगन्नाथम् लोकानु ग्रहकारमम्
शिवमेक पदम् नित्यम् शिकाराय नमोनमः ।

वाहनम् बृषभो यस्य, वासुकि कन्ठ भूषणम्
वामे शक्ति धरम् नित्यम्, वकाराय नमोनमः ।

**भाषाशैली**

संस्कृत भाषामा लेखिएको यो कविता दुई हरफको एक श्लोकका दरले जम्मा छ श्लोकमा रचना गरिएको छ । संस्कृत भाषामा लेखिएको यो कविता साधारण पाठकका निमित्त भने दुर्वोध्य छ । तर अलङ्कार, बीम्व र प्रतीकले भने थिचिएको छैन । अन्त्यानुप्रास मिलाएर पद्य शैलीमा लेखिएको छ ।

**लय**

लयात्मक दृष्टिले हेर्दा पनि यो कविता उत्कृष्ट नै देखिन्छ ।

**शीर्षक**

यस कविताको शीर्षक ' ॐ नमः शिवाय' लाई सार्थक पार्न कविले प्रत्येक अक्षको एक श्लोकका दरले कविताको निर्माण गरेका छन् । त्यसकारण शीर्षक सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

देवताको स्तुती गान गाइएको यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरेका छन् ।

**४.१.४ काश्यप गोत्रीय अधिकारी बन्धु बंशावलीको अध्ययन र विश्लेषण**

काश्यप गोत्रीय अधिकारी बन्धु बंशावली लेखक जे.बी. अधिकारीको अर्को कृति हो । आख्यान विधाको यो बंशावलीको सङ्कलन र सम्पादन गर्ने काम उनले गरेका छन् । यसमा पाँचथर जिल्लाको एकतिन पसेका अधिकारीको बंशावली तयार पारिएको छ । सन्तानब्बे पृष्ठको यो बंशावलीका प्रकाशक बालनन्द (गोपी) र खगेन्द्र अधिकारी छन् र मुद्रण ऋृद्धिसिद्ध प्रेसले गरेको छ ।

कसैले भूमिका नलेखेको यो पुस्तकमा प्रकाशकीय द्वय शीर्षकमा प्रकाशकले छोटकीमा आफ्ना विचार राखेका छन् । त्यहाँ भनिएको छ 'देशको परिवेशको दृष्टिगत गर्दै पूर्व मेचीदेखि पश्चिम महाकाली र उत्तर हिमालदेखि दक्षिण सिमान्त रेखा एंव देश विदेशमा बस्ने सम्पूर्ण बंशजहरु (काश्यप गोत्रीय अधिकारी बन्धुहरु) पनि अरु जाती जस्तै एकताबद्ध हुन समयको जोडदार माग भै आएको छ । त्यसैले पाँचथर जिल्ला एकतिन गा.वि.स. र यसै गाउँबाट बसाई सरी गएका र नाम जानेका सम्मका बन्धुहरु समेतको बंशानुक्रम मिलाई प्रकाशन गरेका छौं ।' विषयसूची नराखिएको यो पुस्तकमा विभिन्न शीर्षक दिइएका छन् जसलाई क्रमबद्ध रुपमा यहाँ चर्चा गरिन्छ ।

**४.१.४.१ काश्यप गोत्रीय अधिकारी बन्धु सम्बन्धी**

**पृष्ठभूमि (खोजी गर्ने क्रममा)**

यस पृथ्वी र पृथ्वीमा मानिसको सृष्टि कसरी भयो होला भनेर जिज्ञासा प्रकट गरिएको छ । ज्योतिष शास्त्र र बरिष्ठ विद्वानले अङ्क किटान गरे पनि र बैज्ञानिकहरुले पुरातात्विक वस्तुहरुका आधारमा अनुमान गरे पनि ती अनुमन मात्र हुन् । तर पृथ्वीको सृष्टि पछि मानवको सृष्टि भएको र पृथ्वी मानिस विहिन भयो होला, फेरि मानवको सृष्टि भयो होला,

यंत्र कैयौ सृष्टि चक्र भयो होला । यो केवल कल्पनामा डुब्नु मात्र हो । आफ्ना पूर्वजहरुको जाने बुझ्केको खोजी गर्नु बुद्धिमता हुनेछ ।

यस पृथ्वीतलमा विभिन्न धर्म, जाति, वर्णका मानिसहरु छन् । ती सबै एउटै बाजेका सन्तति हुन् भन्नमा पनि अत्युक्ति नहोला । पूर्वीय आर्य समाजमा गोत्रहरुको अनुसरण गर्दै आएकाले धेरै हदसम्म आफ्ना पूर्वजहरुको ज्ञान पहिचान हुँदै आएको प्रमाण पौराणिक ग्रन्थहरु हुन् । हिन्दू समाजमा प्रचलित सात ऋषिका सात गोत्र र यसका अतिरिक्त अन्य ३५ गोत्र गरी ४२ गोत्र भएका मानिसहरु फेला पारिएका छन् भनी खतिवडा बंशावलीमा उल्लेख भएको पाइएको छ भनी उनले लेखेका छन् ।

उपरोक्त ऋषिहरुमध्ये कतिका सन्तान नै थिएनन् भने ती गोत्रहरु कसरी आए त भन्ने प्रसङ्गमा निर्णय सिन्धुको श्लोकलाई आधार मानी चर्चा गरिएको छ । आफ्ना गोत्रमा दत्तक पुत्र अथवा कितपुत्र राखिएमा आफ्नै गोत्रमा आउँछ, केवल सापिण्डयको विधान मात्र हुँदैन एउटै रगतमा विवाह सम्बन्ध गर्नु उचित नहुँदा एउटै गोत्र (सगोत्री) र एउटै प्रवरमा विवाह निषेध गरिएको छ ।

उपरोक्त ऋृषिका बंशजहरु कालान्तरमा कार्य, कृति, बासस्थान, स्थानान्तरण आदिका कारणले विभिन्न थरमा परिणत भएर त्यसरी विभाजित थरको सङ्ख्या हालसम्म ब्राहमण, क्षेत्रीको ३९१ थर र मगर जातिको ३५४ थर फेला पारेका छन् भनी खतिवडा बंशावलीमा प्रकाशित पुस्तकमा जनाएको कुरा लेखक जे.बी. अधिकारीले उल्लेख गरेका छन् । उनका अनुसार अधिकारी थरका तीन गोत्र छन्: काश्यप, भारद्वाज र अत्रिगोत्र । उनले काश्यप ऋृषिका सन्तानका विभिन्न थरको उल्लेख गरेका छन् । यसै क्रममा खिर्सिने, थानसिने, कौवाली, नरजाली आदि कसरी नामाकरण गरियो भन्ने सन्दर्भमा समेत चर्चा गरेका छन् ।

प्राचीनकालमा बंशावली बनाउने प्रचलन थियो र मध्य युगमा हराएर गयो भन्ने कुरा पुराणबाट थाहा लाग्छ । प्राचीन पूर्वजको बंशावलीको श्रवण, कीर्तन, पूजन आदिबाट सन्तान प्राप्त गर्न सकिन्छ, त्यसकारण आफ्नो बंशावलीको उल्लेख भएको पुराण श्रवण गर्दा सन्तान नहुनेको सन्तान प्राप्त हुन्छ । नान्दी श्राद्धको महत्वको उल्लेख गर्दै हरिवंश पुराणमा काश्यप गोत्रीय अधिकारीका पूर्खाको उल्लेख भएको छ र यो बंशावलीले पनि सोही पुराण समान काम गर्छ ।

सामान्य ज्ञानबाट प्राप्त भए अनुरुप भनेर उनले ब्रह्माजीका पुत्र तथा मुनी मरिचीका र ऋषि पत्नी कलाका कश्यप ऋषिसँग दक्ष प्रजापतिका दिति, अदिति लगायतका १३ वटी

छोरीहरु र तिनै १३ वटीका सन्तानहरु दैत्यहरु, देवताहरु, पशुहरु, पंछीहरु, सरीसृप, आदि पैदा भए भनेका छन् । 'कश्य' भनेको मदिरा, 'प' भनेको पिएकाले कश्यप नाम रहन गयो । काश्यप ऋषिले ऋग्वेदका कतिपय मन्त्रहरुको रचना गरेका थिए र उनी सर्पको विष झार्ने कुशल चिकित्सक थिए भनी उनले लेखेका छन् । गोत्र र सगोत्रीका थरका प्रकार समेत लेख्ने प्रयास उनले गरेका छन् । शिखरनाथ थर गोत्रावली अनुसार काश्यप गोत्रका सगोत्रीहरु भनेर उनले पन्ध्र वटा थर उल्लेख गर्दै बीचमा कवितात्मक लयमा यसरी लेख्छन्....

हो कात्यायन सूत्रवेद उपता जान्नु धनुर्बेद भनी
मान्ध्यन्दीनीय हो भनेर मनमा शाखा पनि गुन्नु
हाम्रो शुक्ल यजुर्वेद शिवजी हुन् देवता बुझ्नु
हो दाहिना शिखा र पाद, थरको पत्ता नहुँदा अनि
जान्नु काश्यप गोत्र फेरि पशु पंक्षीहरुको पनि ।

यसरी उनले गोत्र थाहा नहुने थर र पशु पंक्षीहरुको पनि काश्यप गोत्र हो भनेका छन् । पाँचथर जिल्लाको एकतिन गा.वि.स. मा बसोबास गर्दै आएका र एकतिनबाट अन्यत्र गएका अधिकारी (खत्री मात्र) को बंशावलीलाई उनले प्रस्तुत गरेका छन् ।

शक्ति उपाध्याय अधिकारीका छोराहरु ध्रुव र तारा अधिकारी उपाध्याय मध्ये ध्रुव अधिकारीले ब्राह्मणी र क्षेत्रीनी दुईटी विवाह गरेर ब्राह्मणीका ६ भाइ र क्षेत्रीनीका ४ भाई जन्मे । यी चार भाई खत्रीमा पारिणत भए । यी मध्ये क्षेत्रीनीका जेठा छोरा आशा अधिकारी (आशवीर) ले आफ्ना चार भाइ छोराहरु, पं. जयपति ढकाल र अन्य बाहुनहरु सोबने घर्ती र अन्य घर्तीहरु, तामाङ्हरु, दमाइहरु, नेवार जातिहरु सहित पूर्व तीन नम्बर ओखलढुङ्गा हुँदै साब्सु खोलाको आसपासमा बसोबास गर्न थाले । उर्वराभूमि खोज्दै र जङ्गल फडानी गर्दै तेह्रथुम, इलाम, पाँचथरका विभिन्न ठाउँमा बसोबास गरे । यसै क्रममा पाँचथर जिल्लाको एकतिन गा.वि.स. मा आशवीर अधिकारीका जेठा छोरा (कालु अधिकारी) का साइला छोरा राम नारायण अधिकारी र अन्तरे छोरा प्रसाद अधिकारी बसोबास गर्न थाले । कसैले यी दुई दाजुभाइ काशीराम अधिकारीका छोरा केशव अधिकारी उपाध्याय र केशवका छोरा बलभद्र अधिकारी खत्रीका सातभाइ मध्येका साइला र अन्तरे हुन् र अन्तरे प्रसाद अधिकारीका सन्तान एकतिन नबसी ताप्लेजुङ्ग तर्फ लागे भन्ने मतमतान्तर छ भनेर यस बंशावलीका सङ्कलक तथा लेखक जे.बी. अधिकारीले उल्लेख गरेका छन् ।

ध्रुव अधिकारीका कान्छि पट्टिका छोराहरु (अधिकारी-खत्री) ले अंश माग्दा ध्रुव अधिकारीसँग रैकर जग्गा नभएको र गुठीको जग्गा क्षेत्रीले उपभोग गर्दैन भनेर सुनाखरीको झोलामा कुल देवता राखी साथमा लिएर माथि उल्लेख गरिएका विभिन्न व्यक्तिसँग हिडेका र आफूले लाप्चेलाई विजय प्राप्त नगरुन्जेल उक्त देवता ब्राहमणको भएको र विजय पछि अंशरुपी कुल देवतालाई (वि.सं. १८७७ श्रावण २ गते विहिबार तत्कालीन राजा श्री ५ राजेन्द्रको हुकुम अनुसार) भोग दिने प्रचलन आयो र अहिले प्रत्येक ३/३ बर्षमा बैशाख शुक्ल पञ्चमीमा शुभ दिन बार जुराएर देवाली गर्ने परम्परा छ । यसमा विभिन्न व्यक्ति र आफ्ना नातेदारलाई बोलाउने प्रचलन छ ।

### ४.१.४.२ पं. जयपति ढकाल र सोवाने घर्तीको प्रसङ्ग

अधिकारीका पुजारी -पं. जयपति ढकालका दुई पत्नी थिए । दुई पत्नी बीच आपसमा झगडा हुने भएकाले जेठी पत्नीको हेरचाहको लागि कमारा सोवाने घर्तीलाई राखेका थिए र कान्छिसँग उनी बस्दथे । त्यस समयमा साब्सु खोला वारि सात घर र पारी १३ घर अधिकारीहरु बस्थे । साब्सु वारिपट्टिका सात घरमा हरितालिका तिजको ब्रतमा शिवजीको पूजा लगाएर पारी तर्ने क्रममा पं. जयपति ढकाल खोलाले बगाई मरे । त्यसको केहि समयमा उनी जागृत भई जजमानहरुको घरमा गई बलेसीमा बसी पढेर पूजा लगाए र आफूले पाउने सिदा, दान, दक्षिणा सम्बन्धित घरमा नै राखिदिनू भनेर अलप भए ।

साब्सु पारी गएका जयपति दुई दिनसम्म नआएकाले सोवाने घर्ती खोज्दै साब्सुपारीका अधिकारीका घरमा जाँदा प्रत्येक जजमानले पं. जयपति आएर बलेसी बाहिरबाट पढी पूजा लगाइ दिएको तर उनलाई नदेखेको बताए । सोवाने घर्ती अचम्मित हुँदै खोलाको तिरमा खोज्दै जाँदा बाटाको केहि तल लास भेटाए । जयपतिको पूर्ण रुपमा काजक्रिया पनि भइ सक्यो ।

सोवाने घर्ती बेलुकीपख जेठी बज्यैको खेतमा पानी लगाउँथे तर बिहान हेर्दा कान्छि बज्यैको खेतमा पानी लागि रहेको हुन्थ्यो । एक दिन बेलुका पानी लगाउन गएका घर्ती वास्तविकाता बुझ्न रातभर जागा बस्दा मध्यरातमा कान्छि बज्यैका पट्टि जयपतिले पानी लगाउँदै गरेको देखे । छेउमा गएर 'तपाई त मर्नु पो भएको थियो, काजक्रिया पनि गरिसकेको थियो, तर तपाई जिउँदै हुनुहुँदो रहेछ, किन घरमा नआउनु भएको ?' भन्दा जयपतिले 'घरमा गएर बज्यैहरु र अरु कसैलाई नभन्नू, भनिस् भने तेरो ब्रह्माण्ड फुटेर

मर्छस् भन्दै अल्पे । घरमा सुनाउन अतालिएको घर्ती बिहानै मूल ढोकामा उभिई ढोकाको ठेलावारी एउटा खुट्टा ठेला पारी अर्को खुट्टा पार्दै बज्यैलाई उक्त घटना सुनाउँदा सुनाउँदै ब्रह्माण्ड फुटेर मऱ्यो ।

जयपति ढकाल अधिकारीहरुका निजी पुरोहित भएको र सोवाने घर्ती अधिकारीकै लालन पालनमा हुर्केको हुनाले घर्तीलाई वायुको रुपमा मानी आएकाले जागृत (पिशाच) भएर दुःख नदियोस् भनेर चाड-पर्व, शुभ कार्य आदिमा र मोही पार्दा समेत उसको नाममा घरको मूल ढोकामा सबैकुरा चढाई धुप, दिने चलन छ । त्यस्तै अधिकारीको कुल पूजामा जयपतिका नाममा सर्वप्रथम पूजा आजा गर्ने चलन आशा अधिकारीका शाखा सन्तानमा कायमै छ ।

### ४.१.४.३ आशा अधिकारीले दशथर रैकर लालमोहर प्राप्त गरेको संक्षेप

**दिग्विजय**

लाप्चेहरुले आफ्नो कब्जामा राखेको चैनपुरलाई आशा खत्रीले युद्धमा परास्त पारेपछि लाप्चेहरु सिक्किम पसेका थिए । बैरीमाथि विजय प्राप्त गर्नेलाई त्यस समयमा गुठी विर्ता दिने चलन अनुसार लाप्चेका कमाण्डरलाई परास्त पारेको ठोस प्रमाण सहित आशा खत्री तत्कालिन राजा श्री ५ राजेन्द्रसँग उपस्थित हुन काठमाण्डौ गए । श्री ५ राजेन्द्रले विर्ता दिने निर्णय गरे । आशा खत्री क्षेत्रीले विर्ता नलिने कुरा राजालाई बताए पछि राजेन्द्रले पाँच मजिया (काठमाण्डौको सिद्धकाली गा.वि.स. आसपास) को जग्गालाई आशा खत्रीको नाम दशथर रैकर लालमोहर गरिदिए । बानेश्वर शिवालयको पूजाआजा सञ्चालन, मर्मत, संहार गर्न समेत सोही मिति १८७७/०४/०२/५ का दिन गुठीको पनि व्यवस्था मिलाई दिएका थिए ।

### ४.१.४.४ जे.बी. अधिकारीको पारिवारिक परिचय

साहित्यिक नाम जे.बी. अधिकारी भएका जीत बहादुर अधिकारीले आफ्नो सहित परिवारका अन्य सदस्यको चर्चा गरेका छन् । उनको बारेमा माथि परिच्छेद दुईमा चर्चा भइसकेको छ । श्रीमति पार्वता अधिकारी (गृहणी), छोराहरु विजय र हेमन्त अधिकारी र नातिहरु (विजयका छोराहरु) विद्या सागर र विश्वदीप अधिकारी छन् । वि.सं. २०२८/९/१० मा एकतिन-१ जोरपाटी (पाँचथर) मा जन्मेका विजयले वि.सं.

२०२९/४/२३ मा मेलुङ्-१ दोलखा, जनकपुरमा जन्मेकी बेणु कार्की र चिना कार्कीकी सुपुत्री लक्ष्मीसँग वैवाहिक सम्बन्ध कायम गरी हाल दधिकोट ८ भक्तपुरमा बसोबास गर्छन् । विजय र लक्ष्मीले विदेशको भ्रमण समेत गरेका छन् । लक्ष्मीको पेशा बीजनेस छ भने विजय संसद सचिवलायको स्वकीय सचिव भएर दुई पटक गरी तीन बर्ष काम गरेको देखिन्छ भने त्यसभन्दा पहिला करिब श्री सिद्धकाली मा.वि. (हालको उच्च मा.वि.) मा ११ महिना शिक्षण स्वयं सेवक शिक्षकका रुपमा काम समेत गरेका थिए ।

वि.सं. २०४१/८/१५ मा एकतिन १, जोरपाटीमा जन्मेका हेमन्त अधिकारी भने २०६५ सम्म आर.आर. क्याम्पसमा वि.ए. अध्ययनरत देखिन्छन् ।

### ४.१.४.५ शक्ति उपाध्यायका छोरा ध्रुव उपाध्यायका पुस्ताहरु

पुस्ता नं. १ ध्रुव अधिकारी भनेर थालिएको छ । उनका कान्छी (क्षेत्रीनी) पट्टिका चार भाइ छोरा थिए । जेठो आशवीर (आशा) अधिकारी, आशा अधिकारीका चार भाइ छोरा जेठा कालु अधिकारी र कालु अधिकारीका ६ भाइ छोरा मध्ये पुस्ता नं. ४ का साइला रामनारायण र अन्तरे प्रसाद अधिकारी एकतिन पुगेका थिए । अन्तरे त्यहाँ नबसी साइला मात्र एकतिनमा बसोबास गरे र अन्तरेको थाहा नभएको कारणले साइलाको सन्तानको मात्र यस बंशावलीमा चर्चा गरिएको छ । साइला रामनारायण अधिकारीका पाँच भाइ छोराहरु क्रमशः जेठा चामु अधिकारी, माइला फौदसिंह अधिकारी, साइला भक्तबीर अधिकारी, काइला बखतसिंह अधिकारी र कान्छा त्रिलोचन अधिकारीका सन्तानलाई क्रमशः जेठो हाँगो, माइलो हाँगो, साइलो हाँगो, काइलो हाँगो र कान्छो हाँगो भनेर यस वंशावलीमा चर्चा गरिएको छ । यी पाँच हाँगाहरु अर्थात रामनारायणका छोराहरु पुस्ता नं. ५ मा राखिएका छन् । जेठो, माइलो र साइलो हाँगोमा एघार पुस्तासम्म, काइलो हाँगोमा नौं पुस्तासम्म र कान्छो हाँगोमा दश पुस्ता सम्मको चर्चा गरिएको छ । यहाँ एकतिन छोडेर को, कहाँ गए भन्ने समेत खुलाइएको छ । जे.बी. अधिकारी माइलो हाँगोका पुस्ता नं. ८ मा पर्छन् भने उनका नातिहरु पुस्ता नं. १० मा पर्दछन् ।

आशावीर अधिकारीदेखि हालसम्मको चर्चा उनले यस पुस्तकमा पृष्ठ २० देखि ८५ सम्म अर्थात ६६ पृष्ठमा गरेका छन् ।

#### ४.१.४.६ प्रतिलिपि उतार

**बंशावली निर्माण सम्बन्धमा काश्याप गोत्रीय अधिकारी बन्धुहरुलाई हार्दिक अपिल**

मिति २०५७/१/३०, प्रिय बन्धुहरु ! भनेर सम्बोधन गरिएको उक्त अपिलमा काश्यप गोत्रीय अधिकारी बंशावली तयारी समितिको गठन काठमाण्डौंमा भएको र उक्त समितिलाई सहयोग पुऱ्याउनको लागि अनुरोध गरिएको छ । आश्यक निर्देशन सहित लेखिएको उक्त अपिलमा वि.सं. २०५७ माघ मसान्त सम्ममा आफ्नो लेख उपलब्ध गराउन अनुरोध गरिएको छ । सम्पर्क गर्न सकिने व्यक्तिको नाम र फोन नम्बर समेत दिइएको उक्त अपिलमा बाह्र बुँदाहरु राखिएका छन् । पत्रचार गर्ने ठेगाना, आवश्यक सरसल्लाहका लागि उपस्थित हुने स्थान, समय र मिति पनि समावेश गरिएको छ ।

#### ४.१.४.७ खीरकृष्ण (खिरसिने) अधिकारी काश्यप गोत्र अनिल शाखा अस्पष्टको रुपरेखा

शक्ति उपाध्यायका जेठी (बाहुनी) का ६ भाइ र कान्छी क्षेत्रीनीका चार भाई छोरा थिए । क्षेत्रीनी पट्टिका छोरा जेठा आशा अधिकारी र कान्छा सञ्जय चैनपुर, माइला भोजपुर, साइला ३ नं. ओखलढुङ्गामा । बाहुनको बिर्ता फूलबारी दाप्सामा नवसी अधिकारी मंगलटार बसेका र उनका एक भाइ छोरा कालु अधिकारीका तीन पत्नीका दश भाइ छोरा चारै तिर फैलिएर बसेका । अधिकारीको कूलपूजा देवाली चैनपुर (बानेश्वर गा.वि.सं. १) मा हुँदैछ । दश भाइमध्ये एकभाइ षडानन्द उपाध्यायले विधुवा ल्याई जन्मेका जैशी भएका छन् साभार-अपिल पत्र भनिएको छ । यसमा शक्ति उपाध्यायका क्षेत्रीनी पट्टिका जेठा छोरा आशा अधिकारी (क्षेत्री) र उनका नाती षडानन्द उपाध्याय भनेर विरोधामासपूर्ण कुरा लेखिएको छ । यस सम्बन्धमा लेखक भन्छन् 'शीर्षकमा नै अस्पष्ट रुपरेखा भनिएको छ ।'

#### ४.१.४.८ गाली-सराप

रामनारायण अधिकारी (पाँचथर, एकतिन पुग्ने) का पाँच भाइ छोरामध्ये साइलाकी श्रीमती जारी गरी तम्मरपारी गएकाले रामनारायणले माइला फौदसिंह र साइला भक्तवीरलाई जार काटेर आउन अह्राए । उनीहरुले गएर जोति राखेको जारलाई झुक्याएर काटे र तम्मरमा खुकुरी धोई वारी घिमिरेको घरमा बास बसे । घिमिरे परिवारले पाहुनाको राम्रो सत्कार गरे । सुत्न गएपछि एउटा मानिस आएर पारी खेतको घटना सुनायो तर त्यसलाई त्यहाँ कोहि बसेको छ भन्ने थाहा भएन । ऊ फर्के पछि त्यस घरकी मूलीले

आफ्नो भाइलाई मारेको खबर पाए पछि गाली-सराप गर्दै रोइन् । मार्ने मानिसलाई गरिएको गाली सरापले ती पाहुनाको मनमा चिसो पस्यो र रातको तेस्रो प्रहरमा नै बाटो तताए । तर त्यस घरका कसैले पनि ती पाहुनालाई शङ्का गरेका थिएनन् । घरमा आएर पिताजीलाई जार काटेको घटना सुनाए पछि पिताजीले खुसीले धाप मारे ।

दिन वित्दै गएपछि गाउँ घरको प्रचलन अनुसार धामी झाँक्री लगाउँदा झाँक्रीले 'तेरो कुलमा चेलीको गाली सराप परेको छ होइन भने होइन भन् मैले दीप साक्षी राखी बोलेको छु ।' भन्यो र चारैतिरका धामीको कुरा एउटै भयो । यसरी धामीको भनाइ र सो गाली सराप दुवै मिलेपछि तथा पूर्वजको भनाइ मिलेपछि त्यो घटना वास्तविकता भएको ठहर्छ ।

त्यो जारकाटेको पापले आजसम्म पनि त्यो शाखा सन्तानमा धताउने, बौलाउने, आत्मा कमजोर भई आत्महत्या गर्ने, मनस्थिति कमजोर हुने, लाटा, बैंह्रा, अपाङ्गादि हुने र यो क्रम कालान्तरसम्म जारी रहने विश्वासले गाली-सराप बगाएको पाइन्छ । रामनारायणका शाखा सन्तानले प्रत्येक घर दैलोमा चरु, भेटी तथा अन्य खर्च समेतमा सहभागी भई सो घटना स्थलमा नै विधिवत तरिकाले गाली सराप बगाउने सहमतिमा २०५५ बैशाख ११ गतेका दिन पाँचथर जिल्ला, एकतिन गा.वि.स. का अधिकारी (खत्री) बन्धुहरुले २/४ पण्डित पुरोहित राखी उक्त कार्य सम्पन्न गर्ने काम पूरा भयो ।

### ४.१.४.९ गाली सराप निमित्त नाम सङ्कलन गर्ने सम्बन्धमा

रामनारायणका सम्पूर्ण भेगका शाखा सन्ततिमा काल र अकालले मरेका सम्पूर्ण पितृहरुको नाम पिपलका पातमा लेखी प्रत्येक परिवारले गाली सरापबाट मुक्त हुन पाउँ भनी विधिवत् तरिकाले तम्मर नदीमा बगाउने काम समेत उल्लेखित मितिमा सम्पन्न भयो ।

उक्त गाली सराप बगाएपछि पनि कुलका धामी वा अन्य धामीले त्यो गाली सराप यथावत् छ भन्छन् भन्दैनन् भविश्यले बताउला । अस्तु भनेर लेखक जे.बी. अधिकारी (एकतिन १ जोरपाटी, पाँचथर) ले लेखेका छन् ।

### ४.१.४.१० श्री ५ राजेन्द्रबाट आशा अधिकारीलाई लालमोहर प्रदान

वानेश्वर महादेवको मन्दिरको पूजा आजवा सञ्चालन गर्न, मर्मत गर्न, धुपपातीको लागि-पौवा, नगर्ची, जोगी, सन्यासीका निमित्त पौवा, पाटी बनाई चुवाडे गल्छिडा दक्षिण पटिको तल्लो किल्ला माथि पश्चिम, पँधेराको गल्छिडा उत्तर, केचुम डाँडा पूर्व, यति चार

किल्ला भित्रका जग्गा फूलबारी बनाई पूजारी टहलुवा राख्नु; आम्बोटे त्रिशुले दुई ठाउँको काला बन्जर बाँझो मध्ये खेत मुरी साठी बिराइ सकेपछि अक्षता नित्य नैमित्य पूजा गर्नु भनी गुठी राखी बक्स्यौं । इति संवत् १८७७ श्रावण २ रोज ५ शुभम्....।

यसरी आशा अधिकारीले श्री ५ राजेन्द्रबाट लालमोहर प्राप्त गरी सकेपछि आवश्यक नीति नियम बनाई सो गुठी बेचेमा बेच्नेलाई फलिफाप हुने छैन भनेका छन् र त्यहाँ उब्जेको कुरा उनका सन्तानले अहिले पनि उपभोग गर्दैनन् ।

### ४.१.४.११ जुठो सुतकको नीति नियम

लेखक तथा सङ्कलक जे.बी. अधिकारीले वर्ण, उमेर, नाता आदिका आधारमा कसले कति जुठो सुतक बार्ने र कसरी बार्ने भन्ने बारेमा चर्चा गरेका छन् । साथै उनले सानो सुतक, ठूलो सुतक, बृद्धि सुतक र मृत्यु सुतक गरेर चार भागमा विभाजन गर्दै बार्ने नियम शास्त्रको नियमानुसार चर्चा गरेका छन् ।

### ४.१.४.१२. मानिसका प्रकार

मानिस चार प्रकारका हुन्छन् ।

१) सत्पुरुष (निःस्वार्थ भाव भएको),

२) सामान्य (आफ्नो र अर्काको बराबर हितको चाहना राख्ने)

३) असुर (आफ्नो स्वार्थकोलागि जे पनि गर्न सक्ने, विवेकहिन)

### ४.१.४.१३ लक्षण

> जसको घरमा सूर्यास्तदेखि लिएर सूर्योदयसम्म दियो बलिरहन्छ त्यो घरमा कहिल्यै दरिद्रताले बास गर्न सक्दैन ।

### ४.१.५ प्रेमको अनुभूति उपन्यासको अध्ययन र विश्लेषण

उपन्यासकार जे.बी. अधिकारीको समाजिक उपन्यास 'प्रेमको अनुभूति २०६७' एक उत्कृष्ट उपन्यास हो । प्रकाशित उपन्यास 'प्रेमको अनुभूति' हालसम्मको एउटा मात्र प्रकाशित उपन्यास हो । यस उपन्यासमा उपन्यासकार जे.बी. अधिकारीले जटिल र दुर्वोध्य भाषाशैलीको प्रयोग नगरी अत्यन्तै सरल र सुबोध भाषाशैलीको प्रयोग गरेका छन् ।

चिह्नाङ्कित रुपले विभिन्न भागमा विभाजित गरी यस उपन्यासलाई स्पष्ट संरचना प्रदान गरिएको छ । आदि, मध्य र अन्त्यको क्रममा परम्परित ढाँचामा नै यो उपन्यास संरचित छ । शीर्षकले नै प्रेमप्रणयक कृति हो भन्ने झल्कने यो उपन्यासमा विद्यालय स्तरीय ठिटाठिटी बीचको प्रेमलाई परिपक्क प्रेममा रुपान्तरित गरिएको छ । इन्दिरा, समीर, सिर्जनाको त्रिकोणात्मक प्रेम र सीता र दिपेश बीचको द्विकोणात्मक प्रेम देखाइएको छ ।

बयानब्बे पृष्ठमा संरचित यो उपन्यासका प्रकाशक विजय कुमार अधिकारी र भाषा सम्पादक कर्णाखर खतिवडा रहेका छन् भने मुद्रण संगम प्रिन्टर्स, अनाम नगर काठमाण्डौं रहेको छ । यस उपन्यासको कथावस्तु, भाषाशैली, दृष्टिविन्दु आदिका आधारमा यसरी चर्चा गर्न सकिन्छ ।

### ४.१.५.१ कथावस्तु

समाज तथा व्यक्ति विशेषमा घटेका घटनाहरुलाई उपन्यासमा योजनाबद्ध एवं सुसङ्गठित रुपमा गरिएको रुपान्तरणलाई कथावस्तु भनिन्छ । यसमा पात्रले घटाएका घटना, उपन्यासका चिन्तन, मनन् र कल्पनाका घटनाहरु समेटिएका हुन्छन् । कथावस्तु उपन्यासको महत्वपूर्ण तत्व हो । यसलाई उपन्यासको कच्चा सामग्री मानिन्छ । कथावस्तुलाई संगठित पारेर उपन्यासको रचना गरिन्छ । यसको व्यवस्थित विन्यासलाई कथानक भनिन्छ । उपन्यासको सफलता असफलता यसको कथावस्तु र प्रस्तुतिमा निर्भर रहन्छ । उपन्यासमा बेद, पुराण, इतिहास, लोकपरम्परा, यथार्थ समाज, स्वैरकल्पना आदिबाट कथावस्तुको छनौट गरिन्छ । कथावस्तुलाई पात्रपात्रा बीचको द्वन्द र कौतूहलताले गति दिएर अगाडि बढाउँछ । सामान्यतः कथावस्तुको विकास आदि, मध्य र अन्त्यको ढाँचामा हुन्छन् । तर आधुनिक उपन्यासहरुमा यसको विकास सरल, रैखिक र बृत्तकारीय ढाँचामा राखिएको हुन्छ । यसको विकासमा आरम्भ, संघर्ष, विकास, चरमोत्कर्ष, अपकर्ष र उपसंहार गरी पाँच अवस्था हुन्छन् । आधुनिक युगमा कथानक वा कथावस्तुलाई कम महत्व दिई चरित्र चित्रणलाई बढी जोड दिने गरेको पनि पाइन्छ । स्थूल र सूक्ष्म जे जस्तो भए पनि कथावस्तु बिनाको उपन्यास रचना हुन असम्भव देखिन्छ ।

विवेच्य उपन्यास 'प्रेमको अनुभूति'को कथावस्तु रैखिक ढाँचामा अगाडि बढेको छ । यसमा आदि, मध्य र अन्त्यको क्रममा कथानक रहेकाले यसलाई सरल ढाँचामा लेखिएको उपन्यास मान्न सकिन्छ ।

**आरम्भ**

“आज पाँचथर जिल्ला नाङ्गिन गाउँ विकास समिति ७ नं. वार्डमा गुन्जिएको गीतको आवाजले.....” भन्ने वाक्यबाट सुरु भएको यस उपन्यासमा विवाहको वातावरणको चर्चा गरिएको छ । एकातिर यस्तो मिठासपूर्ण वातावारण छाइरहेको छ भने अर्कोतिर चिच्याहटको आवाज घन्किन थालको छ ।

-चोरी भो चोरी, के चोरी भो ? यो चेलीको जवानी चोरी भो ।

-बेहालै भयो जीन्दगी यो निर्मोहीको भरमा परेँ, आँसुको त मोलै छैन । आदि ।

यस्तो गीतले भन्दा १६-१७ वर्षको उमेरको समीरलाई अन्य कुराले चञ्चल बनाएको छ । जिन्सको पाइन्ट, सेतो हाइनेक र रातो ज्याकेट लगाएको गहुँगोरो अनुहार, फुकेको छाति, गतिला हात पाखुरा, सुहाउँदिलो शरीरिक बनावट अनि आँट र हिम्मतको धनी समीर विवाहमा पुग्दा दिपेश, राम, किरण र अन्य धेरै साथीहरु आइसकेका हुन्छन् ।

टाढा टाढाबाट आएका पाहुना पनि खुब मन पराएर नाचगान हेरिरहेका हुन्छन् । करिना, सुशिला, समिता र इन्दिरा पनि समीरकै नजिक अर्को बेन्चमा बसिरहेका हुन्छन् । रातको २ बजे केटोकेटी रुने कराउने र बुढाबुढी घर जाने जमर्को गर्छन् । सन्तेले समीरलाई नाचगानको बारेमा सोध्दै नाच्न पनि मान्दैनौ भन्छ । समीर लजाउँदै नाचगान रमाइलै भएको र खाली भएपछि नाच्ने कुरा गर्छ । करिना, इन्दिरा र सीता पनि समीरतिर नै हेरिरहेका हुन्छन् । दिपेशले पनि समीरलाई आग्रह गर्छ र समीरले पाहुना नाचेपछि नाच्ने कुरा बताउँछ । त्यसैबेला बेहुलापटिबाट जन्ति गएकी सिर्जना पनि उठेर आउँछे । उसलाई इन्दिराले नाच भन्छे तर बस्ने ठाउँ हेर्दै समीरको छेउको खालिठाउँमा बस्न मिठासपूर्ण लज्जालु भावमा ‘कृपया खालि ठाउँमा बस्न सक्छु कि ?’ भन्छे र समीरको सकारात्मक उत्तर आएपछि ऊ बस्छे । यसरी सँगै जोडिएर बसेदेखि समीर र सिर्जनाको प्रेमको सुरु भएको अभाष हुन्छ र यस उपन्यासका नायक नायिका क्रमशः समीर र सिर्जना हुन् ।

**संघर्ष विकास**

पहिलो भेटमा नै दुवैले एक अर्काप्रति भित्रभित्रै प्रेम गर्न थाल्छन् । उनीहरु भेट भएकै दिन उक्त विवाहमा सिर्जनाको नाचले समीरलाई उसको शरीरिक बनोट हेर्ने र समीरको नाचले सिर्जनालाई समीरको शारीरिक बनावट हेर्ने मौका भयो भने नाची सकेर सँगै बस्दा त्यसमा पनि सिर्जनाले आफ्नो शरीरको बोझ समीरलाई बोकाउँदा र वैवाहिक कार्यक्रमको अन्त्यतिर बाँडिएको चिया र कसारमा पनि घाँटी दुखेको निहुँमा सिजर्नाले कसार खाँदिन र चिया पनि समीरले खाइसकेपछि उसको गिलास आफूतिर तानेर आफ्नो गिलास राखिदिन्छे र पछि दुवै गिलासको चिया उसैले खाएको रहस्य खोलिदिन्छे । त्यसपछि उनीहरुको छुट्ने बेला हुन्छ । उनीहरु आँखाको इशाराले छुट्छन् ।

समीरको साथी दिपेश र सिर्जनाको घर संगै छ । उनीहरु काका बडाबाका छोराछोरी हुन् । समीरको घर त्यहाँ देखि करिब अढाई घण्टा टाढा छ । भोलिपल्ट विहान दिपेशको घरमा सुतेको समीर र इन्दिराको घरमा सुतेकी सिर्जनाको घर जाने क्रममा देखादेख हुन्छ । समीर घर जाँदा भाइ बहिनी स्कुल गइसकेका हुन्छन् भने आमा खाना खान थालेकी हुन्छिन् । समीर पनि खाना खाएर आमादेखि डराउँदै घाँस काट्न जान्छ तर रुखको फेदमा गएर रातिको कल्पना गदागर्दै निदाउँछ र आमाले बोलाएपछि ब्यूझेर हतार-हतार घाँस काटेर घर जान्छ ।

त्यसको दुई दिन पछाडि डब्बामा भएको  घ्यू बेचेर भाइ बहिनीलाई पेन्सिल, कपि र आमालाई कङ्कड ल्याउने निहुँमा बिहान १० बजेतिर सिर्जनालाई भेट्ने आशा सहित समीर बजार जान्छ । दिपेशको घरमा पुग्दा दिपेश राजेशसँग बजार गएको थाहा पाउँछ र सिर्जना स्कुल गई होला भन्ने सोचका साथ ऊ बजार जान्छ । बजारमा सिर्जनाकी साथि इन्दिरासँग भेट हुन्छ । उसले समीरलाई बोलाउँछे तर समीरले नचिनेको हुनाले आफ्नो परिचय दिन्छे । इन्दिराले राम्रो कपि र पेन्सिल छानेपछि उनीहरु चियानास्ता गर्न जान्छन् । चिया नास्ताको पैसा इन्दिराले तिरेपछि मात्र आफ्नो पुरानो साथी राजनकी बहिनी इन्दिरा रहिछ र उसका दाजु राजनको फोन विदेशबाट आउने भएकाले ऊ त्यहाँ आएकी रहिछे भन्ने थाहा पाउँछ । चिया नास्ता कै क्रममा समीरको पारिवारिक जानकारी पाउने अवसर इन्दिरालाई मिलिसकेको हुन्छ । इन्दिराले समीरलाई छोड्नै सक्दिन र सँगसँगै बजार घुमेर घर पनि सँगै फर्कन्छन् । बजारबाट घर फर्कदा समीरको हात इन्दिराले समाती रहन्छे । घर फर्कदा उसको हात छुटाउन म बाहिर फेर जान्छु भन्छ तर आएपछि फेरि हात समाउँछे ।

सिर्जनाको घरको छेउमा पुगेपछि हात छुटाउन समीरले पानी खाने निहुँ गर्छ र पानी खाएर सरासर हिड्छ । सिर्जना र समीरका आँखा जुद्छन् । सिर्जनाका आँखा रिसले (इर्श्याले) राता हुन्छन् । सिर्जना र इन्दिरा बोल्न थाल्छन् भने समीर घोसे मुन्टो लगाएर दिपेशको घरतिर लाग्छ । इन्दिरा पनि त्यतै जान्छे । दिपेशको घरमा चिया नास्त गर्छन् । सिर्जना खोइ त भनेर आन्टिले सोध्दा उसको टाउको दुखेर सुत्न गई भन्छे । दिपेश इलाम जानुपर्ने भएकाले ऊ गइसकेछ र भेट भएन भनेर समीरले बताउँछ र चिया नास्ता सिध्याएर सिजर्नासँग बोल्न नपाएकोमा पीर मान्दै समीर घर जान्छ । झ्याबाट हेरिराखेकी सिर्जिना र समीरको आँखा जुध्छन् । समीर घोसे मुन्टो लगाउँछ । इन्दिरा समीरलाई उसको घरमा जान आग्रह गर्छे तर उसले पछि आउँछु भन्छ र आ-आफ्नो बाटो लाग्छन् । भाउजुले बोलाएपछि टाउको दुख्न अलिक ठिक भएको बताउँदै सिर्जना आउँछे र आइतबारको फूटबलको फाइनलको लागि समीर शनिबार नै आउने कुरा आन्टीबाट थाहा पाउँछे । ऊ खाजा खाएर घर जान्छे । बेलुका खाना खाएर सुतेपछि उसलाई निद्रा आउँदैन । इन्दिरा र समीरलाई सँगै हिडेको देख्ने वित्तिकै टाउको दुख्ने सिर्जनाको मनमा इन्दिरा र समीरका बीचमा लगनगाँठो बाधिन्छ की भनेर पीर मान्दा मान्दै पत्तै नपाई निदाउँछे । उता समीरलाई पनि सिर्जनाका यादले निद्रा लाग्दैन । ऊ प्रेम प्रस्ताव राख्ने निर्णयमा पुग्छ तर अश्विकार गर्ने हो की भन्ने डर पनि लागेको छ ।

आमासँग विदा मागेर समीर पुलभञ्ज्याङ्ग स्कुल हुँदै दिपेशको घरमा जान्छ । जाने बेलामा आमाले विचार गरेर मात्र काम गर्नू भनेकी हुन्छिन् । जाँदा बाटामा स्कुलबाट फर्कदै गरेका सिर्जना, इन्दिरा, अमृता, कमला र करिनासँग समीरको भेट हुन्छ । भित्री आत्मा देखि नै समीरलाई मन पराउँन थालेकी इन्दिराले सबै भन्दा पहिला देख्छे र समीर आइपुगेपछि समीर दाई आइपुग्नु भयो भन्छे । समीर सिर्जना पटि हेर्दै भोलि प्राक्टिस गर्नका लागि आएको बताउँछ । उता सिर्जनालाई भने इन्दिरा पहिले बोलेकोमा डाह उत्पन्न हुन्छ । करिना, अमृता पनि समीरसँग 'दाई' सम्बोधन गर्दै बोल्छन् भने सिर्जनाले आफूचाहिँ के भन्ने भन्दै सोच्छे । समीरसँग आँखा जुध्दा मुसुक्क हाँस्छे । इन्दिरा भने समीरसँग टाँसिदै हिड्छे । त्यसपछि सिर्जना पनि केटीहरुलाई सम्बोधन गर्दै बोल्छे र सबै बोल्दै जान्छन् । छुट्ने बेलामा इन्दिराले समीरलाई बेलुका आउनु भन्छे भने सिर्जना अँध्यारो मुख लगाउँछे । समीरले भ्याए विहान खाना खान आउँछु भन्ने उत्तर दिन्छ । दिपेशकोमा पुगेपछि सिर्जनाले आन्टीको आज्ञाअनुसार हात धुने पानी र चिया नास्ता दिन्छे । चियाको ठाउँमा उसले दूध

ल्याएर दिन्छे । दिपेश अचानक ट्वाइलेट जान्छ । समीर सिर्जनालाई विवाहमा चिया साटेको प्रसङ्ग ल्याएर जिस्क्याउँछ । ऊ यस प्रसङ्गमा नजिस्क्याउन आग्रह गर्छे र आफूले कसरी सम्बोधन गर्नु भनेर सोध्छे । दिपेश आइपुग्छ । विभिन्न परिकारसँग खाना दिन्छे । कोठामा पानी पुऱ्याएर सुत्न जान्छे ।

सिर्जना बिहान राती नै घाँस काटेर आउँछे । समीर र सिर्जना इन्दिराकामा जान्छन् । बाटामा इन्दिराका बारेमा कुरा गर्छन् । इन्दिराकामा पुगेपछि आफू राजनको साथी भएको कुरा समीरले बताउँछ । आन्टिले इन्दिरा तिम्रै बहिनी हुन् ख्याल राख्नू भन्छिन् । अङ्कललाई समीरले आफ्नो परिवारमा दुईटा भाइबहिनी र आमा मात्र भएको बताए पछि सिर्जनालाई अझै समीरको माया लाग्छ । सिर्जना उसका साथीसँग स्कुलजाँदा इन्दिरा भने मुड अफ देखिन्छे ।

दिपेश धारामा लुगा धुदै गरेका बेलामा सिर्जना गएर कप कसरी जिम्मा लगाउने भन्ने बारेमा सोध्छे र दिपेशले भोलि जाने कुरा बताउँछ । भोलिपल्ट दिपेश समीरको घरमा गएर चिया नास्ता गर्दै गर्दा समीर पनि आइपुग्छ । आमाको आग्रह अनुसार दिपेश त्यही बस्छ र समीर र दिपेश एकान्त स्थानमा गएर अप्ठ्यारो मान्दै आफ्ना कुरा गर्न खोज्छ तर सकिराखेको हुँदैन । दिपेशको आग्रह अनुसार इन्दिराले आफूलाई मन पराएको चिठी लेखेको बताउँदै चिठी देखाउँछ । समीरलाई प्रेम प्रस्तावको प्रत्युत्तर माग्दै लेखेको चिठी दिपेशले पढ्छ । चिठी पढिसकेपछि समीरले इन्दिरालाई हैन सिर्जनालाई मन पराएको कुरा बताउँछ । सिर्जनाको दाजु दिपेश भएकाले उसलाई दिपेशसँग भन्न धेरै अप्ठ्यारो भएको भए पनि उसले मुख खोले पछि दिपेश पनि आँसु बगाउँदै आफ्नो प्रेम कहानी बताउँछ । प्रेमले बनाएको हालतका बारेमा कुरा गर्छ र दुवै रुन्छन् ।

दिपेश र सीता कक्षा एक देखि दशसम्म सँगै पढ्ने साथी हुन् । एक अर्कामा माया गर्छन् । जब सीताले एस.एल.सी. पास गरी त्यस पछि उसलाई दाजुले अन्तै पढाउन लान्छ । चारपाँच महिनासम्म त पत्र आदान प्रदान हुन्छ त्यस पछि दुवैलाई एक अर्काको बारेमा थाहा हुँदैन । सीता स्कुल नगई दिपेशको घरमा गएर चिया नास्ता गरेर घर फर्कने र चोर रुग्ने निहुँमा तलामा रातभर बसेर उज्यालो हुने बेलामा दिपेश आफ्नो घरमा फर्केको कुरा समीरलाई पनि थाहा छ र त्यो कुरा दिपेशसँग गर्छ । उसले दिपेशलाई सम्झाउने क्रममा भविश्यमा सीतासँग दिपेशको भेट हुनसक्ने कुरा गर्छ र दिपेश अलि शान्त हुन्छ । दुवै घरमा आउँछन् र खाना खाएर सुत्ने कोठामा गएपछि दिपेशले समीरलाई सल्लाह दिन्छ । उसको

सल्लाह अनुसार बहिनीले पत्र दिन बिर्सिछ र हिजोमात्र दिई भन्ने र आफूले सिर्जनालाई छानी सकेको कुरा इन्दिरासँग समीरले गर्ने निश्चित हुन्छ ।

एक हप्तासम्म पनि पत्रको उत्तर नआएकाले मानसिक चिन्ताले इन्दिरा बिरामी हुन्छे । इन्दिराले भित्तापटि फर्केर सुतेर आमासँग पानी मागेको बेला समीर पुग्छ र इन्दिरालाई बोलाएर पानी दिन्छ । आँसु चुहाउँदै पानी पिउँछे । समीरले उसको लुगा सम्हालि दिन्छ । बिरामको बारेमा चर्चा हुन्छ । त्यस पछि प्रेमका कुरा हुन्छन् । इन्दिराले समीरलाई धेरै माया गरेको कुरा बताउँछे र समीरले पनि उसलाई धेरै माया गर्ने तर बहिनीका नाताले माया गर्ने कुरा गर्छ । यो कुरा सुन्दा इन्दिरामा शिथिलता आउँछ र ब्रह्माण्ड घुमेको महसुस हुन्छ । किन भनेर सोध्छे र प्रत्युत्तरमा समीरले इन्दिरामा कुनै कमजोरी नभए पनि उसको दिलमा कसैले ठाउँ ओगटी सकेको बताउँछ । समीरले माया गर्नेले उसलाई माया गरेको वा नगरेको थाहा नपाए पनि एकलौटी भए पनि माया गरेको कुरा आँसु झार्दै गर्छ । तत्कालै अर्को जन्ममा भए पनि समीरकी हुने प्रार्थना गर्छे । यस जन्ममा दाजु बहिनी नै भयौं भन्दै समीरको आँसु पुछिदिन्छे । इन्दिराले समीरको निधारमा चुम्वन गर्दै त्यो भाग्यमानी को हो ? भन्दै सोध्छे । समीरले सिर्जना भएको कुरा बताउँछ । त्यसपछि उसले विगतका कुरा सम्झन्छे । समीरसँग बजारबाट आउँदा सिर्जनाको टाउको दुःखेको, कप, पुरस्कार सिर्जनाले नै समाएको आदि ।

इन्दिराले समीरको मायामा सहयोग गर्ने कुरा बताउँछे । समीरले पनि सिर्जनालाई लेखेको पत्र पुऱ्याउन र त्यसको उत्तर आजै ल्याउन अह्राउँछ ।

सिर्जना पढी राखेको बेलामा इन्दिरा पुग्छे र पत्र दिन्छे । इन्दिराले पत्रको उत्तर के दिऊँ भन्दा पर्सिपल्ट फिदिमको पाथिभरा होटलमा ११ बजे आउनु भन्दिनु भन्छे । इन्दिरा अँध्यारो मुख लगाउँदै सिर्जनाले जितेको कुरा गर्छे र बाटो लाग्छे । सिर्जना ढोका बन्द गरेर पत्र पढ्छे । पत्रमा समीरले सिर्जनालाई धेरै माया गरेको तर आइ लभ यू भन्न नसकेको कुरा लेखिएको हुन्छ र पत्र पढी सकेर आइ लभ यू समीर भन्दै आँसुका धार बगाउँछे । सिर्जनाले भनेको समय र स्थानमा गएर समीर बस्छ । बल्ल एक घण्टा पछि सिर्जना आउँछे । होटलको भित्रपटि जान्छन् र माया प्रेमका कुरा गर्छन् । उनीहरु एकअर्कामा असाध्यै माया गर्ने गरेको कुरा गर्दै हर्षाश्रु सहित एक अर्कालाई चुम्वन गर्छन् । होटलमा काम गर्ने केटाले चिया नास्ता लिएर आउँदा ढोका ढक्ढक्याउँछ र उनीहरु सम्हालिन्छन् । चिया खाँदा समीरले आज त चिया साटिनौ भन्छ भने सिर्जना दिलै साटियो भन्छे । एक अर्कामा नछुट्ने कसम

खाँदै घरतिर लाग्छन् । सिर्जनाको घरमा आइपुगेपछि छुट्ने बेलामा पुस २० गते पूलभञ्ज्याङमा भेट्ने बाचा गर्छन् । समीर र सिर्जना कार्यक्रममा आठ बजे पुग्छन् । त्यहाँको जाडोले सिर्जनाको सल दुवैले ओड्छन् र सिर्जना समीरको काखमा सुत्छे । सिर्जनाले गफगाफको क्रममा अप्रत्यक्ष रुपमा विवाहको प्रस्ताव राख्छे । सिर्जनाको उक्त प्रस्तावको प्रतिक्षामा आफू रहेको तर विवाहका लागि योग्य समय नभएको कुरा समीर गर्छ सिर्जना पढ्दै गरेकी र आफ्नो जागिर मिली नसकेकाले केही समय पर्खनु पर्ने कुरा गर्छ । सानो घर दुई सन्तान र उनीहरुको परिवार समाजकै उदाहरण होस् भन्ने चाहना भएको बताउँछ । यतिकैमा समीरलाई स्टेजमा बोलाइन्छ । समीरले स्टेजमा गएर आफ्नै रचनाको गीत गाउँछ । सिर्जना पनि उसको प्रतिभा देखेर छक्क पर्छे । रातको बाह्र बजे भए पछि सिर्जनाले समीरलाई उसकै घरमा जाऊँ भन्छे तर एक महिना जतिको लागि विर्तामोड र आवश्यक परे काठमाण्डौ समेत जाने कुरा गर्छ र आफ्नै घरतिर लाग्छ । त्यसपछिका दिनमा एस.एल.सी. को तयारीको लागि सिर्जना निकै मिहिनेत साथ पढ्छे । भाउजुले पनि आमा नभएकी सिर्जनालाई आसाध्यै माया गर्छे ।

मावलीको आशमा विर्तामोड गएको समीर काठमाण्डौको गल्ली गल्लीमा चाहर्दा पनि काम नपाएपछि तीन महिना पछि घर फर्कने विचारले बसपार्क जान गौशालामा गाडि पर्खने क्रममा सीतसँग भेट हुन्छ । एक अर्काको पारिवारिक गफ हुन्छ । दिपेशको बारेमा सीताले सोध्छे । दिपेशलाई नसुनाउने शर्तमा सीताले आफ्नो कहानी भन्छे ।

सीता दिपेशबाट टाढा हुन नभएर दाजु भाउजूले उसलाई झुक्याएर केहि दिनकोलागि काठमाण्डौ लगेका थिए । तर दिपेशसँगको सम्बन्धको शङ्काले गर्दा उता पठाएका रहेछन् । ऊ काठमाण्डौ पुग्दा उतै कलेजमा उसको एड्मिसन भएको रहेछ । तै पनि दिपेशसँग पत्राचार त छुटेको थिएन । सीताका दाजुले दिपेशको पत्र पाएर उसलाई मरणासन्न हुने गरी कुटेछ र पनि उसले दिपेशलाई नछोड्ने बताएपछि उसलाई धारिलो हतियारले काट्न आँट्ता भाउजूले खोसिछन् र भाउजूको हातै काटिएछ । त्यसपछि उसलाई भाउजूले हाम्रो इज्वत राखिदेऊ भनिछन् । यसरी सीताले आफ्ना जीऊका निलडाम देखाउँदै र रुँदै सबै कुरा भनेपछि समीरलाई सीता प्रतिको घृणा हटेर दया लाग्छ र उसका आँखाबाट पनि आँसुका धारा बग्न थाल्छन् । दिपेशसँग छुटाउनको कारण दिपेश क्षेत्री र सीता ब्राह्मण परिवारका हुन् भन्ने कुरा समीरले थाहा पाउँछ र उसको आङ् जिरिङ्ग हुन्छ किनभने सिर्जना र समीरको पनि जात मिल्दैन । समीर अचम्म पनि पर्छ किनभने पढेलेखेको परिवारमा

एक्काइसौं शताब्दीमा पनि जातभातका कुरा सुनेर । सीताले अझैं थप्दै जान्छे, "मैले पत्राचार कायम राख्दा अझैं ठूलो दुर्घटना हुनसक्छ भनेर पत्र पठाएको छुइन । दिपेश छोरो मान्छे हो मलाई विर्सियो होला । टाढा भएपनि मायाको अनुभूति भइरहन्छ ।" दिपेश सीताको मायामा तड्पिरहेको र नारी पनि साहसी हुँदा रहेछन् भनेर सीताले देखाउनु पर्छ भन्दै समीरले सीतालाई सान्त्वना दिन्छ । समीरले लामो समयसम्म बसिएछ दाजुले के भन्नु हुने हो भन्दा जीउँदो लास भइसकेकी छु भन्दै चियाखान समीरलाई लान्छे । समीरलाई फर्कने दिन सोध्छे र भोलि फर्कने कुरा समीरले बताउँछ र ठेगाना माग्छ । त्यसपछि उनीहरु छुट्छन् ।

समीर घरमा आएर आफ्नो योग्यता कम भएकाले जागिर पाउँन नसकेको बताउँछ । उसले पैसाको अभावमा बाह्र कक्षा मात्र उत्तीर्ण गरेको छ । अब जागिरका लागि प्रयास नगर्ने कुरा समीरले गरेपछि आमा दु:खित हुँदै विवाह गरेर गुजारा चलाउन गाह्रो हुन्छ भन्छिन् । उसको बाबु टि.भी. ले मरेको जाँड, रक्सी खाने, परस्त्रीसँग लाग्ने, नियमित औषधि सेवन नगर्ने बानीले मृत्यु भएको साथै धेरै ऋण भएको कुरा आमाले भनेपछि उसलाई बाबुको मृत्युको कारण र आमाले गरेको दु:ख थाहा हुन्छ । उसलाई दु:ख लाग्छ । भाइ बहिनीले पनि दाजुलाई परीक्षामा राम्रो अङ्क ल्याएको कुरा बताउँछन् । उसले ल्याएका कपडा भाइ, बहिनी र आमालाई दिन्छ । उसका बाबुले ल्याए भन्दा राम्रा लुगा ल्याइदिएकोमा आमा खुसी हुन्छिन् तर उसले आफूलाई नल्याएकोमा बहिनी र आमाले दु:ख मान्छन् । हुन पनि उसले लगाएको एकसरसो लुगा बाहेक उसका अरु लुगा छैनन् । दुई दिन पछि समीर दिपेश र सिर्जनालाई भेट्न जान्छ । समीर दिपेशको कोठामा पुग्नासाथ समीरको बोली सुनेर सिर्जना दिपेशको कोठामा जान्छे । एकछिन गफ गरेपछि दिपेश चोकतिर लाग्छ र सिर्जना र समीर मात्र कोठामा हुन्छन् । लामो समयसम्म बेखबर हराएकोमा समीरसँग गुनासो गर्छे । समीर माफ माग्छ र सिर्जनाको गालामा किस खान्छ । केही समय गफ गरेर दुवै जना सिर्जनाका घरमा जान्छन् । सिर्जनाको कोठामा बस्छन् र एल्बम् हेरिसकेपछि पनि जागिर पाउँन नसकेको कुरा गर्छ । सिर्जनाले पनि एस.एल.सी.मा राम्रो गरेको र यही हप्तामा नतिजा आउँछ भन्छे । तर इन्दिराले टेष्ट नदिएको र ऊ बिरामी भएकी छ भन्छे ।

एस.एल.सी. को रिजल्ट आउँदा सिर्जना र उसको परिवार खुसी हुन्छन् किनभने उसले सेकेन्ड डिभिजनमा पास गर्छे र ऊ त्यस परिवारकी एस.एल.सी. पास गर्ने पहिलो महिला

पनि हो । त्यहाँ पाटीको आयोजना गरेको हुन्छ । समीर पनि उक्त पाटीमा आइपुग्छ र अबीर लगाउँदै शुभकामना दिन्छ । उक्त पाटीमा दिनेश र समीरले खाना खाँदै गर्दा इन्दिरा साह्रै बिरामी भएको खबर आउँछ र दिपेश, समीर र गाउँलेहरु हतार हतार कुद्छन् । तीन चार महिनादेखि बिरामी भएकी इन्दिरालाई डाक्टरको सल्लाह बमोजिम इलाम लान्छन् । मष्तिष्कको बिराम भएकाले समीर फर्कन्छ र दिपेश इलाम जान्छ । समीर दिपेशको घरमा आउँछ र सिर्जनाले खाना बनाएर दिन्छे । खाना खाई सकेपछि समीर कोठामा जान्छ र धन्दा सकेर ऊ पनि समीर भएकै ठाउँमा जान्छे । उनीहरु बीचमा इन्दिराको बारेमा कुरा चल्छ । इन्दिराले हिड्ने बाटोमा सिर्जनालाई हिड्ने वातावरण इन्दिराले बनाएकाले त्यस्तो भएको हो भनेर समीर भन्छ । समीरको चिठी लिएर आएको पहिलो दिनमा इन्दिराले भनेको कुरा गर्छे । धेरै बेरपछि सिर्जनालाई सुत्न जाऊ भनेर समीर भन्छ र सिर्जना त्यही सुत्ने कुरा गर्छे । रातको दुई बजेकाले तिमी छाडा नबनी सुत्न जाऊ भन्छ । त्यसपछि भविश्यका कुरा गर्छन् र विवाहको लागि सिर्जनाको पढाइ र समीरले विदेश गएर आउन्जेल पर्खनु पर्ने कुरा समीर गर्छ । त्यसपछि मुनामदनका कुरा गर्छन् र रातको चार बजे कुखुरो बासेपछि मात्र सिर्जना आत्तिदै सुत्न जान्छे र समीर पनि सुत्छ ।

चौबीस घण्टासम्म पनि इन्दिराको होस् खुल्दैन । नौं वटा स्लाइन र पाँचवटा इन्जेक्सन दिई सकेका हुन्छन् । दिपेशले इन्दिराको हात खेलाउँछ, नङ्ग काटिदिन्छ र सीताको सम्झना गर्छ । लामो समयपछि बल्ल इन्दिराको होस् आउँछ र पानी माग्छे । पानी खुवाइदिन्छ । खर्च अपुग भएमा गरगहना र घरबारी नै बेच्ने कुरा फूपु गर्छिन् ।

एक्काइस दिनपछि इन्दिरालाई घर फर्काउने दिन आउँछ । ऊ गाउँमा नर्फकने कुरा गर्छे । दिपेशले आफूले पनि त्यसरी मायाको लागि आँसु बगाएको भए सात समुद्र हुने कुरा गर्छ । इन्दिरा माया भन्ने कुरा साट्न, चाख्न, फ्याक्न नसकने कुरा रहेछ भन्छे । संसारका प्राणीहरुमध्ये सर्वश्रेष्ठ प्राणी मानव भएकाले जीवनलाई निरर्थक पार्नु नहुने कुरा दिपेश गर्छ । एकोहोरो रोटी पनि नपाक्ने हुनाले दोहोरो माया हुनुपर्छ भन्नेमा दुवै सहमत हुन्छन् । दिपेशले गरेको गुन अर्को जुनिमा पनि आफूले तिर्न नसक्ने कुरा इन्दिरा गर्छे र दिपेशले एक अर्कामा सहयोग गर्नु मानव धर्म भएको कुरा गर्छ । त्यसपछि सबै जना ट्याक्सी चढेर गाउँतिर लाग्छन् ।

सिर्जना विगतका कुरा सम्झेर लामो समयसम्म निदाउँन सक्तिन । समीरको प्रेममा विश्वास गर्छे । भोलिपल्ट भाउजूले बोलाएपछि मात्र ब्यूझन्छे । भाउजूले सिर्जनालाई चिठी

दिएर काममा जान्छिन् । भाउजूलाई कसको चिठी भन्ने पनि थाहा हुँदैन । समीर त्यस दिन घरमा आउने कुरा चिठीबाट थाहा पाएपछि सिर्जना पेट दुखेको छ भनेर रोपाइँमा जान्न । समीर आउँछ र सिर्जनासँग दिनभरी कोठामा बस्छ, निदाउँछ, केहि समय दुवै सँगै सुतेर निदाउँछन्, चिया खाजा खान्छन्, प्रेमका गफ गर्छन् र दिन बिताउँछन् । बेलुका समीरलाई घर जान सिर्जनाले दिन्न । बेलुकाको खाना खाएर समीर दिपेशको कोठामा सुत्न जान्छ र आन्टी र सिर्जना पनि समीर भएको कोठामा जान्छन् र गफगाफ गर्दागर्दै भोलिपल्ट दिपेशको रोपाईमा समीर सघाउने हुन्छ । सिर्जना खुसी हुन्छे । दिपेश घर नआइपुगेकाले उनीहरु एकछिन गफ गर्छन् र सिर्जना सुत्न जान्छे ।

भोलिपल्टको रोपाईमा निक्कै पानी परे पनि चार पाँच हल गोरु सहितको रोपाईं साच्चै रमाइलो हुन्छ । खाजा बाढ्ने क्रममा सिर्जनाले चिया दिंदा समीरको तिघ्रामा चिया पर्छ र बेलुकासम्ममा छाला नै पिल्सिन्छ । बेलुका रोपाईं सकेर नुहाइसकेपछि समीरको खुट्टा खोच्याउने अवस्था आउँछ । सिर्जनाले मासिकाको घरबाट औषधि ल्याएर समीरले लगाएको हाप्पेन्ट माथिसम्म सारेर औषधि लाउँदा समीर लाजले मलिम हुन्छ भने समीरको घाउ देखेर सिर्जना मलिम हुन्छे । आफ्नो कारणले त्यस्तो भएकाले ऊ माफी माग्छे । झुक्किएर त्यस्तो भएकोमा माफी माग्नु पर्दैन भनेर समीर भन्छ र अन्य आन्तरिक कुरा गर्छन् र आ-आफ्नो ओछ्यानमा सुत्छन् ।

समीर काठमाण्डौ गएको पाँच महिनामा बल्ल साउदी अरबबाट समीरको भिसा आउँछ । ऋण काढेर आफ्ना आवश्यक कपडा सहित घर परिवारबाट विदा लिएर समीर सिर्जनाको घरको बाटो हुँदै काठमाण्डौं लाग्छ । हिड्ने बेलामा आमाले रातो टिका लगाइदिदैं 'छोरा मान्छेको सम्पत्ति भनेको नै इमान्दारी, बफादारी र कर्तव्य परायणता हो । नबिराउनु नडराउनु' भन्छिन् भने सिर्जनाले पनि आफ्नो फोटो र केही खानेकुरा सुटुक्क लगाइ दिएर खुसी साथ बिदा गर्छे ।

समीर काठमाण्डौं पुगेर म्यानपावरमा रकम बुझाएर दशैंको मुखमा भएपनि बिदेशिन्छ । पुगेको पर्सिपल्टदेखि काममा लागेको समीरले १५ दिनपछि सिर्जनालाई पत्र लेख्छ । यता समीर गएको तीन महिनासम्म पत्र नआउँदा सिर्जनाको स्वस्थ्य कमजोर हुन्छ र उसकी साथी टिकाले सोध्छे । टिकाले समीरलाई पनि उस्तै भएको होला भनेपछि केही सान्तवना पाएकी सिर्जनाले घरमा पुगेपछि दिपेश मार्फत मरुभूमिको तातो घाममा काम गर्नु परे पनि भविश्य निर्माणको आधार मानेको र सिर्जनाले अरु कसैलाई जीवन साथी बनाए आफ्नो अन्त्य त्यही हुने कुरा लेखिएको हुन्छ । पत्र पढिसकेर निर्जिव पत्रलाई धेरै बेर चुम्बन गर्छे र पत्रको उत्तर लेख्न सुरु गर्छे ।

"संगै बस्ने बेलामा दैवले टाढा पुऱ्याएकोले दुःखित छु" भन्दै सिर्जना लेख्छेः-

आकाशको तारा, धर्तीको मोति के टिप्न सक्छ र !

छातिको चोट मुटुको माया को देख्न सक्छ र !!

समीरलाई लेखेको लामो पत्रमा इन्दिरा पनि रामसँग विवाह भएर खुसी देखिएकी, दिपेश निराश देखिएको र जाँड, रक्सी र चुरोट खान थालेको, गाउँघरतिर पनि राम्रै भएको, तिहारमा समीरको घरमा सिर्जना देउसी खेल्दै चार पाँच जना साथीसँग पुगेकी, आमा बहिनीले सेल पकाउँदै गरेका र सेल सहित नाङ्लोमा राखिदिएका आदि कुरा लेख्छे । दिपेशलाई जाँड, रक्सि नखान सम्झाउदै पत्र लेख्न आग्रह गर्छे । अन्त्यमा आफ्नो जीउको ख्याल राख्नु भन्दै बिदा हुन्छे र केही लाइन कविता यसरी लेख्छे.....

मायाका खानी हे मेरा समीर मन खोली बोलन

याद आउँछ कति बिछोडको माया हाँसो र रोदन ।

रमाइलो दिन कसरी होला हे समीर बताइदेऊ

बिछोड हैन एकसाथ सदा बिन्ति यो सुनिदेऊ ।.....

समीरको पत्र आए पश्चात् सिर्जनाको सम्पूर्ण व्यवहारमा परिवर्तन आउँछ । डेढ तोलाको सुनको सिक्रि लागायतका सामानहरु पाएपछि ऊ अझै खुसी मान्छे । कोठामा बसिराखेका बेलामा भाउजूले खाना खान बोलाउँछिन् । दिपेश आएर समीरको जरुरी फोन आएको छ म जान्छु भन्दै रातको नौ बजे फोनतिर लाग्छ । सिर्जना भने समीरलाई ठूलै आपत भयो होला भन्दै पीर मान्छे र समीरको फोटो हेर्न थाल्छे ।

साढे एघार बजे दिपेश आएर समीरलाई त ठिकै भएको तर आमा सिरियस भएकाले सिर्जनालाई जाऊँ भन्छ र दुवै जना जान्छन् । समीरको घरमा रुवाबासी भइराखेको हुन्छ । गाउँलेहरु भेला भएर बसिराखेका हुन्छन् । दिउँसो दुई बजेतिर विरामीको मुखबाट खुन बगेको तर विरामीले हस्पिटल जान नमानेको कुरा कार्की बाले गर्छन् । समीरको फोन आफूलाई आएको र तुरुन्त फिदिम हस्पिटल लानु भनेको कुरा दिपेश गर्छ र धेरै गाउँले भएर हस्पिटल कुदाउँछन् । बिहान पाँच बजे फिदिम साब्राङ् पुच्छरको वरपिपलमा बिसाएको बेला आफू नबाँच्ने त्यसैले घर फर्काउन विरामीले अनुरोध गर्छिन् । उनको पुरानो बिराम भएको र निको नहुने देखिएकाले घरतिर फर्काउँछन् । आमाको सल्लाह अनुसार समीरलाई बोलाइँदैन । घरमा आइपुगेपछि सिर्जना र भाइ बहिनी रुन थाल्छन् । बिरामी समीरकी आमाले चोलीभित्रबाट चाबी झिकेर सिर्जनालाई दिन्छन् । गालामा चिमोटे झैं गरेर हातको

इसाराले सिर्जनालाई टाटा गर्छिन् । उनले सिर्जना यस घरकी बुहारी नै हो भन्ने बुझे झैं भान हुन्छ र गाउँलेहरु पनि छक्क पर्दछन् । त्यसपछि उनी परलोक हुन्छिन् । दिपेशले पञ्चरत्न ख्याउने र सेतो कपडाले लासलाई ढाक्ने काम गर्छ ।

**चरमोत्कर्ष**

पाँचथरबासी कलाकारहरुले सदरमुकाम फिदिममा आयोजना गरेको कार्यक्रम हेर्न दिपेश र सिर्जना पनि जान्छन् । हजारौं मान्छेहरु भेला भएको उक्त कार्यक्रममा चारैतिर माइकको राम्रो व्यवस्था गरिएको हुन्छ । विदेशबाट आउँदै गरेको समीर पनि उक्त कार्यक्रममा भागलिन काठमाण्डौ नबसी आउँदै हुन्छ । सिर्जना पनि समीर आउने खुसीयालीमा स्वर्गकी अप्सरा जस्तै भएर सबैको नजरमा देखिन्छे । अरुलाई कार्यक्रमको उत्सुकता छ भने उलाई समीरको । उद्घोषकले समीर आउँदै गरेको जानकारी गराउँदै कार्यक्रमलाई अगाडि बढाउँछ । प्रतिभाशाली कलाकार आँसुको एकल गायन कार्यक्रमको अन्तिममा सुन्न पाइने हुनाले धैर्य गर्न पटक पटक आग्रह गर्दै कार्यक्रम अगाडि बढ्छ । बिर्तामोडबाट काठमाण्डौ गइराखेको बसले एउटा बालकलाई किचेर मारेकाले गाडी स्ट्याक हुन्छ । पतलैयाको जङ्गलमा गाडी स्ट्र्याक भएकाले समीर आउन केही ढिला हुने जानकारी उद्घोषकले दिन्छ । उता समीरले आफ्नै गाउँकी प्रतिभाशाली आँसुले गीत गाउँने सुनेर आँसु को होला ? उसको गीत सुन्न पो नपाइने हो कि भनेर चिन्तित हुन्छ भने सिर्जना समीर समयमा नआइपुग्ने हो कि वा गाडी एक्सिडेन्ट्मा पऱ्यो कि भनेर चिन्तित हुन्छे । केहि समयपछि समीर फिक्कल अनि कान्छी दोकान आउँदै गरेको जानकारी उद्घोषकले गर्छ । फिक्कल आइपुगेको जनाकारी दिएको केही समयपछि सिर्जना चञ्चल भएर पटक पटक कान्छि दोकानतिर गाडि आउँछ कि भन्दै हेर्छे र कार्यक्रम भन्दा उसको चञ्चलपनले दर्शकलाई आकर्षित पार्छ ।

दिपेश सीतालाई सम्झेर भावुक हुन्छ । त्यो देखेर सिर्जनाले कुरा बुझ्छे र पुराना कुरा बिर्सिएर नयाँ बाटो अपनाउनु बुद्धिमानी हुने सल्लाह दिन्छे । त्यसपछि समीर आइपुग्न लागेकाले सिर्जना र दिपेश बस स्टेन्डतिर लाग्छन् भने उद्घोषकले कार्यक्रमको अन्त्य हुने समय भएकाले आँसुलाई गीत गाउन आग्रह गर्दछ तर उसको ठेगाना भने भन्दैन । उद्घोषकले अन्तिम गायक समीर भएको पनि जानकारी गराउँछ ।

**अपकर्ष**

समीर आइपुग्छ र दिपेशसँग अङ्कमाल गर्छ र सिजर्नासँग पनि । आँसु पनि गीत गाइरहेकी हुन्छे । त्यति राम्रो गीत गाउँने को रहेछ चिन्न समीर मञ्चतिर लाग्छ । समीर एक्कासी मञ्चतिर गएको देखेर दिपेश र सिर्जना अचम्म मान्छन् । पर्दाको छेऊमा पुगेर हेर्दा ती गायिका सीता हुन्छिन् । सीताले पनि समीरलाई देख्ने वित्तिकै आँसु (सीता) मुर्छा परेर ढल्छिन् । समीरले सीतालाई के भयो भन्दै दिपेशलाई बोलाउँछ । दिपेशले सीतालाई अङ्कमाल गर्न खोज्छ तर अरुले त्यसो गर्न नदिई हस्पिटल लान्छन् । सामान्य उपचार पछि सीता होस्मा आएर तीनै जनालाई हस्पिटलमा देख्छे । यहाँहरुले पो मलाई यहाँ ल्याउनु भएको कार्यक्रम भरी दिपेश र सिर्जनालाई मैले देखिनँ तर समीरको बारेमा माइकबाट सुने भन्छे । दिपेशलाई हेरेर बोल्छे -“दिपेश ! मेरो दिपेश !!” दिपेश सीतालाई अङ्कमाल गर्दै किन तड्पाएकी भन्छ । सीता बाध्यताले टाढा भएकी भन्दै मलाई नछोड भन्छे । एक अर्काका आँसुले दुवैको शरीर भिज्छ । अब कसैले बाचाबन्धन तोड्न नसक्ने प्रतिबद्धता गर्छे । दुवै जना चुम्बनमा मस्त हुन्छन् । चारै जनाले आ-आफ्ना जोडी बाँधेर आँसु पुछापुछ गर्छन् । समीर ठट्टा गर्दै “सीता, काठमाण्डौका कुरा दिपेशलाई सुनाउँ” भन्छ । सीता र समीर दुवै हाँस्छन् । दिपेश र सिर्जना पनि ।

**उपसंहार**

सीता र समीर कुरा बुझेर हाँस्छन् भने दिपेश र सिर्जना कुरै नबुझी । यसरी यस उपन्यास “हाँसो र रोदन जीवनको बनधन” भन्ने वाक्यबाट अन्त्य गरिएको छ ।”

**४.१.५.२ पात्र योजना**

पात्र योजनाका दृष्टिले यो उपन्यासमा मुख्य पात्रहरुमा पुरुष पात्रहरु समीर र दिपेश रहेका छन् भने नारीपात्रहरु सिर्जना र सीता रहेका छन् । सहायक पात्रहरु इन्दिरा, समीरकी आमा, सीताकी भाउजू, सिर्जनाकी भाउजू, रहेका छन् । खलनायकका रुपमा सीताका दाजु रहेका छन् । त्यस्तै गौण पात्रका रुपमा अमृता, करिना, कमला, लाहुरे बा, फुपू, अङ्कल ( सिर्जनाको बुबा) आन्टी (दिपेशकी आमा), डा. खत्री, कार्की बा, खेतालाहरु, गाउँलेहरु, फुटबलका दर्शकहरु, साँस्कृतिक कार्यक्रमका दर्शकहरु, फिदिम र इलाम हस्पिटलका डाक्टरहरु र नर्सहरु आदि रहेका छन् ।

मुख्य पात्रहरुमा समीर र सिर्जना तथा दिपेश र सीता भए पनि यस उपन्यासका नायक नायिकका भने समीर र सिर्जना नै हुन् किनभने समीर र सिर्जनाकै भेटबाट कथावस्तुको आरम्भ गरिएको छ भने उनीहरुकै परिवृत्तमा रही कथावस्तु अघि बढ्दै गएको र चारैजनाको मिलनबाट अन्त्य गरिएको छ । त्यसकारण प्रमुख सहायक पात्रका रुपमा दिपेश, सीता र इन्दिरालाई लिन सकिन्छ । सीता र दिपेश बीचको प्रेमलाई समीर र सिर्जना बीचको प्रेमको चरमोत्कर्षमा पुगेदेखि बीच बीचमा देखाउँदै लगेको छ । तर भेट नभई दुवै आ-आफ्नै छटपटीमा रहेका देखिन्छन् र अन्त्यमा मात्र भेट हुन्छ भने इन्दिराले समीरलाई एकलौटी प्रेम गरेको र सिर्जना र समीर बीचको प्रेमलाई सहयोग पुऱ्याउने सहमतिमा पुगे पनि तीन महिनासम्म समीरलाई नदेख्दा ऊ मृत्युको छेऊमा पुगेर बाँचेकी छ ।

सीताका दाजुले दिपेश र सीता बीचको प्रेमलाई बाधा पुऱ्याउन र कथावस्तुलाई एक पाटाबाट अगाडि बढाउन महत्वपूर्ण भूमिका खेलेको हुनाले उसलाई खलनायक मान्न सकिन्छ ।

### ४.१.५.३ चरित्रचित्रण

**समीर**

यस उपन्यासको नायक समीर हो । कथा वस्तुको आरम्भदेखि अन्त्यसम्म समीरको महत्वपूर्ण भूमिका रहेको छ । दिपेश पनि सुरुदेखि नै देखिए तापनि सम्पूर्ण कथावस्तु समीरकै सेरोफेरोमा आएको हुनाले यस उपन्यासको नायक समीर नै हो भन्न सकिन्छ ।

समीरले पहिलो भेटमै सिर्जनालाई मन मष्तिष्कमा आफ्नो मान्छे बनाएको छ । सिर्जनाले पनि मनमनै समीरलाई छानी सकेकी हुन्छे किनभने समीर जीउ डाल मिलेको लायकदार मान्छे छ । नाच्न गाउँन जान्ने समीर आफ्नै रचनामा गीत गाउँन सक्ने व्यक्ति हो । आर्थिक स्तरमा निम्न वर्गको भए तापनि ऊ विचारमा गरीब छैन । अर्काको दुःखलाई आफ्नै दुःख मान्ने सहयोगी स्वभावको समीर असल फुटबल खेलाडी पनि हो । अल्लारे उमेरको ठिटो भए तापनि भविश्यलाई सोचेर मात्र कदम अगाडि बढाउने उसको स्वाभाव देखिन्छ । यौनेच्छालाई आवश्यकता अनुसार दमन गर्न सक्ने मृदुभाषी समीर दिपेशको घनिष्ट मित्र पनि हो । आपदविपदमा सक्रिय भएर काम गर्ने समीर सिर्जनाको मात्र नभएर इन्दिराको समेत प्रेमी हो । सिर्जनासँग दोहोरो प्रेम गर्ने समीर इन्दिरालाई साथीको बहिनीका नाताले आफ्नै बहिनी सरह माया गर्छ । इन्दिराको एकोहोरो माया भएको जानकारी दिएर

प्रेममा धोका दिन ऊ चाँहदैंन । आफूलाई नल्याइ भएपनि परिवारका सदस्यलाई कपडा ल्याएबाट ऊ परिवारको जिम्मेवारी बहन गर्ने असल अभिभावक हो भन्न सकिन्छ । बुबाको मृत्युको कारण पनि दशवर्ष पछि मात्र थाहा पाउने समीर आफ्नो भविश्य निर्माणकालगि विदेशिन्छ र आमाको अन्तिम अवस्थामा पनि ऊ साथीलाई फोन गर्न विवश भएबाट पनि ऊ आर्थिक रुपमा पीडित पात्र हो भन्न सकिन्छ ।

**सिर्जना**

सिर्जना यस उपन्यासकी नायिका हो । पहिलो भेट्मै समीरलाई पहिलो जीवनसाथी बनाउन चाहने सिर्जना अत्यन्तै सुन्दर र जीउडाल मिलेकी १५/१६ वर्षकी केटी हो । दशौं कक्षामा अध्ययनरत सिर्जना नाच्न र गाउँनमा पनि प्रतिभाशाली छ । आमा नभएकी सिर्जना भाउजूकी प्यारी छ । नाताले ऊ दिपेशकी बडाबाकी छोरी बहिनी हो । दिपेशको घरमा समीरलाई बारम्बार भेट्ने सिर्जना आफ्नो कोठामा समीरलाई पटक पटक लान्छे र दिनभरी राख्छे । समीरलाई धेरै माया गर्ने प्रवृत्ति उसमा  पाइन्छ । आफ्नो ज्यान भन्दा बढी माया समीरलाई गरेबाट ऊ प्रेममा लालयित नारी हो भन्न सकिन्छ । ऊ समीरबाट यौनेच्छा पूरा गरिमाग्न समेत पछि पर्दिन । एकछिनले भविश्य बिग्रन्छ भन्ने कुरा थाहा पाएपछि सामान्य अवस्थामा आएबाट ऊ धैर्यशील, बुद्धिमानी र भविश्यलाई सोचेर काम गर्ने पात्र हो भन्ने थाहा हुन्छ । कथावस्तुको सुरुदेखि अन्त्यसम्म सिर्जनाको महत्वपूर्ण भूमिका देखिन्छ । उसले कसैलाई नराम्रो शब्द प्रयोग नगरेबाट ऊ मृदुभाषी र सहयोगी छ भन्न सकिन्छ । सामान्य आर्थिक स्थिति भएकी सिर्जना आफ्नै गाउँ र सदरमुकाममा मात्र सिमित रहेकी ग्रामिण परिवेशकी पात्र पनि हो ।

**इन्दिरा**

इन्दिरा यस उपन्यासकी प्रमुख सहायक नारी पात्र हो । समीरलाई आफ्नो जीवनसाथी बनाउन खोज्ने इन्दिरा एकोहोरो प्रेममा फसेकी छ । समीरले आफूलाई नभएर सिर्जनालाई मन पराएको थाहा पाएपछि समीर र सिर्जनाको प्रेममा सहयोग पुऱ्याउँने इन्दिरा समीरलाई तीन महिनासम्म नदेख्दा बिरामी परेकी छ । ऊ पानी समेत ख्वाइदिनु पर्ने स्थितिमा पुगेकी हुनाले उसको मन मष्तिष्कमा समीरलाई नै चाहेको स्पष्ट हुन्छ । अर्को जुनीमा भएपनि समीरकै हुने चाहना राख्छे । मानसिक रोगले शारीरिक रुपमा अशक्त भएर एक्काइस दिन

हस्पिटल राखेपछि केही आराम भएकी इन्दिरा रामसँग वैवाहिक बन्धनमा बाँधिएर खुशीसाथ जीवन यापन गर्न पुग्छे । उसको जीवन पनि अन्त्यमा खुसीसाथ वितेको छ ।

**दिपेश**

दिपेश यस उपन्यासको प्रमुख सहायक पुरुष पात्र हो । सिर्जनाको दाजु र समीरको साथी दिपेश सिर्जना र समीरको प्रेममा महत्वपूर्ण रुपमा सहयोग गर्ने पात्र हो । स्कुले जीवनदेखि सीतासँग प्रेममा फसेको दिपेश सीताका दाजु भाउजूले सीतालाई काठमाण्डौ पठाएपछि पानी बिनाको माछो झैं भएर तड्पिएर हिड्न बाध्य छ । सीताले उसलाई बिर्से पनि वा नबिर्सेकी भए पनि आफू सीतालाई बिर्सन सक्दिन भन्ने दिपेश मध्यम स्तरीय परिवारमा जन्मेको, छरछिमेक र साथीभाइलाई सरसहयोग गर्न रुचाउने, इमान्दार पात्र हो । यस उपन्यासमा झण्डै समीरको हाराहारी मै भूमिका खेल्ने दिपेशको भेट सीतासँग उपन्यासको सुरुदेखि नै हुँदैन । उपन्यासको सुरुमा नै सीता र दिपेशको बाध्यताले बिछोड भइसकेको हुन्छ र अन्त्यमा मिलन हुन पुगेको छ । यसरी बिछोडपछि मिलन भएर सुखद जीवन बिताउने सङ्केतमा पुगेको दिपेशको जीवन पनि सुखान्तमा नै टुङ्गिएको छ ।

**सीता**

सीता यस उपन्यासकी प्रमुख सहायक नारी पात्र हो । निम्न मध्यम वर्गीय परिवारमा जन्मिएकी सीता ब्राह्मण परिवारकी पात्र हो । क्षेत्री परिवारको दिपेशलाई प्रेम गर्ने सीता सानै उमेरदेखि दिपेशसँग हेलमेल गर्ने र शिष्ट व्यवहार गर्ने पात्र हो । एस.एल.सी. पास गरेपछि दिपेशसँग छुटाउन दाजुभाउजूले झुक्याएर काठमाण्डौ पुऱ्याइएकी सीता काठमाण्डौ पुगेपछि पनि सहरीया वातावरणमा नलागी आफ्नै ग्रामिण साथी दिपेशलाई पत्राचार गर्दै प्रेमलाई अगाडि बढाउँछे । दिपेशबाट आएको प्रेम पत्र दाजुले भेटेपछि मरणासन्न हुन्जेल कुटाई समेत खाएकी सीता प्रतिभाशाली गायिका पनि हो । जीवनको लामो समयसम्म आँसु बगाएर बाँच्नु परेकाले आँसु उपनाम राख्ने सीता वि.एड्.सम्म अध्ययन गरेकी शिक्षित र जातीय भेदभाव नराख्ने, भृदुभाषी पात्र हो । समीर र सिर्जनाको मिलनका साथ दिपेश र सीताको मिलन हुँदै उपन्यासको अन्त्य भएकाले दिपेश र सीता प्रमुख सहायक पात्रहरु हुन् भन्न सकिन्छ ।

**सीताको दाजु**

सीताको दाजु यस उपन्यासको खलनायकको रुपमा आएको पुरुष पात्र हो । ऊ यस उपन्यासमा प्रत्यक्ष रुपमा कतै पनि देखा परेको छैन तर उपन्यासको कथावस्तुलाई अगाडि बढाउन भने उसको अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका देखिन्छ । दिपेश र सीताको प्रेमका बीचमा अवरोध पुऱ्याउन सीतालाई काठमाण्डौ लाने र प्रेम पत्रको आदान प्रदान हुँदा सीतालाई शारीरिक सजाय दिने सीताको दाजुले नै  द्वन्दात्मक परिस्थितिको सिर्जना गरेको छ । ऊ शिक्षित भएर पनि धर्ममा कठोर तथा कडाइकासाथ जातभातको नियम लागु गर्न चाहन्छ । यसरी सीता र दिपेश बीचको कथावस्तुलाई अगाडि बढाउन उसले अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका खेलेको छ ।

**सीताकी भाउजू**

सीताको दाजुलाई सल्लाह दिने सीताकी भाउजू सीतालाई सहयोग गर्न पनि पछि नपर्ने नारी पात्र हो । उपन्यासमा अप्रत्यक्ष रुपमा मात्र उसको भूमिका रहेको छ । सीता र दाजुबीच समन्वय गराउन नचाहे पनि सीतालाई बचाउन सफल भएकी छ र सीतालाई सम्झाउन पनि प्रयास गर्छे । उपन्यासमा उसको गौण भूमिका रहेको छ ।

**समीरकी आमा**

समीरकी आमा यस उपन्यासकी सहायक नारी पात्र हो । छोराछोरी सानै हुँदा टि.बी.ले श्रीमान गुमाएकी समीरकी आमा निम्न वर्गकी, श्रीमान्‌बाट बेवास्ता गरिएकी पात्र हो । ऊ आफ्ना छोराछोरीलाई आसाध्यै माया गर्छे । समीर हुर्केपछि उसलाई घरको अभिभावक मान्नु पर्ने धारणा राख्ने स्वभाव उसमा पाइन्छ । ऊ समीरलाई आफ्नो पुरानो कथाव्यथा सुनाएर भविश्य प्रति सचेत बनाउँछे तर समीरलाई विदेश पठाउन बाध्य छ । आफ्नो जीवनको अन्त्यमा समीरले विवाह नगरी विदेश गएको भएता पनि समीरको अनुपस्थितिमा सिर्जनालाई नै बुहारी ठानी आफ्नो चाबी दिदैं टाटा गर्दै जीवनको अन्तिम श्वाश फेरेबाट समीरको सुखद भविश्यको कल्पना समीरकी आमाले गरेको थाहा पाउन सकिन्छ ।

**गौण पात्रहरु**

**अमृता, करिना, र कमला**

अमृता, करिना र कमला सिर्जना र इन्दिराका स्कुले साथीहरु हुन् । यिनीहरु उपन्यासमा प्रत्यक्ष रुपमा देखा परेका छन् । यसरी यिनीहरुले उपन्यासको कथावस्तुलाई अगाडि बढाउन सहयोग पुऱ्याए पनि कसैलाई कुनै हानी नोक्सानी गर्दैनन् । यिनीहरुले कथावस्तुलाई रोचक बनाउन भने सहयोग पुऱ्याएका छन् ।

**टिका**

टिका पनि गौण पात्र नै हो । ऊ सिर्जनाकी स्कुले साथि हो । समीरको यादामा सिर्जनाको शरीर कमजोर हुँदै गएको बेला उसले सिर्जनालाई सान्त्वना दिएकी छ । त्यो बाहेक टिकाको भूमिका यो उपन्यासमा खासै देखिँदैन ।

**कार्की बा**

समीरकी आमा सिकिस्त बिरामी परेका बेला कार्की बाले सहयोग पुऱ्याएका छन् । बिरामीको हेरचाह गर्ने, बिरामीलई उपचार गर्न लाने, ल्याउने आदि कार्य गरेका छन् । त्यसैले यिनी गौण पात्र हुन् ।

यी बाहेक खेताला, गाउँले, बजार तथा मेलामा भएका मानिसहरु आदि छन् । यी पात्रहरु धेरै जसो नेपथ्यमा रहेका छन् ।

**४.१.५.४ परिवेश/वातावरण**

यस उपन्यासको प्रारम्भमा आञ्चलिकताको झझल्को पाइएता पनि कथावस्तुको विकाससँगै यो विदेशसम्म विस्तार भएको छ । पाँचथर जिल्लाको नाङ्गिगन गा.वि.स. लाई मुख्या स्थान बनाइएको छ भने पाँचथरको एकतिन, फिदिम तथा इलाम, बिर्तामोड, काठमाण्डौका गौशाला लगायतका विभिन्न स्थान र विदेशी भूमि साउदी अरबसम्मलाई यस उपन्यासमा चित्रण गरिएको छ ।

दिपेश र सिर्जना (दाजुबहिनी) पाँचथर जिल्लाकै परिवेशमा देखिन्छन् भने सीता काठमाण्डौसम्म र समीर काठमाण्डौ हुँदै विदेशी भूमि साउदी अरबसम्म पुगेको देखिन्छ । यसरी सहरी वातावरणमा यस उपन्यासका पात्रहरु घोलमेल भए तापनि ग्रामिण परिवेशकै

रहन सहन र वातावरणबाट प्रेरित देखिन्छन् । उनीहरुलाई सहरी वातावरणले कुनै प्रभाव पारेको छैन ।

फुटबल खेल, हाट बजार, विवाहको परिवेश, असारे रोपाईं, सांस्कृतिक कार्यक्रम आदिको बातावरणले यो उपन्यासलाई रोचक बनाएको छ ।

### ४.१.५.५ अन्त्य

उपन्यासमा अन्त्यले धेरै प्रभाव पारेको हुन्छ । पूर्वीय साहित्यिक परम्परामा 'वियोगान्तम् ननाटकम्' भन्ने मान्यताले महत्वपूर्ण स्थान ओगटेको थियो । बालकृष्ण समले सेक्सपियरको जस्तै वियोगान्त नाटकले मानिसको मनमा रहेका विकारहरुलाई हटाइदिन्छ त्यसैले 'वियोगान्तम् अपि नाटकम्' भन्ने मान्यतालाई अगाडि बढाए । विषेश गरी नेपाली साहित्यमा संयोगात्मक नाटकहरु नै पाइन्छ । त्यस्तै परम्परागत शैलीमा जे.बी. अधिकारीले पनि यो उपन्यास लेखेका छन् । समयको स्पष्ट किटान नगरिएको यो उपन्यासको वातावरण क्रमशः सुखद, दुःखद र सुखद रहेको छ । सुरुमा प्रेमजन्य अनुभूति, बीचमा केही क्षण विछोड र अन्त्यमा मिलनले वातावरण सुखद, दुःखद र सुखद बन्न पुगेको छ । यसरी परिवेश चित्रणका दृष्टिले यो उपन्यास स्वभाविक नै छ ।

### ४.१.५.६ अङ्क विभाजन

उपन्यासमा अङ्क विभाजनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विषयवस्तुको परिवर्तन देखाउन राखिने अङ्कका सट्टा यस उपन्यासमा चिन्हहरुले विभाज देखाइएको छ । चिन्हाङ्कित विभाजनले कथावस्तुलाई अगाडि बढाउन सहयोग गरेको छ । कतै छोटो र कतै लामो पारेर विभाजन गरीएको यो उपन्यासलाई १९ भागमा विभाजन गरिएको छ । यसरी विभाजन गर्ने क्रममा छोटा एक पृष्ठदेखि लामो बाइस पृष्ठ सम्मको विभाजन पाइन्छ ।

### ४.१.५.७ उद्देश्य

कुनै पनि साहित्यिक कृतिको कुनै न कुनै उद्देश्य राखिएको हुन्छ । यो उपन्यास पनि स्कुले ठिटा ठिटीको प्रेमको प्रसङ्ग ल्याएर युवा अवस्थामा विपरित लिङ्गीको आकर्षण स्वभाविक हो । त्यसमा पनि १६/१७ वर्ष उमेरका केटाकेटीहरुको उमेर नै त्यस्तै हो भन्ने प्रसङ्ग देखाउँदै प्रेमले मानिसलाई जस्तोसुकै अवस्थामा पनि पुऱ्याउन सक्छ । त्यसैले प्रेम

गर्दा भविश्यलाई समेत विचार गरेर गर्नुपर्छ भन्ने भाव देखाइएको छ । एउटाले थाम्नै नसकेको यौनावेग अर्काले पचाएको प्रसङ्गले प्रेमको नाममा भविश्य बिगार्नु हुँदैन, सोचेर मात्र काम गर्नुपर्छ । रमाइलो क्षण भरको हुन्छ तर त्यसको असरले मृत्युको मुखमा पुऱ्याउँछ भन्ने कुरा समेत सिर्जनाले समीरसँगै रात विताउने इच्छा राख्दा अथवा दिनभर एकान्त कोठामा सँगै बस्दा समेत समीरले यौनेच्छा पूरा नगरेको र उल्टै छाडा नहोऊ भन्ने प्रसङ्गबाट स्पष्ट हुन्छ ।

त्यस्तै सीताले आफ्नो बन्धनलाई तोड्दै दिपेशसँग आएको प्रसङ्गले त प्रेममा धोका दिनु हुँदैन जसरी भएपनि मिलनको विन्दुमा पुग्नु पर्छ भन्ने भाव देखाइएको छ ।

यसरी युवायुवतीका बीचमा प्रेम हुनु प्राकृतिक कुरा हो तर त्यस्तो प्रेम स्वच्छ, शालीन, र मर्यादित हुनुपर्छ र प्रेमलाई मिलनमा रुपान्तरित हुन दिनुपर्छ भन्ने उद्देश्यबाट यो उपन्यास प्रेरित देखिन्छ ।

### ४.१.५.८ भाषाशैली

यस उपन्यासमा प्रयुक्त भाषा अत्यन्तै सरल, सहज र बोधगम्य छ । कता कता अङ्ग्रेजी भाषाका शव्दहरुको प्रयोग गरिएको भएता पनि ती शब्दहरु स्कुल, किचेन, टेन+टु आदि चलन चल्तीका शब्दहरु छन् । पूर्वेली भाषिकाको प्रर्याप्त प्रयोग गरिएको यस उपन्यासमा भाषिक कथ्य रुपको समेत प्रशस्तै प्रयोग गरिएको छ । “कागलाई बेल पाक्यो हर्ष न विस्मत”, “नबिराउनु नडराउनु” जस्ता उखान टुक्काले यो उपन्यासलाई रोचक बनाएको छ ।

वर्णनात्मक र वार्तालापीय शैलीमा लेखिएको यस उपन्यासको भाषा शैली गत विन्यास अत्यन्त सरल, सुबोध र सर्वसाधारणकालागि समेत सहज ग्राह्य छ ।

### ४.१.५.९ दृष्टिविन्दु

उपन्यासमा दृष्टिविन्दुले महत्पूर्ण भूमिका खेल्छ । कथावस्तुलाई अगाडि बढाउन दृष्टिविन्दुको आवश्यकता पर्दछ । साहित्यिक कृतिमा प्रथम पुरुष, द्बितीय पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिन्छ ।

यस उपन्यासमा प्रथम पुरुष, द्बितीय पुरुष र तृतीय पुरुष तीनवटै दृष्टिविन्दुको प्रयोग गरिएको भए तापनि अधिकांशतः तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ४.१.५.१० शीर्षक सार्थकता

कुनै साहित्यिक कृतिको शीर्षकले त्यसको भावलाई झल्कनु पर्दछ । जे.बी. अधिकारीद्वारा लिखित 'प्रेमको अनुभूति' उपन्यासमा अल्लारे भाकुक प्रेमलाई पनि संयमित रुपमा अगाडि बढाउँदै लगिएको छ । पहिलो भेटमा नै प्रेम सुरु हुनु र त्यो चाँडै एक अर्कामा प्रेमी प्रेमीकाका रुपमा स्थापित हुनु तथा बाध्यताले बिछोड हुँदा प्रेमले जलाउनु र जसरी भए पनि प्रेमले स्थायी रुप पाउनु वा उपन्यासको समापनमा वैवाहिक सम्बन्धमा गाँसिनुले यो उपन्यासको शीर्षक 'प्रेमको अनुभूति' विषयवस्तु अनुरुप सामञ्जस्यमूलक, सार्थक र औचित्यपूर्ण देखिन्छ ।

### ४.१.५.११ विषयप्रधान

विषयप्रधानताका दृष्टिले उपन्यासलाई ऐतिहासिक, पौराणिक र सामाजिक गरी तीन भागमा विभाजन गर्न सकिन्छ । जे.बी. अधिकारीले यस उपन्यासमा सामाजिक बिषयलाई कथावस्तु बनाएका छन् । समाजमा घट्न सक्ने घटनाहरुलाई विषयवस्तुका रुपमा लिएको हुनाले 'प्रेमको अनुभूति' उपन्यास विषय प्रधानताका दृष्टिले सामाजिक उपन्यास हो ।

## ४.१.६ अन्तर मनको बगैंचा आत्मकथा सङ्ग्रहको अध्ययन र विश्लेषण

'अन्तर मनको बगैंचा' सङ्ग्रह कथाकार जे.बी. अधिकारीको कथा सङ्ग्रह हो । प्रकाशित कथा सङ्ग्रह उनको एउटै मात्र कथा सङ्ग्रह रहेको छ । यस सङ्ग्रहमा जम्मा ३ वटा कथाहरु, एउटा कविता, एउटा लेख र १६ वटा आत्मखथाहरु सङ्ग्रहित छन् । ९५ पृष्ठमा सङ्ग्रहित यस आत्मकथा सङ्ग्रहका लेखक स्वयं रहेका छन् ।

### ४.१.६.१ भाग्यमानीको खटिया उपर

**कथावस्तु**

यस शीर्षकमा कथाकार जे.बी. अधिकारीले लोककथामा आधारित कथा लेखेका छन् । तीन दाजुभाइ मध्ये जेठो र माइलो परिश्रमी र कान्छो अल्छी थियो र भाग्यमानीको खटिया उपर भन्दै खाटमा बाँसुरी बजाएर बस्थ्यो । श्रीमतीले बनीबुतो गरेर पालेकी थिई । एकदिन कान्छोले गाड्धन देखेछ र दाजुहरुलाई भनेछ । दाजुहरुले देखाइ मागेछन् । दाजुहरुलाई उसले फलानो ठाउँमा छ भनेर भनेछ । गएर हेर्दा अरिङ्गालको गाग्रो जस्तो गोलो देखेछन् र भाइले मार्ने नियत गरेको ठानी भाइलाई नै मार्ने नियतले राती होसियार पूर्वक ल्याएर

भाइको घरको छानो उधारेर खाटमा पर्ने गरी खसालेछन् । भाइ ब्युझिएछ र हेरेर फेरि सुतेछ । बिहान पैसा भर्न पाथीलिन दाजुको घरमा उसकी श्रीमती पठाएछ । दाजुले पाथीको पिंधमा खोटो टाँसेर पठाएछ । पैसा भरी सकेर पाथी पुऱ्याएपछि पाथीको पिंधमा पैसा टाँसिएको देखेर दाजुहरु छक्क परेछन् । फेरि अर्को दिन उसले गाड्धन देखेछ र दाजुहरुलाई भनेछ । दाजुहरु गएर हेर्दा अजिङ्गर देखेछन् । भाइले मार्ने षडयन्त्र गरेको ठानी उसलाई नै मार्ने नियतले राती हसियारसाथ बोरामा पोको पारेर उसको खाटमा पुग्ने गरी धुरी उधारेर खसाली दिएछन् । यस पटक पनि ऊ ब्युँझेछ र सुन झरेको थाहा पाएर पुनः सुतेछ । विहान श्रीमतीलाई तुलो लिन दाजुको घरमा पठाएछ । दाजुले यसकामा के छ र तौलिन्छ बुझ्नु पऱ्यो भनी तुलाको पिंधमा उसले थाहा नपाउने गरी खोटो टाँसेर पठाएछ । सुन तौलेर तुलो पठाउँदा तुलोमा सुन टाँसिएको उसलाई पत्ता भएनछ । दाजुहरुले सुन तौलिएको थाहा पाएपछि उसलाई मार्ने योजना बनाएछन् । उसलाई दाजुहरुले जङ्गलमा शिकार खेल्न जाऔं भनेर फकाएछन् र जङ्गलमा ठूलो बोरामा कान्छो भाइलाई जबरजस्ती हालेर झुण्ड्याएर फर्केछन् । एउटा स्याँठ घोडामा चढेर आउँदा बोरामा एउटा मान्छे हुइ हुइ गर्दै पिङ् खेलिरहेको देखेछ र किन यसो गरेको भनेर सोध्दा यहाँ चढ्दा त आफ्ना मरेका बाबु आमा लगायतका आफन्तलाई स्वर्गमा देख्न पाइन्छ भनेछ । त्यो स्याँठले आफू पनि हेर्ने विचारले पालो गरौं भनेछ र उसलाई फुकाइ दिएर आफूलाई बाँधेर झुण्ड्याइ मागेछ । त्यो स्याँठलाई झुण्ड्याएर आफू उसको घोडामा चढेर घर आएछ । यसरी झुण्डाएको भाइ घोडा चढेर आएको देखेपछि भाइ माथि इर्श्या नगर्ने सल्लाह गरेछन् र जङ्गलमा झुण्ड्याइ मागेछन् । घोडा चढेर घर आउने आशामा झुण्ड्याइ मागेका दाजुहरु सांझसम्म पनि नआएपछि भाउजूहरु देवरकामा गएर 'तिमी त छिट्टै आयौ, दाजुहरु किन आएनन्' भनेर सोधेछन् । उसले आफ्नो भाग्य भएर भावीले फुकाई दिएर भावीको घोडा चढेर आएको उनीहरुको भाग्य नभएकोले कसले फुकाइ दिन्छ । मलाई मार्न खोज्दा आफै मरे होलान् अर्कालाई पाप चिताउँदा आफैंतिर खनिन्छ भन्दै आफू भलो त जगतै भलो भन्ने भाउजूहरुलाई थाहा छैन ? भनेर प्रश्न गरेछ । यसरी यस कथामा अर्काको कुभलो चिताउनु नहुने कुरा छर्लङ्ग पारिएको छ ।

**कथोपकथन**

यो लघु कथा लोक कथामा आधारित छ । यस कथाका पात्रहरुमा तीन दाजुभाई, भाउजुहरु र स्याँठ रहेका छन् । कतै अप्रत्यक्ष कथनमा संवादलाई उल्लेख गरिएको छ भने

कतै प्रत्यक्ष कथानको प्रयोग गरिएको छ । यसको संवाद व्यवस्था हेर्दा कथावस्तु अनुसार उपयुक्त नै देखिन्छ ।

**चरित्रचित्रण**

**कान्छो भाइ**

उपन्यासको प्रमुख पात्रका रुपमा कान्छो भाइ आएको छ । कान्छो भाइ अल्छी भए तापनि उसको भाग्यको कारणले गर्दा धन सम्पत्ति आर्जन गर्न सफल भएको छ । उसले आरिस गर्नेको अन्त्य हुन्छ त्यसैले आरिस गर्नु ठिक होइन भन्ने पाठ सिकाइएको छ ।

**दाजुहरु**

दुई दाजुहरु भाइको आरिस गर्ने र उसको कुभलो चिताउने व्यक्तिहरु हुन् । त्यसैले यी पात्रहरु खलनायकका रुपमा अएका छन् । आफ्नै बुद्धिका कारणले यिनीहरुको अन्त्य भएको छ ।

**भाउजुहरु**

यिनीहरु गौण पात्रका रुपमा आएका छन् । यिनीहरु दाजुहरुको आज्ञा अनुसार चल्ने पात्र हुन् ।

**भाइकी श्रीमती र स्याँठ**

यिनीहरु पनि गौण पात्रका रुपमा आएका छन् ।

**दृष्टिविन्दु**

यो कथा तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । यस कथामा ऊ, उनीहरु, आदि सर्वनामको प्रयोग गरिएको छ ।

**देश, काल, वातावरण**

समयको स्पष्ट किटान नगरिएको यो कथा लोक कथा हो । निम्न वर्गीय परिवारको चित्रण यस कथामा पाइन्छ भने स्थानको स्पष्ट जानकारी दिइएको छैन ।

**भाषाशैली**

सरल शव्दहरुको  प्रयोग गरिएको यस कथामा छोटा वाक्यहरुको प्रयोग गरी साधारण पाठकहरुलाई पनि बोधगम्य बनाइएको छ ।

**सारवस्तु**

यस कथाले अर्काको आरिस गर्नेको भलो हुँदैन । त्यसैले अर्कोको आरिस नगरी आफ्नै बुद्धि र विवेकको  प्रयोग गरेर जीवन निर्वाह गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।

**४.१.६.२ भाग्यको परिणाम**

**कथा वस्तु**

यो लघुकथा लोककथामा आधारित छ । कुनै एक गाउँमा दम्पतीको बसोबास थियो । ती दम्पत्तीका दुई छोरा र एक मुसाको जन्म भएको थियो । यसरी एउटै कोखबाट फरक-फरक रुपमा जन्मनु आश्चर्य जनक थियो । छोराहरुको विवाह भयो भने कान्छो मुसाको विवाह हुन सकेन । बुबाको पनि मृत्यु भएपछि मुसो आमासँग बस्थ्यो ।

उनीहरु यस समयमा जङ्गल फाँड्न गए । आ-आफ्नै तरिकाले जङ्गल फाँडे । दाजुहरुले जस्तै मुसाले पनि मकै छर्ने गोड्ने काम गऱ्यो तर दाजुहरुको मकै निकै फल्यो भने उसको चिण्डा मात्र फल्यो । जे भए पनि आ-आफ्नो बाली थन्क्याए । दाजुहरुले मकै थाङ्ग्रामा राखे भने मुसाले ढिकुटी बनायो त्यहि ढिकुटीमा पैसा पैसा थन्क्याउन थाल्यो । गाउँ घरकाले मुसालाई चिण्डै मात्र फलेछ भनेर खिसी गर्थे भने अहिले आएर मुसाको पैसैपैसा मात्र देखेर गाउँघर लगायत आफन्त दाजुहरु पनि मुसादेखि दङ्ग परे ।

**कथोपकथन**

यस कथामा दम्पती, दुई छोरा र एक मुसोलाई पात्रको रुपमा उभ्याइएको छ । यस लोक कथामा प्रयुक्त संवादलाई कतै अप्रत्यक्ष कथनमा र कतै प्रत्यक्ष कथनमा लेखिएको छ। कथावस्तु अनुसारको संवाद उपयुक्त देखिन्छ । तर मुसो र मानिस बीचको संवादले दन्तेकथाको आभास गराउँछ ।

**चरित्रचित्रण**

**मुसो**

यस कथाको प्रमुख पात्र मुसो हो । ऊ पनि उसका दाजुहरु जस्तै आफ्नै तरिकाले भस्मे फाड्न जान्छ र खेती गर्छ तर उसले मकै छरेको ठाउँमा चिण्डा मात्र फल्छन् । त्यही थन्क्याउँदा पनि उसको पैसै पैसा भएको छ ।

**दाजुहरु**

एउटै कोखबाट जन्मेको मुसोका दाजुहरु मानिस नै छन् । उनीहरु मानवले जस्तै काम गरेर जीवन निर्वाह गर्छन् । यिनीहरु मुसाको  समेत मार्ग दर्शन बनेका छन् ।

**दाम्पत्ती**

यिनीहरुमध्ये बाबुको मृत्यु भएको छ भने आमा मुसोसँग बसेकी छन् । यी गौण पात्रका रुपमा कथामा आएका छन् ।

**दृष्टिविन्दु**

यो कथा प्रमुख रुपमा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ भने प्रथम पुरुष र द्बितीय पुरुष दृष्टिविन्दुको प्रयोग पनि यस कथामा पाइन्छ ।

**देश, काल, वातावरण**

देश-काल र वातावरणको स्पष्ट किटान नभएको यो लोककथामा निम्न वर्गीय परिवारको चित्रण गरिएको छ ।

**भाषाशैली**

यस लोकथाको भाषाशैली सरल छ । छोटा सवादको प्रयोग गरिएको र धेरै लामा वाक्य नभएको तथा सिलसिलाबद्ध रुपमा लेखिएको हुनाले यो कथा साधारण पाठककालागि पनि बोध्य नै छ ।

**सारवस्तु**

मुसाले थन्क्याएको चिण्डो पैसा भएको सन्दर्भलाई देखाएर कथाकार अधिकारीले भाग्यले दियो भने ‘असफलता’ भन्ने शब्दावली नै हुँदैन भन्ने कुरा यस कथामा देखाउन खोजेका छन् ।

### ४.१.६.३ भावी स्याल

**कथावस्तु**

एउटा गरीब मानिसको घरमा परिवारका कुनै सदस्य हुँदैनन् । ऊ एक्लो परिवार हुन्छ । एकदिन एउटा स्याल बास माग्न आउँदा ऊसँग ओड्ने ओछ्याउने, खाने लगायतका केही कुरा नभएकाले बास दिन इन्कार गर्छ तर स्यालको अनुरोधले गर्दा बास दिन्छ र सँगै बसेर तीता मिठा गफ गर्छन् । स्यालले सँगै बस्ने, कसैको घरमा ढिकीको आउनासाथ दुवै मिलेर त्यता जाने अनि स्यालले बाखो तर्साउने त्यतिबेला उसलाई खेद्न सबै जान्छन् सोही समयमा मान्छेले सबै चामल पोको पारेर लाने सल्लाह दिन्छ । त्यसरी चामल दिनानु दिन ओसारे पछि लुते ल्याङ्ग्रे मान्छे हृष्टपुष्ट र बलियो हुन्छ । त्यो मान्छेले विवाह गर्ने मनसाय राख्छ र स्यालको सल्लाह अनुसार केटी मागेर आउँछ तर उसले पाँचसय जन्ती लानु पर्ने हुन्छ । त्यत्रो जन्ती पाउन गाह्रो भएपछि स्यालको सल्लाह अनुसार पाए जति जन्ती लान्छ र स्यालले आधा बाटो पार गरेपछि घना जङ्गलमा आगो लगाइदिन्छ । सारा गाउँलेहरुले देख्छन् । बेहुलीका घर गाउँलेले जन्ती र बेहुलालाई थोरै जन्ती आउनुको कारण सोध्छन् । पाँचसयभन्दा बढी जन्ती आएका तर बाटामा भएको आगलागीले धेरै घाइते र खरानी भएकाले बल्ल बल्ल बाँचेर यति आउँन सफल भयौ भनेर बेहुलाका साथीहरुले उत्तर दिएपछि सबै चुप लाग्छन् । विवाह सम्पन्न गरेर बेहुलाका घरमा आउँछन् ।

विवाह गरेको केही दिन पछि बेहुलीलाई माइत पुऱ्याएर फेरि फर्काउने काम हुन्छ । जहिले पनि स्याल त्यही घरमा बसेको देखेर बेहुलीले सोध्छे । स्यालले आफ्नो घर त्यही भएको र त्यही बसेको त्यो घरको मान्छेको विवाह पनि उसैले गराएको, उसले ठूलो कुरा गर्नुपर्ने छैन भन्ने बताएपछि स्यालसँग बाजो हुन्छ र ऊ भागेर माइत जान्छे । त्यो मान्छे गएर ल्याउँछ र स्यालको कारणले उसकी श्रीमती माइत गएकीले स्याललाई गाली गर्दै लखेट्छ । उसको भावी स्याललाई श्रीमतीको कुरा सुनेर लखेटेपछि ऊ पहिलकै अवस्थामा आउँछ ।

यस कथामा कथाकार अधिकारीले अन्त्यमा गरीबलाई धनी बनाउन गाह्रो पर्दो रहेछ भन्ने कुरा यस कथाबाट प्रस्ट हुन्छ भन्दै टुप्पामा पलाएको पाइटा हुरी बतासले पनि लाछि दिन सक्छ, टिकाऊ हुँदैन, भाग्यले साथ दिएपनि कर्मले ठेले पछि त्यो हालत हुनु पऱ्यो भन्दै भावीले लेखेकै भोग्नु पर्छ भन्ने विचारकासाथ यो कथाको अन्त्य गरेका छन् ।

**कथोपकथन**

यस लोककथामा कथाकारले मानिस र स्याल बीचको संवाद देखाएका छन् । एउटा गरीव मानिससँग स्याल बसेर उसलाई आवश्यक सल्लाह दिदै सहयोग गरेको प्रसङ्ग उठाउँदै छोटा छोटा संवादको प्रयोग गरेका छन् । प्रत्यक्ष र अप्रत्यक्ष कथा दुवैको प्रयोग गरिएको यो कथाको संवाद योजना पनि कथावस्तु अनुसार मिल्ने छ तर स्यालसँगको संवादले यस कथालाई पनि दन्तेकथा हो भन्ने प्रष्ट पारेको छ ।

**चरित्रचित्रण**

**गरीब मानिस**

यो कथाको प्रमुख पात्रका रुपमा गरीब मानिस आएको छ । यसकै सेरोफेरोमा अन्यपात्रहरु स्याल, बेहुली आदि आएका छन् । एक्लो परिवारको त्यो मानिससँग बस्न स्याल आएपछि उसको आर्थिक अवस्थामा सुधार आउँछ । ऊ मोटो भएपछि विवाह गर्ने सोच राख्छ र स्यालकै सल्लाह अनुसार विवाह गर्छ । बेहुलीले त्यस घरमा स्याल बसेको मन नपराएपछि बेहुलीको सल्लाह अनुसार स्याललाई खेद्छ र पुनः पहिला कै अवस्थामा आउँछ ।

**स्याल**

स्याल त्यो गरिब मानिसको सहयोगीको  रुपमा आएको पात्र हो । ऊ त्यो घरमा बसुन्जेल त्यो गरिब मानिसको आर्थिक अवस्थामा सुधार आएको छ भने पछि उस्तै भएको छ । यसरी कथामा स्यालको महत्वपूर्ण भूमिका देखिन्छ ।

**बेहुली**

बेहुली एक सम्पन्न परिवारमा जन्मिएकी नारी पात्र हो । उसले स्याललाई खेद्न बेहुलालाई आग्रह गर्छे ।

**जन्ती, बेहुलीका घर गाउँले**

यिनीहरु गौण पात्रका रुपमा आएका छन् । यिनीहरुको खास भूमिका यस कथामा पाइदैंन ।

**दृष्टिविन्दु**

यस कथामा प्रमुख रुपमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने ठाउँ ठाउँमा द्धितीय पुरुष दृष्टिविन्दुको पनि प्रयोग गरिएको पाइन्छ ।

**देश, काल, वातावरण**

ग्रामीण परिवेशको चित्रण गरिएको यस कथामा समयको स्पष्ट किटान गरिएको छैन । निम्न वर्गीय परिवारको चित्रण यस कथामा पाइन्छ ।

**भाषाशैली**

छोटा संवाद तथा वाक्यहरुको प्रयोग र सरल शब्दहरुको प्रयोग यस कथामा पाइन्छ । पूर्ण विराम, प्रश्नवाचक, उद्धारण चिह्नको प्रयोग यस कथामा पाइन्छ ।

**सारवस्तु**

भाग्यले साथ दिए पनि कर्मले साथ दिएन भने केही लाग्दैन । भावीले ललाटमा लेखिदिएको हुन्छ त्यो भन्दा बढि पाउन सकिन्न भन्ने भाव यस कथाको छ ।

**४.१.६.४ मान, सम्मान र पुरस्कार**

**कथावस्तु**

यस आत्मकथामा कथाकारले उनान्सत्तरी बर्षको उमेर पुरा गर्न लागेको समयमा जुनेली युवा समूह, मच्छेबुङ्ग-२, पाँचथरबाट आफूलाई अभिनन्दन गर्ने कार्यक्रममा सहभागी हुन पठाएको निमन्त्रणा पत्र र श्री सिद्धकाली उ.मा.वि., एकतिन-१ (जोरपाटी) पाँचथरबाट अभिनन्दनको लागि पठाएको पत्र उल्लेख गरेका छन् । दुवै कार्यक्रममा आफू सहभागी भएको र उ.मा.वि.को कार्यक्रममा सहभागी हुँदाको घटनालाई उल्लेख गरेका छन् । यस आत्मकथामा समाजसेवी, आयोजकका अध्यक्ष, अन्य उपस्थित महानुभावबाट दोसल्ला ओढाउदै फूलमाला र उपहारले आफूलाई सम्मान गरेको र त्यस समयमा आफ्नो आँखाबाट आँशु बगेको, कसैले नदेखी पुछ्ने काम गरेको कुरा उल्लेख गरेका छन् । त्यस कार्यक्रममा सहभागी सबै आफूप्रति शुभेच्छुक र जो मन पराउदैनन् उनीहरु नजिकको कार्यक्रममा पनि उपस्थित थिएनन् । मान्छेको सबै मित्र हुँदैनन् शत्रु पनि हुन्छन् । आफू सेवा अवधिभर

विद्यार्थीको भविश्यको बारेमा सोचेको, वि.सं. २०१३ पौष १ गते देखि त्यस विद्यालयको स्थापना भएको, आफूले त्यो समयभन्दा अगाडि नै पीताजीबाट घरेलु श्रेस्ता र चण्डी पढेको र सुब्बा चूडाकर्ण केरुङ्गका अमालमा चार हिउँद बिताएको, उक्त प्रा.वि. मा एकै चोटि कक्षा ४ मा भर्ना भएको, त्यस समयमा विद्यार्थीको बढी चाप भएको कारणले शिशु र एक कक्षा पढाउन आफूलाई आफ्नो शुल्क मिनाहा गर्ने शर्तमा शिक्षकमा नियुक्ति गरिएको वि.सं. २०१५ सालमा कक्षा ५ उत्तीर्ण गरेको, २०१६ सालमा मच्छेबुङ्गमा मिडिल स्कुल सुरु भएपछि भर्ना भएर त्यहिबाट कक्षा ६ र सात पार गरी ताप्लेजुङ्गमा कक्षा आठ पार गरेको कुरा उल्लेख गरेका छन् ।

त्यस्तै जुनेली युवा समूहले आयोजना गरेको कार्यक्रम आफूले मिडिल कक्षा अध्ययन गरेको ठाउँमा सहभागी हुन जाँदाको अनुभव उल्लेख गर्ने क्रममा २०६७ बैंशाख १ गतेको उक्त कार्यक्रम २०६७ सालको आगमन जहाँ नव वर्षका साथ शान्तिको धुनले सङ्केत दिनै लागेको थियो भन्दै उनी आफ्ना भावनालाई कवितात्मक लयमा लेख्छन्......

सुख-शान्ति छाओस् यो राष्ट्रमा
खुसी र उमङ्ग छाओस् हरेक नेपालीहरुमा
लोकतान्त्रिक जागरण होस् हर नेपाली जनमा
नव वर्ष २०६७ सालको मङ्गलमय शुभकामना ॥

आफ्नी सहयात्री जीवन साथीलाई काठमाण्डौको मोडेल हस्पिटलमा पुऱ्याएको र आफू कान्छी छोरीसँग एक्लै घरमा भएको अवस्थाको उक्त कार्यक्रममा हर्ष र विष्मतका साथमा कार्यक्रममा भाग लिन छोरी र बी.एन. कोइरालासँग कार्यक्रममा गएको कुरा उल्लेख गरिएको छ। बाटोको दृश्य र कार्यक्रम स्थलको वर्णन गर्दै आफू (जेबी अधिकारी), सरस्वती मा.वि. मच्छेबुङ्गका नि. वर्तमान प्र.अ. गुमान सिंह केरुङ्ग र शिक्षक टिएन्द्र गिरी र सिदिन सिद्ध मा.वि.का शिक्षक टेकनाथ रिजाललाई दोसल्ला पहिराई सम्मान गरिएको र आफू बृद्ध अवस्थाको भए पनि रातीको कार्यक्रम चाखपूर्ण हेरेको कुरा उल्लेख गरिएको छ । यसले लेखकलाई आफू ठिकै भएको र भविश्यका पुस्ताले अग्रजलाई सम्मान गरुन् भन्ने धारणा राखिएको छ । साथै सम्मान पत्रलाई पनि यहाँ सम्मिलित गरिएको छ । विभिन्न समयमा पाएका सम्मान पत्रको उल्लेख गरिएको यो कथा कथाकारको आत्मकथामा आधारित छ र अन्त्यमा आफूले पढेको कविताका हरफलाई यसरी उल्लेख गरिएको छ ।

सुवासले युक्त फूल कहीं त्यसलाई लिन्छ शिरमा चढाई
सुपुत्रको हुन्छ सदैव जान जहाँ गएतापनि नित्य मान
जनु फूलमा केहि सुवास छैन, त्यो फूलको मान कहिँ हुदैंन
जुन पुत्रमा सदगुण केही छैन, त्यो मूर्खको मान कहिँ हुदैंन ।

**कथोपकथन**

यस आत्मकथामा कथाकारले छोटा संवादको प्रयोग गरेका छन् । 'को' सँगको संवाद हो भन्ने स्पष्ट नगरिएको यस कथामा प्रश्नवाचक चिह्नको प्रयोग समेत गरेका छन् । प्रत्यक्ष कथनका संवाद हुनाले उद्धरण चिन्हको समेत प्रयोग गरेका छन् ।

**चरित्रचित्रण**

यस आत्मकथाका प्रमुख म पात्रको सेरोफेरोमा कथावस्तु अगाडि बढेको छ । अन्य गौण पात्रहरु भए तपानि म पात्रले आफ्ना अनुभवहरुलाई यस आत्मकथामा उल्लेख गरेका छन् ।

**दृष्टिविन्दु**

यस आत्मकथामा कथाकार स्वयंले आफ्ना अनुभवहरुलाई प्रकट गरेका हुनाले यसमा मुख्य रुपमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने बीच बीचमा द्वितीय पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**देश, काल, वातावरण**

यस आत्मकथामा वि.सं. २०६७ बैंसाख १ गतेको प्रसङ्ग उठाउँदै वि.सं. २०६६ र वि.सं. २०६३ सालको प्रसङ्गलाई समेत जोडिएको छ । यसरी वि.सं. ०६२ देखि वि.सं. ०६३ सम्मको कालखण्डको ग्रामीण परिवेशका विद्यालयको चर्चा यस आत्म कथामा पाइन्छ ।

**भाषाशैलीः-**

यस आत्मकथामा सामान्य भाषाको संवाद तथा संस्मरणात्मक शैलीको घटनाको उल्लेख गर्नुका साथै पात्र पनि समावेश गरेका छन् ।

### ४.१.६.५ फेरि कहिल्यै भेट भएन ।

**कथावस्तु**

युवा साहित्यकार राम सम्थिङ्गबाट यौन सम्बन्धि लेखन कार्यको हौंसला पाएर लेखिएको यो कथा कथाकार जे.बी अधिकारी संस्मरणात्मक शैलीमा छ । ताप्लेजुङ्गको भानु मा.वि.मा पढ्दा खर्चको अभाव भएर कावेलीको पुल तर्दै घरतिर लाग्ने क्रममा एकजना साथीले छाताको टुप्पाले चिलाउनेको रुखको बोक्रा ताछ्दा छाताको माथि टुप्पो भाँचिन्छ र लेखक हाँस्छन् । त्यही वस्तु गोठाला दुईटी केटीहरु (१२/१३ वर्षकी र १५/१६ बर्षकी राम्री र बान्की परेकी) सँग भेट हुन्छ । गफगाफ गर्दै अलि माथिसम्म जान्छन् र रात परेकाले उनीहरु फौदर पाटीको, छेउको घरमा बास बस्छन् । भरे सुत्ने बेलामा त्यही अलिक ठूली केटीले ओड्ने ओछ्याउने दिन्छे र सबै सुत्छन् । राती निदाएको बेलामा एउटा खिरिलो लठ्ठी छातिमा आउँछ र ब्यूँझाउँछ । के हो भनेर तान्दा उँभो सरेर जान्छ । त्यो लठ्ठी उनको ओछ्यान माथि बरण्डामा सुतेकी त्यहि केटीले झारेको हुन्छ । उनीहरु बीच केहिबेर लठ्ठी तानातान भएपछि उनको हात आफ्ना शरिरका विभिन्न ठाउँमा पुऱ्याउँछे र माथि बोलाउँछे तर माथि जान सकिने ठाउँ छैन र भित्रबाट ऊ तल झर्दा भित्रका मानिसले थाहा पाउने भएकाले त्यो अवस्था पनि छैन । उनको साथी र सानी चै केटी मस्त निन्द्रामा छन् । दुवैको यौन चाहना तिब्र भएपनि पुरा हुन सक्दैंन र उनी रातभरि उभिएर लम्किएकाले शरीर शिथिल हुन्छ र उज्यालो हुन्छ । बिहान चिया पकाएर खान आग्रह गर्छे र चिया खाँदा राति केटीले झै आमाले पनि उनको सबै विवरण माग्छिन् र उनले पनि सबै विवरण साँचो बताउँछन् तर विवाह गरेको छैन भनेर ढाँट्छन् किनभने उनलाई बाबुआमाले गरिदिएको उनको बाल विवाह मन परेको हुँदैन । रातभरिको क्रियाकलापले उनको हिड्नै नसक्ने अवस्था आउँछ र साथीलाई रातीको कुरा सुनाउँछन् । अघिल्लो दिन छाताको टुप्पो भाँचिदा जसरी उनी हाँसेका थिए त्यसरी नै साथी हाँस्छ । साँझमा मात्र उनीहरु घर पुग्छन् । फर्किदा फेरि भेट्ने बाचा गरे अनुरुप उनीहरु जान्छन् तर काबेलीको पुल काटिएको कुरा थाहा पाएपछि अर्कै बाटोतिर मोडिन बाध्य हुन्छन् । त्यो बाटो पुरै बन्द भएपछि केटी र आमाले केटीका बाबुलाई उनको घरमा बुझ्न पठाउँछन् र ढाँटेको कुरा समेत खुल्न जान्छ । ती आगन्तुक आउँदा लेखक भने नाङ्गिनमा शिक्षक काम गरिराखेका हुन्छन् । अझै पनि लेखकलाई ती केटी कस्ती भइन् र पुनः एक पटक भेट्न पाए हुन्थ्यो भन्ने लागिरहन्छ ।

**कथोपकथन**

संस्मरणात्मक शैलीको यो आत्मकथामा राम  समथिङ्ग र गोठाला दुईटी केटीसँगको संवादलाई प्रत्यक्ष कथनमा उल्लेख गरेका छन् भने उनको बाटो हिड्दाको साथीसँग संवादलाई अप्रत्यक्ष रुपमा उल्लेख गरेका छन्। कथावस्तु अनुसार संवाद योजना मिलेको छ।

**चरित्रचित्रण**

**म**

यस आत्म कथाको प्रमुख पात्र 'म' हो। उनको यस कथामा राम समथिङ्गको प्रेरणाले यौन सम्बन्धि लेख लेख्न सुरु गरेको प्रसङ्गको उल्लेख गरेका छन्। उनी ताप्लेजुङ्गबाट घर फर्कदा पाँचथरको फौदर पाटिको छेऊमा बास बस्छन् र साथी निदाएपछि त्यहाँकी एउटी केटीले बरण्डामा बोलाउन लट्ठीले बोलाएको र ब्यूँझिएपछि माथि जान नसकी हातले छामेको भरमा चित्त बुझाउँछन्। बिहान फेरि ताप्लेजुङ्ग जाँदा त्यही बाटो जाने आशा देखाए पनि कावेलीको पुल काटिएकाले त्यो बाटो  जान सक्दैनन्। जसले गर्दा पुनः भेट हुन सक्दैन।

**गोठाला केटीहरु**

यस कथाका सहायक पात्रका रुपमा दुइटी गोठाला केटीहरु छन्। जसमा ठूली केटीको भूमिका महत्वूर्ण देखिन्छ।

**राम समथिङ्ग**

पाँचथर, फिदिम निवासी राम समथिङ्गको भूमिको गौण रुपमा यस आत्मकथामा पाइन्छ।

**साथी**

ताप्लेजुङ्गको भानु मा.वि. मा आफूसँगै अध्ययनरत 'साथी' पात्रको भूमिका पनि यस कथामा गौण नै पाइन्छ।

**दृष्टिविन्दु**

यो कथा संस्मरणात्मक शैलीमा लेखिएका छ। यस कथामा प्रमुख रुपमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने गौण रुपमा द्वितीय पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ।

**दश, काल, वातावरण**

यस कथामा पाँचथर र ताप्लेजुङ्गका विभिन्न स्थानको चर्चा गरिएको छ । त्यस्तै वि.सं. २०६६ साल माघको घटनाबाट सुरु गरेर वि.सं. २०१८/०१९ सालको घटनालाई प्रमुख रुपमा उठाइएको छ ।

**भाषाशैली**

संस्मरणात्मक शैलीमा लेखिएको यो आत्मकथा कथा र आत्मकथाको दोसाँधमा उभिएको देखिन्छ । त्यसो भए तापनि यो आत्मकथा नै हो । बीच बीचमा संवादको प्रयोग गरिएको यस आत्मकथामा प्रश्नवाचक चिन्ह, पूर्ण विराम र उद्धरण चिन्हको प्रयोग गरिएको छ ।

**सारवस्तु**

यस आत्मकथामा कथाकारले पुराना कुराहरु इतिहास बनेर जान्छन् भन्ने कुरा देखाएका छन् ।

**४.१.६.६ योग्यताको कदर खोइ त ?**

**कथावस्तु**

वि.सं. २०१३ सालदेखि आफ्नो घर नजिकको विद्यालयमा शिक्षक स्वयं सेवक भई २०२४ फाल्गुणदेखि स्थायी र प्र.अ. समेत बनेका अधिकारी वि.सं. २०२८/५/२१ मा गाउँकै केहि व्यक्तिको षडयन्त्रमा पाँचथरकै लुम्फाबुङ्गमा सरुवा हुन्छन् । २० महिना पश्चात् पुनः आफ्नै गाउँमा आएर प्र.अ. को कार्यभार समेत सम्हाल्ने अवसर पाउँछन् । नयाँ शिक्षा लागु भएपछि ६ कक्षाबाट तीन कक्षामा झारिन्छ र अभिभावकबाट रकम उठाउने र तलब दिने प्रथाको अन्त्य भइ विद्यार्थीबाट फिस सबै उठाएर जि.शि.का.मा बुझाउने प्रथाको सुरु हुन्छ जसले गर्दा सबै विद्यार्थी शिक्षाको पहुँच भित्र रहन सक्दैंनन् । वि.सं. २०३१ मा जिल्ला शिक्षा समितिका सदस्य अमर नेम्बाङ्ग विद्यालय निरिक्षण गर्न आउँदा एक जना शिक्षकको माग हुन्छ र प्र.अ. कै सिफारिसमा नियुक्त गर्ने सल्लाह बमोजिम स्थानीय व्यक्तिलाई नियुक्त गरिन्छ । त्यसपछि दुई जनाले विद्यालय सञ्चालन गरि रहेको समयमा ती अर्का शिक्षकलाई सरुवा गरी च्याङ्थापुबाट ल्याइन्छ र दुई वर्ष पश्चात् ती शिक्षकलाई पनि

सरुवा गरी अर्का स्थानीय व्यक्तिलाई नियुक्ति गरिन्छ । वि.सं. २०३४ सालदेखि नि.मा.वि. सञ्चालन गर्दा प्र.अ. जीत बहादुर अधिकारी (जे.बी. अधिकारीलाई) चौविस घण्टे पूर्जी काटी बोलाइन्छ । दुई वर्ष कैद र २०००।- रुपैयाँ जरिमाना गर्ने निर्णय सुनाएपछि तत्कालिन गृहमन्त्री पद्म सुन्दर लावती र जि.वि.स. सभापतिको रोहबारमा तोकिएको रकम धरौटी राख्ने सर्तमा छोडिन्छ । तत्कालिन गा.पं.को नेतृत्वमा सबै रकम उठाउने प्रयास गरिए तापनि १४३२५।- मात्र उठ्छ र सो रुपैंया ने.बै.ली.मा राखि २०३६ सालदेखि कक्षा ४ बाट क्रमशः बर्षेनी थप गरिन्छ । वि.सं. २०४१ सालदेखि तत्कालिन अवस्थमा छुट्टै रहेको खुँगा गा.प.लाई समेटी व्यवस्थापन समिति गठन गरी मा.वि. सञ्चालन हुन्छ र ०५२/०५३ देखि त्यसले स्विकृति पाउँछ । यसरी प्रा.वि., नि.मा.वि., मा.वि. र उच्च मा.वि. हुन्जेल आफ्नो योग्यता र क्षमताले भ्याए सम्म आफूले काम गरेको र छिमेकी विद्यालय तथा सोहि विद्यालयमा आफ्नो परिवारका सदस्यलाई मौका नदिएको गुनासो लेखकको छ । एस.एल.सी. वालासँग पनि आइ.एड.वाला पछि परेको र चार जना मध्ये तीन जना वि.एड्. तेस्रो वर्षमा अध्ययनरतहरु एस.एल.सी. वाला भन्दा पछि परेकाले बोलवाला कै बाहुल्यता रहन्छ योग्यताको कदर खोइ त ? भन्ने प्रश्न लेखकले उठाएका छन् ।

**कथोपकथन**

वि.सं. २०१३ सालदेखि ०६६ सालसम्मको समयको परिवेशमा लेखिएको आत्मकथा संवादको प्रयोग नगरी संस्मरणात्मक शैलीमा लेखिएको छ ।

**चरित्रचित्रण**

यस आत्मकथामा 'म' पात्रकै महत्वपूर्ण भूमिका छ । उनले २०१३ सालदेखि २०६६ सालसम्म भोगेका घटनाहरुलाई छोटकरीमा समावेश गरेका छन् । लामो समयसम्म शिक्षण पेशामा संलग्न कथाकार अधिकारीले विभिन्न समयमा विभिन्न व्यक्तिबाट पाएको धोकाको बारेमा उल्लेख गरेका छन् ।

**दृष्टिविन्दु**

यस आत्मकथामा प्रमुख रुपमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरेका छन् । त्यस्तै उनले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग पनि यस कथामा गरेको पाइन्छ ।

**देश, काल, वातावरण**

पाँचथर जिल्ला एकतिन-१, जोरपाटीमा जन्मी त्यही हुर्केका अधिकारीको कर्मथलो पनि पाँचथर कै विभिन्न गा.वि.स. मा देखिन्छ । उनले वि.सं. २०१३ देखि ०६३ सम्म शिक्षक भएर समाजको सेवा गरेका थिए र सोही समयको घटनाको उल्लेख यस कथामा पाइन्छ ।

**सारवस्तु**

योग्यता र गरेको कार्यको कदर हुनुपर्ने हो तर आफूले गरेको कार्यको कदर भएन त्यस्तै योग्यताको कदर नभई 'बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन' भन्ने उखान सावित भएको कुरा यस कथाको सारवस्तुका रुपमा लिन सकिन्छ ।

**४.१.६.७ धन्न कालले स्वागत गरेन**

**कथावस्तु**

वि.सं. ०३०/०३१ साल तिरको दाँत दुःखेको स्मरण गर्दै लेखिएको यो आत्मकथामा धामी धनन्तरी कहाँ छिमेकी भाइसँग गएको कुरा उल्लेख गरिएको छ । करीब दश मिनेटको बाटो पार गरी सकेपछि धामीको घरमा पुग्छन् । धामी तलामा चढेर सुत्छ र पुगेको केहि समय पछि तल ओर्लेर सेर्गेम गरिदिन्छ । टाउको दुख्न आराम भएपछि चिया पिएर हिड्छन् । खाना खान आग्रह गरेपनि खाँदैनन् । उनीहरु पुग्नु भन्दा अगावै पस्केर बत्तिको ओझेलमा राखेको खाना हिडेपछि मात्र खान्छन् किनभने त्यो समयमा कोदाको खोले खानु पर्थ्यो । खोल्सी र बाँसबारीको बाटोमा पछाडि हिड्ने साथीलाई जाँदा र आउँदा एउटा सुँगुरले बाटो छेक्छ तर उनलाई थाहा हुँदैन । अर्को घरनेर पुग्दामात्र थाहा हुन्छ । अर्को दोबाटोमा पुगेपछि तल जोरघरमा ठूलो धामीले जोखाना हेर्ने दिन भएको कुरा साथीले बताउँछ र साथीले खाएको र आफ्नो खाना तलै हुने कुरामा विश्वस्त भएर दुवै जना त्यतै लाग्छन् । रातको एक बजे आफ्नो कुरा राख्दा त्यसदिन घरको बाहेक अरुको जोखाना हेर्न नभ्याइने भएकाले निराश हुँदै दुवै जना फर्किन्छन् । पहिलाकै खोल्साको निकै तलबाट उकालो लाग्दा बाँसको झ्याँङ बाटोमा आएर बस्छ र पैताला मुनिको माटो अघि झैं छर्के पछि पुनः बाटो खुल्छ र घरतिर जान्छन् । डरले अन्तिम भएको साथीको घरको बाटो नै जानु पर्ने भएकाले साथी आफ्नो कोठामा गएर सुत्छ र उनी पनि आफ्नो घरमा गएर रातको दुई बजे सुत्छन् । भोलिपल्ट मास्तिर काफ्लेनी बाहुनीको चोला उठ्यो भन्दै मलामी आउँन थाल्छन् । निम्सरो व्यक्तिलाई तर्साउँछ भन्ने भनाइ अनुसार अघिल्लो दिन आफूलाई साथी दिने भाइ ६

महिनासम्म बिरामी पर्छ र तीन महिना पछि धामी लगायत औषधि पश्चात् केही आराम हुन्छ । तर उसको अस्थिपञ्जर मात्र छ धन्न कालले स्वागत गरेन ।

**कथोपकथन**

वि.सं. २०३०/०३१ सालतिरको घटनालाई संस्मरणात्मक शैलीमा लेखिएको यस आत्मकथामा आफ्नो र आफूसँगै धामीको घरमा गएको छिमेकी भाइ तथा धामी र उसका परिवार बीचको संवादलाई उठाएका छन । प्रश्नोत्तरात्मक शैलीको संवाद कथाको विषयवस्तु अनुरुप आएको देखिन्छ ।

**चरित्रचित्रण**

**म**

यस आत्म कथाको प्रमुख पात्र 'म' हो । कथाकार स्वयंले भोगेका घटनालाई यस कथामा समावेश गरिएको छ । उनी धामीको घरमा छिमेकी भाइसँग जान्छन् । दाँत दुखेको बेला धामीको घरमा जाने 'म' पात्र छिमेकी भाइसँग खोल्सी र बाँसघारीको बाटो जान्छन् । धामीले सेर्गेम गरेपछि ठिक भएको अनुभव उनमा छ । अर्को घरमा धामी बसेको ठाउँमा गएर सोध्दा उसले नभ्याएको बताएपछि घर फर्कदा बाटोमा उनलाई पनि तर्साएको छ । यसरी हेर्दा 'म' पात्र परम्परावादी चरित्रका, धामी झाक्रीलाई विश्वास गर्ने पात्रका रुपमा देखा परेका छन् ।

**छिमेकी भाइ**

'म' पात्रसँग धामीको घरमा जाँदा सुँघुरले बाटो छेकेर बिरामी परेको छिमेकी भाइ पनि यस कथाको परम्परावादी सोचको पात्रको रुपमा देखा परेको छ । ऊ छ महिनासम्म बिरामी परेको छ । उसलाई कालले धन्न स्वागत गरेन ।

**अन्य**

सर्गेम गर्ने धामी तथा उनको परिवार र जोखाना हेर्ने धामी गौण पात्रका रुपमा आएका छन् ।

**दृष्टिविन्दु**

यो आत्मकथा मुख्य रुपमा प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । यहाँ 'म' पात्रको महत्वपूर्ण भूमिका छ ।

**देश, काल, वातावरण**

वि.सं. २०३०/०३१ साल तिरको घटनाको उल्लेख गरिएको यो कथा ग्रामीण परिवेशको छ । ग्रामीण परिवेशको रहन सहन तथा वातावरण यस कथामा पाइन्छ ।

**भाषाशैली**

संस्मरणात्मक शैलीमा लेखिएको यस कथामा छोटा वाक्यहरु छन् भने नेपाली भाषाका सरल शब्दहरुको प्रयोग गरिएको छ ।

**सारवस्तु**

मानसिक त्रासले ग्रस्त भएको छिमेकी भाइ लामो समयसम्म विरामी भएर उठ्छ । यसरी मानसिक रोगले शारीरिक रोग निम्त्याउँछ भन्ने कुरा यस कथामा देखाइएको छ ।

**४.१.६.८ नौमति बाजा**

**कथावस्तु**

सृष्टिका प्राणीले बाँचनकालागि खाने भए मृत्युको मुखमा पुग्दा खाएर बाच्थ्ये । त्यसैले खानका लागि बाँचेको हो । लेखक सानो हुँदा विद्यालयको अभावमा गोठमा बस्थे । त्यसै समयमा आफ्नै गा.वि.स.को छाँगेटारमा छिमेकी जोरघरे काकाको गोठमा काकाको निमन्त्रणालाई स्विकार्दै उनी जान्छन् । विगौती खाएर सुत्ने बेलामा काकाले यो सृष्टिको बनावट र खोल्सा नदि हुदै महासागर बन्ने प्रकृयाको चर्चा गर्छन् र पानी थाप्दा गाग्रो भरिएझैं महासागरको आकार बढ्दै सारा भू-भाग ओगट्ने र धेरै मानिसको मृत्यु गराउने र अन्तिममा मात्र त्यस गोठमा आइपुग्ने कुरा गर्छन् । लेखकलाई अलि  डर लाग्छ । चरा समेत केहि समय त उडेर बाँच्छन् तर खान र बस्न नपाएर तिनीहरु पनि अन्तिममा मर्छन् भनेपछि झन डरले उनी काकासँगै टाँसिन पुग्छन् । त्यसपछि जसरी भए पनि तँलाई जोगाउँछु भनेपछि लेखक पनि केही आशाका साथ कसरी भन्न पुग्छन् र त्यसको प्रत्युत्तरमा

नजिकको सात थुम्केमा एउटा ओडार छ त्यस ओडारमा शिव पार्वतीको बासस्थन छ । त्यहिँ गएर शिवजीको शरण लिए पछि शिवजीको जटाले पानी छर्की बचाउँछन् । हामीले आफ्ना परिवारका सबै सदस्यलाई त्यही लगेर बचाउनु पर्छ भन्दै कथा अन्त्य गर्छन् र दुवै निदाउँछन् । लेखकलाई बिहान ११ बजेतिर मात्र निन्द्राले छोड्छ र उठ्दा काका नभएकाले आफ्नै गोठतिर उनी लाग्छन् । तीन दाजुभाई गोठमा बस्ने गरेकोमा गोठमा दाजुभाइ पनि हुँदैनन् र खाने पनि हुँदैन । गोठमा चामल पिठो केही छैन । शायद उनीहरु पनि अघाएनन् होला । अन्य गोठमा चाहर्दा न त मान्छे छन् न त खानेकुरा । त्यसपछि अघिल्लो हप्ता उभ्रिएको ढिडो कालो भइसकेको मात्र हुन्छ । त्यसको माथिल्लो भागको एकपत्र फालेर कालो ढिंडोमा सेतो दहि लगाएर उनी खान्छन् । भोकै भर्नु भन्दा खाएर मर्छु भन्दै खाएको ढिंडोले पाँच छ घण्टा पछि पेट हुस्स पारेर जङ्गल धाउनु पर्ने स्थिति बनाउँछ र पेटमा नौमति बाजा घन्किन थाल्छ ।

## कथोपकथन

समयको स्पष्ट किटान नभए पनि लेखक वाल्यवस्था हुदाँको संस्मरणात्मक शैलीको यो कथामा 'म' पात्र र काका बीचको संवादलाई उठाइएको छ । प्रश्नोत्तरात्मक शैलीको संवाद कथावस्तु अनुरुप आएको देखिन्छ ।

## चरित्रचित्रण

### म

यस कथाको प्रमुख पात्र 'म' कै परिवेशमा कथावस्तु अगाडि वढेको छ । 'म' पात्र वाल्यावस्थामा गोठमा बस्दा काकाको निमन्त्रणा स्विकार्दै काकाको गोठमा जान्छन् र काकाको कथाले डराउँछन् । पनि काकाले आफू उनलाई बचाउँने बताउँछन् । यसरी राती अबेर सम्मको संवादपछि सुतेका म पात्र विहान ११ बजेतिर उठ्छन् र आफ्नो गोठमा जान्छन् । कसैको गोठमा केही खान नपाएपछि पनि एक हप्ता अघिको कालो भइसकेको ढिंडो दहि लगाएर सेतो बनाएर खान्छन् । त्यसपछि पेटमा नौमति बाजा बज्न थाल्छ । यसरी यस कथामा 'म' पात्रको वाल्यवस्थाको चित्रण गरिएको छ ।

**काका**

काका यस कथाका सहायक पात्र हुन् । ‘म’ पात्रलाई विगौती खान दिएर कथा सुनाउने काका भविश्यमा समुद्र भरिएर आउने र सबै डुवाउने अनि महादेवको जटाले पुनः पूर्ववत अवस्थामा आउने कल्पना गर्दै ‘म’ पात्रलाई कथा सुनाउने एक गोठाला हुन् ।

**अन्यपात्रहरु**

अन्य पात्रहरुमा दाजुहरु, छिमेकी गोठालाहरु छन् तर यिनीहरु कथामा समावेश भएका छैनन् ।

**दृष्टिविन्दु**

‘म’ पात्रको सेरोफेरोमा लेखिएको यो आत्मकथामा प्रमुख रुपमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने गौण रुपमा द्वितीय पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**देश, काल, वातावरण**

यस कथामा समयको स्पष्ट किटान नगरिएता पनि कथाकारको वाल्यावस्थाको चित्रण गरिएको छ । पाँचथर जिल्लाको एकतिन गा.वि.स. को परिवेशको  चित्रण यस कथामा पाइन्छ । त्यस समयको  रहन सहनको चित्रण पनि यस कथामा पाइन्छ ।

**भाषाशैली**

यो कथा संस्मरणात्मक शैलीको छ । यसमा बोध्य शब्द तथा वाक्यहरु राखिएका छन् ।

### ४.१.६.९ तैं चुम मै चुप

**कथावस्तु**

वि.सं. २०३९ साल फागुन तिरको घटनालाई यस कथामा उठाएका छन् । उनको पाली बनाउँदै गरेको समयमा गाउँकै एकजना मानिसले आएर उसको खेत किनि दिन आग्रह गर्छ र अर्को दिन पुनः गाउँका अन्य मानिसहरु आई उनलाई खेत किन्न कर लगाउँछन् र अन्त्यमा लेखकको खेतको थैलो त्यहि जिम्मा लगाइन्छ र उनले बाध्यताबश घरायसी छिन्ती

राजिनामा खेत किन्छन् । भोलिपल्ट खेत र त्यहाँ आउँने कुलो हेर्छन् । कुलो त्यही जग्गा धनीकै जग्गाबाट आउँने भएकाले उनलाई सन्तोष हुन्छ । खेत रोप्ने काम हुन्छ । वि.सं. २०४० सालको तिहारको मुखमा धान काट्ने र बिटा लाउने काम हुन्छ । खेतालाको अभावमा दुई दिन बिटा लाउने काम हुन्छ । पहिलो दिनको धान झारे पनि बताएर थन्क्याइदैन र भोलिपल्ट एकै चोटि थन्क्याइन्छ । अघिल्लो दिन आठ मुरीको अन्दाज गरिन्छ । परालले छोपिन्छ । भोलिपल्ट रहेको आधा खेतको बिटा लगाएर धान भर्दा सात मुरी पाँच पाथि मात्र हुन्छ । अघिल्लो दिन र भोलि पल्ट धान झार्ने मान्छे भिन्नाभिन्नै भएको र परिवारका कसैले पनि अघिल्लो दिनको धान छ छैन वास्ता नगरेकाले कुरा गर्नै लाजमर्दो भएको र कुनै शङ्का बिना सुतेकाले गर्दा पनि तै चुप मै चुप हुनु परेको बाध्यतालाई लेखक जे.बी. अधिकारीले यस आत्मकथामा उल्लेख गरेका छन् ।

**कथोपकथन**

वि.सं. २०३९ साल तिरको घटनालाई स्मरण गर्दै लेखिएको यस कथामा संवाद पनि राखिएको छ । 'को' सँगको संवाद हो भन्ने स्पष्ट नगरिए पनि प्रश्नोत्तरात्मक शैलीको संवाद कथावस्तु अनुकूल नै आएको देखिन्छ ।

**चरित्रचित्रण**

**म**

यस आत्मकथाका प्रमुख पात्र 'म' हुन् । उनकै सेरोफेरोमा कथावस्तु अगाडि बढेको छ । शिक्षण पेशामा आवद्ध 'म' पात्र शिक्षणका अतिरिक्त कृषि पेशामा पनि लागेका देखिन्छन् । उनले खेत किनेर रोपेको प्रसङ्गलाई उठाउँदै बाध्यतावस दुई दिन विटा लगाएको र अघिल्लो दिन झारेको धान हराएको कुरा भोलिपल्ट मात्रै थाहा भएकाले तै चुप मै चुप हुनु परेको कुरा 'म' पात्रले उल्लेख गरेका छन् ।

**अन्य पात्र**

जग्गा बेच्ने मानिस, घर परिवारका सदस्य, गाउँलेहरु पनि यस कथाका अन्य गौण पात्रका रुपमा देखा परेका छन् ।

**दृष्टिविन्दु**

संस्मरणात्मक शैलीमा लेखिएको यस आत्मकथामा पनि प्रमुख रुपमा प्रथम पुरुष दृष्टिविन्दुकै प्रयोग गरिएको छ ।

**देश, काल, वातावरण**

वि.सं. २०३९/०४० साल तिरको घटनालाई यस कथामा उल्लेख गरिएको छ । यो कथा पूर्ण रुपमा पाँचथर जिल्लाको एकतिन गा.वि.स. को परिवेशमा नै लेखिएको छ ।

**भाषाशैली**

संस्मरणात्मक शैलीमा लेखिएको यस आत्मकथामा नेपाली भाषाकै शब्दहरु छन् भने प्रश्नोत्तरात्मक शैलीको संवादको प्रयोग गरिएको छ । साधारण बोलचालमा प्रयोग गरिएका शब्दहरुको प्रयोग गरिएको छ । साधारण बोलचालमा प्रयोग हुने छोटा वाक्यले गर्दा कथा बुझ्न सजिलो छ ।

**सारवस्तु**

अघिल्लो दिन झारेको धान छ कि छैन भन्ने कुराको ख्याल भोलिपल्ट बेलुकासम्म पनि नगरिएको प्रसङ्ग उठाएर कथाकारले विश्वाशले मात्र हुँदैन । मानिसले बुद्धि र विवेक प्रयोग गरेर काम गर्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

### ४.१.६.१० गुणको बैरी बैगुनी

**कथावस्तु**

यो कथा अघिल्लो कथासँग सम्बन्धित छ । यस कथामा म पात्र जग्गादाताका घरमा जाँदा धान कति भयो भनेर जग्गादाताले सोध्छ र वास्तविकता बताउँदा धान लुकाएर कम धान देखाउन खोजको आशङ्का गर्छ । २०४३ सालमा रजिष्ट्रेसन पास गरेर लिइन्छ । धनी पूर्जामा १८ रोपनी (जग्गा) देखिएता पनि हेर्दा ६/७ रोपनी जति मात्र देखिन्छ र वास्तविकता सोध्दा जग्गा नाप्दा आफैंले स्टाफ बोकेको र माथिबाट देखिएन भनेपछि उचालेको हुनाले खोला पारीको जग्गा आएको हुन सक्ने बताउँछ । जग्गादाताकै जग्गाबाट कुलो ल्याएर चार वर्ष कमाई गरेपछि पाँचौ बर्षमा कुलो मासि दिएकाले उसकै खेतबाट

पानी ल्याएर एक दुई साल रोपिन्छ । त्यसपछि रोपाईंको दिनमा सबै पानी उनीहरुकै खेतमा लगाएर हिल्याउनाले रोपाईं अड्किन्छ र बोलाएका खेतालाको बर्बाद हुन्छ । उनी खेत तपाईंहरुकै जिम्मा भनेर घर फर्किन्छन् र केही दिनपछि पानी पाएर खेत रोपिन्छ । उसको खेत भरिएर आएको पानी छाडिदिनु भनी एकजोडी ब्याट्री किन्ने पैसा दिन्छन् । तर उसको खेत भरिनासाथ पानी खोला तिरै फर्काएपछि हैरान भएर अर्को एकजना ब्राह्मणलाई बन्धकी दिइन्छ । उनले पनि पैसा फिर्ता मागेपछि पूर्व दातालाई नै बन्धकी खान दिइन्छ । केही समय पछि छिमेकी जग्गा हुने पूर्व बन्धकी खाने मानिसको जग्गा घुसेको कुरा खुल्न आउँछ र अर्काको जग्गा आफू भोगचलन नगर्ने मनसायले आफ्नो जग्गा उसैलाई बन्धकी खान दिएको र उसले इच्छाएमा आफ्नो जग्गाको मात्र दाम लिएर उसैलाई रजिष्ट्रेसन पास गरिदिने विचार भएको कुरा उनले राखेका छन् । 'कर पर्‍यो भन्दैमा ठहरै मार्नु हुँदैन' भनेर उसको कानुनी अधिकार नभएको तर उसको जग्गा आफू पनि नभोग्ने विचार राख्दै आफैंले भोग्दा र अरुलाई दिंदा पनि दुःख दिनेलाई नै जग्गा बन्धकी भोग्न दिएको र "गुनले गुन खान्छ र म तँलाई खान्छु" भन्ने उक्ति सावित भएको कुरा यस कथामा उल्लेख गरिएको छ ।

**कथोपकथन**

अघिल्ले कथासँगक सम्बन्धित यस कथामा पनि प्रशस्त संवादको प्रयोग गरिएको छ । 'म' पात्र र खेत दाताको संवाद तथा अन्य व्यक्तिको संवाद यस कथामा पाइन्छ । लामा तथा छोटा संवादको प्रयोग पाइन्छ । कतिपय ठाउँमा अप्रत्यक्ष कथनमा लेखिएको पाइन्छ ।

**चरित्रचित्रण**

**म**

यस कथाको प्रमुख पात्र 'म' कै सेरोफोरोमा कथावस्तु अगाडि बढेको छ । उनको धान हराएको प्रसङ्गबाट कथाको सुरु गरी खेत रोप्न नपाएको र धनी पूर्जामा भएको जति जग्गा नपाएको प्रसङ्गलाई उठाइएको छ ।

**खेतदाता**

यस कथाको सहायक पात्रका रुपमा खेतदाता देखा परेको छ । खेतदाता र म पात्रको संवादबाट अघि बढेको यस कथामा खेत दाताले 'म' पात्रलाई पानी ल्याउन नदिएर समस्या सिर्जना गरेको र पछि दिएको छ ।

**अन्य पात्र**

जग्गाका छिमेकीहरु गाउँघरका छरछिमेकीका भद्र भलादमीहरु पनि यस कथामा गौण पात्रका रुपमा आएका छन् ।

**देश, काल, वातावरण**

वि.सं. २०४३ साल देखि ०५२/०५३ सालसम्मको सेरोफेरोमा आधारित भएर यो कथा लेखिएको छ । यस कथाको परिवेश पनि पाँचथर जिल्लाको एकतिन गा.वि.स. नै छ । ग्रामीण परिवेशका समस्यालाई यस कथामा देखाइएको छ ।

**भाषाशैली**

संस्मरणात्मक शैलीमा लेखिएको यस कथाको भाषा सरल, सहज र बोध्य छ । 'गुनले गुन खान्छ र म तँलाई खान्छु', 'कर पऱ्यो भन्दैमा ठहरै मार्नु हुदैंन' जस्ता उक्तिको प्रयोगले कथामा मिठासपन पनि थपेको छ ।

**सारवस्तु**

यस कथाले 'कर पऱ्यो भन्दैमा ठहरै नमार्नु' भन्ने सन्देश दिन सफल भएको छ ।

**४.१.६.११ पहिलो तर लामो यात्रा**

**कथावस्तु**

मुख्यतः प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यस कथामा म पात्र एकजना लाहुरेसँग धरान जान्छन् । बुबा र लाहुरे बीचको कुराकानीले पहिलो पल्ट घोपाको लामो यात्रामा निस्केका 'म' पात्र र लाहुरे पहिलो रात हस्तपुरको लिम्बुको घरमा बास बस्न पुग्छन् । चिया खाए पश्चात् ढिकी सारमा खाना पकाउँछन् र आलुको तरकारी भने पकाइ दिएर ल्याएको हुन्छ । सब्जीको साथमा ल्याएको दुधसँग मुछिए जति भात खाएर नअघाए पनि खान छोड्छन् तर सब्जी खाँदैनन् किनभने उनी माथिल्लो जातका हुन् । बिहानै उठेर लिम्बूनी पुल तर्दै चोकपुरमा गएर बास बस्छन् । त्यहाँ एउटा कुमाइको घरमा "म" पात्रलाई छोडेर लाहुरे बेपत्ता हुन्छ र भोलिपल्ट बिहानै आउँछ र तेस्रो दिनको यात्रा आरम्भ हुन्छ । तेस्रो दिन चुहानडाँडामा लिम्बूको घरमा बास हुन्छ । त्यहाँ पनि पहिलो दिनको बासकै घटना दोहोरिन्छ फरक दूधको ठाउँमा फिलुङ्गेको अचार । पेट भने पानीले भर्नु पर्ने भयो ।

भोलिपल्ट ओरालो लागेपछिको घटनालाई कथाकार यसरी कवितात्मक लयमा लेख्छन्... बाटो याक्चना घाट, बगरको बास, माझिको साथ, खाइया निस्तो भात, ओढ्ने ओछ्याउने आफ्नै पास, सिरानी छ ढुङ्गको ह्रास, लाग्दैन लाहुरेको कानमा बतास, तै पनि निदाउने प्रयास गर्छु......। अर्को दिन लाहुरेले भने झै लेउती खोला नौं पटक तर्छन् । बर्षा याममा नौं पटकमा एक पटक त बगाउन पनि सक्छ । साँघुरी भञ्ज्याङ्ग काटेपछि रमाइलो जङ्गल पार गर्दै फुस्रेमा पुगेपछि जिपमा घोपा पुग्छन् । पहिलो पटक गाडीमा चुढ्दाको मजा 'म' पात्रलाई हुँदाहुँदै ओर्लिनु पर्ने बाध्यता हुन्छ र मुण्डे घराको दृष्यले अचम्म पनि पार्छ । बाध्यताले होटलमा अजातले पकाएको खानेकुरा खानै पर्छ नरुचे पनि । फेरी लाहुरेको आर्मी शाशनले गर्दा पनि खानै पर्ने भयो । भोलिपल्ट लाहुरे घोपा क्याम्पमा जान्छ भने 'म' पात्र सरसफाई गरेर बस्छन् । तीन दिन पछि पहिले कै बाटो भएर फर्किन्छन् अब फर्किदा भने गोप्य रुपमा छुवाछुतको अन्त्य भइसकेकाले समस्या घट्छ । यो यात्राको अवधि पन्ध्र दिनको हुन्छ ।

## कथोपकथन

यस कथामा पनि विषयवस्तु अनुरुप संवाद योजना मिलाइएको छ । छोटा संवादको प्रयोगले कथालाई रोचक बनाएको छ । लाहुरे र बुबा बीचको  संवाद र 'म' र लाहुरे बीचको संवाद यस आत्मकथामा पाउन सकिन्छ ।

## चरित्रचित्रण

### म

'म' पात्रको सेरोफेरोमा आएको यो आत्मकथामा 'म' पात्र घर देखि धरान पुगेर पुनः घरमा आएसम्मको चर्चा गरिएको छ । क्षेत्रीको छोरो 'म' पात्रले बाटामा आफैं पकाएर खाना खान्छन् । अजातले पाकाएको तरकारी पनि नखाँदा जाँदा भने बाटामा उनलाई अलि समस्या आउँछ भने धरान पुगेपछि गोप्य रुपमा जात फालेका म पात्रलाई घर फर्कदा खासै समस्या आउँदैन ।

### लाहुरे

यस कथाको  सहायक पात्र लाहुरे हो । उसले बुबासँग गरेको आग्रह अनुरुप 'म' पात्र धरान गएका छन् भने धरानबाट ल्याउने काम पनि लाहुरेले गरेको छ ।

**बुबा**

यस कथाका गौण पात्र बुबाले 'म' पात्रलाई धरान पठाउने काम गरेका छन् । त्यसभन्दा बाहेक अन्य कुरामा उनको भूमिका छैन ।

**दृष्टिविन्दु**

यस आत्मकथाका प्रमुख पात्र 'म' कै सेरोफेरोमा कथावस्तु अगाडि बढेको हुनाले यस आत्म कथामा प्रमुख रुपमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

**देश, काल, वातावरण**

यस कथामा समयको स्पष्ट किटान गरिएको छैन तर लेखकको वाल्यवस्थाको समय हो भन्ने प्रष्ट हुन्छ । यस कथामा पाँचथर जिल्लाको एकतिन गा.वि.स. देखि हस्तपुर, चोकपुर, तेह्रथुमको चुहाडडाँडा, याक्चनाबाट, साँघुरी भञ्ज्याङ्ग हुँदै धरानको घोपा क्याम्पसम्मको परिवेशको चित्रण गरिएको छ ।

**भाषाशैली**

यस आत्मकथाको भाषाशैली सरल देखिन्छ । कतै संवादात्मक शैलीको प्रयोग गरिएको छ भने कतै कवितात्मक शैलीको आभास हुन्छ । जे भएपनि सरल भाषामा लेखिएको हुनाले यो आत्मकथा सामान्य पाठकको निमित्त पनि बोधगम्य छ ।

**४.१.६.१२ दोस्रो लामो यात्रा**

**कथावस्तु**

पुनः लाहुरेको साथमा म पात्र धरानतिर लाग्छन् । पहिले कै ठाउँका बास र खाना पनि उस्तै छन् तर यसपाली थप एक जना महिला सहित तीन जना छन् । धरान पुगेर जीपमा विराटनगर जान्छन् र लाहुरेकी श्रीमती र लाहुरे प्लेनमा काठमाण्डौ जान्छन् भने यता म पात्रलाई जाने बेलामा दिएको रु २।- बाहेक एक पैसा पनि हुँदैंन । दुई रुपैयाँले विराटनगरबाट धरान त पुगिन्छ तर पैसा सकिएपछि अर्को समस्या आउँछ । त्यसैले दिनभर हिडेर रात परेपछि बाँकि रहेको बाटो जीपमा चढ्छन् । पाँचसुका गाडिभाडा तिर्छन् र भोकको ज्वाला कम गर्न आँधा पावा पुरी र एक प्याला चिया खाएर बाँकी रहेको पेटको भाग पानीले भरी एकसुका तिरेर होटलबाट बाहिर निस्कन्छन् । अब 'म' पात्रलाई सुत्ने

समस्याले सताएको छ । वल्लतल्ल एउटा माडेले पेटीमा सुत्ने गरी ओड्ने ओछ्याउनेको व्यवस्था गरिदिन्छ तर मच्छड जति 'म' पात्रलाई खन्याएर । विहान मच्छडले बिगारेको अनुहार लिएर गन्तव्य हिन गन्तव्यतिर लाग्छन् र थाहै नपाई घोपा क्याम्प पुग्छन् । गार्डले प्रवेश निशेष गरेपछि विहान दश बजे तिर एउटा होटलबाट पाउरोटी चिया खएर चाराना तिर्छन् साथमा दुई आना लिएर हिड्छन् र पुग्छन् धरानको पुरानो बजार । जहाँको रेडिमेड पसल नजिकमा गुण्डाहरुले आक्रमण गर्न लागेको बेला प्रहरी आइपुग्नाले ज्यानसम्म बचाउन सफल हुन्छन्  र चतारा लाइनमा पुगेर कुल्लीका साथमा उनी दिनभरी काम गर्छन् । कामको मेसो नपाए पछि एक दिन काम गरेर त्यही खाएर हिड्न लाग्दा घोपा क्याम्पको एउटा गार्डसँग भेट हुन्छ र त्यतैतिर लाग्छन् । ऊ निरक्षर भएकाले उसका आफन्तहरुलाई चिठी लेखेर त्यस रात त्यतै बस्छन् र त्यो गार्डको सल्लाह अनुसार दिनको एक टाइम १३ बोतल रक्सी गोप्य तरिकाले घोपा क्याम्पमा पुऱ्याउँने काम दिएकाले एक महिनासम्म गर्छन् र टाउको दुख्ने समस्या भएकाले रु २५ सहित त्यहाँबाट बिदा हुन्छन् । फुस्रे आइपुग्दा छिमेकी गा.वि.स.का दुई जनासँग भेट हन्छ । तर उनीहरु बेखर्ची भएकाले आफैंले खर्च बेहोर्दै ल्याउँछन् । त्यो पैसा पछि उनीहरुले फिर्ता गर्दैनन् । घर आउँदा सात कक्षाको अर्धबार्षिक परीक्षाको समय आउँन लागेको हुन्छ । पढाइको समस्या सामाधान गर्न साथीकोमा जानु पर्ने हुन्छ । त्यस वर्ष (वि.सं. २०१८) सालको बार्षिक परीक्षामा चार जना मध्ये म पात्रको दोस्रो स्थानमा नतिजा आउँछ भने अरु दुइ जनाको फेलको । यसरी मिडिल स्कूलसकेपछि अर्को विद्यालयमा जानु पर्ने हुनाले आठौं कक्षाको अध्ययनको लागि ताप्लेजुङ्गको भानु मा.वि जान्छन् । अब हुन्छ खर्चको समस्या ।

कक्षा आठको अध्ययन गर्न भानु मा.वि. जाँदा नाम लेखाउने पैसा नभएकाले पैसा काढेर पैसा दिने मानिसलाई नै घरमा लिएर जान्छन् । घरबाट पैसा पाएपछि मात्र काढेको पैसाले एड्मिसन गर्छन् । अरु विद्यार्थीको तुलनामा पाँचथरबाट जाने दुई जना विद्यार्थीहरुमा दुवै जना कमजोर भएको महशुस गरी गणित विषयको मासिक रु १०।- तिरेर ट्युसन पढ्छन् । त्यसै क्रममा वि.सं. २०१८ साल चैत्र ६ गते एन.डी. सरको डेरामा पुग्दा गोली चल्न सुरु हुन्छ । दुई जना सरहरु भित्र ढोका थुनेर बस्छन् र तिमीहरु पनि जाओ भनेपछि बाटो लाग्छन् तर ती दुई विद्यार्थीलाई कसैले गोली हान्नु पर्छ भन्छन् भने कसैले विद्यार्थी होलान् नहान्नु भन्छन् । सबै पसल बन्द हुन्छ । एउटा चिया पसलेले ढोका खोलिदिन्छ र बाँच्न सफल हुन्छन् । बाहिरको दृश्य चियाएर हेर्ने अवस्था पनि छैन । नारायण डिट्ठाको घरबाट

थानातिर आक्रमण हुन्छ । प्रहरीको सङ्ख्या कम र आक्रमणकारीको सङ्ख्या ठूलो भएकाले थाना र अदालतलाई घेराबन्दी गरी कब्जा लिन सफल हुन्छन् । अदालत र मालपोतमा आगलागी हुन्छ तर थाना जोगाउनु पर्ने बाध्यता थियो किनभने थाना जल्दा बजारै जल्थ्यो । त्यसैले नगरबासीले थाना जोगाए । त्यहि थानाबाट समात्न सफल भएका दुई प्रहरीलाई बोकाएर प्रहरीका राम्रा सामग्री लगे । त्यसपछि मात्र ताप्लेजुङ्गमा सैनिकको व्यवस्था भयो ।

खर्चको अभावको कारणले खर्च लिन 'म' पात्र एकजना साथीसँग आफ्नो घर जोरपाटीमा जान्छन् । बुबा आमाले खर्च नदिएपछि नाङ्गिनमा गएर काकासँग विन्ति भाऊ गरेर १५/१६ दिनमा करिब रु ३००।- खर्च पाउँछन् ।

त्यसै गाउँको विद्यालयमा वि.सं. २०१९ सालमा एक जना शिक्षकको अभाव भएकोले नियुक्ति पत्र बनाई अध्ययन विदा मिलाएर 'म' पात्र पुनः ताप्लेजुङ्ग जान्छन् । कावेलीको पुल काटिएकाले अर्कै बाटो भएर एकजना साथीकासाथ ताप्लेजुङ्ग पुग्छन् । पुगेको भोलिपल्ट प्रहरी आएर हेडसरलाई बोलाई कक्षा ६ देखि १० कक्षासम्मका विद्यार्थीहरुलाई लाइनमा राखेर नेपाली हेन्ड्राइटिङ लेख्न लगाइन्छ र कक्षा आठको 'म' पात्र र कक्षा ६ को राम प्रसाद रिमाल हाङ्देवालाई पक्रिने काम हुन्छ र दुवैलाई आर्मी क्याम्पमा जिम्मा लगाइन्छ । दुवैलाई सहि उत्तर नदिए मार्ने धम्कीकासाथ केरकार गर्ने, यातना दिने काम मात्र नभएर 'म' पात्रलाई बारीको भित्तामा अड्याएर मार्नै लागेको बेला त्यसै ठाउँको बोजे जेठो र क्याम्पस प्रमुख आइपुग्दा उनीहरुले सहयोग गरी क्याम्प र थानामा क्रमशः बिहान र बेलुका हाजिर हुनुपर्ने शर्तमा छोडिन्छ । यसरी 'म' पात्रलाई तारिख लगाएर छोडिन्छ भने अर्को साथीलाई अगाडि नै जमान बन्दीमा आफन्तहरुले लगेका हुन्छन् ।

**नोकरीको व्यवस्था**

विद्यालयको फिस तिर्न धौ धौ परेकाले ताप्लेजुङ्गको चाँगे गा.वि.स.का प्र.अ. सँग त्यस विद्यालयमा गणित पढाउन जान्छन् । एन.डी.सरले राम्ररी सिकाएका हुनाले गाह्रो पर्दैन । एक महिना पढाएरु रु ३०।- लिएर पुनः विद्यालयमा अध्ययन कार्य अगाढि बढाउन आउँछन् । पुनः खर्चको समस्याले विहान बेलुकाको खाना र बस्नको समस्याको समाधानका लागि विहान बेलुका घाँस दाउरा गर्दै वार्षिक परीक्षासम्म एकजनाको घरमा बस्छन् । एउटा साथीले घरबाट ल्याएको पैसा पनि दिदैन र बल्ल तल्ल साथीहरुले विद्यालयको शुल्क तिरिदिन्छन् र परीक्षा  दिने अवसर पाएर अन्तिम नम्बरमा भए पनि सफल हुन्छन् ।

पूर्व नियक्तिको ख्याल गर्दै नाङ्गिन भोटे गाउँ काकाको घरमा पुग्छन् । पूलभञ्ज्याङ्गमा व्यवस्थापन समितिको निर्णय अनुसार बार्षिक नौ मुरीमा शिक्षक नियुक्त हुन्छन् । खानको लागि जहाँ बसे पनि निःशुल्क हुन्छ । यसरी बुबा र काकाले पढ्न एक पैसा पनि नदिने भएपछि त्यस विद्यालयमा रहन बाध्य हुन्छन् र बुद्धि र विवेक प्रयोग गर्दा जि.शि.का. पाँचथरबाट बार्षिक ९००।- नेपाली रुपैंया अनुदान प्राप्त गर्न सफल हुन्छन् र विद्यार्थी सङ्ख्या बढाउन पनि । विद्यालयमा एक्लै विद्यार्थीको चापमा शिक्षण गर्न गाह्रो हुने भएकाले स्थानीय बासी एकजनालाई मासिक रु २५।- मा शिक्षक नियुक्ति गर्छन् । त्यसरी विद्यालयमा दुई वर्ष बिताएर आफ्नो योग्यता बढाउन इलाम जान्छन् ।

**कथोपकथन**

यस यात्रामा भने लाहुरे, लाहुरेनी र म गरी तीन जनाको याात्राको प्रसङ्ग उठाइएको छ । लाहुरे, लाहुरेनी 'म' पात्रलाई रु २।- । धरानसम्मको भाडा दिएपछि म पात्र धरान, घोपा क्याम्प आदि ठाउँमा घुम्ने क्रममा विभिन्न व्यक्तिहरुसँगको संवादलाई यस कथाले समेटेको छ । कथावस्तु अनुरुप आएको संवाद सान्दर्भिक छ र यसले कथालाई रोचक पनि बनाइएको छ ।

**चरित्रचित्रण**

यस कथाको प्रमुख पात्र 'म' कै सेरोफेरोमा कथाको सुरुदेखि अन्त्य भएको छ । 'म' पात्रलाई लाहुरे जोडीले विराटनगरमा बेपत्ता पारेपछि 'म' पात्र विभिन्न ठाउँमा गएर विभिन्न पेशामा संलग्न हुन बाध्य छन् । यस कथामा घर फर्केर आएको र ताप्लेजुङ्गको भानु मा.वि.मा अध्ययन गर्न गएको प्रसङ्ग समेत जोडिएको छ ।

**लाहुरे**

लाहुरेले यस कथामा भने खलनायक पात्रको भूमिका खेलेको देखिन्छ । 'म' पात्रलाई विराटनगर पुऱ्याएर जम्मा रु २।- दिएर ऊ प्लेनमा बेपत्ता भएको छ ।

**अन्य पात्र**

यस कथामा अन्य पात्रका रुपमा लाहुरेनी, क्याम्पको गार्ड, प्रहरीहरु गाउँका साथीहरु, एन.डी.सर, आर्मीहरु आदि आएका छन् तर यिनीहरुको भूमिका गौण छ ।

**देश, काल, वातावरण**

यस कथामा वि.सं. २०१८ सालको आसपासको घटना उल्लेख गरिएको छ । त्यस बेलाको राजनीतिक परिस्थितिको उल्लेख गरिएको छ । यस कथाको परिवेशमा पाँचथरका विभिन्न स्थानदेखि लिएर धरान, विराटनगर, ताप्लेजुङ्ग आदि रहेको छ ।

**भाषाशैली**

यो कथाको भाषाशैली सहज र सरल छ । पाँचथरदेखि विराटनगर पुगेर फेरि पाँचथर आइपुगेपछि पनि कथा नटुङ्गिएर ताप्लेजुङ्ग जाँदाको घटनालाई समेत यसै कथामा जोडिएको छ । त्यसो भए तापनि सिलसिला मिलेको छ ।

**सारवस्तु**

कथाको पहिलो आयाम विश्वास गर्दा धोका पाइएको प्रसङ्ग छ भने दोस्रो आयाममा तत्कालिन राजनीतिक परिस्थितिलाई उदृत गरिएको छ ।

**४.१.६.१३ भूत प्रेतसँग भेट**

**कथावस्तु**

'म' पात्र १४ वर्षको उमेरमा चार कक्षामा अध्ययन गर्ने विद्यार्थी हुन् । त्यस समयमा रातभरि पढेर भए पनि पढेको पाठ सुनाउनु पर्थ्यो । उनलाई सुकेलुतोले सताएको थियो । भारतमा छापिएका पुस्तक र भारतको राष्ट्रियगान गाउने चलन अनुसार त्यही अनुसारको ज्ञान थियो । धनकुटाबाट विद्यालय निरिक्षण गर्ने व्यक्तिले उनलाई देशको नाम, राजधानी र छिमेकी देशको नाम सोध्दा क्रमशः भारत, नायादिल्ली, थाइल्याण्ड र अफानिस्तान भन्ने उत्तर दिन्छन् । त्यसपछि हाम्रो देशको नाम नेपाल र राजधानी काठमाण्डौ भन्दै उनी बाहिरिन्छन् । त्यसपछि भने त्यो राष्ट्रिय गानलाई गाउँन बन्द गरेर केहि समयपछि अर्कै गाइन्छ ।

लुतो रोगले ग्रस्त म पात्रले शिक्षकले भने अनुसार साबनले हात धुन्छन् । लुगा धुने साबनले हात धुँदा अझै साह्रो पर्छ । त्यसपछि बाटो हिड्ने व्यक्तिको सल्लाह अनुसार गाइको गोमुत तताएर नुहाउने र लेपन गर्ने कार्य गर्छन् । अझ पुरै शरीर सुनिन्न थाल्छ । त्यहि समयमा उनका माइला काका आइपुग्छन् र सर्पको नाग बनाएर मन्छाउँछन् । त्यसपछि भने अलि आराम हुन्छ । श्रावण महिना झरिवादलको समयमा त्यो हेनेमेने गरेको

तीन दिन पश्चात् औंसिको रात हुन्छ । नजिकै मच्छेबुङ्ग भन्ने ठाउँमा औंसी, पूर्णिमामा लाग्ने बजारबाट धान नाच्ने मानिसहरु जोरपाटीमा आएर धान नाच्दै हुन्छन् । 'म' पात्र बाहिर पिसाप गरेर भित्र गएपछि सिंढि चढेर आएर चिसो हात उँभो सर्दै जान्छ र दाहिने तिघ्रोको पिलो नजिक पुग्छ । पिलो फुटेर पैतालासम्म जान्छ । त्यस समयमा 'म' पात्रले टाउकाको कपाल मात्र समाउन सफल हुन्छन् र जोडले कराउँछन् । आमा बत्ति लिएर आउदा उनको हातको घाउभरी केश हुन्छ । त्यो केश डढाउँदा नराम्रो दुर्गन्ध आउँछ । आमाले सिंढीदेखि सिकुवासम्म तातो भुत्भुते छर्केपछि मात्र उनी सुत्न सक्छन् तर निन्द्रा आउँदैन । केवल धान नाचको आवाज यसरी सुन्छन् । असारे रोपाई मंसिरको दाईं कहिले पो भेंट होला कहिले पो जाईं हा....हा.....हा ।

### कथोपकथन

यस कथामा पनि कथाकार अधिकारीले धनकुटाबाट आएका विद्यालय निरिक्षक तथा काका र आमासँगको संवादलाई उल्लेख गरेका छन् । कथावस्तु अनुरुपको संवाद सान्दर्भिक रुपमा आएको छ ।

### चरित्रचित्रण

#### म

यो आत्मकथा भएकाले 'म' पात्रकै सेरोफेरोमा आएको छ । 'म' पात्र कक्षा चारमा पढ्दाको अवस्था यहाँ पाइन्छ । त्यस समयमा लुतोले ग्रस्त भएका 'म' पात्र रातको समयमा पिसाप गरेर भित्र सुतेपछि चिसो हातले उनको शरीरमा स्पर्ष गर्छ । आमा आएर खरानी छरेपछि मात्र उनी सुत्न सक्छन् ।

#### काका

यस कथाका सहायक पात्रका रुपमा काका छन् । उनले 'म' पात्रलाई औषधि गर्छन् तर त्यसले झन रोग बढ्छ ।

#### आमा

आमा पनि यस कथाकी सहायक नारी पात्र हुन् । उनले 'म' पात्रलाई सुत्न सहज वातावरणको सिर्जना गरेकी छिन् ।

**अन्यपात्रहरु**

विद्यालय निरिक्षक, विद्यालयका शिक्षक आदिको पनि कथामा उल्लेख भएको छ तर तिनीहरु गौण पात्रहरु हुन् ।

**दृष्टिविन्दु**

यो कथा पनि प्रमुख रुपमा प्रथम पुरुष दृष्टिविन्दुमा नै लेखिएको छ ।

**देश, काल, वातवरण**

यस कथामा कथाकार कक्षा चारमा अध्ययन भएको बेला वा उनी १४ वर्षको उमेरमा हुँदाको घटना उल्लेख भएको छ । त्यसैले यो वि.सं. २०१२ सालतिरको घटना हो । यहाँ पाँचथर जिल्ला कै ग्रामीण परिवेशको चित्रण गरिएको छ ।

**भाषाशैली**

सरल बोध्य भाषाको प्रयोग गरिएको यो कथा संस्मरणात्मक शैलीमा लेखिएको छ ।

**४.१.६.१४ भाग्यले दियो कर्मले ठेल्यो**

**कथावस्तु**

'म' पात्र बैसाखको महिनामा जङ्गलमा वस्तु चराउन लान्छन् । एकदिन बुर्बुराउँदो माटोमा सेता राम्रा ढुङ्गा भेट्छन् र घरमा लान्छन् । बुबाले यस्ता ढुङ्गा छन् भने अझै ल्याउनु भनेको हुनाले खोस्रिंदा अझै राम्रा भित्र टल्कने अण्डाकारका दुईटा ढुङ्गा भेट्छन् र घर लान्छन् । यसरी वस्तु चराउने क्रमा एकदमै कालो वस्तु अर्को दिन भेट्छन् र खुकुरीकले टुक्रा टुक्रा पारिसकेर हेर्दा खुकुरीमा र हातमा धेरै कालो लाग्छ र त्यसलाई धुँदा पनि जाँदैन । बालुबा र झारले धुँदा पनि नगएपछि खुकुरी घरमा लगेर यथास्थानमा राख्छन् । बुबाले थाहा नपाई लगेको खुकुरी भोलिपल्ट बुबाले हेरेपछि त्यो खुकुरीले काटेका टुक्राहरु सबै ल्याउन अह्राउँछन् । 'म' पात्र भोलिपल्ट गएर खोज्दा भेट्न सफल हुँदैनन् । घरमा गएर बुबालाई भेट्न सफल नभएको जानकारी दिएपछि बुबाले त्यो चिज खोज्नेले भेट्दैन र भेट्नेले चिन्दैन भन्छन् । अहिले 'म' पात्रले सम्झिदा बुबाले लगाएको जुम्ल्याहा रुद्राक्ष गोटा दुई, डाइमन दुई ओटा, त्यो गुज्जर गानो अहिले भेट्ने हो भने त्यसलाई विक्री गर्दा राम्रै काम गर्थ्यो भन्ने लाग्छ ।

**कथोपकथन**

यस कथामा लेखक र वुवा बीचको संवाद पाइन्छ । यसमा आएको संवाद कथावस्तु अनुरुप सान्दर्भिक छ ।

**चरित्रचित्रण**

**म**

'म' यस कथाको प्रमुख पात्र हो । 'म' पात्र वस्तु चराउन जाँदा अमूल्य वस्तु फेला पार्छन् र त्यसलाई भेटेको दिन त्यतिकै छोडेर जाँदा भोलिपल्ट खोज्दा पनि भेट्न सक्दैनन् ।

**बुबा**

यस कथाका सहायक पात्र बुबा हुन् । उनले 'म' पात्रलाई अघिल्लो दिन भेटाएका वस्तुहरु ल्याउन अह्राउँछन् र भोलिपल्ट नभेटेकोमा दुःख मान्छन् ।

**गोठालाहरु**

यस कथामा गोठालाहरुको उल्लेख भएको तर यिनीहरुको भूमिका देखिदैन ।

**दृष्टिविन्दु**

'म' पात्रको संस्मरणात्मक शैलीमा लेखिएको यो कथा प्रथम पुरुष दृष्टिविन्दुमा नै संरचित छ ।

**देश, काल, वातावरण**

लेखक १२ वर्षको हुँदा वा वि.सं. २०१० सालतिरको  घटना यस कथामा पाइन्छ । ग्रामीण परिवेशको घर, जङ्गल, खोला आदिको चित्रण यस कथामा पाइन्छ ।

**भाशाशैली**

यसमा भएका शब्द वा वाक्यहरु नेपाली समाजका चलन चल्ति कै छन् । यो आत्मकथा पनि संस्मरणात्मक शैलीमा नै लेखिएको छ ।

**सारवस्तु**

त्यस समयका रुद्राक्ष, डाइमन, गुजरगानो आहिलेको समयमा पाउन सकिन्न पाउँदा राम्रै काम गर्थ्यो भन्ने कुरा कथामा देखाइएको छ ।

### ४.१.६.१५ बाललीला

**कथावस्तु**

'म' पात्रले वि.सं. २००८ साल मार्गमा अङ्ग्रेजी विद्यालय खोलिनु अघि नै पिताबाट श्रेष्ता र चण्डी सम्बन्धी ज्ञान आर्जन गरिसकेका हुन्छन् । वि.सं. २००८ सालमा कक्षा २ मा भर्ना हुन्छन् । चौथो कक्षामा पुगेपछि विद्यालय बन्द हुन्छ र लेकको गोठमा बस्ने गर्छन् । बुबासँग गोठमा बस्दा सामान्य हिसाब लगायतका अन्य कुराहरु अध्ययन गर्दछन् । हिउँदमा गाउँमा गोठ लगेर बस्छन् र पुनः वि.सं. २०१३/९/१ देखि विद्यालय सञ्चालन हुन्छ र अध्ययन कार्यमा लाग्छन् । वि.सं. २०१५ सालमा कक्षा पाँच पुरा गरेको समयमा देशमा चुनावको चहल पहल बढ्न थाल्छ र प्रजापरिषदका नेताहरु बेनीबहादुर कार्की, भरत शम्शेर र त्यस क्षेत्रका उमेद्वार गजेन्द्र बहादुर तुम्बाहाम्फेको भाषण सुनेपछि उनी पनि त्यो पार्टी प्रति आकर्षित हुन्छन् र मतदाता नामावली सङ्कलन तथा पर्चा पम्प्लेट बोक्ने कार्यमा लाग्छन् । एकचेपाबाट आउँदा चतुरे बजारमा वि.पी. कोइराला, प्रेमराज आङ्देम्बे लगायतका नेता आएका छन् भन्दा अलि डराउँछन् । उनलाई वि.पी छन्/ छैनन् यकिन पनि हुदैंन तर नजिकै आउँदा माइकमा यस्तो गीत सुन्छन् ।

भोट खसाउने भोट र बक्सको
रुखको चिन्ह नेपाली काँग्रेसको

यस्तो गीत सुन्न थालेपछि डरले अगाडि नबढी त्यहि एउटा लिम्बुको घरमा बस्छन् र आफैं भात पकाउँछन् भने तरकारी पाकेको आउँछ । तर त्यो नखाई दुध दहिसँग मात्र भात खान्छन् र भरे सोध्दा जात जाने भएकाले नखाएको कुरा बताउछन् । वि.सं. २०१५ फागुन १५ गतेका दिन तिलङ्गा (प्रहरी) हरुले मतदानकेन्द्र घेरेको हुन्छ । उनको गाउँको ठूलो मान्छे सुब्बा चूडाकर्णले घर चिन्ह (प्रजापरिषदको चुनाव चिन्ह) माथि उचालेर हल्लाउँछ । एउटा तिलङ्गा आएर च्यातिदिन्छ  किनभने मतदात केन्द्रमा साङ्केतिक चिन्ह प्रयोग गर्न पाइदैन । 'म' पात्रलाई त्यस्ता ठूला मान्छेभन्दा पनि यो पो ठूलो रहेछ भन्ने लाग्छ । प्रजापरिषदले नजितेमा सनातन धर्म नष्ट हुन्छ भन्ने उनलाई लागेको थियो तर दश हजार मत पाउने काँग्रेसलाई एक हजार मत पाउने प्रजापरिषदले पच्छ्याउँदा प्रजापरिषदको जात गए जस्तो लाग्छ । एकवर्ष पछि छिमेकी गा.वि.स.मा खुलेको मिडिल स्कुलमा नाम दर्ता गराउन एक रुपैंया नपाएपछि घरकै भालेहाँस चोरेर नाम दर्ता गराउँछन् । उक्त हाँस खोजी भएपछि बाँकी रुपैयाँ आमालाई जिम्मा लगाउँछन् । कहिले काही रातको एक बजेसम्म पढेर छ कक्षा

पार गर्छन् भने सात कक्षामा अध्ययन गर्दा कहिले बीच बाटोमा रहेको खोलामा पौडी खेल्दै माछा मार्दै र कहिले गुल्लु चोर तास खेलेर बिताउँछन् ।

**कथोपकथन**

वि.सं. २००८ सालदेखि वि.सं. २०१५ सालसम्मको घटना उल्लेख गरिएको यसक कथामा प्रत्यक्ष रुपमा संवादको प्रयोग कम गरिएको छ । त्यो कथावस्तु अनुरुप सान्दर्भिक रुपमा आएको छ ।

**चरित्रचित्रण**

**म**

यस कथाका प्रमुख पात्र लेखक स्वयं छन् । उनले वर्णनात्मक शैलीमा कथाको प्रारम्भ गरेका छन् । वि.सं. २०१५ सालको चुनाव तथा कक्षा ६ मा अध्ययन गर्दाको अवस्थाको चित्रण यस कथामा गरेका छन् ।

**अन्य पात्रहरु**

यस कथाका अन्य पात्रहरुमा आमा, सुब्बा चूडाकर्म, अमृत प्रसाद केरुङ्ग, प्रजापरिषद्का नेताहरु र तिलङ्गा छन् तर यिनीहरुको भूमिका गौण छ ।

**दृष्टिविन्दु**

संस्मारणात्मक शैलीमा लेखिएको यो आत्मकथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**देश, काल, वातावरवण**

यस कथाका वि.सं २००८ सालदेखि वि.सं २०१५ सालसम्मको घटना उल्लेख गरिएको छ । पाँचथर जिल्लाका विभिन्न गा.वि.स.को चित्रण यस कथामा पाइन्छ ।

**भाषाशैली**

यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ । छोटा वाक्य र सरल शब्दहरुले गर्दा साधारण पाठकका निमित्त पनि बोधगम्य नै छ ।

### ४.१.६.१६ जोखिम पूर्ण यातना

**कथावस्तु**

यस कथामा कथाकारले प्रथम पुरुष दृष्टिविन्दुमा लेखेका छन् । वि.सं. २०२२ साल तिरको घटना मानिएको यो कथामा 'म' पात्र डेराको कोठाबाट बाहिर निस्कदा बीरेन्द्र नामक अर्को पात्रलाई खोज्न आएका हुन्छन् । कोठामा खान तलासी गरेर जान्छन् । भोलिपल्ट बीरेन्द्र आउँछ र बचाउको लागि आग्रह गर्छ । तोरीबारी हुँदै गृह जिल्ला पाँचथर तिर लाने काम गरिन्छ । बिहान नारायण थान मन्दिर जान्छन् भने दिउँसो पनि एकजना साथिसँग त्यतै जान्छन् । मुनि बाटोमा नौ मति बाजाको आवाज सुनपछि दुवै जना त्यतै जान्छन् । त्यही समयमा एउटा चिनेको मासिन घोडा चढेर आएर त्यो घोडा विवाह तिर लगिदिन आग्रह गर्छ र घोडा छोडेर जान्छ । घोडा मान्दैन । त्यही समयमा अर्को परिचित मानिस विवाहतिरै जाँदै हुन्छ र उसलाई घोडा पुऱ्याउन आग्रह गर्छन् । घोडा मान्दैन र अर्को बाटो लाग्छ । बल्ल बल्ल फलैंचामा पुऱ्याउँदा अघि नै बरियात अगाडि बढि सकेका हुन्छन् । अर्को घोडाको खोजी गर्ने मानिस बाँसको काँचो डण्डी लिएर आउँछ । शङ्काले 'म' पात्रले घोडा जिम्मा लागेन कि क्या हो भन्दा उसले त्यो डण्डि 'म' पात्रको टाउँकोमा कुट्न थाल्छ । सबै शरीर रग्ताम्य हुन्जेल र त्यो डण्डी धुजा हुन्जेल कुट्छ । बेहोस् भएको बेला अरु डण्डी काट्छ र होस्मा आउन्जेल पर्खेर फेरि कुट्छ । अरु जन्ती आएपछि मान्छे यही हो भने अझै कुट्नु पर्छ भन्छन् र कुट्छन् । अर्को घोडा जिम्मा लगाइएको मानिस पनि त्यहाँ आउँछ र यसलाई जिम्मा लगाएको थियो भने पछि त्यसलाई पनि कुटिन्छ । दुवैलाई रुखमा बाँधेर धेरै कुटिन्छ । काँटिवाल बुटले धेरै हान्छन् । ठूलो घरको भऱ्याङ्ग मुनि सिमेन्टको चिसो भुइमा राखेको अवस्थामा मात्र 'म' पात्रले थाहा पाउँछन् । ढोकामा एउटा पहरेदार राइफल लिएर उभिइराखेको हुन्छ र अर्को पहरेदार आएर ठिङ्ग्रो मुङ्ग्रो भएका ती दुई जनालाई कुटी रहन्छ । त्यहाँको उभिने पहरेदार भने मौन भएर उभिरहेको छ । म पात्रले आफ्नो बुबा आमा र ईश्वर सम्झिन्छन् र आफ्नै आत्मासँग शरण माग्दछन् । पानी माग्न पनि डराइ राखेको समयमा चारजना आउँछन् र ठिंगुराबाट खुट्टा निकाली माथि तलामा लान्छन् । ती मध्ये एक जना मात्र त्यहाँ बस्छ, अरु जान्छन् । त्यसले छालाको काँडे कर्रालो हान्छ र 'म' पात्रको पिंडुलाबाट रगतको फोहरा बग्छ । दुई पिंडुलामा ३/३ पटक र कन्चटमा एक एक हानेपछि शरीर ढल्छ र ढलेको शरीरमा शिरेदखि खुट्टासम्म हिडेको

अनुभव ‘म’ पात्रलाई हुन्छ । होस् खुल्दा पुनः ठिंगुरामा राखिएको हुन्छ । अर्को बन्दीलाई भने कसैले जमानीमा निकालि सकेको हुन्छ तर ‘म’ पात्रलाई भने पानी दिने मानिस समेत हुँदैन ।

राति धेरै चिसो भएपिछ ओच्छ्याउने माग्दा त्यो द्वारपालले “म तिमीलाई चिन्छु तर के गर्नु ससुरालीको कुकुर पनि ससुराली नै हुन्छ भन्छ । ठिंगुरामा राखेको मानिसलाई कुट्नु नहुने । म हवल्दार ऊ सिपाही हो तर ऊ इन्सपेक्टरको सालो हुनाले इन्सपेक्टर नै मान्नु परेको छ” भन्छ । घोडाको निहुँमात्र भएको र अन्य कुनै कारणले कुटिएको र त्यो भन्दा सानो निहुँमा धेरैले कुटाइ खाएको कुरा ‘म’ पात्रलाई त्यो द्वारपालेले सुनाउँछ । आफ्नो रोजिरोटी जोगाउनु पर्ने र देशकोलागि राम्रो काम गर्ने व्यक्तिलाई यहाँ अधोगति लाइन्छ, राजाको अगाडि बाबाको दुहाइ भनेको यही होला भन्छ ।

दिनभर र रातभरको यातना र भोक प्यासले गर्दा बेहोस् भएका ‘म’ पात्रलाई बिहान थाहा पाउँदा हस्पिटलको बेडमा राखिएको हुन्छ । बेहोस् अवस्थामा केहि लेखेर दुवै औंठाको छाप लगाएको कुरा हस्पिटलका कर्मीबाट थाहा पाउँछन् । अर्काको परिश्रमलाई मन पराउने व्यक्तिलाई धेरैले मन पराउँछन् तर राम्रो व्यक्तिको भलो नभएका उदाहरणहरु दार्शनिक सुकरात र यशु ख्रिष्ट, नेपालका आदिकवि भानुभक्त आचार्य, लक्ष्मी प्रसाद देवकोटा आदिलाई सम्झिन्छन् । त्यस्तै कलि युगमा “जसले गर्छ पाप उसलाई हुन्छ फलीफाप” भन्ने उखान सम्झिन्छन् तर त्यो फलिफाप परन्तुसम्म हुन्छ हुँदैन भन्ने कुरालाई भविष्यले बताउला ।

**कथापोकथन**

वि.सं २०२२ सालतिरको दर्दनाक घटनालाई यस कथामा उल्लेख गरेका छन् । यस कथामा विभिन्न व्यक्तिहरुको संवादलाई समावेश गरिएको छ । ती संवादहरु कथावस्तु अनुसार आएर कथावस्तुलाई रोचक बनाउने काम गरेको छ ।

**चरित्रचित्रण**

**म**

यस कथाको प्रमुख पात्र ‘म’ को सेरोफेरोमा कथावस्तु अगाडि बढेको छ । ‘म’ पात्रलाई विश्वास दिलाएर चरम यातनाको शिकार बनाइएको छ ।

**बीरेन्द्र**

बीरेन्द्र यस कथाको अर्को पात्र हो । उसलाई 'म' पात्रले बचाउने काम गरेका छन् ।

**द्वारपाले**

यो हवल्दार पदको प्रहरी भएपनि एउटा प्रहरी जवान भन्दा निरिह पात्र हो ।

**प्रहरी**

इन्स्पेक्टरको आडमा मनपरि गर्ने पात्र हो ।

**अन्य पात्रहरु**

विवाहका वरियात, सिपाहीहरु, म पात्रको साथी, प्रहरीहरु आदि गौण पात्रका रुपमा आएका छन् ।

**दृष्टिविन्दु**

यो कथामा मूल पात्र 'म' भएको हुनाले यो कथा प्रथम पुरुष दृष्टिविन्दुमा नै रचना गरिएको छ ।

**देश-काल-वातावरण**

वि.सं. २०२२ सालतिरको घटना यस कथामा पाइन्छ । यस कथामा इलाम बजार, तोरीबारी, नारायण स्थान आदि स्थानको चित्रण गरिएको छ ।

**भाषाशैली**

संस्मरणात्मक शैलीमा लेखिएको यस आत्मकथामा नेपाली भाषाका शब्दहरु प्रयोग गरिएका छन् । 'जसले गर्छ पाप उसको हुन्छ फलिफाप' जस्ता उखानले कथालाई रोचक बनाएको छ ।

**सारवस्तु**

राम्रो व्यक्तिको पनि सधैं भलो हुँदैन जसको उदाहरणमा सुकरात, यशुख्रिष्ट, नेपालका देवकोटा आदि पर्छन् तर पापीको फलिफाप परन्तुसम्म हुन सक्दैन भन्ने सन्देश यस कथामा पाइन्छ ।

### ४.१.६.१७ पुनः सञ्जालमा

**कथावस्तु**

वि.सं. ०३६/३७ सालतिरको घटनालाई उल्लेख गरिएको यस कथामा पनि प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्र विद्यालयको प्र.अ. बाट शिक्षक मात्र बनेका हुन्छन् किनभने विद्यालय प्रा.वि.बाट नि.मा.वि. बनेको हुन्छ । प्र.अ. बाट त.भ.को लागि माग फारम पेश गरी सकेकाले चार ओटा चेक लिएर जान्छन् । लेखापाल गाउँकै मान्छे भएको र उनले प्र.अ.बाट माग फारम पेश भएको छैन भनेपछि पुनः पेश गर्छन् र त.भ. निकाशा भएपछि घर फर्किने बेलामा खाली चेक माग्दा विद्यालयमा पैसा छैन भन्ने सोचले उक्त चेक दिन्छन् । आएर विद्यालयका प्र.अ.लाई सबै कुरा सुनाएपछि फिदिममा गएर हाकिमसँग कुरा गर्छन् र 'म' पात्रको नाममा चौविस घण्टे पूर्जी काटिन्छ । 'म' पात्र फिदिम गएपछि तपाईं प्र.अ. की शिक्षक ? सहायक शिक्षकले लेखापालको कुरा सुनेर माग फाराम पेश गर्नुको कारण के ? आदि प्रश्न हाकिमबाट सोधिन्छ । बेलुका जिल्ला उपसभापतिको रोहबारमा छाडिन्छ । उक्त लेखापालले चलाएको पाँच हजार रुपैंया उक्त सभापति मार्फत् अर्को लेखापालले चलाएर लामो समयसम्म फिर्ता नदिएपछि उनलाई तारिख धाउनु पर्ने हुन्छ र आफै उठाएर असुल उपर गर्छन् । त्यसरी दोहोरो माग फारम पेश गर्न लगाउने लेखापाल अस्थायी हुनाले उसलाई जागिरबाट निलम्बन गर्ने बाहेक अन्य कार्यबाही हुँदैन । 'म' पात्रलाई भने तारिखको हैरानी र धेरै समयसम्म एक ग्रेड रोक्का हुन्छ । यसरी उनले गाउँकै मान्छेबाट विश्वाशले गर्दा हैरानी पाए । त्यो भन्दा पहिला पनि वि.सं. २०२२ सालतिर उसकै कारणले मरणासन्न हुन्जेल कुटाइ खानु परेको थियो । उनी सोच्छन् "चोरको हजार दाऊ सत्यावदीको एक दाऊ", "उपियाँ चुसेर फड्को मार्छ भेटाउनै मुस्किल ।" त्यसैले उनी यसरी चित्त बुझाउँछन् ।

फितलो र परजीवी कारक तत्व बन्यो
दिन लिन विश्वास छैन जोखिम पूर्ण बन्यो
मलाई भए भै गयो मतलब अरु किन
हो हल्ला र रवैयामा व्यस्त कति दिन ?......।

**कथोपकथन**

वि.सं २०३६/३७ साल तिरको घटनाको उल्लेख गरिएको यस कथामा कथावस्तु अनुरुप संवाद योजना मिलाइएको छ । 'म' पात्रको संवाद जि.शि.अ., खरदार बीरेन्द्र आङ्बोसँग मुख्य रुपमा आएको छ । संवादले कथावस्तुलाई अगाडि बढाउन सहयोग गरेको छ ।

**चरित्रचित्रण**

**म**

यस कथाको प्रमुख पात्र 'म' हुन् । उनकै सेरोफेरोमा कथावस्तुको आरम्भ र अन्त्य भएको छ । 'म' पात्र सिधा व्यवहार गर्ने व्यक्ति भएकाले उनी सजिलै फन्दामा परेका छन् ।

**बीरेन्द्र**

यस कथाका अर्का पात्र बीरेन्द्रले कथावस्तुलाई अगाडि बढाएको छ । खाली चेक मागेर त्यसबाट स्कुलको पैसा बीरेन्द्रले झिक्ने काम गरेको छ ।

**जि.शि.अ.**

शिक्षा कार्यालयका प्रमुख व्यक्ति जि.शि.अ.ले खाली चेक खरदरलाई दिनको कारण बुझ्न 'म' पात्रलाई चौबिस घण्टे पूर्जी काटेका छन् । यिनले कथावस्तुलाई चरमोत्कर्षमा पुऱ्याएका छन् ।

**दृष्टिविन्दु**

यो संस्मरणात्मक शैलीमा लेखिएको आत्मककथा हो । यस कथामा प्रमुख रुपमा वि.सं. २०३६/०३७ सालको घटनाको उल्लेख गरिएको छ । पाँचथर जिल्लाको एकतिन गा.वि.स. र फिदिमलाई यस कथाले परिवेशको रुपमा लिएको छ ।

**भाषाशैली**

यो कथा संस्मरणात्क शैलीमा सरल भाषाको प्रयोग गरेर लेखिएको छ । यसमा संवाद योजना पनि कथावस्तु अनुसार आएको छ ।

**सारवस्तु**

जिम्मेवार पद सम्हालेर बसेको व्यक्ति पनि भ्रष्टचारी दुराचारी, हुनसक्छ भन्ने सन्देश यस कविताले दिएको छ ।

**४.१.६.१८ शिरबन्दी**

**कथावस्तु**

यस आत्मकथा सङ्ग्रहको अन्त्यमा 'शिरबन्दी' शीर्षकको कविता राखिएको छ । सुरुको वर्ण 'अन्तरमनको बगैंचा सङ्ग्रह हो' मिलाइएको यो कवितामा कवि तथा कथाकार

अधिकारीले यो जीवन सौरभ मेरो उपहार हो, यसको अनर्थ नहोस् । अतितका वास्तविकतालाई समेटी लेखिएको वास्तविक घटना हो । मनमा रहेका सम्झनाका थिंगारलाई हरेस नखाई पुस्तकको रुपमा प्रकाशन गरेको छु । कलहमा नभएर प्रफुल्ल मनमा मात्र साहित्यको सृजना हुन्छ । उदार भावले अज्ञानी सम्झेर हकबन्दी नभई शिरबन्दी मानी गल्तिलाई सुधारी ग्रहण गर्न समेत आग्रह गरेका छन् । कवि लेख्छन्....

मनैमा थियो जे जति थिग्रो, त्यहि कुरा उतारी
नबिर्सि पनि राखेकै थिएँ, यही मनमा गुजारी
कोशिस मेरो जारी नै थियो, अवसर पाइन
बराली मन अन्तिम पनि, हरेस खाइन ।....

**भाषाशैली**

यस आत्मकथा सङ्ग्रहमा सङ्ग्रहित गरिएको एक मात्र कविता 'शिरबन्दी'को भाषा सरल छ । नेपाली भाषाकै शब्दहरु प्रयोग गरिएकाले साधारण पाठकका निमित्त पनि बोधगम्य नै छ । चार हरफको एक श्लोकका दरले रचिएको यस कवितामा चार श्लोक छन् । यो कविता झ्याउरे लयमा लेखिएको छ ।

**लय**

झ्यारे लयमा रचिएको यो कविता गेयात्मक रुपमा उत्कृष्ट देखिन्छ ।

**शीर्षक**

अतीतका घटनाहरुलाई उल्लेख गरिएको यो आत्मकथालाई हकबन्दी नभई शिरबन्दी मानी ग्रहण गरिदिनु भन्ने भाव कवितामा पाइने हुनाले यसको शीर्षक 'शिरबन्दी' सार्थक देखिन्छ ।

**दृष्टिविन्दु**

यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

### ४.१.६.१९ थरगोत्र

यस आत्मकथा सङ्ग्रहभित्र रहेको थरगोत्र शीर्षकको लेखमा लेखिएको छः सुनेजाने अनुसार अथवा धर्म शास्त्रले भने अनुसार समुद्रको सतहमा शेष नागमणि आशित विष्णु भगवानका नाभिबाट कमलको फूल उत्पत्ति भै त्यस कलमका फूलबाट चतुर्मुखी ब्रह्माण्डी उत्पन्न भएको हो । ब्रह्माण्डी सुत (छोरा) मरिचिऋषि र मरिचिका पनि सुत कश्य ऋषि हुन् भन्ने कथन छ । कश्य ऋषिका आमा कला हुन् भने दक्ष प्रजापतिका छोरीहरु दिती आदिती लगायत तेह्रवटी विवाह गरेको बुझिन्छ ।

पुर्खाले लिखित रुपमा केही कुरा नराखेको हुनाले सुनी जानेका भरमा नै थरगोत्रको शरण गर्दै जानु पर्ने भएकाले कुन थरको कुन सगोत्री कसरी भयो भन्ने प्रश्नको उत्तर जान्न कठिन भएको छ । यसै सन्दर्भमा उनले वि.सं. २०५५ सालदेखि खोजी गर्दै आएको र वि.सं. २०६५ “काश्यप गोत्रीय अधिकारी बन्धु बंशावली” तयार पारेको कुरा उल्लेख गरिएको छ ।[३५] त्यो पुस्तक प्रकाशन गरिसकेपछि फेला पारेको प्रमाण यस लेखमा उल्लेख गरिएको छ । लिच्छवीकालिन नेपालमा सरकारी कार्यालयलाई अधिकरण भनिन्थ्यो । १२ औं देखि १५ औ शताब्दीसम पश्चिम नेपालको पहाडी क्षेत्रमा खस राज्य थियो । त्यहाँ मल्ल राजाहरुले शाशन गर्दथे । त्यस समयका प्रमुख कर्मचारीहरुलाई अधिकारी भनिन्थ्यो । सरकारी दर्जाको रुपमा पहिलो पटक आधिकारीको उल्लेख राजा पुण्य मल्लको वि.सं. १३३९ को कनकपत्र अभिलेखमा भएको कुरा यस सम्बन्धिका खोजकर्ता डा. सूर्यमणि अधिकारीले उल्लेख गरेका छन् र हुम्ला, जुम्ला, दाङ्का प्रशाशनको प्रमुखलाई अधिकारी भनिन्थ्यो । सो अनुसार खस राज्यका प्रशाशक तथा कर्मचारीहरु अधिकारी, भण्डारी खड्का कार्की, थापा, बुढाथोकी, घिमिरे, पाँडे लगायत अन्य विविध थर सरकारी दर्जाहरु नै कालान्तर पछि थरमा परिणत भएको उल्लेख गरेको छ ।

पहिलो पटक “अधिकारी” थरको उल्लेख राजा मल्ल बर्माको वि.सं. १४४६ को ताम्र पत्रमा पाइएको छ । जाजरकोटमा अधिकारीहरुको ठूलो गाउँ भएको र कुनै समयमा विर्ता पाएर कोही विर्ता नपाई बसाईं सर्दै गएर पूर्वका विभिन्न ठाउँमा पुगे । एउटै थर गोत्र भए पनि बसोबास गरेको स्थानका आधारमा भिन्न भएको देखिन्छ । अधिकारीका सगोत्री शाह, शाही, ठकुरी, माझी, घिमिरे, गोदार थापा, गर्तौला, बोगटी, सोडारी, बुढाथोकी, पाँडे, बडाल आदि पर्दछन् । यिनीहरु एउटै सन्तान भएकाले आपसमा विवाह गर्नु हुँदैन ।

---

३५. यस पुस्तकका बारेमा अगाडि नै उल्लेख भएको छ ।

### ४.१.६.२० मानमाथि भुक्तमान

**कथावस्तु**

वि.सं २०२८ साल भाद्र २१ गते रातीको घटना उल्लेख छ । श्री सिद्धकाली प्रा.वि. का प्र.अ. भएका लेखक सञ्चालक समितिसँग फरक मतका कारण पाँचथर जिल्लाकै तल्लो भेग दुर्गम क्षेत्र लुम्फाबुङ्ग प्रा.वि.मा सोही पदमा सरुवा हुन्छन् । सदरमुकाम फिदिमबाट घर फर्कदा एउटा मानिससँग भेट भएर सँगै उसको घरसम्म आउँछन् र त्यहाँ खाना खाएर नजिकैको रिजालको घरमा भलाकुसारी गर्दै बास बस्ने विचारले जान्छन् । रात धेरै वितिसकेको हुनाले त्यो घरका मानिसको भनाइ विपरित अर्को घरमा बास बस्न गएका अधिकारी पुगेपछि बल्दै गरेको बत्ति पनि निभाइन्छ र बोलाउँदा पनि कोही बोल्दैनन् । ससुराली गाउँ, पहिला शिक्षण गरेको ठाउँ र शिक्षकको घर भएकाले त्यस घरमा बास बस्ने इच्छाले गएका लेखकलाई रातभरि नै ओड्ने ओछ्याउने दिइदैन र पानी माग्दा एक पटक अपशब्द समेत प्रयोग गरिन्छ । बिहान उठेर घरका मूली अलि पर जान्छन् र शितमा जुत्ता भिजाएर आफू घरमा नभएको भान पार्दै घरमा आउँछन् । रातभरि कराएर बिहान कोट ओडेर सुतेका पाहुनालाई बोलाउँछन् र चिया खान दिन्छन् । चियाको दोष नभएको सम्झी रिसाउँदै 'म' पात्र चिया खान्छन् भने त्यस घरका मूलीले भूलचुकले त्यस्तो भएको त्यसैले कसैलाई नभन्नु भन्छन् भने म पात्र त्यहाँबाट हिडेपछि रातीको घटना बाटामा भेटेका मानिस जति सबैलाई सुनाउँछन् । त्यस दिनको बास ससुराली मै बस्छन् । त्यस घटनालाई उनले "एक ठाउँको चास, एक ठाउँको बास" को रुपमा लिएका छन् ।

**कथोपकथन**

वि.सं. २०२८ साल भाद्र २१ गतेको घटनालाई यस कथामा कथाकार अधिकारीले उल्लेख गरेका छन् । यस कथामा पनि कथावस्त अनुरुप संवाद योजना मिलाइएको छ । संवादले कथालाई रोचक ढङ्गबाट अगाढि बढाएको छ ।

**चरित्रचित्रण**

यो आत्मकथाको प्रमुख पात्रका रुपमा 'म' आएका छन् । उनकै सेरोफेरामा कथावस्तुको आरम्भ र अन्त्य भएको छ । म पात्रले रातभरि भोगेको सास्ती र बिहान गर्न खोजिएको सम्मान प्रति 'म' पात्रले व्यङ्ग्य गरेका छन् ।

**अन्य पात्रहरु**

अन्य पात्रहरुमा रिजालको घर परिवारका सदस्यहरु मुख्य रुपमा देखा परेका छन् । यिनीहरुले कथावस्तुलाई चरमोत्कर्षमा पुऱ्याएका छन् । राती बास मात्र बस्ने उद्देश्यले घरमा आएका पाहुनालाई न त बास दिन्छन् न त पानी । विहान भने आफ्नो गल्तीलाई ढाकछोप गर्ने प्रयास गरेका छन् ।

यी बाहेक अन्य पात्रहरुको भूमिका यो कथामा खासै पाइदैन ।

**दृष्टिविन्दु**

यस आत्मकथाका प्रमुख पात्रका रुपमा 'म' छन् । कथाकारले स्मरणका आधारमा लेखिएको यो कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**देश,काल,वातावरण**

यस कथाको घटना वि.सं. २०२८ साल भाद्र २१ गते राती भनेर स्पष्ट किटान गरिएको छ । यस कथामा पाँचथरको फिदिम र भारपालाई परिवेशको रुपमा लिइएको छ ।

**भाषाशैली**

सरल भाषामा यस कथाको कथावस्तु अघि बढेको देखिन्छ । यस कथामा सरल शब्द र वाक्यको प्रयोग गरिएको छ जसले गर्दा साधारण पाठकका निमित्त पनि बोधगम्य छ ।

**सारवस्तु**

एक ठाउँको चास र अर्को ठाउँको बास गर्दा कहिलेकाँही दुःख पाइन्छ भन्ने सन्देश यो कथाले दिएको छ ।

**४.१.६.२१ गजब छ बा इन्साफ**

**कथावस्तु**

पहिलेका मानिस सत्यवादी सत्मार्गी, दुरदर्शी, न्यायप्रेमी थिए र वर्तमान स्थिति त्यस्तो छैन । मानिसका चार प्रकार हुन्छन् । जुन अगाडि बंशावलीमा नै उल्लेख भइसकेको छ । यी चार प्रकार मध्ये 'म' पात्र पनि एउटा उक्तिको फन्दामा परेका छन् । आफ्ना बुबा आमाले किपट जग्गा भोग बन्धकीमा लेखन भोगचलन गर्दै आएको जग्गा आफ्नो अंशमा परेको र वि.सं. २०२७ साल फाल्गुन १५ गतेका दिन चारकिल्ले रजिष्ट्रेसन छिन्ती राजिनामा पास

गरी आफ्ना नाममा २०३०/०३१ को सर्भे नापी गरी आफ्नै नाममा धनीपूर्जा प्राप्त भएकोमा आवादी खेत मात्र धनीपूर्जा उठ्न गएको र अलैचीबारी छुटेको र त्यो छुटेको जग्गा ०२८ मा खेत बनाएका थिए । वि.सं. २०४० मा नापी गरी ०४१ सालमा श्रीमतीका नाममा जग्गा धनीपूर्जा प्राप्त गरे । वि.सं. २०४५ सालमा सो जग्गाका रुखहरु फडानी गरी अंलैची समेत संधियारवालाले टिपेर उल्टै जग्गा दर्ता बदर गर्न उजुर गर्छन् । 'म' पात्रले नापीमा विरोध गरेनन् भनेर प्रतिवादी दिन्छन् । अदालतले प्रतिवादीको प्रमाणको कारणले बादी खारेज गरिदिन्छ । त्यसपछि बादीवालाहरु विराटनगर गएर प्रतिवादी दिन्छन् । पछि इलाममा पुनरावेदन अदालतको स्थापना भएपछि सो मुद्धा इलाममा जान्छ । इलाम अदालतले दुवै वादी प्रतिवादीको प्रमाण नबुझी फैसला गरेको ठहर गर्दै पुनः पाँचथर अदालतमा पठाउने काम गर्छ । त्यो फैसला मन नपरेर 'म' पात्रले पुनः इलाममा पुनरावेदन गर्दछन् । वादीवालाको ठोस् प्रमाण नभएपछि प्रतिवादीको जीत हुन्छ । फेरि सर्वोच्च अदालतमा रिट दायर गर्छन् र सर्बोच्चले इलाम पुनरावेदनबाट आवश्यक प्रमाण बुझी प्रतिवादीलाई जानकारी नदिई वि.सं. २०६२ मा प्रतिवादीकै पक्षमा फैसला गर्छ । त्यो कुरा वि.सं. २०६४ भाद्रतिर मात्र 'म' पात्रलाई थाहा हुन्छ । वि.सं. २०६३ सालमा उक्त जग्गामा काटिएको दाउरा तीन घरले बाँढेर लान्छन् ।

त्यो घट्ना थाहा भए पनि उनी काठमाण्डौ जान्छन् । विद्यालयको स्वर्ण महोत्सव स्मारिकाको काम र अन्य कामले लामो समयसम्म काठमाण्डौ बसेर फर्कन्छन् । घर पुग्ने बेलामा सानो चार वर्षको बालकले हिलो सरिको भकुण्डोले उनको गालामा हान्छ । उसको बाबाले त्यो बालकलाई निकै कुट्छ । 'म' पात्रको रिसले उक्त बालकलाई फाल्छ र रक्ताम्ये हुन्छ । त्यो कुट्ने मानिस आएर त्यो बालक किन कुटिस भन्दै 'म' पात्रलाई गाली गर्छ । उनले प्रतिकार गर्ने अवस्था थिएन । भलिबल खेलाडी पनि जम्मा भएका थिए । उनीहरु भने जे.बी सरलाई हात लगाए पछि गर्नु पर्ने कुराको बारेमा सोच्दै रहेछन् । त्यो मानिस कराउन छाडेर थकित भएर जान्छ । त्यो कराउने मानिस शिक्षक भए पनि उनी उसको पहिलो गुरु समेत थिए । 'म' पात्र अझै त्यस विद्यालयमा जान्छन् र सबै शिक्षकहरुले सम्मान पनि गर्छन् ।

त्यो घट्नाको केही समय पछि त्यसै विद्यालयको ग्राउण्डमा बसेर दाउराको छलफल गर्न मानिस भेला हुन्छन् र घट्ना स्थालमा नै जाने निर्णयानुसार दिउँसो खाना खाएर जाने निर्णय हुन्छ र खाना खाएर जान्छन् । त्यो विवाद भएको जग्गा दुई भागमा बाँढ्ने निर्णय गर्छन् । 'म' पात्रले सर्वोच्चबाट समेत निर्णय भएको कुरा हो भन्दा त्यो लाटोको धोति

भन्छन् । श्रीमतीको नाममा भएको जग्गा आफूले सहिछाप गर्दा किर्ते हुन्छ केहि हुँदैन भनी दुई भागमा बाढ्ने निर्णयको कागजमा सहिछाप गरेपनि ०६७ सम्म दाउरा नकाटिएको र त्यस्तो इन्साफ गर्ने कस्ता भलाद्मी हुन् त्यो पाठक आफैले विचार गर्नु पर्ने विचार उनले राखेका छन् ।

### कथोपकथन

यस कथामा संवादलाई खासै जोड दिएको छैन । अप्रत्यक्ष कथनमा नै विशेष जोड दिइएको छ ।

### चिरत्रचित्रण

यस कथामा पनि म पात्र नै मुख्य रुपमा आएका छन् । उनी यस कथाका कर्तव्यनिष्ठ, आफ्नो कार्यमा निरन्तर लाग्ने र बुद्धि पुऱ्याएर मात्र काम गर्ने पात्रका रुपमा देखा परेका छन् ।

### अन्यपात्रहरु

अन्य पात्रहरुमा अदालतमा बादी हाल्ने जग्गाका छिमेकीहरु, गाउँका भलाद्मीहरु उनका घर जग्गाका सदस्यहरु  रहेका छन् । अदालतमा बादी हाल्ने जग्गाका छिमेकीहरुले गर्दा कथावस्तुलाई चरमोत्कर्षमा पुऱ्याएको छ ।

### दृष्टिविन्दु

यस कथामा प्रमुख रुपमा म पात्र आएका छन् । त्यसैले यस कथामा प्रमुख रुपमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### देश, काल, वातावरण

वि.सं. २०२७ देखि ०६७ सालसम्मको घटनालाई समेटिएको यो कथाामा विशेष गरी पाँचथरको एकतिन गा.वि.स.को परिवेशलाई लिइएको छ भने यसयका अतिरिक्त इलाम, विराटनगर र काठमाण्डौंको पनि चर्चा कथामा पाइन्छ ।

### भाषाशैली

यस कथामा वर्णनात्मक शैलीमा कथावस्तु अगाडि बढाइएको छ । सरल भाषाको प्रयोग गरेर कथालाई बोधगम्य बनाइएको छ ।

# पाँचौ परिच्छेद
# साहित्यकार जे.बी. अधिकारीको समग्र मूल्याङ्कन

## ५.१ व्यक्तित्वको मूल्याङ्कन

साहित्यकार जे.बी. अधिकारीको व्यक्तित्व पारिवारिक, सामाजिक, आर्थिक तथा विभिन्न राजनीतिक परिस्थितिले निर्माण गर्दै लगिरहेको छ । उनले भोगेको बाल्यकालदेखिको जीवन र उनले गर्नु परेका कार्य अनुभव तथा उनको संस्थागत संलग्नताले उनको निजी व्यक्तित्व तथा सार्वजनिक व्यक्तित्वको रुपरेखा तयार भइरहेको छ ।

सामान्य गाउँले परिवारमा जन्मिएर पनि सामाजिक र पारिवारिक वातावरणले उनको व्यक्तित्व व्यक्तिगत रुपमा निर्माण गर्दै उनको आफ्नो सोचाइ, भोगाइ र जीवन सङ्घर्षको समग्रताबाट सार्वजनिक व्यक्तित्वको निर्माण हुन सकेको छ ।

जे.बी. अधिकारीको साहित्यकार व्यक्तित्व, साहित्येत्तर व्यक्तित्व (शिक्षक तथा सामाज सेवा व्यक्तित्व) को विविध पक्षलाई समन्वित गरेर उनको व्यक्तित्वको समग्र मूल्याङ्कन र अवलोकन गर्दा समाजमा, राष्ट्रमा उनको ख्याति बढ्दै गइराखेको छ । बृद्धावस्था भएता पनि समाज सेवा र साहित्य सेवाले गर्दा उनी अझै पनि ख्याति प्राप्त व्यक्ति हुन अगाडि बढिरहेका छन् भन्नेकुरा स्पष्ट हुन्छ । आफ्नो पुर्ख्यौली थलामा रहेर त्यहाँ रहेका विभिन्न संघ संस्थामा उनको महत्वपूर्ण रहेको छ ।

शिक्षक पेशामा निवृत्तभरण भई अवकास पाइसेका अधिकारी साहित्यको क्षेत्रमा भने उर्वर रुपमा देखा परेका छन् । राजनीतिको क्षेत्रमा गौण भूमिका निर्वाह गर्दै आएका छन् भने सामाजिक क्षेत्रमा विभिन्न संस्थामा रहेर काम गर्दै आएका छन् । बाल्यकालदेखि नै गरिबीको चपेटामा परेका अधिकारीको पढाइको क्षेत्रमा बीच बीचमा अवरोध भएको पाइन्छ । खर्चको अभावमा पढाई सँगै जागिरको खोजी गर्नु पर्ने बाध्यतामा भएका अधिकारीको विद्यार्थी जीवन धेरै कष्टकर देखिन्छ । विभिन्न व्यक्तिबाट जाल तथा फन्दामा पर्दै आएका अधिकारी ठूला ठूला यातनाका भोगी भएका थिए भन्ने कुरा उनको कथा सङ्ग्रहबाट स्पष्ट हुन्छ । उक्त कथा सङ्ग्रहमा रहेका अधिकांश कथाहरुमा 'म' पात्रद्धारा आफ्ना जीवन कहानीलाई उल्लेख गरेका छन् । यसरी उनको शिक्षक व्यक्तित्व पनि समय र परिस्थितिको कारणले गर्दा हेर्दा जति सहज देखिन्छ त्यति सहज रुपमा नभएर निकै कष्टकर रुपमा वितेको देखिन्छ ।

साहित्यकार व्यक्तित्वको सन्दर्भमा जे.बी. अधिकारीको समग्र मूल्याङ्कन गर्नु पर्दा उनको कलमले नेपाली बहुसाहित्यिक विधालाई रुचाएर कलम चलाउने स्रष्टा व्यक्तित्वका रुपमा

उनलाई लिन सकिन्छ । नेपाली साहित्यको क्षेत्रमा युगको फड्को मार्ने साहित्य नै उनीबाट सृजना भएको छ भन्न त सकिन्न तर नेपाली साहित्यकारका सूचीमा भने उनको नाम आउँछ । उनको साहित्यिक क्षमताको प्रस्फुटन भने पूर्ण रुपमा भएको मान्न सकिन्छ । साहित्यिक व्याक्तित्वका रुपमा उनको स्थान उच्च रहेको छ । साहित्यिक कृति र गुणका आधारमा साहित्यिक व्यक्तित्वको निर्धारण हुने हुँदा कृतिगत गुणात्मक उच्च हुनु जरुरी हुन्छ । तसर्थ उनको साहित्यिक व्यक्तित्व उच्च रहेको छ ।

समग्रमा जे.बी. अधिकारी बहुआयमिक व्यक्तित्व भएका व्यक्ति हुन् । उनको कार्यप्रतिको लगनशिलताले उनलाई अझ उच्च नेपाली व्यक्तित्वको स्थान दिलाउँदै लगेको छ । साथै उनको व्यक्तित्व हामी सबैका लागि उत्प्रेरणाको श्रोत पनि बन्दै गइरहेको छ ।

## ५.२ कृतित्वको मूल्याङ्कन

जे.बी. अधिकारी कवि, कथाकार, उपन्यासकार, लेखक र सम्पादकको रुपमा चिनिदै आएका छन् । उनको कृतित्वको समष्टिगत मूल्याङ्कन निम्न लिखित छ :-

अधिकारीले नेपाली भाषा बाहेक एउटा कविता संस्कृत भाषामा लेखेका छन् भने अन्य भाषामा साहित्यिक कृति रचना गरेका छैनन् । उनले संस्कृतभाषा र राष्ट्रभाषा नेपालीलाई आधार बनाएर फुटकर कविताहरु रचना गरेका छन् । पत्रपत्रिकामा पनि कविता छपाई सकेका अधिकारी अझै पनि लेखन क्रमममा नै निरन्तर रुपमा लागिरहेका छन् । गुणात्मक विश्लेषणको जिम्मा सम्पूर्ण पाठकलाई छोड्दा कविता विधाको उपलब्धि उच्च रहेको छ । उनका सङ्ग्रहित कृतिहरुले यसको स-प्रमाण पुष्टि गर्दछ । अधिकारीले कविता विधामा राष्ट्रवाद, आदर्शवाद र प्रगतिशील पक्षलाई घुसाएर सामाजिक यथार्थको धरातलमा कविता कृतिहरु रचना गरेका छन् । कवितात्मक भाषा शैली, भाव विधान, बिम्ब, प्रतिक विधान आदिमा पूर्ण सफलता प्राप्त गरेका छन् । राष्ट्रवादी कित्ता र सामाजिक पक्षका विविध कुराहरु समेटेर वर्गीय समाजको पूर्ण चित्रण गर्न चाहेको कुराको पुष्टि भने कवितामा देख्न पाइन्छ । राष्ट्रवाद, समाजवाद, वर्गीय चित्रण आदि उनको कविताको मुख्य पक्ष हो ।

अधिकारीको एउटा प्रकाशित कविता सङ्ग्रह 'अनन्त सौरभ' २०६७ र एउटा प्रकाशोन्मुख कविता सङ्ग्रह 'मनको तरङ्ग'को आधारमा हेर्दा आजसम्मको कृतिगत उच्चतम प्राप्तिको विधा भने कविता हो भन्न सकिन्छ । आफूलाई कवि भनेर चिनाउन चाहने अधिकारीका केहि कविता पत्र पत्रिकामा छापिइ सकेका बाहेक एउटा कविता सङ्ग्रह 'अनन्त सौरभ' मात्रै प्रकाशित भएता पनि एकै क्षणमा तुक्का मिलाएर कविता भन्ने वा लेख्ने क्षमता भएबाट पनि उनी कवि हुन भन्ने कुराको पुष्टि हुन्छ ।

## ५.३ भावी कार्यको सम्भावना

जे.बी. अधिकारीका कविता, उपन्यास, वंशावली सम्बन्धी लेखको पूरै विस्तृत रुपमा प्रकाश पार्न विद्यार्थीको यस संक्षिप्त शोध कार्यमा संभव रहेन । अधिकारीका प्रकाशोन्मुख र प्रकाशित कृतिहरुको कुनै विधालाई लिएर भविष्यमा कुनै व्यक्ति वा शोध कर्ताले विस्तृत रुपमा प्रकाश पार्न सक्ने सम्भावना छ । उनका प्रकाशित कविता, उपन्यास, कथा र वंशावली सम्बन्धी लेखलाई लिएर भविष्यमा कुनै शोध कर्ताले साहित्यिक तत्वको आधारमा वा साहित्यिक सैद्धान्तिक पक्षका आधारमा विस्तृत प्रकाश पार्न सकिने छ ।

सम्भावित निम्न शीर्षकहरुमा शोध कार्य गर्न सकिने छ ।

क. आदर्शवादी दृष्टिकोणबाट जे.बी. अधिकारीका प्रकाशित रचनाहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन ।

ख. यथार्थवादी दृष्टिकोणबाट जे.बी. अधिकारीका कथा उपन्यास, कृतिहरुको विष्लेषण ।

ग. जे.बी. अधिकारीको आत्मकथा सङ्ग्रहको अध्ययन र विष्लेषण ।

# सन्दर्भ सूची


१. त्रिपाठी, बासुदेवः **नेपाली कविता भाग-४,** साझा प्रकाशन, ललितपुरः२०५५ ।

२. अधिकारी, जे.बी.: **अनन्त सौरभ,** गौरीशंकर अफसेट प्रेस, कौशलटार, भक्तपुर २०६४ ।

३. अधिकारी, जे.बी.: **प्रेमको अनुभूति,** संगम प्रिन्टर्स अनामनगर, काठमाडौं, २०६७ ।

४. अधिकारी, जे.बी.: **काश्यप गोत्रीय अधिकारी वन्धु वंशावली,** ऋद्धिसिद्धि प्रेस, २०६५ ।

५. अधिकारी, जे.बी. **अन्तरमनको वगैचा**, २०६७ ।

६. शर्मा, मोहनराज र लुईंटेल खगेन्द्र प्रसादः **शोधविधि,** साझा प्रकाशन ललितपुर २०५५ ।

# हार्दिक अभिनन्दन

जीवन संघर्षको क्रममा लामो समयसम्म शिक्षण पेशामा सम्लग्न भएर गाउँ समाजमा चेतनाको दियो सल्काउँदै त्यस क्षेत्रको शैक्षिक प्रगतिको लागि तपाईंले पुऱ्याउनु भएको योगदान प्रसंशनीय र पुजनीय छ।

यसरी शिक्षण जस्तो पवित्र पेशामा आफ्नो जीवनको सिर्जनशील र उर्वर वसन्तहरुलाई समर्पण गरी सेवा निवृत्त हुनुभएका जिल्ला पाँचथर एकतिन गा.वि.स. वडा नं. १ निवासी तपाईं श्री जीतबहादुर अधिकारी (जे.बी.) अधिकारी ज्यूलाई जुनेली युवा समूह मेमेङ्ग २ पाँचथर एवम् सम्पूर्ण मच्छेबुङ्ग बासीहरु हृदयदेखि नै सम्मान गर्दै यो अभिनन्दन-पत्र प्रदान गर्दछौं।

मिति: २०६७ बैशाख १ गते

| | | |
|---|---|---|
| **श्री युगल केरुङ्ग** | **श्री प्रेम ओझा** | **श्री तिलबहादुर केरुङ्ग** |
| सचिव | प्रमुख अतिथि | संयोजक |

मानव अधिकारी कर्मी तथा प्राचार्य

श्री कञ्चनजंघा उ.मा.वि. फिदिम पाँचथर